**सर्वोच्च अदालत, संवैधानिक इजलास**

**सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.**

**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.**

**आदेश**

**०७७-WC-००२८, ०७७-WC-००३१, ०७७-WC-००३२, ०७७-WC-००३३, ०७७-WC-००३४, ०७७-WC-००३५, ०७७-WC-००३६, ०७७-WC-००३७, ०७७-WC-००३८, ०७७-WC-००३९, ०७७-WC-००४०, ०७७-WC-००४१ र ०७७-WC-००४२**

**विषय: उत्प्रेषण परमादेश।**

**०७७-WC-००२८**

काठमाडौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने अधिवक्ता सन्तोष भण्डारी.........................................................................................१

काठमाडौ जिल्ला टोखा न.पा. वडा नं. ९ बस्ने अधिवक्ता नवराज पाण्डे............................................................................................१

काठमाडौ जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं.६ बस्ने अधिवक्ता सुजन नेपाल........................................................................................१

ललितपुर जिल्ला गोदाबरी न.पा. वडा नं.१ बस्ने अधिवक्ता सुजिन्द्र सुबेदी .....१ **निवेदक**

काठमाडौ जिल्ला का.म.न.पा वडा नं.३० बस्ने अधिवक्ता बिरभद्र जोशी .......१

काठमाडौ जिल्ला गोकर्णेश्वर न.पा.वडा नं. ९ बस्ने प्रकृति खड्का ...............१

कास्की जिल्ला रुपा गा.पा. वडा नं. ५ बस्ने गोविन्दराज बसौला ….............१

**०७७-WC-००३१**

भक्तपुर जिल्ला दधिकोट गा.वि.स. वडा नं. ५ बस्ने कंचनकृष्ण न्यौपाने..........................................................................................१ **निवेदक**

**०७७-WC-००३२**

जिल्ला झापा बाह्रदशी गा.पा. वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा. वडा

नं.२९ बस्ने समृत खरेल ....................................................................१ **निवेदक**
जिल्ला रुपन्देही बुटवल उ.म.न.पा. वडा नं. १६ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. २९ बस्ने सुलभ खरेल ..................................१

**०७७-WC-००३३**

रामेछाप जिल्ला साविक पुरानागाउ - ५ हाल परिवर्तित मन्थली न.पा.-९ निवासी अधिवक्ता ज्ञानेन्द्राज आरण ....................................................................१ **निवेदक**
कालिकोट जिल्ला साविक ओदानकु - ५ हाल महावै गा.पा. -३ निवासी शिक्षक सर्पराज सिंह ...........................................................................१

**०७७-WC-००३४**

जिल्ला बाँके नेपालगञ्ज उ.म.न.पा. वडा नं. ९ घर भई हाल का.जि.का.म.न.पा वडा नं. ११ बस्ने अधिवक्ता शालिकराम सापकोटा ..........१
जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. ७ बस्ने अधिवक्ता सरिता तिवारी ....१ **निवेदक**
जिल्ला स्याङ्जा, गल्याङ न.पा. वडा नं. ९ घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. २ बस्ने अंकित अर्याल ....................................१

**०७७-WC-००३५**

काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३१ बस्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी.............................................................................................१ **निवेदक**

**०७७-WC-००३६**

काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. २९ बस्ने अधिवक्ता दीपक राई ........१
काठमाडौ जिल्ला का.म.न.पा. वडा नं.११ बस्ने अधिवक्ता वीरेन्द्रकुमार ठाकुर.............................................................................................१ **निवेदक**
काठमाडौ जिल्ला टोखा न.पा. वडा नं.११ बस्ने अधिवक्ता नारायण खरेल .....१
काठमाडौ जिल्ला किर्तिपुर न.पा. वडा नं. ६ बस्ने अधिवक्ता कृष्णप्रसाद शर्मा.............................................................................................१

**०७७-WC-००३७**

जिल्ला ललितपुर ललितपुर म.न.पा. वडा नं १४ वस्ने जिल्ला लमजुङबाट प्रतिनिधि सभामा निर्वाचित सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरूङ ..................................................१ **निवेदक**
जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.१० वस्ने जिल्ला चितवन क्षेत्र नं.२

बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य कृष्णभक्त पोखरेल ............................१

जिल्ला काठमाडौं काठमाडौं म.न.पा. वडा नं. ३२ वस्ने प्रतिनिधि सभामा निर्वाचित सदस्य शशी श्रेष्ठ ...............................................................१

जिल्ला काठमाडौं काठमाडौं म.न.पा. वडा नं. ३१ वस्ने हाल प्रतिनिधि सभामा निर्वाचित सदस्य रामकुमारी झाक्री .......................................................१

**०७७-WC-००३८**

जिल्ला काठमाडौं नागार्जुन न.पा. वडा नं. २ ठुलो भञ्याङ्ग बस्ने अधिवक्ता अमिता गौतम पौडेल .........................................................................१ **निवेदक**

ऐ.ऐ. बस्ने अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल ..........................................१

**०७७-WC-००३९**

**निवेदक**

जिल्ला दाङ, तुलसीपुर उ.म.न.पा.१३ फूलवारी घर भई हाल का.जि.का.म.न.पा. माइतीघर बस्ने अधिवक्ता लोकेन्द्रबहादुर ओली ,.....................................१

जिल्ला प्यूठान, प्यूठान न.पा.१० घर भई हाल का.जि., का.म.न.पा माइतीघर बस्ने अधिवक्ता केशरजंग केसी ............................................................१

**०७७-WC-००४०**

जिल्ला सुर्खेत पञ्चपुरी न.पा. वडा नं. ४ बस्ने अधिवक्ता कलमबहादुर खत्री ....१

**०७७-WC-००४१**

**निवेदक**

जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ११ बबरमहलमा लिगल इनोभेशन एण्ड रिसर्च सेन्टरका संस्थापक अधिवक्ता मनिराम उपाध्याय .............................१

**०७७-WC-००४२**

जिल्ला धादिङ त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ०४ आँटीगाउँ वतन भै हाल अधिवक्ता तुलसी सिखंडा ..................................................................१ **निवेदक**

**विरूद्ध**

राष्ट्रपतिको कार्यालय, शितल निवास काठमाडौं ........................................१

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौं .................१

सम्माननीय प्रधानमन्त्री श्री खडगप्रसाद शर्मा ओली .................................१

सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटा, प्रतिनिधि सभा संघीय संसद सचिवालय, सिंहदरवार काठमाडौं ......................................................१ **प्रत्यर्थी**

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरवार काठमाडौं

............१
रक्षा मन्त्रालय सिंहदरवार काठमाडौं ..................................................१
गृह मन्त्रालय सिंहदरवार काठमाडौं ....................................................१
निर्वाचन आयोग नेपाल, वहादुर भवन कान्तिपथ काठमाडौं .........................१

नेपालको संविधानको धारा १३३(१)(२)(३) अन्तर्गत सन्तोष भण्डारीसमेतको निवेदन संवैधानिक दायरीमा दर्ता भएको तथा नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम दर्ता भएका अन्य निवेदनहरुमा गम्भिर संवैधानिक प्रश्न रहेको भनी नेपालको संविधानको धारा १३७(३) बमोजिम यसै संवैधानिक दायरीमा दर्ता भएका सबै रिट निवेदनहरुको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ:-

**<u>तथ्य खण्ड (०७७-WC-००२८)</u>**

१. नेपालको संविधान २०७२ को धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ बमोजिम संसदको प्रतिनिधि सभा विघटन गरी २०७८ बैशाख १७ र २७ गते निर्वाचनको मिति तोक्न मन्त्रिपरिषदको बैठकबाट निर्णयबमोजिम सम्मानानीय प्रधानमन्त्रीबाट मिति २०७७/०९/०५ गते सिफारिस भएकोमा उक्त सिफारिसलाई स्विकृति प्रदान गर्ने राष्ट्रपतिको कार्य कानूनको शासन विरुद्ध बदनियतपूर्ण एवं दुराशयपूर्ण हुनुका साथै संविधानको प्रस्तावना तथा धारा १, २, ५, १६, १७ को विपरीत छ। संविधानको धारा ७६ को उपधारा ७ मा प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गर्नसक्ने व्यवस्था छ। संविधानको धारा ७६ उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा मात्र संविधानको धारा ७६ उपधारा (७) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने व्यवस्था छ। अहिले बहुमत प्राप्त दलको सरकार रहेको, उक्त दल विभाजित नभएको, संसदमा प्रधानमन्त्रीसँग विश्वासको मत नरहेको पुष्टि नभएको अवस्थामा उक्त प्रावधानमा टेकेर संसद विघटनको सिफारिस गर्न मिल्दैंन।

२. विगतको संविधानहरुमा प्रधानमन्त्रीमा निहित संसद विघटनको विशेषाधिकारबाट प्रजातन्त्र खतरामा पुगेको, राष्ट्रमा अस्थिरता एबं द्वन्दको स्थिति सिर्जना भएकोले वर्तमान संविधानले प्रधानमन्त्रीलाई उक्त अधिकार नदिइएको हो। विघटन गर्ने कार्यले संविधानबादको मान्यतामा खलल पुगेको, संघीय लोकतान्त्रिक गणतन्त्र धरापमा परेको, प्रतिनिधि सभाको विघटनले समग्र शासनमा प्रणालीमा दुरगामी असर परेको छ। संविधानको धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता

नेपाली जनतामा निहित रहेको, निर्वाचित जनप्रतिनिधि संसदलाई अपमान तथा अवज्ञा गर्ने अधिकार नेपालको संविधानले कुनै पनि अंग वा पदाधिकारीलाई प्रदान नगरेको, सरकारहरु सीमित सरकारको अवधारणाबाट परिचालित हुनु पर्ने भएकोले जनताको स्पष्ट अभिमतको बिरुद्द निर्णय गर्न सक्दैनन। संविधान वा कानूनले प्रदान गरेको अधिकार बिबेकपूर्ण प्रयोग गरिनु पर्ने र बदनियत, दुराशययुक्त एवं कपटपूर्ण हुनु हुँदैन। अतः मिति २०७७/०९/०५ गते प्रधानमन्त्रीबाट भएको संसदको प्रतिनिधि सभाको विघटनको सिफारिसलाई सम्मानानीय राष्ट्रपति ज्युबाट स्वीकृति प्रदान गरिएको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ भन्ने निवेदक नवराज पाण्डेसमेतको निवेदन दावी।

३. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने

हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सो समेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुलाई सूचना म्याद जारी गर्नू, प्रतिनिधि सभा विघटन सम्बन्धी सिफारिस र निर्णयको सक्कलै प्रति राष्ट्रपतिको कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट झिकाउनू, प्रतिनिधि सभामा अविश्वासको प्रस्ताव दर्ता भएको भन्ने निवेदन (०७७-**WC**-००३७) मा उल्लेख भएकोले सक्कल रजिष्टरसमेतका कागजात संघीय संसदको सचिवालयबाट झिकाउनू, नेपाल वार एशोसिएशनबाट ३ जना र सर्वोच्च अदालत वार एशोसिएशनबाट २ जना वरिष्ठ अधिवक्ता र अधिवक्ताहरु मध्येबाट अदालतको सहयोगी (**Amicus Curiae**) माग गर्नू, प्रतिनिधि सभा विघटन अघिको प्रतिनिधि सभा सदस्यहरुको दलको प्रतिनिधित्व खुल्ने गरी नाम र संख्यासहितको सम्पूर्ण विवरण संसद सचिवालयबाट झिकाई मिति २०७७।९।२२ देखि निरन्तर सुनुवाईको मिति तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

४. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानूनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ भन्ने व्यवस्था रहेको छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७

गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यु बाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

५. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 को बैठकबाट प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपतिसमक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। राजनीतिक निर्णयबाट दलीय पद्धतिको सुदृढीकरण तथा दलगत अनुशासन कायम गर्ने, आफ्नो एजेण्डा जनताबाट स्वीकृत गर्ने समेतका कार्य हुन पुग्दछन्। राजनीतिक कारणको औचित्यता र पर्याप्तताको विषयमा अदालतबाट न्याय निरोपण गर्नु नपर्ने गरी राजनीतिक प्रश्नमा अदालत निरपेक्ष रहने सिद्धान्त कायम भएको छ। नेपालको संविधानको धारा ७५(३) मा नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पुर्ण काम नेपाल सरकारको नाममा हुने व्यवस्था गरेकोले सोही अधिकारको प्रयोग गरी प्रधानमन्त्रीले संसद विघटन गर्न पाउदैन भन्न मिल्दैन।धारा ८५(१) ले प्रतिनिधि सभाको ५ वर्ष अगावै विघटनको परिकल्पना गरेको छ।प्रतिनिधि सभा विघटनको सिफारिस दुराशयपूर्ण भनी दावी लिएर मात्र हुदैन त्यसलाई प्रमाणित पनि गर्नुपर्छ।तसर्थ रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

## तथ्य खण्ड (०७७-WC-००३१)

६. नेपालको संविधान धारा ८५(1) मा यस संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष हुने व्यवस्था रहेकोले प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गर्न सक्दैनन। मिति 2077।9।5 मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सिफारिसमा राष्ट्रपतिबाट भएको संसद विघटनको निर्णय नेपालको संविधानको धारा १, २, ३, ४, ५, ६१, ७६, ८३, ८४, ८५ को संवैधानिक प्रावधान तथा संविधानको मुल मर्म र भावना विपरीत भै जनादेशको प्रतिकूल रहेकोले बदरभागी छ। संसद अधिवेशन बोलाउनु पर्ने, नियमित संसदीय प्रकृयाबाट राज्य सञ्चालनका कामकारवाही गर्नु पर्नेमा उक्त कानूनी एवं संवैधानिक व्यवस्थालाई नजरअन्दाज गर्दै देश कोरोनाको कारण गम्भीर आर्थिक संकटको अवस्थामा विघटनको कार्य जनभावना विपरीत छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट निर्णय भई राष्ट्रपतिसमक्ष पेश भएको संसद विघटनको प्रस्ताव तत्काल नरोकी गलत संवैधानिक अभ्यास हुँदै गएमा देश र संविधानमा गम्भीर आघात पर्न जाने हुँदा यस्ता गलत अभ्यास रोक्नु सम्मानित सर्वोच्च अदालतको

असाधारण अधिकारक्षेत्र हो। अतः उक्त असंवैधानिक संसद विघटनको निर्णय तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी परमादेश लगायत चाहिने आदेश जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदक कञ्चनकृष्ण न्यौपानेको निवेदन दावी।

७. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१), (७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन नियमानुसार गरी संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

८. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो ? कानून बमोजिमको आधार र कारण भए सो समेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यसै इजलासको मिति २०७७।९।१० को आदेश।

९. नेपाल सरकार (कार्य विभाजन) नियमावली, 2074 बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सम्पन्न हुने कार्यको सम्बन्धमा यस मन्त्रालयको के-कस्तो काम कारवाहीबाट रिट निवेदकलाई मर्का पर्न गएको हो भन्ने विषयमा रिट निवेदकले कुनै पनि ठोस आधार र कारण विना विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

१०. नेपाल सरकार, रक्षा मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक उल्लंघन हुन गएको हो, सो सम्बन्धी कुनै पनि कुरा रिट निवेदनमा उल्लेख नगरी विना आधार र कारण यस मन्त्रालयलाई विपक्षी बनाई दायर रिट निवेदन प्रथम दृष्टिमा नै खारेज गरी पाउँ भन्ने नेपाल सरकार, रक्षा मन्त्रालयको लिखित जवाफ।

११. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिस गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने भन्ने व्यवस्था छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम

प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्मानननीय राष्ट्रपतिज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत नै हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

१२. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 को बैठकबाट संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। नेपालको संविधानको धारा ७५(३) मा नेपालको संघीय कार्यकारिणीसम्बन्धी सम्पुर्ण काम नेपाल सरकारको नाममा हुने व्यवस्था गरेको र सोही संवैधानिक व्यवस्था बमोजिमको अधिकार प्रयोग गरी प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गर्न सक्ने नै हुन्छ। धारा ८५ ले प्रतिनिधि सभा कार्यकाल अगावै विघटन हुन सक्ने व्यवस्था गरेको छ। संविधानको धारा ५८ तथा धारा ३०६ को (ज) ले गरेको अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहने र धारा ७५ बमोजिम त्यस्तो अधिकारको प्रयोग कार्यकारिणीबाट नै हुने हुँदा बहुमत प्राप्त दलको नेताले चुनावमा जान प्रतिनिधि सभा विघटनको लागि सिफारिस गर्न नपाउने भन्ने हुदैन। तसर्थ रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

१३. जनतामा अन्तर्निहित सार्वभौमसत्ता, राजकियसत्ता र निर्णय निर्वाचनमार्फत व्यक्त र राजनीतिक स्थिरताको प्रत्याभुति गर्ने निर्णायक तत्व जनताको अभिमत नै हो। प्रतिनिधि सभाको विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय भएको र राजनीतिक प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको छ। राजनीतिक कारणको औचित्यताको विषयमा न्यायिक पुनरावलोकन हुन सक्दैन। संसद विघटनका विषयमा यस पूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास छ। संसदीय शासन व्यवस्थामा प्रतिनिधि सभा विघटन प्रधानमन्त्रीको अन्तरनिहित अधिकार हो। प्रतिनिधि सभा विघटन बाध्यता हो। संविधानको धारा ८५ ले अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुने व्यवस्था गरेको छ। यो प्रावधानले प्रतिनिधि सभा विघटन हुन सक्ने व्यवस्था गरेको स्पष्ट छ। एकातिर वैकल्पिक सरकारको संभावना नभएको र अर्को तर्फ सरकार सञ्चालनको वैधानिक अधिकारलाई गैरसंवैधानिक तवरले निरन्तर अवरोध भई सरकारलाई काम गर्न नदिएको अवस्थामा प्रतिनिधि सभा विघटन गर्नुपर्ने बाध्यात्मक रजानीतिक परिस्थिति आई परेको हो। संविधानको धारा ७५ ले प्रदान गरेको कार्यकारिणी अधिकारको विषयमा कुनै सीमा निर्धारण नगरिएको र संविधानको धारा ५८ र ३०६

को उपधारा (१) को खण्ड (ज) ले अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेकोले त्यो अधिकारको प्रयोग नेपाल सरकारबाट भएकोले अधिकार नदिएको काम गरेको भन्न मिल्दैन। अतः संवैधानिक व्यवस्था, न्यायिक अभ्यास, संसदीय शासन प्रणालीका आधारभुत मान्यता एवं संसदीय शासन प्रणली अवलम्बन गर्ने अन्य मुलुकहरुका अभ्यास समेतका आधारमा प्रतिनिधि सभा विघटनको सिफारिस भएकोले उक्त काम कारवाही संविधानसम्मत भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री के.पी शर्मा ओलीको लिखित जवाफ।

**<u>तथ्य खण्ड (०७७-WC-००३२)</u>**

१४. मिति २०७७।9।5 गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेको सिफारिसमा राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन गरी २०७८ वैशाख १७ र २७ गते आम निर्वाचन गर्ने निर्णय भएको छ। नेपालको संविधानको धारा ८५(१) ले प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने व्यवस्था गरेको र सोही संविधानको धारा ७६(७) प्रतिनिधि सभाका कुनै पनि सदस्य प्रधानमन्त्री हुन सक्ने र निजले विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा मात्र संविधानको धारा ७६(७) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी नयाँ निर्वाचनको मिति तोक्न सक्ने व्यवस्था रहेको छ। संविधानमा विश्वासको मतसम्बन्धी प्रतिनिधि सभाको विशेषाधिकार (prerogative right) लाई नियमन गरिएको छ। आफ्नो तजबीजमा प्रतिनिधि सभा विघटन गर्न सक्ने प्रधानमन्त्रीको विशेषाधिकारलाई समेत संसदबाट कुनै पनि सरकार बन्नै नसक्ने अवस्थामा बाहेक प्रयोग गर्न नसकिने गरी नियन्त्रण गरिएको छ। नेपालको संविधानको धारा ९३(१) बमोजिम संसदका दुई अधिवेशन बीच ६ महिना भन्दा बढी अवधिको अन्तर नहुने स्पष्ट व्यवस्था भएको र धारा 93(३) बमोजिम मिति २०७७।९।२ गते संसदको विशेष अधिवेशनका लागि प्रतिनिधि सभाका ८३ सदस्यहरुले समावेदन दर्ता गराउन राष्ट्रपति कार्यालय पुगेको विषयसमेत सञ्चार माध्यममा आइरहेको अनिवार्य बोलाइनु पर्ने अधिवेशनसमेत नबोलाई, प्रतिनिधि सभाका एक चौथाइ सदस्यको निवेदनसमेत नजरअन्दाज गरी संसद छल्ने दुराशयपूर्ण तरिकाले गरिएको प्रतिनिधि सभाको विघटन असंवैधानिक छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको बैठकले गरेको प्रतिनिधि सभा विघटनको सिफारिस तथा सो सिफारिसको आधारमा सम्मानानीय राष्ट्रपतिबाट निर्वाचनको मिति तोक्ने निर्णय नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी प्रतिनिसभा पुनस्थापित गरी मिति २०७७।९।१८ भित्रै संविधानको धारा ९३ बमोजिम संसद अधिवेशन आव्हान गर्नु गराउनु भनी परमादेशको आदेशसमेत जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदक समृत खरेलको निवेदन दावी।

१५. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१),(७) र धारा ८५ को व्याख्यासंग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

१६. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने ? कानून बमोजिमको आधार र कारण भए सो समेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यसै इजलासको मिति २०७७।९।१० को आदेश।

१७. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानूनबमोजिम कुनै नियम वा पदाधिकारीको सिफारिस गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने भन्ने व्यवस्था छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी नेपाली जनतासमक्ष जान मिति 2078 साल वैशाख १७ र २७ दुई चरणमा अर्को प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्युबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य संविधानसम्मत हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

१८. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। संविधानको धारा ८५ ले यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुनेछ भन्ने व्यवस्था गरेकोले प्रतिनिधि सभाको निर्वाचन ५ वर्ष अगावै हुन सक्ने कुरा स्पष्ट छ। संविधानको धारा ५८ र ३०६(ज) को व्यवस्थाबमोजिम अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेकोले त्यस्तो अधिकार धारा ७५ बमोजिम नेपाल सरकारले प्रयोग गर्ने पाउने भएकोले

लगाउका अन्य रिट निवेदनको लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

१९. जनतामा अन्तर्निहित सार्वभौमसत्ता, राजकीयसत्ता र निर्णय निर्वाचन मार्फत व्यक्त र राजनीतिक स्थिरताको प्रत्याभुति गर्ने निर्णायक तत्व जनताको अभिमत भएकोले प्रतिनिधि सभाको विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय भएको हो। राजनीतिक प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको छ। संसद विघटनका विषयमा यस पूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाइएको हाम्रो न्यायिक अभ्यास छ। संसदीय शासन व्यवस्थामा प्रतिनिधि सभा विघटन प्रधानमन्त्रीको अन्तरनिहित अधिकार हो। नेपालको संविधानको धारा ७५(१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुने व्यवस्था गरेकोले कार्यकारिणी अधिकार प्रयोग गरिएको विघटनको सिफारिसलाई अन्यथा भन्न मिल्दैन। संविधानको धारा ८५ ले अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुन्छ भन्ने व्यवस्था गरेकोले प्रतिनिधि सभा विघटन हुन सक्ने स्पष्ट छ। संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्दछ र वैकल्पिक सरकारको कुनै सम्भावना थिएन। प्रतिनिधि सभा विघटन बाध्यता हो। प्रतिनिधि सभा विघटनको सिफारिस दुरासयपूर्ण छैन। राजनीतिक कारणको औचित्यतामा न्यायिक पुनरावलोकन हुन सक्दैन। अतः संविधानको धारा ७५ र ३०६ को उपधारा (१)(ज) ले गरेको व्यवस्था अनुसार अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेकोले सोको प्रयोग नेपाल सरकारबाट हुने हुँदा संविधानले अधिकार नदिएको काम गरेको भन्न मिल्दैन। अतः प्रतिनिधि सभा विघटनको सिफारिस र सो सिफारिसबमोजिम भएका काम कारवाहीहरु संसदीय शासन प्रणालीका मान्यता अनुरुप एवं संविधानसम्मत भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

## तथ्य खण्ड (०७७-WC-००३३)

२०. संसदको प्रतिनिधि सभा विघटन गर्न पाउने प्रधानमन्त्रीको विशेषाधिकार नभएको र बैकल्पिक सरकार बन्न नसक्ने अवस्थामा मात्र संसद विघटन हुन सक्ने संवैधानिक प्रावधान छ। मिति २०७७।9।5 मा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति कार्यालयद्वारा विज्ञप्ती जारी गरी प्रतिनिधि सभा विघटन गरी मिति २०७८ वैशाख १७ र २७ गते दुई चरणमा प्रतिनिधि सभा निर्वाचनको घोषणा गर्ने कार्यले नेपालको संविधानको प्रस्तावना, धारा १, २, ४, ४२(५), ७६(७), ८३, ८५(१), ९३(१)(२) समेतको हनन हुन गएको छ। संवैधानिक मूल्य मान्यता र राष्ट्रिय पहिचान विपरीत

विधिविधान मिचेर, संवैधानिक सीमा नाघेर निरंकुश ढंगले राज्य चलाउन खोज्नु स्वेच्छाचारी प्रवृत्ति र असंवैधानिक कदम हो। यसमा Doctrine of Necessity आकर्षित हुन सक्दैन। प्रतिनिधि सभामा सरकार गठन गर्ने सम्भावना समाप्त भएको अवस्था र मौजुदा सरकारले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा मात्र प्रतिनिधि सभा विघटन हुन सक्ने संवैधानिक ब्यवस्था रहेकोले सो विपरीत मन्त्रिपरिषदले प्रतिनिधि सभा विघटनका लागि गरेको निर्णय र सिफारिस र सोही बमोजिम राष्ट्रपतिद्वारा गरिएको प्रतिनिधि सभा विघटन लगायतका गैरसंवैधानिक निर्णय कामकारवाही संविधानको धारा १३३(२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी बिघटित प्रतिनिधि सभाको पुनस्थापना गरी पाउन परमादेश जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदक अधिवक्ता ज्ञानेन्द्रराज आरणसमेतको निवेदन दावी।

२१. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१),(७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन नियमानुसार गरी संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

२२. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो ? कानून बमोजिमको आधार र कारण भए सो समेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

२३. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानून बमोजिम कुनै नियम वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र 27 गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यु बाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत नै हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

२४. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशको लागि नेपाली जनतासमक्ष जान मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। धारा ८५ बमोजिम प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष अगावै विघटन हुन नसक्ने होइन। बहुमत प्राप्त दलको नेता स्वयं प्रधानमन्त्री रहेको र त्यस्तो प्रधानमन्त्रीले जनतामा जानु पर्ने आवश्यकता बोध गरेको तथा मन्त्रिपरिषद त्यसमा सहमत भई निर्णय भएको अवस्थामा संविधानको धारा ७६(७) को अवस्थाको विद्यमानता नभएको भन्न मिल्दैन। संविधान गतिशिल दस्तावेज भएकोले संवैधानिक व्यवस्थाको प्राविधिक अर्थमात्र गर्नु हुदैन। शासन व्यवस्थामा नियन्त्रण र सन्तुलन कायम गर्न संसदीय व्यवस्थामा प्रधानमन्त्रीसंग अन्तरनिहित अधिकारको प्रयोग गरी जनतासमक्ष जाने निर्णय गर्न सक्ने नै हुँदा न्यायिक पुनरावलोकन गर्न मिल्दैन। रिट निवेदनमा प्रतिनिधि सभाका एक चौथाई सदस्यले प्रतिनिधि सभाको अधिवेशनको लागि समावेदन गरेको भन्ने तथ्यमा उल्लेख गरिएको भए पनि सोको अभिलेख संलग्न नगरेको अवस्थामा निवेदन दावी तथ्यसम्मत देखिदैन। लगाउका अन्य रिट निवेदनमा पेश भएका लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

**<u>तथ्य खण्ड (०७७-WC-००३४)</u>**

२५. नेपालको संविधानको धारा १०० को उपधारा २ बमोजिम प्रधानमन्त्रीले प्रतिनिधित्व गरेको दल विभाजित नभएको र प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव आउछ भन्ने लागेमा सोही धारा १०० बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत लिनु पर्नेमा बहुमत प्राप्त संसदीय दलको नेताले कुनै आधार र कारण नै नखुलाई जनादेशको अपमान हुने गरी नेपालको संविधानको धारा ७५(१)(२) र ८५ बमोजिम प्रतिनिधि सभा विघटन गर्ने अधिकार छैन। यसैले मिति २०७७।९।५ गते नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट निर्णय र सिफारिस भई सोहि बमोजिम राष्ट्रपतिबाट भएको संसद विघटन र प्रतिनिधि सभा निर्वाचनको घोषणा नेपालको संविधानको धारा ७६ को उपधारा १, २, ३, ४, ५, ६, ७, धारा ८५ र धारा १०० तथा संसदीय मर्यादा र मान्यता तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत दुराशययुक्त एवं बदनियतपूर्ण छ। नेपालको संविधानको धारा ७६ मा तोकिएका विकल्प र पूर्व शर्तहरूको अभ्यास बिना प्रतिनिधि सभा विघटनको सिफारिस गर्न नमिल्ने संवैधानिक व्यवस्था गरेको छ। प्रतिनिधि सभा विघटनको सम्बन्धमा राष्ट्रपतिको

कार्यालयबाट जारी भएको विज्ञप्तिमा नेपालको संविधानको धारा ८५ लाई प्रतिनिधि सभा विघटनको आधार बनाइएकोमा धारा ८५ आफैमा निरपेक्ष नभै धारा ७६ को सापेक्षतामा क्रियाशील हुने हो। संविधानको धारा ७६ को उपधारा २, ३ र ५ बमोजिमको विकल्प रहँदासम्म प्रधानमन्त्रीले संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यास भन्दै संघीय संसदको प्रतिनिधि सभा विघटन गर्न नपाउने हुँदा प्रतिनिधि सभा विघटन गर्ने सिफारिस लगायतका सम्पूर्ण कार्यहरु बदर गरी प्रतिनिधि सभा पुनस्थापना गर्नु भनी परमादेश लगायत आवश्यक आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको निवेदक अधिवक्ता शालिकराम सापकोटासमेतको निवेदन दावी।

२६. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१),(७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

२७. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो ? कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

२८. संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने, राष्ट्रिय महत्वका विषयमा जनमत सग्रह गराउने संवैधानिक जिम्मेवारी प्रदान गरेको छ। नेपालको संविधान, निर्वाचन आयोग ऐन, 2073 तथा तत्सम्बन्धी नियमावली प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, 2074 तथा तत्सम्बन्धी नियमावली, मतदाता नामावली ऐन, 2073 तथा तत्सम्बन्धी नियमावलीसमेतका आधारमा निर्वाचन सम्बन्धी कार्य गर्ने हुँदा संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम निर्वाचनको घोषणा भई निर्वाचनको मिति तोकिसकेको अवस्थामा तोकिए बमोजिमको मितिमा निर्वाचन सम्पन्न गर्नु आयोगको दायित्व रहेको छ। संवैधानिक निकायले साधिकार निकायबाट निर्णय भै निर्वाचन गर्न लेखी आएपछि कार्यतालिका बनाई निर्वाचन कार्यक्रम अगाडी बढाउनुपर्ने हुन्छ। संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम निर्वाचनको मिति तोकी नेपाल सरकारको तर्फबाट निर्वाचन गर्न गराउन लेखी आएको र आयोगले कानूनबमोजिम निर्वाचन कार्यक्रम तयारी गरिरहेको अवस्थामा रिट निवेदकको माग बमोजिम आयोगले निर्वाचनका

कार्यक्रमहरु रोक्नु संवैधानिक तथा कानूनी दृष्टिकोणबाट समेत मनासीव नभएकोले रिट निवेदन खारेज गरी पाउँ निर्वाचन आयोगको लिखित जवाफ।

२९. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। नेपालको संविधानको धारा ७५(१) ले नेपालको कार्यकारिणी अधिकार संविधान कानूनबमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ भन्ने व्यवस्था गरेको छ। संसदीय शासन प्रणाली भनेकै प्रधानमन्त्री संसद प्रति उत्तरदायी हुने, संसदलाई विजनेश सरकारले दिने तथा संसदले विघटन प्रधानमन्त्रीले गर्न सक्ने पद्धति हो। संविधानको धारा ७४ मा शासन प्रणालीको सम्बन्धमा व्यवस्था भइसकेकोमा सो लाई अन्यथा भन्ने मिल्दैन। संविधानको धारा 93 को उपधारा (१) र (२) बमोजिम नेपाल सरकारको सिफारिसमा सम्मानीय राष्ट्रपतिबाट संसदको दुवै वा कुनै अधिवेशनको आव्हान तथा अन्त्य गर्ने सहितका कार्य हुदै आएका छन्। कार्यकारिणी अधिकार अन्तर्गत संघीय प्रतिनिधि सभाको विघटन गर्न गराउन पाइदैन भन्न मिल्दैन। प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने र विघटन गर्ने दुवै राजनीतिक निर्णयका विषय भएकोले त्यस्ता विषयमा न्यायिक निरोपण गर्नु नपर्ने गरी अदालतबाट सिद्धान्त कायम भएका छन्। लगाउका अन्य रिट निवेदनमा पेश भएका लिखित जवाफलाई समेत प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

३०. जनतामा अन्तर्निहित सार्वभौमसत्ता, राजकीयसत्ता र निर्णय निर्वाचन मार्फत व्यक्त हुने र राजनीतिक स्थिरताको प्रत्याभुति गर्ने निर्णायक तत्व जनताको अभिमत भएको प्रतिनिधि सभाको विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय भएको हो। राजनीतिक प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको छ। धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष अगावै विघटन हुन सक्ने व्यवस्था छ। प्रधानमन्त्रीले संसद विघटन गर्न रहरले गर्ने नभै आवश्यकता र बाध्यताले गरिन्छ। धारा ७६(७) बमोजिम वैकल्पिक सरकार गठन हुन सक्ने अवस्था नै थिएन। संसदीय शासन व्यवस्थामा प्रतिनिधि सभा विघटन प्रधानमन्त्रीको अन्तरनिहित अधिकार हो। संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्दछ। प्रतिनिधि सभा विघटनको सिफारिस दुरासयपूर्ण छैन। जनादेश सबै भन्दा ठूलो हक हो। संवैधानिक सरकारलाई अवैधानिक बाटोबाट स्वार्थपरक रुपमा परिचालन गर्ने अलोकतान्त्रिक प्रयत्नलाई असफल बनाउनु मेरो संवैधानिक कर्तव्य हो। लोकतान्त्रिक व्यवस्थामा निर्वाचनका लागि जनतासमक्ष जाने विषय सहज,

स्वभाविक र जायज हुन्छ। नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेकोले जनता नै अन्तिम निर्णयकर्ता हुन्। राजनीतिक कारणको औचित्यतामा न्यायिक पुनरावलोकनको विषय हुन सक्तैन।राजनैतिक अनुशासन कायम गर्न सार्वभौमसत्ता सम्पन्न जनतासमक्ष ताजा जनादेशमा जानुपर्ने आधार र कारण स्पष्ट खुलाई विघटनको सिफारिस गरिएको हो। राजनैतिक परिवेशको मुल्याङ्कनको आधारमा प्रधानमन्त्रीले लिने निर्णय राजनीतिक रुपमा नै आमजनताले मुल्याङ्कन गर्ने विषय हो। संविधानको धारा ७५(१) ले कार्यकारिणी अधिकार सिमा निर्धारण नगरेको संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुने व्यवस्था भएकोले संवैधानिक व्यवस्था बमोजिमको कार्यकारणी अधिकार प्रयोग गरी गरिएको विघटनको सिफारिसलाई अन्यथा भन्न मिल्दैन। धारा ७६(७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने परिकल्पना गरेको र विघटन हुँदाको अवस्थासम्म संविधानको धारा ७६ को उपधारा (१) कै बहुमत प्राप्त संसदीय दलको नेता म रहि रहेको अवस्थामा अरु कुनै आधारमा वैकल्पिक सरकार गठन हुने परिकल्पना संविधानले गरेको छैन। संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्दछ। कुन सदस्यले आफ्नो संसदीय दलको नेता तथा प्रधानमन्त्रीलाई विश्वास गरेको थियो वा थिएन भनी अदालतले न्याय निरोपण गर्न सक्तैन। वैकल्पिक सरकारको संभावना नरहेको, सरकार सञ्चालनको वैधानिक अधिकारलाई गैरसंवैधानिक तवरले निरन्तर अवरोध गरी सरकारलाई काम गर्न नदिएको अवस्थामा प्रतिनिधि सभा विघटन गर्नु पर्ने बाध्यात्मक राजनितिक परिस्थिति हो। धारा ७४ ले संसदीय शासन प्रणाली अवलम्वन गरी सो प्रणालीको विशेषता स्वीकार गरेको, संसदीय व्यवस्थाको आधारभूत विशेषता नै प्रधानमन्त्रीलाई संसद विघटन गर्न पाउने अधिकार हो। संविधानको धारा ५८ र धारा ३०६ को उपधारा (१) को खण्ड (ज) ले अवशिष्ट अधिकारको प्रयोग संघमा रहेको र सो को प्रयोग नेपाल सरकारबाट हुन्छ। प्रतिनिधि सभा विघटनको सिफारिस दुराशयबाट अभिप्रेरित रहेको भन्ने आरोप कुनै आधार, प्रमाण र तथ्यले समर्थन गरेको नभई हचुवा र काल्पनिक देखिन्छ। आर्थिक संकटको विषय न्याय निरुपणको विषय नभएको, पार्टीका केही नेताबाट सरकार, संसद, संसदीय दल र पार्टी सञ्चालनमा योजनावद्ध र षडयन्त्रपूर्ण रुपमा असहयोग, अवरोध र हस्तक्षेप भै असहयोगको वन्धकको अवस्थामा मुलुकलाई नवरक्तसंचार गर्न प्रतिनिधि सभा विघटन बाध्यता हो। संवैधानिक व्यवस्था, न्यायिक अभ्यास, संसदीय शासन प्रणालीका आधारभूत मान्यता एवं संसदीय शासन प्रणाली अवलम्बन गर्ने अन्य मुलुकहरुका अभ्याससमेतका आधारमा सार्वभौमसत्ता सम्पन्न जनतालाई नै निर्णायक मानी ताजा जनादेश लिने गरी

गरिएको प्रतिनिधि सभा विघटनको सिफारिस र सो सिफारिस बमोजिम भएका काम कारवाहीहरु संसदीय शासन प्रणालीका मान्यता अनुरुप एवं संविधानसम्मत भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

**तथ्य खण्ड (०७७-WC-००३५)**

३१. मिति २०७७।९।५ गते नेपाल सरकार मन्त्रिपरिषदको निर्णयले नेपालको संविधानको धारा ७६(१), ७६(७) एवं धारा ८५ लाई टेकेर प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको सिफारिस संविधानको धारा १, २, ८३, ८४ र ८५ प्रतिकुल रहि प्रथम दृष्टि **(prima *facie*)** मैं गैरसंवैधानिक, बदनियतपूर्ण तथा कपटपूर्ण रहेको छ। संविधानको धारा ७६(१) प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाइ राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने सम्बन्धि हो। संविधानको धारा ७६(७) भनेको ७६(५) बमोजिम नियुक्त प्रधानमन्त्रीले बिश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री हुन नसकेमा प्रधानमन्त्रीको सिफ़ारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गर्न पाउने सम्बन्धी हो। यो प्रावधान संविधानको धारा ७६(५) बमोजिम नियुक्त भएको प्रधानमन्त्रीको हकमा मात्र आकर्षित हुन्छ। यस बाहेक बर्तमान संविधानले प्रतिनिधि सभाको विघटनको परिकल्पना नगरेकोले धारा ८५ को प्रयोग गर्नु असान्दर्भिक छ। संविधानले प्रधानमन्त्रीलाई प्रतिनिधि सभाको विघटन गर्न पाउने बिशेषाधिकार प्रदान नगरी एकपछि अर्को वैकल्पिक सरकारको निर्माणको परिकल्पना गरेको छ। सरकार निर्माणको सबै विकल्प नरित्तिएसम्म प्रतिनिधि सभा विघटन नहुने गरी धारा ७६(7) मा कठोर अपवादको बन्दोबस्त गरेको छ। अपवादलाई सामान्य नियमको रूपमा प्रयोग गर्न मिल्दैन (A exception can not be a rule) भन्नेसम्बन्धमा प्रतिनिधि सभाको विघटनसम्बन्धी रविराज भण्डारी विरुद्द मनमोहन अधिकारीको रिटमा प्रतिनिधि सभाले वैकल्पिक सरकार प्रदान गर्न सक्षम भएसम्म प्रतिनिधि सभा विघटन हुन नसक्ने सिद्धान्त प्रतिपादन गरेको छ।

३२. लोकतान्त्रिक शासन भएको मुलुकमा कसैलाई पनि बदनियतपूर्ण रूपमा शक्तिको दुरुपयोग गर्ने अधिकार हुँदैन भन्ने सन्दर्भमा प्रख्यात विधिशास्त्री Prof.de Smith ले भनेका छन् - "The concept of bad faith, eludes precise definition but in relation to the exercise of statutory powers, it may be said to comprise dishonesty or frauds and malice. A power is exercised fraudulently if its repository in-tends to achieve an object other than that for which he believed the power to have been conferred"[1]. यसै सन्दर्भमा भारतीय सर्वोच्च अदालतले एउटा चर्चित मुद्दा State of Punjab and another V Guraial Singh & Others (1980) 2 S.C.C. 471) मा सिद्धान्त

[1] Judicial Review of Administrative Action, pg. 535, Fourth edition, (1980).

प्रतिपादन गर्दै भनेको छ - Bad Faith which invalidates the exercise of power which is also sometimes called colorable exercise or fraud on power and often times overlaps motives passions- is the attainment, of ends beyond the sanctioned purposes of power by simulation or pretension of gaining a legitimate goal, the action is bad where the true object is to reach an end from the one for which the power is entrusted, goaded by extraneous considerations or bad, but irrelevant to the entrustment. When the custodian of power is influenced in its exercise by considerations outside those for promotion of which the power is vested, the court calls it a colorable exercise and is end is undeceived by illusion. Fraud on power voids the order if it is not exercised bona fide for the end-design.

३३. मिति २०७७।९।५ को मन्त्रिपरिषदको निर्णय बमोजिम प्रधानमन्त्रीको सिफारिस, संविधानको धारा १, २, ८३, ८४, ७६(१), ७६(७) एवं धारा ८५ को प्रतिकूल भएकोले राष्ट्रपतिबाट गरिएको प्रतिनिधि सभाको विघटन, सो सम्बन्धी विज्ञप्ति एवं सोबाट निसृत सबै कामकारवाहीहरु संविधानको धारा १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधि सभा पुर्नबहाली गरी तत्काल संसदको अधिवेशन बोलाउन परमादेशको आदेश समेत जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदक वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीको निवदेन दावी।

३४. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१), (७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

३५. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो? कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

३६. शक्तिपृथकीकरणको सिद्धान्तले राज्यका तीनै अंगहरु एक अर्का प्रति उत्तरदायी नभै स्वतन्त्र रुपमा कार्य गर्न सक्षम छन् भन्ने भए पनि त्यस्तो सक्षमता स्वेच्छाचार हुने वा रहने भन्ने होइन। संघीय संसदको सातौ अधिवेशन शुरु गर्ने गृहकार्य भइरहँदा अप्रत्यासित प्रतिनिधि सभा विघटनले सार्वभौम जनताको प्रतिनिधिमुलक संस्था संसद उपर हस्तक्षेप हुन गएको छ। धारा ७६ मा प्रतिनिधि सभामा सरकार विघटन गर्ने विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन नहुने स्पष्ट व्यवस्था गरिएको छ। प्रतिनिधि सभाको सदस्यले समेत सरकार गठन गर्न सक्ने अवस्था नभएमा मात्र प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था हो। तर प्रस्तुत विघटनमा त्यसको कुनै पालना भएको देखिएन। प्रतिनिधि सभा विघटन

हुन नसक्ने रिट निवेदकको जिकिर उपयुक्त नै रहेकोले उक्त सभा पुनर्वहाली हुने स्पष्ट आधार रहेको छ भन्ने सभामुख अग्नीप्रसाद सापकोटाको लिखित जवाफ।

३७. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानून बमोजिम कुनै नियम वा पदाधिकारीको सिफारिस गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्ने निर्णय भई सोही बमोजिम प्रधानमन्त्री सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्मानननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

३८. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशको लागि नेपाली जनतासमक्ष जान मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। संविधानको धारा ८५ ले प्रतिनिधि सभाको निर्वाचन ५ वर्ष अगावै हुन सक्ने कुरा स्पष्ट छ। संविधानको धारा ५८ र ३०६(ज) को व्यवस्था बमोजिम अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेकोमा त्यस्तो अधिकार धारा ७५ बमोजिमको कार्यकारिणी नेपाल सरकारले प्रयोग गर्ने पाउँछ। अतः यस कार्यालयबाट यसै निवेदनका साथ लगाउमा रहेका अन्य रिट निवेदनमा पेश भएका लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

३९. ताजा जनादेश लिन गरिएको प्रतिनिधि सभा विघटनबाट निवेदकको हक हनन भयो भन्न मिल्दैन। लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने सर्वमान्य लोकतान्त्रिक पद्धतिको विरुद्धका उभिने हक कसैसँग हुदैन। प्रतिनिधि सभा विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनितिक विषय हो। यस्ता राजनीतिक विषयमा प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको छ।

संसद विघटनका विषयमा यसपूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास रहेको छ। प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य (value) हो। नेपालको संविधानको धारा ७५ को उपधारा (१) ले नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषद निहित हुनेछ भन्ने व्यवस्था गरेको छ। संविधानको धारा ८५ ले ५ वर्ष अगावै प्रतिनिधि सभा विघटन हुन सक्ने व्यवस्था गरेको र संसदीय प्रणाली भएका मुलुकका प्रचलन एवं प्रावधानहरु समेत हेर्दा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्र प्रमुखले प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने विशेषाधिकारको हुन्छ भन्ने मान्यतालाई हाम्रो न्यायिक व्याख्यामा समेत स्वीकार गरिएको छ। धारा ७६(७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने अवस्था परिकल्पना गरेको छ। संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्दछ। विघटनको सिफारिस दुराशयपूर्ण छैन भन्ने प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

**<u>तथ्य खण्ड (०७७-WC-००३६)</u>**

४०. नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबमोजिम प्रतिनिधि सभा विघटन गर्ने सिफारिस भै सम्माननीय राष्ट्रपतिद्वारा प्रधानमन्त्रीको उक्त सिफारिसलाई तुरुन्तै मिति २०७७।९।५ गतेकै दिन एक विज्ञप्ती जारी गरी नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ बमोजिम प्रधानमन्त्रीको सिफारिस अनुसार प्रतिनिधि सभा विघटन गरी वैशाख १७ र २७ गते निर्वाचन गर्ने मिति तोकिएको छ। संविधानको धारा ७६ ले प्रधानमन्त्री हुन योग्यता नै नपुगेको अवस्थामा मात्र अल्पमतको प्रधानमन्त्रीले धारा ७६ को उपधारा (७) प्रयोग गर्न पाउने व्यवस्था भएको हुँदा प्रधानमन्त्री ओली अल्पमतको प्रधानमन्त्री नियुक्ति भएको अवस्था होइन। प्रतिनिधि सभा विघटन गर्ने सिफारिस तथा निर्णयले नेपालको संविधानको धारा ५ को राष्ट्रिय हित विरुद्धको कार्य हुन गएको, संविधानको धारा १०० बमोजिम प्रधानमन्त्रीले कुनै पनि बखत विश्वासको मत लिन सक्नेमा सो को प्रतिकूल राजनीतिक दुराशयले मात्र विघटनको कदम चालिएको स्पष्ट छ। संविधानको धारा ८५ ले यस संविधानबमोजिम अगावै विघटन भएको बाहेक प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुनेछ भनी स्पष्ट किटान गरेकोले संविधानको मर्म र भावना विरुद्ध व्यक्तिगत राजनीतिक दुराशयले संसद अधिवेशन आव्हानको लागि अधिकतम संसदहरुद्वारा राष्ट्रपतिसमक्ष समावेदन परिसकेको अवस्थालाई समेत ख्याल नगरी गम्भीर रुपमा प्रहार भएको हुनाले नेपाल सरकार मन्त्रिपरिषदद्वारा मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटनको

निर्णय र सोही निर्णयबमोजिम राष्ट्रपति कार्यालयबाट भएको प्रतिनिधि सभा विघटनको सूचना असंवैधानिक र गैरकानूनी भएकोले संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा सो निर्णयहरु बदर गरी पाउँ भन्ने निवेदक दीपक राईसमेतको निवेदन दाबी।

४१. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१),(७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

४२. निवेदकको माग बमोजिमको आदेश जारी हुन नपर्ने कानून बमोजिमको आधार र कारण भए सो समेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

४३. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानून बमोजिम कुनै नियम वा पदाधिकारीको सिफारिस गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत नै हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

४४. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 को बैठकबाट संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। संविधानको धारा ८५ ले प्रतिनिधि सभाको निर्वाचन ५ वर्ष अगावै हुन सक्ने स्पष्ट छ। संविधानको धारा ५८ र ३०६(ज) ले अवशिष्ट अधिकार प्रयोग गर्ने अख्तियारी संघमा रहेकोले त्यस्तो

अधिकारको प्रयोग धारा ७५ बमोजिम कार्यकारिणी नेपाल सरकारले गर्न पाउछ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

४५. प्रतिनिधि सभा विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनितिक विषय हो। यस्ता राजनीतिक विषयमा अदालत प्रवेश नगर्ने अभ्यास रहेकोले संसद विघटन सम्बन्धी यस पूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाइएको हाम्रो न्यायिक अभ्यास छ। प्रधानमन्त्रीको सिफारिस प्रतिनिधि सभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य(value) हो। नेपालको संविधानको धारा ७५ को उपधारा (१) ले नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानूनबमोजिम मन्त्रिपरिषदमा निहित हुने व्यवस्था गरेको र संविधानको धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष अगावै विघटन हुने सक्ने व्यवस्था गरेको छ। संसदीय प्रणाली भएका मुलुकका प्रचलन एवं प्रावधानहरुसमेत प्रधानमन्त्रीको सिफारिसमा राष्ट्र प्रमुखले प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने विशेषाधिकारको व्यवस्था गरेको र सो मान्यतालाई हाम्रो न्यायिक व्याख्यामा समेत स्वीकार गरिएको छ। धारा ७६(७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुनसक्ने अवस्था परिकल्पना गरेको छ। संविधानले संसदीय दललाई समिष्टमा चिन्ने र प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार प्रयोग गर्न अख्तियारी संघमा रहेकोले विघटनको सिफारिस दुराशयपूर्ण छैन भन्ने प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

**<u>तथ्य खण्ड (०७७-WC-००३७)</u>**

४६. हामी निवेदकहरु मिति २०७४ साल मंसिरमा सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनबाट निर्वाचित प्रतिनिधि सभाको सदस्य हौ। प्रतिनिधि सभाको कार्यकाल नेपालको संविधानको धारा ८५(१) बमोजिम ५ वर्ष रहेकोमा मिति २०७७।९।५ गते प्रत्यर्थी सम्माननीय प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गरी सोहि दिन सम्माननीय राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गर्नु भएको जानकारी राष्ट्रपति कार्यालयबाट जारी सूचनाबाट जानकारी हुन आएकोले सोही दिन बिहान १०:३० बजे हामी निवेदकसमेत गरी ९० जना प्रतिनिधि सभा सदस्यहरुले प्रधानमन्त्री विरुद्ध अविस्वासको प्रस्ताव दर्ता गरेका थियौँ। नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधि सभा विघटनसम्वन्धि व्यवस्थाले संसदीय व्यवस्थामा विकृति र विसंगति भित्रिएकोले वर्तमान संविधान निर्माण गर्दा प्रधानमन्त्रीले संसद विघटन गर्ने व्यवस्थालाई निषेध गरेको कुरा संविधान निर्माणका दस्तावेजमा अभिलिखित छ। नेपालको संविधानको धारा ८५ ले प्रतिनिधि सभा विघटन गर्ने अधिकार नभै प्रतिनिधि सभाको कार्यकाल कति हुने भन्ने सिमित धारा भएकोले स्वतन्त्र (Independent) नभै अन्य धाराको अधीनमा

रहने Dependent हो। यो संविधानमा प्रधानमन्त्रीको सुविधा वा असुविधाको आधारमा प्रतिनिधि सभा विघटन गर्न पाउने स्वविवेकीय अधिकार, अविशिष्ठ अधिकार निजलाई छैन। प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटन गर्नु पर्ने कुनै आधार र कारण उक्त सूचनामा उल्लेख छैन तर प्रधानमन्त्रीले मिति २०७७।९।६ को देशवासीका नाउँमा सम्बोधन गर्दा आफु विरुद्ध अविश्वासको प्रस्ताव आउन लागेको थाहा पाएर प्रतिनिधि सभा विघटन गर्नु परेको भन्ने छ। परम्परागत संसदीय व्यवस्थाको अवधारणा संविधान जारी गर्दै परित्याग गरी सकेकोले यो विशिष्ठ प्रकृतिको संसदीय व्यवस्था भएकोले परम्परागत संसदीय व्यवस्था अनुकरणीय हुदैन। यसैले राष्ट्रपतिको विज्ञप्तिमा उल्लेखित संसदीय व्यवस्थाको मर्म र भावना भन्ने वाक्यांश निरर्थक छ। नेपालको संविधानले राष्ट्रपतिलाई संविधान विपरीतको सिफारिसको आधारमा संसद विघटन गर्ने अधिकार दिदैन। राष्ट्रपतिको विज्ञप्ती लिखित संविधान, संवैधानिक सर्वोच्चता र संविधानवादकै विरुद्ध हुँदा प्रथम दृष्टीमा नै बदरभागी छ।

४७. संसदीय व्यवस्थामा प्रधानमन्त्री विरुद्ध अविश्वास व्यक्त गर्न पाइने र त्यसको सामना प्रधानमन्त्रीले गर्नु पर्ने परम्परा नै रहे पनि प्रधानमन्त्रीले संसद विघटन गर्न मिल्दैन। प्रतिनिधि सभाको निर्वाचनपश्चात संसदका ६ वटा अधिवेशनहरु सम्पन्न भई विभिन्न कानून जारी गरी कार्य सम्पादन गरेको छ। छैठौ अधिवेशन मिति २०७७।३।१८ मा सम्पन्न भै अर्को अधिवेशन संविधानको धारा ९३(१) बमोजिम पुष १८ भित्र बोलाई सक्नु पर्नेमा अधिवेशनको पूर्वसन्ध्यामा संविधानले नै कल्पना नगरेको प्रतिनिधि सभाको विघटन गर्ने कार्य गैरसंवैधानिक, अलोकतान्त्रिक र संसदीय प्रणालीका मूल्य मान्यताहरु प्रतिकूल भएकोले बदरभागी छ। प्रत्यर्थी प्रधानमन्त्रीका कामकारवाहीलाई लिएर हामी निवेदक लगायतका ९० जना प्रतिनिधि सभाका सदस्यहरुले प्रत्यर्थीहरुले प्रतिनिधि सभा विघटन गर्नु भन्दा अगावै नेपालको संविधानको धारा १०० र प्रतिनिधि सभा नियमावली २०७५ को नियम १५३ बमोजिम प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेकोमा आफू विरुद्ध अविश्वासको प्रस्ताव आउने भएकाले सोबाट बच्न र देशलाई अराजकतातर्फ धकेल्ने नियतले प्रतिनिधि सभाको विघटन गरेको र संविधानको धारा ६१(४) अनुसार "संविधानको पालना र संरक्षण गर्ने कर्तव्य" भएका सम्माननीय राष्ट्रपतिले समेत प्रत्यर्थीको गैरसंवैधानिक कार्यलाई रोक्नु पर्नेमा प्रत्यर्थी प्रधानमन्त्रीको सिफारिस कार्यान्वयन गरेको अवस्था छ। संविधानवादको सिद्धान्तले पनि प्रधानमन्त्रीले संवैधानिक मार्ग नअपनाई सिधै जनादेशका निम्ति जान पनि मिल्दैन।

४८. निवेदकहरू प्रतिनिधि सभाको ५ वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट समेत बन्चित भएकोले मिति २०७७।९।५ मा प्रधानमन्त्रीबाट गर्नु भएको सिफारिस र सो सिफारिसका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधि सभाको विघटन सम्बन्धि सम्पूर्ण काम कार्यहरू नेपालको संविधानको धारा १३३ को उपधारा २ र उपधारा ३ बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधि सभाले गर्नु पर्ने कामहरु सम्पादन गर्न आवश्यक र उपयुक्त आदेश जारी गरी भन्नेसमेत बेहोराको प्रतिनिधि सभाका सदस्य देवप्रसाद गुरुङ्गसमेतको संयुक्त निवेदन दाबी।

४९. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१), (७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

५०. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

५१. संविधानको धारा १२८ को उपधारा २ मा संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था छ। प्रतिनिधि सभा विघटन गर्ने विषय संवैधानिक व्याख्याको विषय मात्र नभई यो संविधान र कानूनको गम्भीर व्याख्या गर्नु पर्ने विषय भै यसको अन्तिम व्याख्या बृहत पूर्ण इजलासले मात्र गर्न सक्दछ। यस अघि पनि पटकपटक प्रतिनिधि सभा विघटन भएकोमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत भएको निवेदनमा ११ जना न्यायाधीशहरुको विशेष इजलासबाट व्याख्या भएको तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२) बमोजिम बृहत पूर्ण इजलास गठन हुने व्यवस्था भएकोले हामीले उठाएको विषयलाई बृहद पूर्ण इजलासले अन्तिम व्याख्या गर्नु पर्दछ भन्ने हाम्रो संयुक्त निवेदन छ। सर्वोच्च अदालतमा रहनु भएका सबै माननीय न्यायाधीश सम्मिलित बृहत पूर्ण इजलास गठन गरी सोही बृहत पूर्ण इजलासबाट प्रतिनिधि सभा विघटन विषयको निरुपण गरी पाउँ भन्ने निवेदक देवप्रसाद गुरुङसमेतका १२ जना निवेदकहरुको निवेदन दावी।

५२. यसमा *"प्रस्तुत रिट निवेदन संवैधानिक इजलासको क्षेत्राधिकार भित्रको नभएकोले बृहत पूर्ण इजलासबाट सुनुवाई गरी पाउँ"* भन्ने द.नं. ४४९९ मिति २०७७।९।२२ को निवेदन पेश भयो। प्रस्तुत रिट निवेदनमा नेपालको संविधानको धारा १३७(३) बमोजिम गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएकोले

निवेदकको मागबमोजिम गर्नु परेन। कानून बमोजिम गर्नू। साथै प्रस्तुत रिट निवेदनहरु मिति २०७७।१०।४ गते हेर्दाहेर्दैको पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने मिति २०७७।१०।२ को यस अदालतको आदेश।

५३. धारा ७६ मा प्रतिनिधि सभामा सरकार गठन गर्ने विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन नहुने व्यवस्था गरिएको छ। 2077 साल पुष १७ गते भित्र संघीय संसदको अधिवेशन शुरु गर्न गृहकार्य भइरहँदा अप्रत्यारित रुपमा प्रतिनिधि विघटन हुँदा सिङ्गो प्रतिनिधि सभा तथा म समेत लाई मर्माहित बनाएको, सार्वभौम जनताको प्रतिनिधि मुलक संस्था संसद उपर हस्तक्षेप हुन गएको देखिन्छ। सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटनको सिफारिस कार्यान्वयनको निर्णय भएकै दिन मिति 2077।9।5 मा प्रतिनिधि सभाका सदस्यले प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव संघीय संसद सचिवालय दर्ता गराएको पाइन्छ। यसर्थ प्रतिनिधि सभा विघटन हुन नसक्ने रिट निवेदकको जिकिर उपयुक्त नै रहेकोले उक्त सभा पुनर्वहाली हुने स्पष्ट आधार रहेको छ भन्ने सभामुख अग्नीप्रसाद सापकोटाको लिखित जवाफ।

५४. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानून बमोजिम कुनै नियम वा पदाधिकारीको सिफारिस गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

५५. "समृद्ध नेपाल र सुखी नेपाली" बाहेक मेरो कुनै स्वार्थ छैन। मिति २०७४।६।१७ गते तत्कालिन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच बाम गठबन्धन बनाएर निर्वाचन लड्ने र निर्वाचन लगत्तै पार्टी एकता गर्ने घोषणा गरिएको थियो। प्रतिनिधि सभामा नेकपा (एमाले) पहिलो हुने निर्वाचित हुनेतर्फ ८० र समानुपातिक तर्फ ४१ गरी जम्मा १२१ तथा तत्कालिन नेकपा (माओवादी केन्द्र) पहिलो हुने

निर्वाचित हुनेतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी जम्मा ५३ सहित दुवैको जम्मा १७४ प्रतिनिधि सभा सदस्य रहेकोले प्रतिनिधि सभाको कुल सदस्य संख्या २७५ को झण्डै दुई तिहाई सदस्यको समर्थन प्राप्त भएको हो। उल्लेखित दुवै पार्टीको एकिकरण गरी मिति २०७५ जेष्ठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भई मिति २०७५ जेष्ठ ५ गते म संयुक्त संसदीय दलको नेता सर्वसम्मत रुपमा चयन भएको हुँदा सो को जानकारी संसद सचिवालय समेतलाई गराइएको हो। तत्पश्चात संसदीय दलको नेताको सम्बन्धमा कुनै विवाद उठेको छैन। सरकार गठन भै सञ्चालनको पहिलो वर्षमै सरकारलाई असहयोग गर्ने, विदेशी भूमिमा गै गैरराजनीतिक अभिव्यक्ति दिने, पार्टीबाटै अस्थिरता निम्ताउन प्रयास गर्ने, जनादेश र जनभावना विपरीत राष्ट्रिय राजनीतिलाई अन्यहिन एवं अर्थहीन विवादमा अल्झाएर गतिरोध सृजना गरिएको, जननिर्वाचित सरकारलाई असहयोग, विरोध र अलोकतान्त्रिक हस्तक्षेप गरी सरकारको कार्यसम्पादनमा निरन्तर अवरोध सृजना गरिएको कारण सरकारको बाँकी अवधि निश्प्रभावी भै खेर जाने भएकोले मुलुकको कार्यकारी अधिकार प्राप्त प्रधानमन्त्रीको हैसियतले जनादेशको लागि सार्वभौम जनतासमक्ष जानुको विकल्प रहेन। मन्त्रिमण्डलको गठन, पुनर्गठनमा प्रधानमन्त्रीको विशेषाधिकार मानिने संसदीय प्रणालीको मान्यता विपरीत मन्त्रिमण्डलमा आ-आफना समूह, स्वार्थका व्यक्तिहरु समावेश गराउन निरन्तर दबाब दिइएको, नीतिगत मार्गदर्शन गर्नु पर्नेमा केही नेता सरकार सञ्चालनको स-साना विषयको व्यवस्थापनमा उद्यत भएको, संसदमा सरकारले पेश गरेका राष्ट्रिय प्रतिवद्धता भैसकेका र मुलुकको अन्तराष्ट्रिय सम्बन्ध र छविलाई प्रभावित पार्ने गम्भीर विषयहरुलाई वर्षैसम्म छलफलको कार्यसूचीमा समावेश नगरिएको, संवैधानिक अंगहरु रिक्त पद पूर्ति गर्नु पर्ने संवैधानिक दायित्व पुरा गर्न खोज्दा पार्टी भित्रबाटै अवरोध सृजना गरिएको, प्रधानमन्त्रीको हैसियतले राज्यप्रणालीमा नेतृत्व हस्तान्तरणको एउटा वैधानिक प्रणाली बसाल्ने प्रयास गरेकोमा मेरो राजनीतिक चरित्र हत्या गरी अत्यान्त लाञ्छित र अपमानित गर्दै पार्टी विधान र पद्धति विपरीत आरोपपत्र पेश गरिएकोले राजनैतिक अस्थिरता अन्यौलता हटाउन र राजनीतिक गतिरोधलाई पार लगाउन लागि बाध्यात्मक राजनीतिक परिस्थितिले ताजा जनादेशको लागि मैले अग्रसरता लिएको हुँ। नेपाली भूमिको रक्षा गर्न, राष्ट्रिय स्वाभिमानको प्रवर्द्धन गर्न, छिमेकी लगायत सबै मित्र राष्ट्र र विकास साझेदारहरुसँग समेत स्रोत परिचालन गरी विकास निर्माणलाई तिब्रता दिन र सम्पूर्ण नेपालीको हित र कल्याणको लागि अविचलित राष्ट्रिय अडानका साथ सरकार सञ्चालन गर्न दुई तिहाईको सरकारको आवश्यक भएकोले प्रतिनिधि विघटनको सिफारिस गरेको हो। जनता नै अन्तिम निर्णायक भएकोले ताजा

जनादेश लिन गरिएको प्रतिनिधि सभा विघटनबाट निवेदकको हक हनन भयो भन्न मिल्दैन। लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने सर्वमान्य लोकतान्त्रिक पद्धतिको विरुद्धका उभिने हक कसैसँग हुदैन। प्रतिनिधि सभा विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय हो। यस्ता राजनीतिक औचित्यताको विषयमा अदालत प्रवेश नगर्ने अभ्यास रहेको छ। संसद विघटनका विषयमा यस पूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास रहेको छ। प्रधानमन्त्रीको सिफारिस प्रतिनिधि सभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य (value) हो।

५६. नेकपाको ९० जना सदस्यहरुले प्रधानमन्त्री विरुद्ध मिति २०७७।९।५ गते विहान १०:३० बजे अविश्वासको प्रस्ताव दर्ता गरेको भनी रिट निवेदनमा उल्लेख गरेकोमा संसद सचिवालयबाट जारी प्रेस विज्ञप्ति र संसद सचिवालयमा पेश भएको अभिलेखबाट सो तथाकथित प्रस्ताव सो दिन ३:३० बजे दर्ता भएको स्पष्ट भएकोले तथ्य ढाँटी झुट्टो विवरण उल्लेख गरी दायर रिट निवेदन सफा हातको सिद्धान्त विपरीत भै खारेजभागी छ। प्रतिनिधि सभा विघटन भएपछि कसैले मेरा विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरे भन्दैमा त्यसले वैधता पाउन सक्तैन। प्रतिनिधि सभा नै नरहेको अवस्थामा अविश्वासको प्रस्ताव दर्ता गरियो भन्दैमा त्यस्तो दर्ताले वैधानिकता पाउन सक्तैन। प्रतिनिधि सभा विघटनको सिफारिस दुराशयपूर्ण रहेको भन्ने लगाएको आरोपमा कुनै आधार, प्रमाण र तथ्यले समर्थन गरेको नभै हचुवा र काल्पनिक दावी देखिन्छ। दुराशय अनुमान गर्ने कुरा होइन। प्रमाणबाट शंकारहित रुपमा प्रमाणित भएको हुनुपर्छ।

५७. संविधानको धारा ७६(७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने अवस्थाको परिकल्पना गरेको छ। प्रतिनिधि सभा विघटनको अवस्थासम्म संविधानको धारा ७६ को उपधारा (१) बमोजिमकै मेरो नेतृत्वमा सरकार सञ्चालन भईरहेको र मैले नेतृत्व गरेको राजनैतिक दलको संसदमा बहुमत कायम रहेको र सो दलको संसदीय दलको नेता म रहिरहेको अवस्थामा अरु कुनै आधारमा वैकल्पिक सरकार गठन हुने परिकल्पना संविधानले गरेको छैन। नेपालको संविधानको धारा ७५ को उपधारा (१) ले नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानूनबमोजिम मन्त्रिपरिषद निहित हुनेछ भन्ने व्यवस्था गरेको छ। संविधानको धारा ८५ ले ५ वर्ष अगावै प्रतिनिधि सभा विघटनहुने सक्ने व्यवस्था गरेको छ। संसदीय प्रणाली भएका मुलुकका प्रचलन एवं प्रावधानहरुसमेत हेर्दा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्र प्रमुखले प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने विशेषाधिकारको व्यवस्था गरेको मान्यतालाई हाम्रो न्यायिक व्याख्यामा समेत स्वीकार गरिएको छ। धारा ७६(७) ले वैकल्पिक सरकार

गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने अवस्था परिकल्पना गरेको छ। संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्दछ। प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार प्रयोग गर्ने अख्तियारी संघमा रहेको हुन्छ। विघटनको सिफारिस दुराशय पूर्ण छैन भन्ने प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

५८. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। नेपालको संविधानको धारा ७५ मा कार्यकारिणी अधिकारसम्बन्धी व्यवस्था गरेको तथा संविधानको धारा ८५ ले ५ वर्ष अगावै प्रतिनिधि सभाको निर्वाचन हुन सक्ने स्पष्ट छ। संविधानको धारा ५८ र ३०६(ज) ले अवशिष्ट अधिकार संघमा रहेको तथा त्यस्तो अधिकार धारा ७५ बमोजिम नेपाल सरकारले प्रयोग गर्ने पाउँछ। अतः लगाउमा रहेका अन्य रिट निवेदनमा पेश भएका लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

**<u>तथ्य खण्ड (०७७-WC-००३८)</u>**

५९. नेपालको संविधानको धारा ७६ (१) (७), ८५ को आधारमा संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति २०७८ साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय र प्रधानमन्त्रीको सिफारिसबमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी निर्वाचन मिति तोकी मिति २०७७।9।5 गते राष्ट्रपतिको कार्यालयबाट प्रकाशित विज्ञप्ती विधीको शासन विपरीत छ। राष्ट्रपति र प्रधानमन्त्री पनि कानूनको परिधिभित्र रही कानूनबमोजिमको कार्य गर्नु पर्छ। संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको कर्तव्य भएको कुरा संविधानको धारा ६१ को उपधारा (४) ले गरेको छ। सोही धारा ६१ को उपधारा (२) ले यस संविधान र संघीय कानून बमोजिम राष्ट्रपतिले आफ्नो कार्य सम्पादन गर्नु पर्ने र नेपालको राष्ट्रिय एकताको प्रबर्द्धन गर्नु पर्ने प्रष्ट छ। कानूनको सर्वोच्चता र संवैधानिक मूल्य र मान्यता विपरीत संविधानको उपहास गरी चालिएको कदम गैर जिम्मेवारीपूर्ण हुनुका साथै गैरसंवैधानिक समेत छ। नेपालको संविधानको धारा ७६ को उपधारा ७ मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेको खण्डमा मात्र प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी

निर्वाचनको मिति तोक्ने संवैधानिक व्यवस्था हो। विगतको अनुभवमा नेपालको संविधानले ५ वर्षे स्थायी सरकारको अवधारणालाई समाहित गरेको र दुई तिहाई बहुमत प्राप्त सरकारको प्रधानमन्त्रीले संसद विघटन गर्ने अधिकार संविधान विपरीत छ। संविधानको धारा ७६ उपधारा (२)(३)(४)(५) को प्रकृयामा प्रवेश नै नगरी संविधानको बर्खिलाफ प्रधानमन्त्रीको सिफारसिमा राष्ट्रपति भएको संसद विघटनको निर्णय त्रुटिपूर्ण, दुरासययुक्त एवं गैरसंवैधानिक भएको हुँदा संसद चालू राखी आउँदो हिउँदे अधिवेशनसमेत आव्हान हुने गरी गैर संवैधानिक संसद विघटन बदर गरी संसद पुनर्वहाली गरी पाऊँ भन्नेसमेत व्यहोराको निवेदक अधिवक्ता अमिता गौतम पौडेलसमेतको निवदेन दाबी।

६०. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१),(७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

६१. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो? कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

६२. यस मन्त्रालयको के कस्तो कारवाही वा निर्णयबाट निवेदकको के कस्तो कानूनी तथा संवैधानिक अधिकारमा आघात पुगेको निवेदनमा उल्लेख छैन। नेपालको संविधानको धारा 76 को उपधारा (१) को प्रधानमन्त्री संसदबाट पूर्ण रुपमा विश्वासको मत प्राप्त गरेको मानिन्छ र त्यसरी नियुक्त प्रधानमन्त्रीले नेपालको संविधान एवं कानूनबमोजिम आफुलाई प्राप्त अधिकार निर्वाध एवं अकण्टक रुपमा प्रयोग गर्ने अधिकार राख्दछ। संविधान एवं कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग र पालनामा कुनै बाधा व्यवधान उत्पन्न भई कार्य सञ्चालनमा बाधा अवरोधको महसुस भएमा संसदबाट बहुमत प्राप्त प्रधानमन्त्रीले जुनसुकै बखत जनतासमक्ष ताजा जनादेशको लागि जाने गरेको नेपालको संसदीय इतिहासमा स्थापित मान्यताको रुपमा रहेको छ। संविधानको धारा 85(१) ले प्रतिनिधि सभाको कार्यकाल अगावै विघटन हुन सक्ने अवस्थाको परिकल्पना गरेको देखिन्छ। संसद विघटनको विषय नितान्त राजनीतिक विषयसमेत भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

६३. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानूनबमोजिम कुनै नियम वा पदाधिकारीको सिफारिस गरिने भनी किटानी साथ

व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था रहेको छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी नेपाली जनतासमक्ष जान मिति 2078 साल बैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य संविधानसम्मत हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

६४. लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने सर्वमान्य लोकतान्त्रिक पद्धतिको विरुद्धका उभिने हक कसैसँग हुदैन। प्रतिनिधि सभा विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनितिक विषय हो। यस्ता राजनीतिक प्रश्नमा अदालत प्रवेस नगर्ने संवैधानिक अभ्यास रहेको छ।संसद विघटनका विषयमा यसपूर्व अदालतमा पेश भएका विवादमा अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास छ। प्रधानमन्त्रीको सिफारिस प्रतिनिधि सभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य (value) हो। नेपालको संविधानको संसदीय प्रणाली भएका मुलुकका प्रचलनसमेतले प्रधानमन्त्रीको सिफारिसमा राष्ट्र प्रमुखले प्रतिनिधिसभा विघटनको सिफारिस गर्ने विशेषाधिकार हाम्रो न्यायिक व्याख्याबाट समेत स्वीकार गरिएको छ। विघटनको सिफारिस दुराशय पूर्ण नरहेको, धारा ७६(७)ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने परिकल्पना गरेको, संविधानले संसदीय दललाई समिष्टमा मात्र चिन्ने, प्रधानमन्त्रीलाई संसद विघटन गर्न पाउने अधिकार रहेको र अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेकोले निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री के.पी शर्मा ओलीको लिखित जवाफ।

**<u>तथ्य खण्ड (०७७-WC-००३९)</u>**

६५. नेपालको संविधानको धारा ७६ को उपधारा (४) मा उपधारा (२) र (३) बमोजिम नियुक्त हुने प्रधानमन्त्रीले नियुक्त भएको मितिले तीस दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नु पर्ने भन्ने र सोही धाराको उपधारा (७) मा प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिना भित्र

अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नु पर्ने व्यवस्था रहेकोले प्रधानमन्त्री नियुक्त भएको तीस दिन भित्र विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा प्रतिनिधि सभा विघटन गर्न सकिन्छ।संविधानको धारा ८५ को उपधारा १ मा संविधानबमोजिम अगाबै विघटन भएको बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने स्पष्ट व्यवस्था संविधानमा हुँदाहुँदै संविधान भन्दा बाहिर गएर मिति २०७७ पुष ५ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद बैठकले संविधानको गम्भीर उल्लंघन गरी प्रतिनिधि सभा विघटन गर्न सिफारिस गरी राष्ट्रपतिसमक्ष पठाएको र राष्ट्रपतिले सोही अनुसार विज्ञप्ति जारी गरेको कार्य बदर गरी प्रतिनिधि सभाको पूरा कार्यकाल पाँच वर्षसम्म विघटन नगर्नु, नगराउनु भनी विपक्षीहरुका नाममा संविधानको धारा १३३ को उपधारा (२), (३) बमोजिम परमादेशसहित उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदक अधिवक्ता लोकेन्द्रबहादुर ओली समेतको निवेदन दाबी।

६६. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१), (७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

६७. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो? कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

६८. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट संघीय संसदको प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशको लागि नेपाली जनता समक्ष जान मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। नेपालको संविधानको धारा ७५ मा कार्यकारिणी अधिकार सम्बन्धी व्यवस्था गरेको तथा संविधानको धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष अगावै विघटन हुन सक्ने स्पष्ट छ। संविधानको धारा ५८ र ३०६(ज) को व्यवस्था बमोजिम अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेको र त्यस्तो अधिकार धारा ७५ बमोजिम नेपाल सरकारले प्रयोग गर्न पाउछ। अतः लगाउमा रहेका अन्य रिट निवेदनको लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

६९. लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने सर्वमान्य लोकतान्त्रिक पद्धतिको विरुद्धका उभिने हक कसैसँग नभएको तथा प्रतिनिधि सभा विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनितिक विषय हो। यस्ता राजनीतिक विषयमा प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको र संसद विघटनका विषयमा यसपूर्व अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास छ। प्रधानमन्त्रीको सिफारिस प्रतिनिधि सभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य(value) हो। संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्ने र धारा ७६(७)ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने परिकल्पना गरेकोले प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार रहेको तथा अवशिष्ट अधिकारको प्रयोग गर्न अख्तियारीसमेत संघमा रहेकोले सोको प्रयोग धारा 75 ले कार्यकारिणी सरकारले गर्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

७०. मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत हुँदा रिट निवेदन बदरभागी भएकोले खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

**तथ्य खण्ड (०७७-WC-००४०)**

७१. विपक्षीहरुबाट नेपालको संविधानलाई नै निष्प्रभावी बनाउने गरी मिति 2077।9।5 मा प्रतिनिधि सभाको विघटन गरी मिति 2078।1।17 र २७ गते निर्वाचनको मिति तोक्ने निर्णय भएको कार्य संविधानको धारा ७६ र ८५ को भावना विपरीत छ। संविधानको धारा ७६ को उपधारा (२) मा कुनै पनि दलले प्रतिनिधि सभामा बहुमत नल्याई त्रिशंकु संसद (Hong Parliament) भएमा दुई वा दुई भन्दा बढी दल मिलेर सरकार बनाउन सकिने व्यवस्था छ। धारा ७६(२), (३), (४) र (५) बमोजिम सरकार गठन हुन नसकेको अवस्थामा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गर्न सक्ने हो। संविधानको धारा ७६(७) ले बहुमत प्राप्त सरकारको प्रधानमन्त्रीलाई प्रतिनिधि सभाको विघटन गर्ने अधिकार प्रदान गरेको छैन। विपक्षी प्रधानमन्त्री धारा (५) बमोजिम नियुक्त प्रधानमन्त्री नभै धारा ७६(२) को आधार

प्रस्तुत गरी धारा ७६(१) बमोजिमको प्रधानमन्त्री हुनुहुन्छ। धारा ७६(७) ले धारा ७६(५) बमोजिम नियुक्त प्रधानमन्त्री बाहेक अन्य धाराको आधारमा नियुक्त प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने राष्ट्रपतिसमक्ष सिफारिस गर्ने अधिकार र हैसियत राख्दैनन्। संविधानको धारा ७६(१) बमोजिमको सरकार बनिरहेको अवस्थामा धारा ७६(७) प्रयोग हुन सक्तैन। सुविधाजनक सरकार चलिरहेको र संविधानको धारा १००(२) को अवस्था सृजना नभएको परिस्थितिमा विना कारण संविधान नै निस्तेज हुने गरी प्रतिनिधि सभाको विघटन गर्नु सार्वभौम माथी नै खेलवाड हो। महामारीको आर्थिक संकटमा संविधानको धारा १(२) को कर्तव्यबाट विपक्षीहरु विमुख भएकोले उक्त कार्य जनविरोधी छ। सरकार नै गठन हुन नसकेको अवस्थामा मात्र प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गर्नसक्ने अवस्था हुनेमा संवैधानिक सर्वोच्चताको ख्याल नगरी नेपालको संविधानको धारा १(२), धारा २, धारा ६१(४), धारा ७६(१), (२), (३), (४), (५), (६) (७) (८) को विपरीत दुषित मनोभाबना राखी आफूखुसी विघटन गर्न पाउने अधिकार विपक्षीहरुलाई छैन। विपक्षीबाट भएको निर्णय प्रारम्भ देखि नै उत्प्रेषणको आदेशले बदर घोषित गरी परमादेश लगायत आदेश जारी गरी विघटित प्रतिनिधि सभा पुनस्थापन पाउँ भन्नेसमेत बेहोराको निवेदक कमलबहादुर खत्रीको निवेदन दावी।

७२. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१),(७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

७३. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो? कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

७४. संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने, राष्ट्रिय महत्वका विषयमा जनमत संग्रह गराउने तथा नेपालको संविधानको धारा 269, 270, 271 र 272 मा राजनीतिक दल दर्ता र व्यवस्थापन गर्ने संवैधानिक जिम्मेवारी प्रदान गरेको छ। नेपालको संविधान, निर्वाचन आयोग ऐन, 2073 तथा तत्सम्बन्धी नियमावली, प्रतिनिधि सभा सदस्य ऐन, 2074 तथा तत्सम्बन्धी नियमावली, मतदाता नामावली ऐन, 2073 तथा तत्सम्बन्धी

नियमावलीसमेतका आधारमा निर्वाचनसम्बन्धी कार्य गर्ने हुँदा संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम निर्वाचनको घोषणा भई निर्वाचनको मिति तोकिसकेकोले निर्वाचन सम्पन्न गर्नु आयोगको दायित्व रहेकोले निर्वाचन कार्यक्रम रोकी पाउँ भन्नेसमेतको निवेदन दाबी पुग्ने नदेखिएकोले रिट खारेज गरी पाउँ भन्ने निर्वाचन आयोगको लिखित जवाफ।

७५. यस मन्त्रालयको के कस्तो कारवाही वा निर्णयबाट निवेदकको के कस्तो कानूनी तथा संवैधानिक अधिकारमा आघात पुग्न गएको, रिट निवेदनमा उल्लेखित छैन। नेपालको संविधानको धारा 76 को उपधारा (१) बमोजिम नियुक्त प्रधानमन्त्री संसदबाट पूर्ण रुपमा विश्वासको मत प्राप्त गरेको मानिने र त्यसरी नियुक्त प्रधानमन्त्रीले संविधान एवं कानून बमोजिम प्राप्त अधिकार निर्वाध एवं अकण्टक रुपमा प्रयोग गर्न पाउने अधिकार राख्दछ। संविधान एवं कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग र पालना गर्ने क्रममा कुनै बाधा व्यवधान उत्पन्न भई आफ्नो कार्य सञ्चालनमा बाधा अवरोध पुगेको महसुस भएमा संसदबाट बहुमत प्राप्त प्रधानमन्त्रीले जुनसुकै बखत जनतासमक्ष जाने गरेको नेपालको संसदीय इतिहासमा स्थापित मान्यता हो। संविधानको धारा 85(१) को व्यवस्थाले प्रतिनिधि सभाको कार्यकाल पुरा नहुँदै विघटन हुन सक्ने अवस्थाको परिकल्पना गरेको र संसद विघटनको विषय नितान्त राजनीतिक विषयसमेत भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

७६. लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने सर्वमान्य लोकतान्त्रिक पद्धतिको विरुद्धका उभिने हक कसैसँग नहुने तथा प्रतिनिधि सभा विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनितिक विषय हो। यस्ता राजनीतिक विषयमा प्रश्नमा अदालत प्रवेश नगर्ने संवैधानिक अभ्यास रहेको छ। संसद विघटनका विषयमा यस पूर्व अदालतले आत्मसंयमता अपनाई विवादको किनारा गर्ने गरेको हाम्रो न्यायिक अभ्यास रहेको छ। आर्थिक संकटको विषय न्याय निरुपणको विषय होइन। केही नेताबाट सरकार, संसद, संसदीय दल र पार्टी सञ्चालनमा योजनाबद्ध र षडयन्त्रपूर्ण रुपमा असहयोग, अवरोध र हस्तक्षेप भएको, पार्टीमा अनुशासन कायम गर्न संसदको विघटन एक स्थापित मान्यता हो। प्रधानमन्त्री को सिफारिस प्रतिनिधि सभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य(value) हो। बहुमतको सरकार रहेकोले वैकल्पिक सरकारको कुनै सम्भावना नै थिएन। संसदीय प्रणाली भएका मुलुकका प्रचलन एवं प्रावधानहरुसमेत प्रधानमन्त्रीको सिफारिसमा राष्ट्र प्रमुखले प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने विशेषाधिकारको व्यवस्था गरेको र सो मान्यतालाई हाम्रो न्यायिक व्याख्यामा समेत स्वीकार गरिएको छ। धारा ७६(७) ले वैकल्पिक सरकार गठन हुन नसके प्रतिनिधि

सभा विघटन हुन सक्ने परिकल्पना गरेको छ। विघटनको सिफारिस दुराशय पूर्व छैन। अवशिष्ट अधिकार प्रयोग गर्ने अख्तियारी संघमा रहेको तथा संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्ने हुँदा बहुमतको प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने हुँदा निवेदन खारेज गरी पाउँ प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

७७. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। नेपालको संविधानको धारा ७५ मा कार्यकारिणी अधिकार सम्बन्धी व्यवस्था गरेको तथा संविधानको धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष अगावै विघटन हुन सक्ने स्पष्ट छ। संविधानको धारा ५८ र ३०६(ज) को व्यवस्था बमोजिम अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेको र त्यस्तो अधिकार धारा ७५ बमोजिम नेपाल सरकारले प्रयोग गर्ने पाउछ। अतः लगाउमा रहेका अन्य रिट निवेदनमा पेश भएका लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

७८. मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७ गते अर्को प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत नै हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

**तथ्य खण्ड (०७७-WC-००४१)**

७९. संसदीय प्रणाली अपनाएको मुलुकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदलाई Parliament Dissolution अधिकार भए तापनि नेपालको संविधानले त्यसलाई Prerogative right को रुपमा सम्बोधन नगरेकोले संसदको विघटनको लागि सिफारिस गर्ने कार्य र सोही बमोजिम राष्ट्रपतिद्वारा संसदको विघटन गरी निर्वाचनको लागि मिति तय गर्ने कार्य संविधानको धारा ७६ र ८५ समेतको विपरीत छ। वर्तमान मन्त्रिपरिषद

धारा ७६ (५) बमोजिम गठन भएको नभई धारा ७६(१) बमोजिम गठन भएको एवं प्रधानमन्त्रीको विरुद्धमा अविश्वासको मतसमेत दर्ता नभएको र निजले विश्वासको मत समेत प्राप्त गर्नु पर्ने अवस्था नरहेको समयमा नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट भएको निर्णयबमोजिम संविधानको धारा ७६(१)(७) र ८५ बमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी मिति २०७८।०१।१७ र २७ मा प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति २०७७।९।५ मा राष्ट्रिपतिको कार्यालयबाट जारी भएको विज्ञप्ति संसदीय प्रणालीको आधारभुत मर्म एवं मूल्य मान्यता, संविधानको प्रस्तावनाको विपरीत भै संविधानको धारा १, १६, १७, १८, २५, ३१, ३३, ४२ लगायतका मौलिक हकको उपभोगमा बन्देज लगाउनुका साथै धारा ७५(१)(२) तथा ७६(७) समेत विपरीत रहेको छ। शासक वर्गले malafide Intention राखी कानून र संविधानको प्रयोग गरेमा कानूनको शासन नभई व्यक्तिको शासन हुने, जसको रोकथाम गर्नु अदालतको दायित्व हो। संविधानको धारा ७६(१)(७) तथा धारा ८५ बमोजिम संघीय संसदको प्रतिनिधि सभाको विघटनको सिफारिस र सो सिफारिस बमोजिम राष्ट्रपतिद्वारा मिति २०७८।१।१७ र २७ मा निर्वाचनको मिति तोकी मिति २०७७।९।५ मा जारी गरेको विज्ञप्ती संविधानको धारा ७५(१)(२) र धारा ७६(७) समेतको विपरीत भएकाले सो कार्यलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी संविधानको धारा ७६ बमोजिम मन्त्रिपरिषद गठन गरी धारा ८५ बमोजिमको कार्यकाल पुरा गर्न संसदको पुनस्थापन गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ र निर्वाचन सम्बन्धी कुनै पनि कार्य नगर्नु र धारा ३०१ बमोजिमको कार्य गर्नु भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको अधिवक्ता मनिराम उपाध्यायको निवेदन दावी।

८०. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१), (७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

८१. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो? कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

८२. संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानिय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली

तयार गर्ने, राष्ट्रिय महत्वका विषयमा जनमत संग्रह गराउने तथा नेपालको संविधानको धारा 269, 270, 271 र 272 मा राजनीतिक दल दर्ता र व्यवस्थापन गर्ने संवैधानिक जिम्मेवारी प्रदान गरेको छ। नेपालको संविधान, निर्वाचन आयोग ऐन, 2073 तथा तत्सम्बन्धी नियमावली, प्रतिनिधि सभा सदस्य ऐन, 2074 तथा तत्सम्बन्धी नियमावली, मतदाता नामावली ऐन, 2073 तथा तत्सम्बन्धी नियमावलीसमेतका आधारमा निर्वाचन सम्बन्धी कार्य गर्ने हुँदा संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम निर्वाचनको घोषणा भई निर्वाचनको मिति तोकिसकेकोले तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्नु आयोगको दायित्व रहेकोले निर्वाचन कार्यक्रम रोकी पाउँ भन्नेसमेतको रिट निवेदन खारेज गरी पाउँ भन्ने निर्वाचन आयोगको लिखित जवाफ।

८३. नेपालको संविधानको धारा 76 मा प्रतिनिधि सभामा सरकार गठन गर्ने विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन नहुने व्यवस्था गरिएको छ। विगतका विसंगतिपूर्ण अभ्यासलाई सच्याउदै स्थिरता र संविधानमार्फत समृद्धिको चाहनालाई सम्बोधन गर्न प्रतिनिधि सभाको पूर्ण कार्यकालको परिकल्पना गरिएको हो। प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा पनि प्रधानमन्त्री नियुक्त हुने विभिन्न संभावनाहरुलाई व्यवस्था गर्न खोजिएको छ। नेपालको संविधानले प्रतिनिधि सभाको सदस्यले समेत सरकार गठन गर्न सक्ने अवस्था नभएमा मात्र प्रतिनिधि सभा विघटन हुन सक्दछ। प्रतिनिधि सभा विघटन हुन नसक्ने रिट निवेदनको जिकिर उपयुक्त रहेकोले प्रतिनिधि सभा पुनर्वहाली हुने संवैधानिक आधार स्पष्ट छ भन्ने प्रतिनिधि सभाका सभामुख अग्नीप्रसाद सापकोटाको तर्फबाट पेश भएको लिखित जवाफ।

८४. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७ गते अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपतिसमक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। नेपालको संविधानको धारा ७५(३) मा नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पुर्ण काम नेपाल सरकारको नाममा हुने व्यवस्था गरेको र सोही संवैधानिक व्यवस्था बमोजिमको अधिकार प्रयोग गरी प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गर्न सक्ने नै हुन्छ। धारा 76 को उपधारा (७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा विघटन हुन सक्ने परिकल्पना गरेको तथा प्रतिनिधि सभा विघटनको सिफारिस हुँदा बहुमतको सरकार सञ्चालन भइरहेकोले वैकल्पिक सरकारको सम्भावना नै थिएन। प्रधानमन्त्रीको वदनियत भएको तथ्य देखाउन नसकेको अवस्थामा बदनियत ठहर गर्ने भरपर्दो आधार, कारण र प्रमाण

रहेको देखिन्न। तसर्थ रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट पेश गरिएको लिखित जवाफ।

८५. मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल बैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा सम्माननीय राष्ट्रपति ज्युबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत नै हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयबाट पेश भएको लिखित जवाफ।

८६. लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने सर्वमान्य लोकतान्त्रिक पद्धतिको विरुद्धका उभिने हक कसैसँग नहुने तथा जनतामा अन्तर्निहित सार्वभौमसत्ता, राजकीयसत्ता र निर्णय निर्वाचन मार्फत व्यक्त हुन्छ। राजनीतिक स्थिरताको प्रत्याभुति गर्ने निर्णायक तत्व जनताको अभिमत नै हो। प्रतिनिधि सभा विघटन सम्बन्धी पहिलो रिट (2051 सालको रिट नं. 2304) मा प्रधानमन्त्रीले राजनीतिक कारण देखाई प्रतिनिधि सभा विघटनको सिफारिस गर्नु भएको देखिन आएकोले सो राजनीतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम मुल्याङ्कन गर्न नमिल्ने व्याख्या भएको छ। संविधानले संसदीय दललाई समष्टिमा मात्र चिन्दछ। प्रतिनिधि सभा विघटनको सिफारिस दुरासयपूर्ण छैन। प्रतिनिधि सभा विघटन बाध्यता हो। राजनीतिक कारणको औचित्य न्यायिक पुनरावलोकनको विषय हुन सक्दैन। राजनैतिक अनुशासन कायम गर्न समेतका लागि ताजा जनादेशमा जानुपर्ने आधार र कारण खुलाई विघटनको सिफारिस गरिएको हो। प्रतिनिधि सभा विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनितिक विषय हो। अवशिष्ट अधिकार प्रयोग गर्ने अख्तियारी संघमा रहेको र नेपालको संविधानको धारा ७५ को उपधारा (१) ले नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषद निहित हुने व्यवस्था छ। संविधानको धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष अगावै हुन सक्ने व्यवस्था गरेको छ। धारा ७६(७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुनसक्ने अवस्था परिकल्पना गरेको छ। बहुमतको सरकार कायम रहेको र संविधानले संसदीय दललाई

समष्टिमा मात्र चिन्ने हुँदा वैकल्पिक सरकारको सम्भावना नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

**<u>तथ्य खण्ड (०७७-WC-००४२)</u>**

८७. संविधानले स्थायी सरकार र ५ वर्षे कार्यकालको संसदको व्यवस्था गरेको छ। मिति 2077।9।5 गते प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन गर्ने निर्णय भै निर्वाचन मिति तोक्ने राष्ट्रपतिको कार्य संविधानको धारा ७६ र ८५ बमोजिम गैरसंवैधानिक छ। सो कार्यले संविधानको मुल मर्मसमेत समेट्न सकेको छैन। नेपालको संविधानमा प्रधानमन्त्रीलाई विघटनको अधिकार छैन, दुई तिहाईको एकै दलको सरकार र संसद भएकोले यो आवश्यकताको सिद्धान्त (Doctrine of necessity) आकर्षित हुने अवस्था होइन। अतः उल्लिखित मितिको निर्णय संविधानको धारा ८५ र धारा ७६ बमोजिम गैरसंवैधानिक रहेको र वि.सं.२०४७ को संविधान बमोजिम वि.सं.२०५२ सालमा तात्कालिन स.प्र.म.श्री मनमोहन अधिकारीको पालामा संसद विघटन हुँदा सर्वोच्च अदालतले संसद विघटन गरेको संविधानतः नमिलेकोले संसद पुनस्थापना हुने भन्ने आदेश भएको छ। कुनै संवैधानिक र कानूनी जटिलता (constitutional and legal deadlock) नै छैन। संविधानको संरक्षक र पालनाकर्ता राष्ट्रपतिले क्याविनेटको असंवैधानिक कदमको प्रमाणीकरण गर्ने कार्य भएको छ। मिति २०७७।9।5 मा भएको संसद विघटन गर्ने निर्णय गैरसंवैधानिक भएकोले उत्प्रेषणको आदेशले बदर गरी परमादेशको आदेशले बाँकी करिब २ वर्षे संसदको कार्यकाल जनमत (people's mandate) को अवधिसम्म भंग नगर्नु नगराउनु भनी परमादेशको आदेश जारी गरी क्षेत्राधिकार विहिन कार्य गरी गैरसंवैधानिक दिशा उन्मुख हुन खोजेकोले कानूनको उल्लंघनमा प्रतिषेधको आदेशसमेत पाउँ भन्ने बेहोराको अधिवक्ता तुलसी सिंखडाको निवेदन दावी।

८८. यसमा निवेदनमा उठाइएको विषयवस्तु नेपालको संविधानको धारा ७६(१), (७) र धारा ८५ को व्याख्यासँग सम्बन्धित भएकोले प्रस्तुत निवेदन संविधानको धारा १३७(३) बमोजिम संवैधानिक इजलाससमक्ष पेश गर्नू भन्ने यसै अदालत, एकल इजलासको मिति २०७७।९।८ को आदेश।

८९. निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने हो? कानून बमोजिमको आधार र कारण भए सो समेत साथै राखी म्याद थाम्न थमाउन नपाउने गरी मिति २०७७।९।१९ सम्म लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी प्रस्तुत निवेदन ०७७-**WC**-००२८ साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।९।१० को आदेश।

९०. नेपालको संविधानको धारा 66 को उपधारा (२) मा नेपालको संविधान वा संघीय कानून बमोजिम कुनै नियम वा पदाधिकारीको सिफारिस गरिने भनी किटानी साथ

व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुने र त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुने व्यवस्था रहेको छ। मिति 2077।9।5 मा बसेको मन्त्रिपरिषदको बैठकबाट नेपालको संविधानको धारा 76 को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभुत कार्य एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्न निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसका आधारमा राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्ने कार्य भएकोले सो कार्य संविधानसम्मत हुँदा निवेदकको रिट खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

९१. नेपाल सरकार, मन्त्रिपरिषदको मिति 2077।9।5 मा सम्पन्न बैठकबाट मिति 2078 साल वैशाख १७ र २७ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न राष्ट्रपति समक्ष सिफारिस भएको विषय नितान्त राजनीतिक निर्णय हो। संविधानको धारा ५८ र ३०६(ज) को व्यवस्था बमोजिम अवशिष्ट अधिकारको प्रयोग गर्ने अख्तियारी संघमा रहेको र नेपालको संविधानको धारा ७५ मा कार्यकारिणी अधिकारको प्रयोग मन्त्रिपरिषदले गर्ने व्यवस्था छ। संविधानको धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष अगावै विघटन हुन सक्ने स्पष्ट छ। अतः लगाउमा रहेका अन्य रिट निवेदनमा पेश भएका लिखित जवाफलाई प्रस्तुत लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

९२. प्रतिनिधि सभा विघटन गर्ने कार्य यस सचिवालयको क्षेत्राधिकार भित्र नभएकोले संघीय संसदको प्रशासकिय कार्य गर्ने यस सचिवालयलाई विपक्षी बनाउनु पर्ने होइन भन्ने संघीय संसद सचिवालयको लिखित जवाफ।

९३. धारा ७६ मा प्रतिनिधि सभामा सरकार विघटन गर्ने विकल्प रहँदासम्म प्रतिनिधि सभा विघटन नहुने स्पष्ट व्यवस्था छ। प्रतिनिधि सभाको सदस्यले समेत सरकार गठन गर्न सक्ने अवस्था नभएमा मात्र प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेकोमा त्यसको कुनै पालना भएन। 2077 साल पुष १७ गतेभित्र संघीय संसदको अधिवेशन शुरु गर्न गृहकार्य भइरहँदा अप्रत्याशित रुपमा प्रतिनिधि विघटन हुँदा सिङ्गो प्रतिनिधि सभा तथा म समेतलाई मर्माहित बनाएको मात्र होइन, सार्वभौम जनताको प्रतिनिधि मुलक संस्था संसद उपर हस्तक्षेप हुन गएको छ। प्रतिनिधि सभा विघटन हुन नसक्ने रिट निवेदकको जिकिर उपयुक्त नै हुँदा

प्रतिनिधि सभा पुनर्वहाली गरी पाउँ भन्ने सम्माननीय सभामुख अग्नीप्रसाद सापकोटाको लिखित जवाफ।

९४. यस मन्त्रालयको के कस्तो कारवाही वा निर्णयबाट निवेदकको के कस्तो कानूनी तथा संवैधानिक अधिकारमा आघात पुग्न गएको सम्बन्धमा रिट निवेदनमा कुनै उल्लेख छैन।नेपालको संविधानको धारा 76 को उपधारा (१) को प्रधानमन्त्री संसदबाट पूर्ण रुपमा विश्वासको मत प्राप्त गरेको मानिन्छ र त्यसरी नियुक्त भएको प्रधानमन्त्रीले नेपालको संविधान एवं अन्य प्रचलित कानून बमोजिम आफुलाई प्राप्त अधिकार निर्वाध एवं अकण्टक रुपमा प्रयोग गर्न पाउने अधिकार छ। संविधान एवं कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग र पालनामा कुनै बाधा व्यवधान उत्पन्न भई कार्य सञ्चालनमा बाधा अवरोध महसुस भएमा संसदबाट बहुमत प्राप्त प्रधानमन्त्रीले जुनसुकै बखत जनतासमक्ष ताजा जनादेशमा जाने नेपालको संसदीय इतिहासमा स्थापित मान्यताको हो। संविधानको धारा 85(१) को व्यवस्थाले प्रतिनिधि सभाको कार्यकाल पुरा नहुँदै विघटन हुन सक्ने अवस्थाको परिकल्पना गरेको र संसद विघटनको विषय नितान्त राजनीतिक विषयसमेत भएकोले रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

**<u>आदेश खण्ड</u>**

९५. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदन सहितको मिसिल कागजात अध्ययन गरी निम्न निवेदकहरुका तर्फबाट निम्न कानून व्यवसायीहरुको बहससमेत सुनियो।

९६. **<u>निवेदक विद्वान अधिवक्ताहरु श्री सन्तोष भण्डारी, श्री नवराज पाण्डेले गर्नु भएको बहस तथा निवेदक सन्तोष भण्डारीसमेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री बद्रिराज भट्ट, श्री शेरबहादुर ढुंगाना, श्री अनिता मानन्धर जोशी, श्री झल वि.क., श्री सुरेन्द्र विक्रम के.सी., देवबहादुर महत, बिकाश भट्टराई, कुलबहादुर बोगटीले गर्नु भएको बहस:</u>**

नेपालको संविधानको धारा ७६ को उपधारा ५ बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले संविधानको धारा ७६ को उपधारा ७ बमोजिम प्रतिनिधि विघटन गर्न सक्ने हो। सरकार नै गठन हुन नसकेको वा विकल्पविहिन अवस्थामा बाहेक प्रतिनिधि सभा विघटन गर्न नपाइने संविधानको धारा ७६(७) को मर्म र भावना रहेकोले संविधानको धारा ७६(१) बमोजिमको पूर्ण बहुमतको प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न पाउने अधिकार छैन। नेपालको संविधानको धारा ७६ को उपधारा (१०) बमोजिम प्रधानमन्त्री र मन्त्री

सामुहिक रुपमा संघीय संसदप्रति उत्तरदायी हुने भएकोले प्रतिनिधि सभा संसद विघटन गर्न सक्तैनन्। प्रधानमन्त्रीलाई संसदको प्रतिनिधि सभा विघटन गर्ने विशेषाधिकार संविधानले प्रदान नगरेको तथा संविधान सभाले बनाएको यो संविधान कानूनको शासन, संविधानवादको मूल्य मान्यतामा आधारित भएकोले सिमित सरकारको अपेक्षा गर्ने हुँदा लहड वा स्वेच्छाचारी रुपमा प्रतिनिधि सभा विघटन गर्न सक्तैनन्। राष्ट्रपतिले गरेको कुनै पनि कार्यहरु भेदभावपूर्ण तवरले गरेको देखिनु हुदैन। निर्वाचन आयोगमा दल एकिकरण भएपश्चात राजपत्र प्रकाशित गरी धारा ७६(१) बमोजिमको प्रधानमन्त्री भनिएको छैन। कोभिड रोगको निशुल्क उपचार गर्न नसकेको सरकारले चुनावको लागी चाहिने रकम कहाँबाट आउछ? चुनाव नै नहुने अवस्थामा संविधान र संघीयता नै खतरामा पर्छ। संविधान अन्तिम सत्य हो, यसैको परिधिभित्र रहेर व्याख्या गरिनु पर्छ। संविधानको प्रस्तावनामा आवधिक निर्वाचन भनिएको छ, संविधानको धारा ७६(७) केवल अपवाद हो। पार्टीभित्रको विवाद मिलाउन नसकी प्रधानमन्त्रीले आफुखुसी संसद विघटन गरेको देखिन्छ। संविधानको धारा ६६(२) मा संविधान र कानूनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन हुने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ। त्यस्तो सिफारिस प्रधानमन्त्री मार्फत पेश हुनेछ भन्ने व्यवस्था छ। "सिफारिस गर्नु" र "पेश गर्नु" एकै होइन। संविधानले भिन्न भिन्न शव्द प्रयोग गरिरहेकोमा एकै अर्थ हुने गरी बुझ्न र एकै प्रकृया अपनाउन मिल्दैन। कार्यविधि सम्बन्धी व्यवस्था बाध्यात्मक (Mandatory) हो। मन्त्रिपरिषदले सिफारिस गर्ने र प्रधानमन्त्री मार्फत राष्ट्रपतिसमक्ष पेश हुनु पर्नेमा प्रधानमन्त्री आफैले पेश गरेको संविधान अनुरुपको प्रकृया (Due Constitutional Process) पुरा नगरी भएको विघटन Procedural Error हुँदा असंवैधानिक छ। संवैधानिक मिश्रित प्रश्नमा राजनैतिक विषय भनी पन्छिन नमिल्ने भएकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

९७. **<u>निवेदकहरु सन्तोष भण्डारीसमेत तथा निवेदक देवप्रसाद गुरुङको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भिमार्जुन आचार्यले गर्नु भएको बहस:</u>**

नेपालको संविधानको धारा ८५(१) मा यस संविधान बमोजिम अगावै विघटन भएकोमा भनिएकोले संविधान बमोजिम अगावै विघटन हुने अवस्था भनेको संविधानको धारा ७६(७) मात्र हो। नेपालको संविधानको धारा ७६ को उपधारा (७) ले बहुमतको सरकारले संसद विघटन गर्न सक्ने कल्पना नै नगरेको र बहुमतको प्रधानमन्त्रीको संसद विघटन गर्ने कार्य संविधानको धारा ७६ र ८५ को प्रावधानसँग विरोधाभाष सृजना (controversy create) गरेको तथा प्रस्तुत मुद्दामा उठेको विषय

राजनैतिक प्रश्न नभै संवैधानिक प्रश्न मिश्रित भएकोले संविधानको धारा १३३(१) बमोजिम न्यायिक पुनरावलोकन गर्न मिल्ने भएकोले निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्छ। नेपालको संविधान बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटन दुई तरिकाले मात्र गर्न सक्छन् :- (अ) नियमित कार्यकाल पुरा गरेर :- संविधानको धारा ८५ मा प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष तोकिएकोले सो बमोजिम नियमित तवरले कार्यकाल पुरा गरेर र (आ) स्वत: विघटन :- धारा ७६(७) मा तोकिएको अवस्था सृजना भएमा अर्थात् धारा ७६(5) को प्रधानमन्त्रीले विश्वासको मत प्राप्त नगरे वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रतिनिधि सभा आफै विघटन हुन्छ। यो प्रधानमन्त्रीको शक्ति वा विशेषाधिकार बमोजिम विघटन हुने नभै संविधानको शक्तिबमोजिम (On the force of constitution itself) आफै स्वत: विघटन हुने हो। अहिले भएको प्रतिनिधि सभाको विघटन स्वत: विघटन प्रकृतिको नभै संवैधानिक आधार बेगरको विशेषाधिकारयुक्त विघटन गरिएको छ। संविधानको धारा ८५ मा “अगावै विघटन भएकोमा बाहेक” नलेखी “संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेक” लेखिएकोले सो वाक्यांशलाई ख्याल गर्नु पर्ने हुन्छ। अगावै विघटन भएकोमा बाहेक लेख्दा दुरुपयोग हुन सक्ने भएकोले संविधान निर्माताले “संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक” भन्ने वाक्यांश प्रयोग गरेको हो। संविधान बमोजिम अगावै विघटन हुने सम्बन्धित एक मात्र धारा ७६(७) मात्र हो। साथै संविधानको धारा ७६(७) को प्रधानमन्त्री नियुक्त हुन नसकेको भन्ने वाक्यांश रहेकोले त्यसरी नियुक्त हुन नसकेको पुष्टाई तथा समस्याको समाधान प्रतिनिधि सभाबाटै खोजिनु पर्ने भएकोले प्रतिनिधि सभा पुनस्थापना गरी पाउँ।

९८. **<u>निवेदक सन्तोष भण्डारीसमेत र निवेदक देवप्रसाद गुरुङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुनिल पोखरेलले गर्नु भएको बहस:</u>**

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) मा प्रतिनिधि सभा विघटन गर्न कुनै पूर्व शर्त तोकेको थिएन। नेपालको संविधानको धारा ७६(७) मा प्रतिनिधि सभा विघटन गर्न चाहिने पूर्वशर्त छ। प्रतिनिधि सभाले सरकार बनाउन सकेसम्म वा विकल्प रहेसम्म संसद विघटन हुदैंन। संविधानको धारा १००(४) को प्रतिवन्धात्मक वाक्यांशले प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था छ। अविश्वासको प्रस्ताव ल्याउन पनि सो २ वर्षसम्म अवधि पर्खिनु पर्ने विशेषता नेपालको छुट्टै संवैधानिक प्रावधान हो। यसैले संसदीय परंपराको नाउँमा प्रधानमन्त्रीले जुनसुकै बेला विघटन गर्न पाउने भन्न मिल्ने होइन। प्रतिनिधि सभाले प्रधानमन्त्रीलाई के कुरामा असहयोग गरेको हो, त्यस्तो कुनै अवस्था विघटनको सिफारिसमा छैन। संसद

(Legal sovereign) ले असहयोग गरे मात्र जनता (Political Sovereign) समक्ष जाने हो। प्रधानमन्त्रीले संसद (Political Sovereign) को विश्वास लिन सक्ने वा सामना गर्न सक्नेमा त्यसो गरिएन। सिधै जनतासमक्ष जानु निवेदन नगरी पुनरावेदन गरे सरह हो। प्रतिनिधि सभाको विघटनको विषय राजनैतिक विषय मात्र होइन। यो संवैधानिक प्रश्न निहित विषय भएकोले न्यायिक पुनरावलोकनको क्षेत्राधिकार आकर्षित हुने भएकोले माग बमोजिम आदेश जारी गरी पाउँ।

९९. **<u>निवेदक सन्तोष भण्डारीसमेत र निवेदक देवप्रसाद गुरुङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता डा. श्री दिनमणी पोखरेलले गर्नु भएको बहस:</u>**

प्रतिनिधि सभामा प्रधानमन्त्रीलाई कुनै अवरोध भएको छैन। दुई वर्ष भन्दा बढी समय राम्रो संग चलेको र कुनै असहयोग नगरेकोले विघटन गर्नु पर्ने कृतिम कारण सृजना गरी Public Authority प्रधानमन्त्रीले निर्दोष सदनलाई पुष १७ गते अधिवेशन बस्ने तयारी गर्दै गर्दा विघटन गरिएको छ। संवैधानिक आधार र कारण विना नै विघटन गरिएको, सदन बस्ने समय नजिकिदै गर्दा केही अध्यादेशहरु ल्याएकोले प्रधानमन्त्री संसदप्रति उत्तरदायी नभएको प्रस्ट छ। प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने विशेषाधिकार (Prerogative) छैन। धारा ७६(७) को व्यवस्था बाध्यात्मक विघटन (Mandatory dissolution) हो। यस्तो संवैधानिक सीमा र परिधि नाघी संसदीय परंपराको नाउँमा अनियन्त्रित शक्तिको विघटन (Unfettered power of dissolution) गर्न मिल्दैन। संवैधानिक प्रावधान बेगर प्रधानमन्त्रीले आफुखुसी विघटनको सिफारिस गरिएकोले संविधानको उल्लंघन भएको छ। श्रीलंकाको संविधानको धारा ६२(२) मा अगावै विघटन भएकोमा बाहेक भनिएकोमा समेत विघटन बदर भै फैसला भएको छ। ब्रिट्रेनमा समेत Fixed-term Parliament Act 2011 आई सकेपश्चात संसद विघटनको प्रधानमन्त्रीको अधिकारलाई Exclude गरेकोले विघटन गर्ने परंपरा कायम छैन। बिट्रेनमा नै Prerogative समाप्त भैसकी Paradigm Shift भै जनता र संसदमा गै सकेको छ। संसदीय शासन प्रणालीमा पनि एकै किसिमको नियमहरु छैन। नेपालको शासकीय स्वरुप संसदीय शासन प्रणाली हो भन्नेमा विवाद छैन। तर यो Westminster System होइन। किनकी नेपालको तल्लो सदनमा प्रत्यक्ष निर्वाचित सदस्यको अतिरिक्त समानुपातिक सदस्यहरु पनि रहन्छन्। धारा ७६(७) मा प्रधानमन्त्री "*नियुक्ति हुन नसकेमा*" भन्ने शव्दावली प्रयोग भएकोले नियुक्ति हुन सक्ने नसक्ने अवस्थाको आँकलन सम्भावनाको आधारमा गरिनु हुदैन। यो Process अपनाई निश्चित गरिने विषय हो। यस्तो Process संसदमा हुन्छ। संसदलाई छलेर सरकार नबन्ने किसिमको कुनै अनुमान गर्न मिल्दैन। संवैधानिक प्रावधान र सीमा बाहिर गएर हुदै नभएको विशेषाधिकार (Prerogative) भन्न पाइदैन। Prerogative powers are

discretionary powers of the Crown that have been inherited from medieval times and have not been abrogated by legislation. They are ordinarily executive powers which may be exercised by the Sovereign or his her representatives without the need for legislative authorization. The historic derivation of the prerogative means that no new prerogative powers can be established, although the application of a prerogative power can be adjusted to apply to changed circumstances……above list excluded the prerogative to dissolve parliament due to the application in the United Kingdom of the Fixed-term Parliaments Act 2011 (UK), but it would have previously been included with the power to summon or prorogue Parliament. A reserve power is a exercisable by the head of state according to his or her discretion without, or contrary to, the advice of his or her responsible ministers. Some prerogative powers are reserve powers, but most of not. A Prerogative power to enter into a treaty is not one which can be exercised by a head of state without, or contrary to, the advice of responsible ministers. Equally, some reserve powers are prerogative powers, but others are not as they are expressly conferred by a Constituiton or other legislation.[2] संसद विघटन इमान्दारीपूर्ण (Goodfaith) तवरले नभएको, संविधानको अख्तियारी बिना जनतामात्र देखाई राजनीतिक कुरा गरिएको, संविधानमै नभएको विशेषाधिकारको प्रयोग भएको, संवैधानिक सीमा नाघी कार्यकारी अधिकारको दुरुपयोग भएको अवस्थामा राजनैतिक प्रश्न भनी असंवैधानिक कार्यलाई औचित्य पुष्टि गर्न पाइदैंन। निर्णय गर्दा जुन आधारमा भएको छ सो भन्दा भिन्न तर्क लिई Speaking Order को औचित्य पुष्टि गर्न पाइदैन। आफुले प्रतिनिधित्व गरेको दलको Interest लाई सन्तुलन गर्न नसकेको र पार्टीको विवाद पार्टीमै समाधान नगरी आफ्नो असक्षमतामा संसदलाई पीडित बनाइएको छ।संविधानको धारा ७६(७) ले जसलाई अधिकार दिएको छ, उसले मात्र विघटन गर्न सक्छ भन्ने व्याख्या नै शाव्दिक व्याख्या हो। एक किसिमको प्रधानमन्त्रीलाई अधिकार दिएको छ र अर्को किसिमको प्रधानमन्त्रीलाई अधिकार दिएको छैन भने अधिकार नभएकोलाई बाहेक गरेको (Excluded) अर्थमा बुझ्नु पर्छ। संविधानको धारा ७६ बमोजिम सरकार गठनको लागि धारा ७६(१) देखि ७६(५) सम्मको विभिन्न विकल्पमा जानु पर्ने र धारा ७६(७) सम्मको प्रकृया अपनाउदा पनि सरकार गठन नभएको अवस्था देखिनु पर्छ। यस्तो वस्तुगत परीक्षण (Objective Test) हुँदा पनि प्रधानमन्त्री चयन हुन वा विस्वासको मत प्राप्त हुन नसके मात्र संसद विघटन हुने हो। कतिपय अवस्थामा Doctrine of Necessity प्रयोग गर्न सकिन्छ तर प्रधानमन्त्रीको घोषणामा त्यस्तो कुनै कुरा उल्लेख नभएकोले Doctrine of Necessity प्रयोग गर्न सकिदैंन। Dissolution गर्दा लोकतन्त्र मजवुत हुन्छ भन्ने जिकिर भएपनि Dissolution refuse गर्दा पनि प्रजातन्त्र झन मजबुत हुन्छ। संसदीय व्यवस्थामा राष्ट्रपतिले परामर्श गर्दा परम्परा

[2] . Anne Twomey, The Veiled Sceptre: Reserve Powers of Heads of State in Westmister Systems, retrieved from www.cambridge.org/core.NALSAR University of Law page 4-7

लागू हुदैन भन्ने विपक्षीले प्रधानमन्त्रीको हकमा विघटन संसदीय परम्परा अनुसार पाउछ भन्नु Self Contradictory छ। २०४७ सालको संविधानमा Constitutional Convention थियो तर यो संविधानले विशेषाधिकार हटाएपछि Rewritten हुने गरी व्याख्या गर्न सकिदैंन। संसदीय प्रणालीमा सवल र दुर्वल पक्ष हुन्छन्। तर यो संविधानले दुर्वल पक्ष खरावीलाई हटाउने व्यवस्था गरेकोले सोहि अनुसार व्याख्या गर्नु पर्छ। संविधानले नै कमजोर प्रधानमन्त्रीले Mandatory dissolution गर्न सक्ने भए पनि बहुमतको प्रधानमन्त्रीलाई त्यस्तो विघटन गर्न पाउने व्यवस्था छैन। यसरी संविधानले नै Exclude गरेको अवस्थामा विघटन गर्न पाउछ भन्न मिल्दैन। के.पी. शर्मा ओली हालसम्म ने.क.पा. को प्रधानमन्त्री हो। तर बहुमतको प्रधानमन्त्री भएकोले चलाउदीन भन्न पाइदैन। विगतको अनुभवको आधारमा संसद विघटन गर्न नपाउने प्रावधान राखिएको हो भनी संविधान सभाका सभामुख श्री सुभाष नेम्वाङको कथन (स्मारिका पत्रिकामा दिएको अन्तरवार्ता) समेतबाट पुष्टि हुन्छ। संविधान बनेको बखतका ऐतिहासिक दस्तावेज हेरिएमा समेत अगावै प्रतिनिधि सभा विघटन रोक्ने संविधान निर्माताको मनसाय रहेको पुष्टि हुन्छ। अत: निवेदन मागबमोजिम आदेश जारी गरी पाउँ।

१००. **<u>निवेदक सन्तोष भण्डारीसमेत र निवेदक देवप्रसाद गुरुङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सरोजकृष्ण घिमिरेले गर्नु भएको बहस:</u>**

नेपालको संविधानमा नेपाल अधिराज्यको संविधानमा धारा ५३(४) मा भए जस्तो प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार छैन। प्रतिनिधि सभा विघटन गर्दा नेपालको संविधानको धारा ७६(१)(७) र धारा ८५ को प्रयोग गरिएको छ। धारा ७६(७) को प्रयोग ७६(५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त नगरेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा अर्थात विकल्प विहिन अवस्थामा मात्र प्रयोग गर्ने हो। यसैले असम्वन्धित धाराको प्रयोग पूर्ण बहुमतको प्रधानमन्त्रीले गरेको पाइन्छ। संसदले सरकार निर्माण र भंग दुवै गर्न सक्छ तर सरकारले संविधानबमोजिम बाहेक भंग गर्न पाउदैंन। यस प्रकारको असम्बन्धित धारा प्रयोग गर्नु भन्दा बरु कुनै धारा नै उल्लेख नगरेको भए राम्रो हुने थियो। कोरोनाको जोखिम, प्रतिकुल आर्थिक परिस्थिति लगायतको कारण निर्वाचनको लागि अनुकुल वातावरण नरहेकोले संविधान अनुसार मात्र होइन सन्दर्भ अनुसार पनि निर्वाचन गर्न उपयुक्त छैन। संविधानको प्रत्येक धाराको समन्वयात्मक व्याख्या गर्नु पर्ने भएकोले सम्बन्धित देखिएका सबै धाराहरुसमेतलाई एक अर्को सँगै राखेर व्याख्या गर्नु पर्ने हुन्छ। अर्कोतर्फ ती धाराहरुले लिएको उद्देश्यलाई हेरेर

व्याख्या गर्न सकिन्छ। संविधानको व्याख्या गर्दा नकरात्मक परिणाम आउने गरी गर्नु हुँदैन। निश्चित परिणाम (outcome) आउने गरी पनि संविधानको व्याख्या गर्न हुदैन। व्याख्या गर्दा क्षतिको सम्भावना कुन कार्यमा बढी छ विचार गर्न सकिन्छ। संवैधानिक दायित्व भनेर असंवैधानिक कार्य गर्नु हुदैंन। प्रत्यर्थीहरुले प्रधानमन्त्रीलाई संसद विघटनको Impliedly include भने पनि उक्त विघटनको अधिकार Expressly Exclude छ। संविधानको प्रावधान अस्पष्ट वा vacuum / gap छ भने जनतालाई फाइदा हुने गरी गर्नु पर्ने र राजनीतिक रंग (Political Colour) भएकै कारणले संवैधानिक मिश्रित प्रश्नमा प्रवेश नगर्ने (Hands Up) गर्न नपाइने हुँदा दावी बमोजिम आदेश जारी गरी पाउँ।

१०१. **<u>निवेदक सन्तोष भण्डारीसमेत र निवेदक ज्ञानेन्द्रराज आरणको तर्फबाट उपस्थित विद्वान अधिवक्ता डा. श्री शिवकुमार यादवले गर्नु भएको बहस:</u>**

मिति २०७४।११।३ को राजपत्रमा सरकार धारा ७६(२) बमोजिम गठन भएको देखिएकोले तथ्य ढाँटी धारा ७६(१) को सरकार भन्न मिल्दैन। भारतमा चौधरी चरनसिंहले नेतृत्व गरेको दल फुटिसकेपछि पनि अर्को दलको समर्थनमा सरकार गठन गरेको अवस्था थियो। यसैले विकल्प विहिन भनी संसद विघटन गर्ने अवस्था रहेको मान्न मिल्दैन। कोभिडको कारण देश आर्थिक रुपमा कमजोर रहेकोले चुनाव खर्च जुटाउन सजिलो छैन। प्रधानमन्त्रीले राष्ट्र हित विपरीत कार्य गरेकोले संविधानको धारा ५ को उपधारा (२) प्रधानमन्त्रीको हकमा लागू हुने नहुने के हो? प्रश्न उठेको छ। प्रधानमन्त्रीको सिफारिस र राष्ट्रपतिको विज्ञप्ति असंवैधानिक भएकोले बदर गरी पाउँ।

१०२. **<u>निवेदक सन्तोष भण्डारीसमेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हर्कबहादुर रावलले गर्नु भएको बहस:</u>**

लिखित जवाफको निचोड आफु संसदीय प्रणालीको प्रधानमन्त्री भएकोले संसद विघटन गर्ने अधिकार छ भन्ने छ। Prerogative power वेस्ट मिनिस्टर प्रणाली र Divine theory मा आधारित भएकोले संसदीय अभ्यासको आधारमा यो अधिकार प्रयोग गर्न सकिदैंन। विशेषाधिकारले व्यक्तिको अधिकार कटौति गर्न सक्तैन।[3] कानूनको अगाडी विशेषाधिकार प्रयोग हुदैन।[4] संसदीय प्रणालीमा संसदमा राष्ट्र प्रमुखलाई जोड्नु पर्छ वर्तमान संविधानमा त्यसरी जोडिएको छैन। गौतमको न्याय दर्शनमा न्याय प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण, शव्द प्रमाणबाट गर्नु पर्छ भनिएको छ। यसैले धारा ७६(७) प्रत्यक्ष प्रमाण भएकोले सो विरुद्ध संसद विघटन हुन सक्तैन। आफुले प्रतिनिधित्व गरेको दलले सहयोग गरेन म चलाउदिन भन्न

[3] . Attorney-General vs De Keyser’s Royal Hotel 1920 AC 508

[4] . BBC vs John 1965 Ch 32

पाइदैन। त्यसो भन्नु Anti- Imaginary theory विरुद्ध हुन्छ। कि अरुको सहयोगमा विश्वासको मत लिनु पर्छ कि राजिनामा गर्नु पर्छ। Anti-Majority theory विरुद्धको कार्य गर्न पाइदैन। यसैले मागबमोजिम प्रतिनिधि सभा विघटनको सिफारिस र निर्णय बदर गरी पाऊँ।

१०३. **<u>निवेदक सन्तोष भण्डारीसमेत र निवेदक देवप्रसाद गुरुङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता डा. श्री रुद्र शर्माले गर्नु भएको बहस:</u>**

संसदीय शासन प्रणालीमा प्रधानमन्त्रीले जुनसुकै समयमा आफुमा संसदमा बहुमत रहेको पुष्टि गर्नु पर्छ। विशेषाधिकार Inherent power of Crown भएकोले यस्तो अधिकारमा कानूनले अधिकार दिएको छैन तर गरिसकेपछि कानूनसम्मत मानिन्छ। विशेषाधिकार छोड्ने व्यवस्था नै सुधारिएको संसदीय व्यवस्था भएकोले प्रधानमन्त्रीले संसदीय परंपरा र विशेषाधिकार भन्न पाउने अवस्था छैन। नेपाल अधिराज्यको संविधानको धारा ५३(४) लाई नै २०५२ सालको फैसलाले सशर्त र नियन्त्रित भनी सकेको अवस्था छ। यो सरकार संविधानको धारा ७६(१)(२) जुनको सरकार भए पनि बहुमतको सरकार हो। संविधानको धारा ७४, ७६, ८५ र १०० को संगै व्याख्या गर्नु पर्ने अवस्था छ। संसदले नै सरकार जन्माउने हो। शासकको अधिकार बढाउने गरी Implied Power को व्याख्या गरिदैंन। MCC सम्बन्धी निर्णय संसदले कुनै कार्य नगरेको कारणले भन्दा पनि सरकारको समितिमा नै पेश नगरेको कारणले अडकिएको हो। अवशिष्ट अधिकार संघमा भन्नाले Parliament लाई हुन्छ। संसदले कानून बनाएपछि मात्र सरकारले लागू गर्ने हो। प्रधानमन्त्रीले नेतृत्व गरिरहेको पार्टीको आकार हेर्ने होइन उक्त पार्टीले Majority hold गरिरहेको छ, छैन हेर्नु पर्छ। प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्था होस्, विश्वासको मत प्राप्त गर्न सकेको वा नसकेको यी सबै अवस्थामा संसद चालु रहन जरुरी छ। प्रधानमन्त्रीले संसदको विश्वास कायम गर्ने क्षमता आफै गुमाएकोले प्रधानमन्त्रीको कार्यले वैधता पाउन नसक्ने हुँदा मागबमोजिम रिट जारी गरी पाऊँ।

१०४. **<u>निवेदक सन्तोष भण्डारीसमेत र निवेदक देवप्रसाद गुरुङको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता डा. श्री चन्द्रकान्त ज्ञवालीले गर्नु भएको बहस:</u>**

अमेरिकामा Marbury vs. Medison[5] को मुद्दामा कार्यकारी र व्यवस्थापिकाको शक्ति संविधानले परिभाषित गर्दछ र सिमित पनि गर्दछ। त्यस किसिमको शक्तिको सिमिततालाई कार्यकारी र व्यवस्थापिकाले गल्तीले पनि भुल्नु हुदैन किनभने लिखित संविधान छ भनिएको छ।जनताले राजनितिक सार्वभौमसत्ताको प्रयोग मार्फत राजनितिक निर्णय गर्ने, यसलाई जनताले गरेको राजनीतिक प्रश्न मानी अदालतबाट न्यायिक पुनरावलोकन नहुने तर Legal and Constitutional

[5] . Robert E. Cushman and Robert F. Cushman, Cases in Constitutional Law pages 18

Sovereignty भने प्रत्यक्ष लोकतन्त्र (Representative Democracy) मार्फत अभ्यास गर्ने भएकोले यसलाई संवैधानिक र कानूनी परीक्षण गरिन्छ। नेपालले १२ बुँदे र १६ बुँदेको आधारभूत सिद्धान्तको आधारमा संविधान निर्माण गरेको, १६ बुँदेमा संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक, बहुदलिय, संसदीय शासन प्रणाली, कार्यकारी प्रधानमन्त्री, संवैधानिक राष्ट्रपति, संसदभित्र विश्वासको मत लिनु पर्ने, अविश्वासको प्रस्ताव प्रस्तुत गर्नु पर्ने, स्वतन्त्र सक्षम न्याय प्रणालीको स्थापना गर्ने लगायतका छन्। The nonjusticiability of a political question is primarily a function of the separation of power.[6] Political Question: a question that a court will not consider because it involves the exercise of discretionary power by the executive or legislative branch of the government.[7] The nonjusticiability of a political question is primarily a function of the separation of power.[8] Six Criteria indicate the kinds of question not subject to judicial resolution (Baker vs. Car) नेपालको संविधानको धारा ७५ ले नेपालको कार्यकारणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ भन्ने संवैधानिक व्यवस्था छ। यसैले Legal Sovereignty संविधान र कानून बाहिर जान नसक्ने भएकोले राज्य शक्तिको प्रयोग कानूनबमोजिम गर्नु पर्छ। संसदीय शासन प्रणालीमा प्रधानमन्त्रीको विघटनको सिफारिस अमान्य गरेको इतिहासमा सन् १९२६ क्यानाडा, सन् १९३९ दक्षिण अफ्रिका, सन् १९७५ मा अस्ट्रेलियामा प्रधानमन्त्रीको संसद विघटनलाई अमान्य गरेको पाइन्छ।[9] कुनै पनि प्रधानमन्त्रीले आफुलाई विश्वासको मत हासिल नभएको वा हासिल हुन नसक्ने देखि आफु पछि संसदको बहुमत प्राप्त गर्न सक्ने सम्भावित प्रधानमन्त्रीलाई बदनियतबस प्रधानमन्त्री हुन नदिन संसद विघटन गर्न सक्तैनन्। संसदको अधिवेशन नरहेको र संसदको उपस्थिति विना विघटनको सिफारिस गरिएको कार्य बदरभागी छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) बाट प्रधानमन्त्रीलाई संवैधानिक शक्ति थियो। नेपालको संविधानको धारा ७६ को प्रधानमन्त्रीलाई संसद विघटन गर्ने विशेषाधिकार छैन। उक्त संविधानको ७६(७) मा धारा ७६ को उपधारा (५) को प्रधानमन्त्रीले विश्वासको मत नलिएमा र धारा ७६ को उपधारा (५) बमोजिमको प्रधानमन्त्री नियुक्त हुन नसकेमा धारा ७६ को उपधारा (३) को कामचलाउ प्रधानमन्त्रीले विकल्पविहिन अवस्थामा प्रतिनिधि सभा विघटन गरी निर्वाचन गराउन सक्ने देखिन्छ। तर यो अधिकार धारा ७६ को उपधारा (१) र (२) को प्रधानमन्त्रीलाई प्राप्त छैन। संविधानको धारा १०० को उपधारा (२) बमोजिम सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएको अवस्थामा प्रधानमन्त्रीले विश्वासको मत अनिवार्य रुपमा

6 . Coleman vs. Miller
7 . Black Law Dictionary, ninth Edition PP 1277
8 . Coleman Vs. Miller page 8
9 . Brazer Rodney, (1999), Constitutional practice, the foundations of British Government: Third Edition, Oxford University press. Page 47

लिनु पर्नेमा समाजवादी पार्टीले समर्थन फिर्ता लिएपछि विश्वासको मत नलिएकोले न्यायिक पुनरावलोकनको अवस्था हुँदा मागबमोजिम आदेश जारी गरी पाउँ।

१०५. **<u>निवेदक देवप्रसाद गुरुङको तर्फबाट उपस्थित विद्‌वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारीले गर्नु भएको बहस:</u>**

प्रधानमन्त्रीलाई आफ्नो दलले सहयोग गरेन भनेर प्रतिनिधि सभा नै विघटन गरी जनतालाई प्रतिनिधि विहिन बनाउनु उचित होइन। निवेदनको कार्यकाल ५ वर्ष रहेको र ५ वर्ष रहन पाउँ भन्ने दावी रहेको, पाँच वर्षे अवधि होइन भन्ने विपक्षीको दावी छैन। निवेदकले संविधानको धारा १३३(२) बमोजिम हक प्रचलन माग गरेको, गम्भिर संवैधानिक व्याख्याको माग नगरेकोले दावी भन्दा बाहिर जानु हुदैन। कानूनी राज्य मात्र होइन न्यायको राज्य कायम गर्नु पर्ने तथा स्वतन्त्र न्यायपालिका मात्र होइन सक्षम न्यायपालिका कायम गर्नु पर्छ। प्रतिनिधि सभा विघटन गर्नु भन्दा पूर्व पार्टीमा कुनै बाधा नभएको, असहयोग, बाधा अडचन गर्नेलाई प्रधानमन्त्री पार्टीको पनि अध्यक्ष भएकोले कारवाही गर्न सकिने हुन्छ। त्यस्तो कारवाही गरेको निवेदनमा उल्लेख छैन। प्रधानमन्त्रीलाई थाहा छ कि अविश्वासको प्रस्ताव आउछ, यस्तोमा कि अविस्वासको प्रस्तावको सामना गर्नु पर्ने कि राजिनामा दिनु पर्नेमा प्रतिनिधि सभा विघटन गर्ने कार्यले निवेदकको हक हनन भएकोले निवेदन मागबमोजिम आदेश जारी गरी पाउँ।

१०६. **<u>निवेदक अधिवक्ता श्री सुजन नेपालले गर्नु भएको बहस:</u>**

प्रधानमन्त्री र मन्त्री संसदप्रति उत्तरदायी हुनु पर्ने भएकोले नेपालको संविधानको धारा ७६(१) को व्याख्या गर्दा धारा ७६(१०) सँगसँगै व्याख्या गर्नु पर्छ। विश्वासको मत एक पटक होइन संसदको विश्वास सरकारको नीति कार्यक्रमसमेतमा पटकपटक लिनु पर्छ। बरु प्रतिनिधि सभा विघटन गर्दा संसदको विश्वासको मत लिएर गएको भए वैधानिक हुन सक्थ्यो। संसदको विश्वासको मत लिन नसके राजिनामा दिनु पर्ने भएकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

१०७. **<u>निवेदकहरु श्री समृत खरेल, श्री सुलभ खरेलको जिकिर तथा निवेदक अधिवक्ता श्री कन्चनकृष्ण न्यौपानेले गर्नु भएको बहस:</u>**

संविधानवादको सिद्‌धान्त, संविधानको सर्वोच्चताको सिद्‌धान्त अनुसार प्रधानमन्त्रीले गर्ने कार्य संविधानसम्मत हुनु पर्छ। संविधानको धारा ७६ का सबै विकल्प नखोजी धारा ७६(७) बमोजिम विघटन गर्न सक्ने अवस्था छैन। साथै यो व्यवस्था चुनावपश्चातको अवस्थामा आकर्षित हुने देखिएको छ। धारा ८५ मा यस संविधानबमोजिम अगावै विघटन हुने अवस्था भनेकै धारा ७६ सँग हो। प्रधानमन्त्रीले संविधानको धारा १०० बमोजिम विश्वासको मत लिई कार्य गर्न सक्नेमा संविधान विपरीत प्रतिनिधि सभा विघटन गरेको कार्यले संविधानको

उल्लंघन भएको छ। संसदीय व्यवस्था भएकै कारणले संसद विघटन गर्न पाउने होइन। लिखित संविधान भएको देशमा अवशिष्ट अधिकार हुदैन। धारा ५७ र ५८ का व्यवस्था संघ प्रदेश र स्थानीय निकायहरुको सूची बाहेकका विषय हो। राष्ट्रपति र प्रधानमन्त्री संविधानद्वारा सृर्जित (Creation) मात्र भएकोले संविधान अनुरुप कार्य गर्नु पर्छ। असिमित अधिकार प्रयोग गर्न पाउने होइन। मूल्य मान्यताको पनि सोपान हुने र संवैधानिक नैतिकता सबैभन्दा माथी हुन्छ। प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुनु पर्नेमा प्रधानमन्त्रीले गरेको विघटनले संसदीय मूल्य मान्यतामा ग्रहण लागि सक्यो। यसैले Doctrine of Eclipse को सिद्धान्त आकर्षित हुन्छ। बहुमत, दुई वा सो भन्दा बढी दलको समर्थनमा र अल्पमतको गरी तीन किसिमको प्रधानमन्त्री संविधानको प्रारम्भिक मस्यौदामा राखिएकोमा संविधान जारी हुँदा ४ किसिमको प्रधानमन्त्री हुने व्यवस्था गरेकोले बढी विकल्प खोज्ने संविधान निर्माताको मनसाय हो। *"संविधान राजनीतिक र कानूनी विषयहरू सम्मिश्रण भएको साझा दस्तावेज हुँदा यसमा अन्तर्निहीत संवैधानिक वा कानूनी पक्षमा प्रश्न उठाई अदालतसमक्ष ल्याइएको विवादमा राजनीतिक प्रश्नहरू पनि सन्निहित रहेको र संवैधानिक वा कानूनी वैधताका प्रश्नको निरुपणको प्रभाव राजनीतिक संविधानवादमा (Political Constitutionalism) पर्न सक्छ भन्ने कुराको आडमा संविधानको अन्तिम व्याख्या गर्ने अधिकार भएको यस अदालत संविधानप्रदत्त संवैधानिक दायित्वबाट पछि हट्न नसक्ने र नमिल्ने"।*[10] भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ र ४२ को व्यवस्था वर्तमान संविधानको धारा ७६ मा राखी र अघिल्लो संविधानको धारा ५३(४) intentionally हटाइएकोले त्यस्तो व्यवस्थालाई संविधानको Part मान्नु हुदैन। २ वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने र अविश्वासको प्रस्तावसंगै प्रधानमन्त्रीको नाउँसमेत प्रस्ताव गर्नु पर्ने गरी विधायिकालाई सिमित गरेको र संसद विघटन गर्ने विशेषाधिकार प्रधानमन्त्रीलाई नहुने गरी कार्यपालिकालाई सिमित गरेकोले यो सुधारिएको संसदीय व्यवस्था हो। संविधानले कानूनको शासन उल्लेख गरेकोले निरंकुश तवरले विघटन गर्न पाइदैन। संविधानको धारा ७६ बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेको र विश्वासको मत लिन नसकी विकल्प विहिन अवस्था नभएसम्म धारा ७६(१) बमोजिमको प्रधानमन्त्रीले सिफारिस गर्दैमा राष्ट्रपतिले विघटन गर्न मिल्ने होइन मागबमोजिम आदेश जारी गरी प्रतिनिधि सभा पुनस्थापना गरी पाउँ।

१०८. **निवेदकहरु कञ्चनकृष्ण न्यौपाने, समृत खरेलसमेत र दिनेश त्रिपाठीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री ओमप्रकाश अर्यालले गर्नु भएको बहस:**

---

[10] . नेपाल कानून पत्रिका नि.नं.८५८८ निवेदक वालकृष्ण न्यौपाने वि. राष्ट्रपतिको कार्यालयसमेत

नेपालको अधिराज्यको संविधान २०४७ ले प्रतिनिधि सभा विघटन सम्बन्धी परिकल्पना २ ठाउँमा गरिएको, धारा ५३(४) ले विघटन गर्न पाउने प्रधानमन्त्रीको विशेषाधिकार उल्लेख गरेको र धारा ४२(४) ले अल्पमतको सरकारले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रतिनिधि सभा भंग गरिने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ७६(७) को व्यवस्था २०४७ सालको संविधानको धारा ४२(४) संग करिव समकक्षी रहेको अर्थात अल्पमतको सरकारले विश्वासको मत प्राप्त गर्न नसके मध्यावधी निर्वाचनमा जान सक्ने हो। नेपालको संविधानमा २०४७ सालको संविधानको धारा ५३(४) को समकक्षी विघटन गर्ने व्यवस्था गरेको छैन। नेपालको संविधान कार्यपालिका र व्यवस्थापिकाको स्थायित्वको सिद्धान्तमा आधारित छ। संविधानको धारा १००(४) ले दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने, एकै वर्षमा दुई पटक अविश्वासको प्रस्ताव ल्याउन नपाइने र धारा ७६(७) ले प्रतिनिधि सभाले सरकार दिन नसक्ने अवस्थामा बाहेक अन्य अवस्थामा विघटन नहुने व्यवस्थाहरु स्थायित्वमा आधारित छन्। संविधानको धारा ९३(३) मा प्रतिनिधि सभाका दुई अधिवेशन बीचको अवधि बढीमा ६ महिना मात्र हुने बाध्यकारी संवैधानिक व्यवस्था लोकतन्त्रको जीवन रेखा (Lifeline) भएकोले यसले संविधानको दिशान्तरलाई रोक्दछ। बदनियतयुक्त तवरबाट ६ महिना बिति सक्दा पनि अधिवेशन आव्हान नगरिएकोले संसदले आफुमा अन्तर्निहित अधिकार प्रयोग गर्न सकेको छैन। अनधिकृत प्रकृयाबाट अनधिकृत व्यक्तिले अनधिकृत विघटन गरिएको छ। समावेदन, न्यायिक आदेश, स्वयं घोषणाबाट संसदलाई स्वचालित र क्रियाशिल बनाई संसदले अन्तरनिहित अधिकार प्रयोग गर्नु, जनप्रतिनिधि संस्थाको निरन्तरताको प्रत्याभूति दिनु र संवैधानिक परम्पराको विकास गर्नु नै संविधानवाद अनुरुप हुन्छ। संविधानको धारा ७६(७) को वा पछि "*प्रधानमन्त्री नियुक्त हुन नसकेमा*" भनेको धारा ७६(५) बमोजिमको प्रधानमन्त्री नियुक्त हुन नसकेमा भन्ने हो। बहुमत ल्याउने दलले सरकार बनाउदिन, चलाउदिन भन्नु Constitutional Morality विपरीत हुन्छ। संविधानको धारा ५ बमोजिमको दण्डनीय कार्य गरिएको, धारा १००, १०१ पदमुक्त हुने आधार रहेको तथा जवर्जस्ती संवैधानिक संरचना पल्टाउने कार्य गरेकोमा मुलुकी अपराध संहिताको धारा ५० आकर्षित हुने अवस्था छ। प्रतिनिधि सभाको विघटन अनधिकृत व्यक्ति, प्रकृया र कार्य (Unauthorized person, process and action) बाट गरिएकोले विघटनको सिफारिस र सूचना अमान्य बदर गरी प्रतिनिधि सभाको पुनस्थापना गरी अधिवेशन सुचारु गर्न राष्ट्रपति र प्रधानमन्त्रीको नाउँमा परमादेश जारी गरी पाउँ। अब उप्रान्त अनधिकृत शक्ति ग्रहण गरी प्रतिनिधि सभाको विघटन, अवरोध नगर्न नगराउन राष्ट्रपति र प्रधानमन्त्रीलाई सचेत गराई परमादेश जारी गरी पाउँ।

१०९. **<u>निवेदक समृत खरेलसमेतको तर्फबाट र निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराईले गर्नु भएको बहस:</u>**

मिति २०७७।९।१९ पछि छ महिना भन्दा बढी समयसम्म प्रतिनिधि सभा नचलेको र हाल जनप्रतिनिधि विहिन रहेकोले सरकार सार्वभौमसत्ता र राजकीय सत्ताको निगरानीमा नरहेकोले यस्तो सरकार अनिर्वाचित हुन्छ। बहुमत प्राप्त दललाई संविधानले नै सरकार चलाउने अभिभारा दिएकोले सो दलको प्रतिनिधित्व गर्ने पदाधिकारीले संविधानले दिएको अभिभारा पुरा गर्दिन भन्न पाउदैन, त्यस्तो कल्पनासमेत गरिदैंन। इजलासमा काल्पनिक प्रश्नमा बहस गर्नु भन्दा प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिनिधि सभाको विघटन गर्ने प्रधानमन्त्रीको सिफारिस र राष्ट्रपतिको विज्ञप्तिको संवैधानिकता छ, छैन भनी हेर्नु पर्छ। संविधानको धारा ७६(१) को सरकारमा परिणत भएको राजपत्रबाट नदेखिएको, दुई पार्टी एकिकरण भए पनि अर्को दल समाजवादी सरकारमा भएबाट धारा ७६(१) को सरकारमा परिणत हुने अवस्था नै थिएन। विवाद आइसकेपछिको लिखित जवाफको आधारले मात्र यो सरकार धारा ७६(१) मा परिणत सरकार मान्न नमिल्ने भएकोले निसन्देह रुपमा यो सरकार संविधानको धारा ७६(२) को सरकार भएकोले De fecto भनी अपव्याख्या गरी वैधानिकता दिन मिल्दैंन। सरकारमा सहभागी संघीय समाजवादीले समर्थन फिर्ता लिएको राजपत्रबाट देखिन्छ। समर्थन फिर्ता लिएपछि संविधानको धारा १००(२) बमोजिम विश्वासको मतको लागि प्रतिनिधि सभासमक्ष प्रस्ताव राख्नु पर्ने अनिवार्यता भएकोमा त्यस्तो प्रस्ताव हालसम्म पनि नआएकोबाट प्रधानमन्त्रीको वैधता छैन। विगतमा पटकपटक प्रतिनिधि सभा विघटन भई अस्थिरता भएकोले दुस्कृति हटाउन प्रधानमन्त्रीलाई विघटन गर्ने अधिकार (Matter of right) नदिएकै हो। यसैले प्रस्तुत मुद्दामा Mischief rule of interpretation अपनाउनु पर्छ। आफु बाहेक अरु प्रधानमन्त्री हुनै सक्तैन भन्ने लोकतान्त्रिक संस्कार हुन सक्तैन। वहुदलिय व्यवस्था स्वच्छ प्रतिस्पर्धामा विश्वास गरिन्छ। वैकल्पिक रुपमा अर्को प्रधानमन्त्री नियुक्त हुन नसक्ने भन्ने लिखित जवाफ रहेकोमा वस्तुगत रुपमा प्रमाणित भए प्रमाणमा लिन मिल्छ, अन्यथा राजनैतिक विषयमा अदालत प्रवेश गरी अनुमान गर्न मिल्दैंन। संविधानको धारा ७६ को उपधारा (१) देखि (७) को व्यवस्थाले वस्तुगत परीक्षण खोज्छ। संसदप्रतिको उत्तरदायित्व छल्न संसद विघटन गर्ने कार्यले वैधानिकता पाउदैन। अर्को सरकार गठनको चक्र (cycle) चलिरहन्छ, यो अवस्था परिस्थिति अनुसार जुनबाट जुनमा पनि जान सक्छ। संसदको अधिवेशन हुने अवधि १५ दिन बाँकी हुँदा अध्यादेश ल्याउने संसदलाई दुराशयपूर्ण तवरले bypass गर्न खोजियो। अध्यादेश विरुद्ध अदालतमा मुद्दा परेको छ। यस प्रकारको गम्भीर विषयमा

Strictures Order जारी हुनुपर्छ। अन्तरनिहित अधिकार राजालाई भगवान (God) बाट प्राप्त भएको मान्यता रहेको, प्रधानमन्त्रीले लिखित जवाफसमेतमा आफुमा अन्तरनिहित अधिकार रहेको दावी गर्नु २०१७ सालको राजाको घोषणा जस्तो छ। संविधानको धारा २ ले सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेकोले प्रधानमन्त्रीमा अन्तरनिहित अधिकार हुन सक्तैन।संविधानको धारा ५८ बमोजिमको अवशिष्ट अधिकारसमेत केवल संघीय संसदमा रहन्छ। घोषित मितिमा निर्वाचन नभए बाधा अड्चन फुकाउन मिल्ने अवस्था नभएको र संविधान नै Vacuum मा जाने हुँदा झन भयावह अवस्था आउन सक्छ। राष्ट्रपतिलाई प्राप्त अधिकार र कर्तव्यको पालना संविधान र संघीय कानूनबमोजिम प्रयोग हुने हो। राष्ट्रपतिलाई संविधानको पालना र संरक्षण गर्ने प्रमुख कर्तव्य (धारा ६१ को उपधारा (४) मा तोकिएकोले संविधानको संरक्षण र पालनाभित्र Right to Counseling, Right to Rethink, Right to Warn, Right to Co-ordinate पर्दछन्। यी कुनै कर्तव्य पालना भएको छैन। बरु राजाले परामर्श गरी विघटन गर्ने गरेकोमा राष्ट्रपतिले नगर्ने कार्य असंवैधानिक छ। राष्ट्रपतिले पुनर्विचार गर्न पठाएको (निवेदक श्रीकृष्ण सुवेदी विरुद्ध राष्ट्रपति रामवरण यादव नि.नि. ८९२६) लाई राष्ट्रपतिले संवैधानिक सीमा मिचेको मानेको छैन। यसैले असंवैधानिक रुपमा गरेको संसद विघटन बदर गरी मागबमोजिम उत्प्रेषण परमादेश जारी गरी पाउँ।

११०. **<u>निवेदक विद्वान अधिवक्ता ज्ञानेन्द्रराज आरणले गर्नु भएको बहस र निज निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री गुणनिधि न्यौपाने, विद्वान अधिवक्ताहरु श्री वसन्तप्रसाद रिमाल, डा. श्री ठकेन्द्र गिरीले गर्नु भएको बहस:</u>**

संविधानको धारा ७६(१),(७) को आधारमा विघटन गरिएकोमा यी दुई उपधारा विच एक अर्कामा मिलान (Meeting point) नै छैन। संविधानको धारा ७६(२) बमोजिम नियुक्त भएको प्रधानमन्त्रीले धारा ७६(१) को प्रधानमन्त्री भन्न मिल्दैन। संविधानको धारा ७६(७) को प्रयोग विकल्प विहिन अवस्थामा धारा ७६(५) को प्रधानमन्त्रीले प्रयोग गर्ने हो। त्यस्तो प्रधानमन्त्री नियुक्ति हुन नसके अपवादको रुपमा धारा ७६(७) को प्रधानमन्त्रीले सम्म प्रयोग गर्न सक्ला तर अरुले सक्तैन। संसदीय सर्वोच्चता भएको देश बेलायतमा संसदले महिलालाई पुरुष र पुरुषलाई महिला बनाउने बाहेक अन्य सबै गर्न सक्छ भन्ने देशमा समेत संसद विघटन गर्ने परम्परा संवैधानिक व्यवस्थाबाटै हटिसकेको छ। यसैले सार्वभौम संसदलाई छल्ने गरी प्रतिनिधि सभा विघटन गर्ने कार्य असंवैधानिक छ। संविधानको धारा ७६(१) को सरकारले समेत सरकार चलाउदिन भन्न पाउछ, तर विघटन गर्न पाउदैन।

विकल्प हुदाहुदै प्रतिनिधि सभा विघटन गरेको कार्य गैरकानूनी, अनैतिक र घातक भएकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

१११. **<u>निवेदक ज्ञानेन्द्रराज आरणको तर्फबाट विद्धान वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्यले गर्नु भएको बहस:</u>**

प्रस्तुत मुद्दाको व्याख्याको सन्दर्भमा संविधानको धारा ६१ को उपधारा (२)(३)(४), धारा ६६, धारा ७५, धारा ७६ को उपधारा (१)(२)(३)(४)(५)(७)(१०), धारा ७७, धारा १०० को उपधारा (१)(२)(३)(४), धारा १०१ आकर्षित हुन्छ। संविधानमा विकल्प रहेसम्म प्रतिनिधि सभा विघटन हुन नसक्ने प्रावधान राखिएकोले यो नेपालको आफ्नै संसदीय परंपरा हो। आफ्नै पार्टीले काम गर्न नदिएको, असहयोग गरेको भन्ने प्रधानमन्त्रीको जिकिर भए पनि संसदले असहयोग गरेको, काम गर्न नदिएको भन्ने कुनै आधार छैन। प्रधानमन्त्री पटकपटक संसदको विश्वासको मत लिई पदीय कार्य निरन्तर गर्न सक्नु हुन्थ्यो। पार्टीको सदस्यबाट असहयोग गरेमा, काम गर्न नदिएमा कि पार्टीमै कारवाही गर्न सक्नु पर्ने कि प्रधानमन्त्रीले पदबाट राजिनामा दिनु पर्ने थियो। कार्यकारणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदले धारा ७५ बमोजिम संविधान र कानूनको अधिनमा रही शासन व्यवस्था सञ्चालन गर्नु पर्ने हुन्छ। यो प्रतिनिधि सभाको विघटनलाई सदर गरिएमा अविश्वासको प्रस्ताव सम्बन्धी संवैधानिक व्यवस्था कहिल्यै कार्यान्वयन हुन सक्तैन। प्रधानमन्त्री संसदबाटै जन्मेकोले सदनलाई संरक्षण नगरी विघटन गर्नु असंवैधानिक छ। यो संवैधानिक व्यवस्थाबाट संसदलाई कसैले विघटन गर्न सक्ने होइन, यो आफै विघटन हुने प्रकृतिको भएकोले प्रधानमन्त्रीबाट अधिकार स्वरुप विघटन गरेको कार्य असंवैधानिक हुँदा मागबमोजिम आदेश जारी गरी पाउँ।

११२. **<u>निवेदक ज्ञानेन्द्रराज आरणको तर्फबाट विद्धान अधिवक्ताहरु श्री कोपिलप्रसाद अधिकारी, श्री जनकसिंह साउद, श्री सुलोचना धितालले गर्नु भएको बहस:</u>**

संसदीय व्यवस्था अनुशासन र इमान्दारितामा चल्नु पर्ने, प्रधानमन्त्रीलाई विघटन गर्ने विशेषाधिकार नभएको, असम्बन्धित संवैधानिक प्रावधानमा टेकेर प्रतिनिधि सभाको विघटन भएकोले यसरी निहित उद्देश्यले मात्र विघटन गरिएको कार्य दुराशययुक्त छ। प्रधानमन्त्रीको सिफारिसलाई राय परामर्श नगरी तुरुन्ता तुरुन्तै विघटनको निर्णय गर्ने राष्ट्रपतिको कार्य दुराशययुक्त छ। अदालतले गैरसंवैधानिक कार्यलाई वैधता दिने हो भने निरंकुशताको जन्म हुन्छ। स्वास्थ्य उपचार निगाहमा भईरहेको छ। यस प्रकारको आर्थिक अवस्थामा संविधानले कल्पना नै नगरेको मध्यावधी निर्वाचनको खर्चमा कमि हुन नदिने सरकारबाट व्यक्त भए गरेका सार्वजनिक प्रतिवद्धता स्वयंमा अनुचित छ। २०४७ सालको संविधानले सधै अस्थिरता सृजना गरेकोले स्थिरता प्रदान गर्न संविधानको धारा ७६(७) आएको हो।

यो छुट्टै विशिष्ट प्रकारको संवैधानिक प्रावधानले संसदीय प्रणालीको परम्परा मूल्य मान्यता आकर्षित हुने होइन। विघटन सिफारिस हुनुको कारण (Cause of Action) मा पार्टीले असहयोग गरेको भन्ने भएकोले यस्तो कारणलाई विघटन गर्ने संवैधानिक आधार होइन। यस्तो आधारलाई विघटनको आधार प्रदान गर्ने हो भने जुनसुकै प्रकारको सरकारले जहिले पनि विघटन गर्ने भएकोले यस्तो परिकल्पना संविधानले नगरेकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

११३. **निवेदक विद्वान अधिवक्ता शालिकराम सापकोटाले गर्नु भएको बहस र निजको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री उमेश प्रसाद, विद्वान अधिवक्ताहरु श्री गुणराज घिमिरे र श्री ताराप्रसाद तिमिल्सेनाले गर्नु भएको बहस:**
प्रधानमन्त्रीलाई संविधानले कुनै विशेषाधिकार दिएको छैन। लिखित संविधान भएको मुलुकमा विशेषाधिकारको दावी संविधानका निश्चयात्मक नियमहरुबाट समर्थित हुनु पर्छ, अन्यथा उक्त दावी स्थापित हुन सक्तैन। संसदीय प्रणालीको कुनै सर्वस्वीकार्य ब्ल्यू प्रिन्ट संसारमा छैन। संसदीय प्रणाली अपनाउदैमा विघटनको विशेषाधिकार स्वत: प्राप्त हुने होइन। प्रतिनिधि सभाको विघटनसम्बन्धी संविधानको व्याख्या गर्दा संसदीय प्रणाली उदाहरण हेरेर होइन कि संविधान, कानून, तथ्य र प्रमाण हेरेर गर्नु पर्छ। Three fundamental principle of the prerogative are: (a) Statute law cannot be altered by use of the prerogative; (b) Use of the prerogative remains subject to the common law duties of fairness and reason. It is therefore possible to challenge use of the prerogative by judicial review in most cases; (c) While the prerogative can be abolished or abrogated by statute, it can never be broadened. However, parliament could create power by statute that are similar to prerogative powers in their nature.[11] The King hath no prerogative, but that which the law of the land allows him.[12]….the courts have the responsibility of upholding the values and principles of our constitution and making them effective. It is their particular responsibility to determine the legal limits of the powers conferred on each branch of government, and to decide whether any exercise of power has transgesrresed their limits. The court can't shirk that responsibility merely on the ground that the questions reaised is political in tone or context.[13] प्रधानमन्त्रीले अविश्वासको प्रस्ताव आउन लागेकोले विघटन गरेको भन्नु नै दुराशययुक्त छ। संविधानको धारा ७४ बमोजिम नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संसदीय व्यवस्था भएकोले बहुदलीय प्रतिस्पर्धा विपरीतको कार्य गर्न मिल्दैन। यो विघटनले शासकीय स्वरुपको मेरुदण्डमा नै प्रहार भएको छ। प्रधानमन्त्री कसरी पदमुक्त हुन्छ जसको लागि धारा ७७ लाई हेर्नु पर्छ। प्रधानमन्त्रीले जुनसुकै अवस्थामा पनि धारा १००

---

11 . https://commonslibrary.parliament.uk/research-briefings/sn03861/

12 . Case of proclamations (1611) 12 Co.Rep. 74 at 76 (Edward Coke): https://legalcases.co.uk/the-case of -proclamations-1611/

13 . Miller v. the Prime Minister, (2019) UKSC 41. https: www.supremecourt.uk/cases/docs/uksc-2019-0192-judgement.

बमोजिम विश्वासको मत लिई कार्य गर्न सक्नेमा लिनु भएको छैन। प्रतिनिधि सभालाई अविश्वास गर्ने कुनै अधिकार प्रधानमन्त्रीलाई छैन तर प्रधानमन्त्रीलाई संसदले अविश्वास गर्न सक्छ। धारा ७६(१) को प्रधानमन्त्री एकैचोटी उपधारा (७) मा जान मिल्दैंन। असंवैधानिकता नसच्चिएसम्म चुनाव हुदैन। साथै चुनाव हुने अवस्थै छैन। जुन बेला संवैधानिक अप्ठ्यारो अड्चन आउछ जनआन्दोलनको भावनालाई आत्मसात गर्नु पर्छ। संविधानको धारा ७६ को मनसाय भनेको जबसम्म सास रहन्छ, तबसम्म आस गर्नु पर्छ भन्ने हो। कार्यकारीको निर्णयहरु राष्ट्रिय हित विपरीत हुनु हुदैन। असमायिक विघटन र निर्वाचनको घोषणा राष्ट्रिय हितको संरक्षण गर्ने दायित्व विरुद्ध छ। अवशिष्ट अधिकार संघीयताको सन्दर्भमा राखिएको हो। धारा ५७ बमोजिम कार्यपालिकाले संविधान र संघीय कानूनको अधिनस्थ रहेर मात्रै अनुसूची-५ को क्र.सं. ३५ वा धारा ५८ अन्तर्गतको अवशिष्ट अधिकारको प्रयोग गर्न पाउने हो। विघटनको विषय संविधानको धारा ७६(७) को सीमा र शर्तमा निर्धारित हुने विषय भएकोले अवशिष्ट अधिकार अन्तर्गत पर्छ भनी अर्थ गर्नु संगतिपूर्ण हुदैन। धारा २ ले सार्वभौम सत्ता, राजकीय सत्ता जनता हुने भन्ने छ। जनताको प्रतिनिधि सभाबाट बनेको प्रधानमन्त्रीले विशेषाधिकार प्रयोग गर्न नसक्ने भएकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

११४. **<u>निवेदकहरु सन्तोष भण्डारीसमेत, सालिकराम सापकोटासमेत र देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहालले गर्नु भएको बहस:</u>**

संविधानको धारा ६६(२) मा राष्ट्रपतिले गर्ने कार्य मन्त्रिपरिषदको सिफारिसमा गर्नु पर्ने भनिएकोमा संविधानको भाषा विपरीत प्रधानमन्त्रीको सिफारिस क्रियाशिल हुन सक्तैन। दलहरु एकिकरण वा गाभिएको सूचना राजपत्रमा प्रकाशित गरी अद्यावधिक हुनु पर्नेमा त्यस्तो सूचना नै प्रकाशित भएको देखिदैन। निर्वाचनले महंगी ल्याउने भएकोले जनताको हितमा छैन। जसको लागी चुनाव गर्ने भनिएको हो उसैलाई पीडा दिने चुनाव गर्नु हुदैन। Political Question Doctrine कतिपय देशमा अस्तित्वमा नै छैन। यसैले विघटन हुनुपूर्व प्रधानमन्त्रीलाई के बाध्यता थियो त्यो हेर्नु आवश्यक छैन। संवैधानिक व्यवस्था के हो सो अनुरुप विघटन भयो भएन सो को संवैधानिकता जाँच हुनु पर्छ। श्रोत नै दुषित, असंवैधानिक भएमा त्यसको परिणाम स्वरुप भएको चुनावले वैधानिकता प्राप्त गर्न नसक्ने भएकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

११५. **<u>निवेदक शालिकराम सापकोटातर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री राजुप्रसाद चापागाईले गर्नु भएको बहस:</u>**

राष्ट्रपति सेरेमोनियल भएकोले प्रतिनिधि सभाको विघटनको सिफारिस गर्ने नै जवाफदेही हुनु पर्ने हुन्छ। प्रधानमन्त्रीले अविश्वासको प्रस्ताव राख्न नपाउने अवधि २ वर्षसम्म कुनै असहज भएको भन्ने छैन। तर २ वर्ष कटेपछि र विश्वासको मत लिनु पर्ने अवस्था सृजना भएपछि संसद विघटन गर्नु संविधानको धारा १०० को उल्लंघन हो। प्रधानमन्त्रीलाई विघटनको विशेषाधिकार संविधानले नदिएको, उक्त कुरा ऐतिहासिक दृष्टिकोण र दस्तावेज हेरिएमा संविधानको मर्म र पवित्रता बुझ्न सकिन्छ। Public Authority ले अधिकारक्षेत्र देखाउनु पर्छ। प्रधानमन्त्री संविधानबाट सिर्जित हो। नियन्त्रण र सन्तुलनमा आधारित संसदीय व्यवस्थामा भएकोले सो विपरीतको कार्य बदरभागी हुन्छ। अदालतले कानूनको व्याख्या गर्ने हो, परिणाम खोज्ने होइन। हाम्रो संसदीय प्रणाली कसैकोसँग मिल्दैन। साथै संसदीय व्यवस्थाको लागि कुनै Parameter हुनु पर्छ भन्ने अनिवार्यता छैन। संविधानको धारा ७४ ले Diversity खोजेको, धारा ७६ को मनसाय भनेको सरकारको निरन्तरता र सुनिश्चितता रहेकोले जनताको लागि कार्य गर्न संसदले असहयोग गरेमा होइन कि संसदले प्रधानमन्त्री दिन नसकेमा जनतामा जानु पर्ने हुन्छ। प्रत्यर्थीबाट वैकल्पिक सरकार खोजिएको छैन, वैकल्पिक सरकार हुन सक्ने नसक्नेको खोजी संसदमा नै हुन्छ। धारा १०० को परीक्षण र ७६(१०) बमोजिम उत्तरदायित्वको जाँच गर्ने संसदले हो। संसदको विघटन असंवैधानिक भएकोले मागबमोजिम बदर गरी पाउँ।

११६. **<u>निवेदक वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठीले गर्नु भएको बहस तथा निजको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री नीतिका ढुंगानाले गर्नु भएको बहस:</u>**

प्रधानमन्त्री जनताको विश्वासमा बनेको भएकोले विश्वासको उल्लंघन गरी सरकार चलाउदिन भन्न पाइदैन। २०४७ सालको संविधानको प्रावधानले निरन्तर प्रतिनिधि सभाको विघटन भएकोले प्रधानमन्त्री मनमोहनले संसद विघटन गरेको नजिरसमेतको अनुभवमा अधिकारको दुरुपयोग रोक्न तत्कालिन धारा ५३(४) हटाई नेपालको संविधानको धारा ७६ लिपिबद्ध भएको हो। It is departure from last constitution. संविधानको व्याख्या गर्दा Founding Father को विरुद्धमा गएर व्याख्या गरिनु हुदैंन। प्रधानमन्त्रीलाई संसद विघटन गर्ने विशेषाधिकार नदिएको भनी तत्कालिन समयमा जिम्मेवार पदाधिकारको कथन रहेको, संविधान बनेको समयको ऐतिहासिक दस्तावेजसमेतलाई सन्दर्भ सामग्रीको रुपमा लिई व्याख्या गर्न जरुरी छ। अस्थिरताको कारणले संविधानको समाप्ति र संकट हुने अवस्था आउनु हुदैंन। प्रधानमन्त्री संसदको प्रत्यक्ष निगरानीमा हुन्छ। दुई तिहाई छ भन्नेले संसदमा गएर परीक्षण हुनु पर्ने, संसद छल्न नहुने तथा पहिले नै सरकार नबन्ने परिकल्पना गर्नु हुदैंन। संसदको प्रकृया बाहिर गएर विघटन गर्न पाइदैन। एकै चोटी पुनरावेदन लाग्दैन। यसैले संसदको प्रकृयाबाट प्रधानमन्त्री नियुक्ति हुनुको

विकल्प छैन। संविधानको धारा ७६ को उपधारा (१), (२) को प्रधानमन्त्री एकैचोटि उपधारा (७) मा जान सक्तैन। सबै विकल्प (Choice) सकिए मात्र उपधारा (७) को प्रयोग धारा ७६(५) को प्रधानमन्त्रीले गर्ने हो। संसदले छानबिन र उत्तरदायी बनाउन सक्छ। प्रधानमन्त्रीलाई Unfettered dissolution power छैन। संसदको विघटनसम्बन्धि धारा ७६(७) सिमित ढोका मात्र हो। पार्टीबाट असहयोग भयो, काम गर्न दिइएन भने पनि जनतालाई सूचीत गरिएको छैन। असहयोग तथा काम गर्न नदिएको कुनै प्रमाणबाट पुष्टि भएको छैन। संवैधानिक परिधि नाघेर संसदको विघटन गरेको कार्य धारा ७४, ७६(१०) विपरीत हुन्छ। साथै धारा ७४ को संसदीय व्यवस्था मात्र हेरेर हुदैंन। धारा १०० हेर्नु पर्ने र प्रधानमन्त्री संसद प्रति उत्तरदायी हुनु पर्छ। जनताको प्रतिनिधिले संविधान र कानून बमोजिमको कार्य गर्न नसकेमा प्रजातन्त्र विरुद्ध हुन जान्छ। प्रधानमन्त्रीको आफ्नो दलले कार्य गर्न दियो दिएन तथ्यबाट देखिदैंन। अदालतले Legality मात्र होइन Rationality पनि परीक्षण गर्छ। निर्वाचनले असंवैधानिक प्रतिनिधि सभा विघटनलाई प्रत्यर्थीहरुले Justify गर्न नसक्ने भएकोले निवेदन मागबमोजिम आदेश जारी गरी पाउँ।

११७. **<u>निवेदक अधिवक्ताहरु श्री कृष्णप्रसाद शर्मा, श्री दिपक राई, श्री बीरेन्द्रकुमार ठाकुरले गर्नु भएको बहस तथा निज निवेदकहरुको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री केदार कार्की, श्री किवाहाङ्ग राईले गर्नु भएको बहस:</u>**

प्रधानमन्त्री पनि संविधानको परिधि भन्दा बाहिर जान सक्नु हुदैंन र संविधानको अक्षरश: पालना गर्नु पर्छ। विगतमा निर्वाचित संस्थालाई हठात विघटन गरी दुरुपयोग गर्ने गरेकोले वर्तमान संविधानले सुधारिएको संसदीय प्रणाली अपनाई प्रधानमन्त्रीलाई विशेषाधिकार नदिएको हो। संविधानको व्याख्या गर्दा ऐतिहासिक दस्तावेज, जनआन्दोलन जस्ता संविधानको आत्मालाई हेर्नु पर्ने। प्रस्तावनामा आधारभूत कुरा आवधिक निर्वाचन भनिएकोले त्यसको दायरा भन्दा बाहिर जानु हुदैंन। मध्यावधी निर्वाचनले लोकतन्त्र दिगो हुन सक्तैन, निर्वाचनलाई सापेक्षतामा हेर्नु पर्छ। यो प्रतिनिधि सभाको कार्यकालमा १० वटा विघेयक पास भइसकेका छन्, संसदले असहयोग गरेको छैन। दुई तिहाई पुऱ्याउन संसद विघटन गर्न पाउने आधार कारण संवैधानिक व्यवस्था अनुरुप छैन। प्रधानमन्त्रीले विकल्प नदेख्ने र गैरसंवैधानिक बाटो रोजी ताजा जनादेश भन्नु तर्कसंगत छैन। किनकी जनादेश ताजा र बासी हुदैंन। अर्थात ५ वर्षसम्म जनादेश ताजै हुन्छ। जनताको स्वास्थ्यमा प्रधानमन्त्रीलाई चासो छैन। स्वास्थ्य संकटकाल जस्तो अवस्थामा निर्वाचनको आर्थिक बोझ जनताले थेग्न सक्ने अवस्था छैन। राष्ट्र प्रमुख, सरकार प्रमुख निरंकुश भए शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्त आकर्षित हुन्छ। विकल्प विहिन अवस्थामा संसद विघटन गर्नु पर्दा धारा ७६(५) र ७६(३) को

प्रधानमन्त्रीले मात्र गर्ने संवैधानिक व्यवस्था हो। संसद विघटन प्रजातन्त्र माथीको हमला भएकोले, अक्षम्य छ। घोषणा गरेर आत्महत्या पनि गर्न नपाइने भएकोले बहुमतको प्रधानमन्त्रीले सरकार चलाउदिन भनि विघटन गर्न पाइदैन, मागबमोजिम आदेश जारी गरी पाउँ।

११८. **निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री मेघराज पोखरेलले गर्नु भएको बहस:**

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) को संवैधानिक व्यवस्थाबाट राजनीतिक अस्थिरता सृजना गरेकोले उक्त खरावी हटाई राजनीतिक स्थिरता दिने गरी संविधान निर्माताले वर्तमान संविधानमा धारा ७६(७) को व्यवस्था गरिएको उक्त धाराको व्याख्या गर्दा Mischief rule अपनाई व्याख्या गर्नु पर्छ। Expressio unius est exclusion alterius यसको अर्थ Express mention of one or more things of a particular class may be regarded as impliedly excluding other भन्ने भएकोले यो सिद्धान्तलाई अनुसरण गर्न सकिन्छ। अर्को सिद्धान्त Expressum facit cessare tacitum यसको अर्थ The expression of one thing excludes the implication of something else भन्ने हुँदा २०४७ सालको संविधानमा राखिएको व्यवस्थालाई नराखी अर्कै व्यवस्था राखिसकेपछि प्रधानमन्त्रीलाई विघटनको अधिकार कटौति गरेको अर्थ लिनु पर्छ। प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने विशेषाधिकार हटाई सकेको व्यवस्थालाई संवैधानिक व्यवस्थाबाट स्पष्ट रुपमा पुनस्थापित नगरेसम्म त्यसलाई स्थापित वा थप्ने गरी व्याख्या गरिनु हुदैंन। संविधानको धारा ७६(१) को बहुमतको दलको विकल्प छैन तर संसदीय दलको नेता परिवर्तन हुन सक्छ। एउटालाई समावेश गरेको छ भने अर्कोलाई बाहेक गरेको बुझ्नु पर्ने[14] भएकोले धारा ७६(५)(७) को व्याख्या गर्दा धारा ७६(१)(२) को प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार छैन। सरकार स्थिर र बलियो बनाउने अभिप्रायले यो व्यवस्था गरिएको देखिन्छ। संविधानको धारा ७६(१) को प्रधानमन्त्री संवैधानिक आधार बिना प्रतिनिधि सभाको विघटन गर्दै जाने हो भने संविधानको धारा ७६(२)(३)(५) र धारा १०० को उपधारा (१) देखि (७) कहिल्यै पनि प्रयोगमा आउन नपाई निस्तेज भई ग्रहण लाग्छ। प्रधानमन्त्री धारा ७६(१०) बमोजिम संघीय संसदप्रति उत्तरदायी हुनुको सट्टा स्वेच्छाचारी शासनले प्रशय पाउछ। नेपालको संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहको आफ्नो अधिकारको सूची र साझा सूचीमा उल्लेख नभएको अवशिष्ट अधिकार संघीय सरकार (संघीय कार्यपालिका, संघीय व्यवस्थापिका र न्यापालिका) ले प्रयोग गर्ने हो। त्यस्तै धारा ७५ बमोजिम कार्यकारिणी अधिकार प्रधानमन्त्री एक्लैले प्रयोग गर्ने नभै मन्त्रिपरिषदले संविधान

[14] . Expresssio unius est exclusio alterius

र कानून बमोजिम प्रयोग गर्ने हो। विधायिकाको मनसाय पत्ता लगाउन External Aid को पनि सहायता लिन सकिने भएकोले प्रतिवेदन, राय (Opinion) दुवै हेर्न सकिन्छ। कानूनमा नभएको व्यवस्थालाई स्थापित गर्दा कानून संशोधन हुन्छ (नि.नं. ७४८०), कानून बदर गर्ने अधिकार छ तर थपघट गरी कानून निर्माण गर्न सक्तैन (नि.नं. ९५३८), विधायिकी र न्यायिक कार्य बाहेकका कार्य कार्यकारणी भए पनि कार्यकारिणी कार्यको सम्बन्धमा संसद, कानून र संविधान प्रति उत्तरदायी हुनु पर्छ। कानूनको शव्द र सीमा भन्दा बाहिर गएर जनतामा जान्छु भन्न पाइदैंन। लिखित जवाफमा विघटन गर्नुको दुई तिहाई बहुमत चाहियो भनेकोमा कुन प्रयोजनको लागि दुई तिहाई चाहिएको हो प्रस्ट छैन। राजनीतिक सार्वभौमसत्ता सधै जनतासँग रहने हुँदा प्रतिनिधि सभा विघटन गर्दा प्रधानमन्त्रीले ताजा जनादेश लिने भनी गरेको विघटनको न्यायिक परीक्षण गर्न मिल्छ। संसदीय प्रजातान्त्रिक मुलुकमा संसद विघटनसहित यी यी विशेषता हुन्छन् भन्ने स्पष्ट सीमा रेखा कोरिएका हुदैनन्। तैपनि प्रधानमन्त्रीले संसद विघटन विवेकपूर्ण एवं संविधानसम्मत तवरले गरेको हुन्छ। शक्तिको दुरुपयोग गरेको, नभएको शक्तिको प्रयोग गरेकोमा दुराशय ठहराउनु पर्छ। बहुमतको सरकार चलाउदिन भन्छ भने संविधान माथिको वदनियत भएकोले माग बमोजिम आदेश जारी गरी पाउँ।

११९. **निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री शम्भु थापाले गर्नु भएको बहस:**

बेलायतमा Crown लाई परमाधिकार थियो। कुनै कुरा नगरी चल्दै चलेन भने दैवी शक्तिबाट प्राप्त अधिकारको रुपमा मानिने परमाधिकार Crown ले प्रयोग गर्दा पूर्ण अधिकार, सार्वभौम अधिकार र अन्तरनिहित अधिकार हुने हो। जनतालाई सार्वभौम अधिकार प्राप्त भैसकेपछि अन्तरनिहित अधिकार सरकार प्रमुख राष्ट्र प्रमुखलाई हुने कल्पना नै गरिदैंन। परमाधिकार भए विघटन गर्ने अधिकार हुने हो। लिखित छ भने लिखित नै मान्नु पर्छ। यसैले प्रधानमन्त्रीलाई विघटनको अधिकार Uncontrol and unfetter छैन। संसदले प्रधानमन्त्री दिएसम्म विघटन गर्ने व्यवस्था धारा ७६ मा छैन। प्रधानमन्त्री नियुक्त हुन नसके वा विश्वासको मत लिन नसके संविधानको धारा ७६(७) बमोजिमको विघटन आफै वा स्वत: क्रियात्मक भएर जाने हो। यो अन्य तवरले विघटन गर्न पाइने नभएकोले प्रधानमन्त्री वा राष्ट्रपतिको इच्छामा विघटन कार्यान्वयन हुने होइन। शासन सुशासन गर्ने काम कार्यकारिणी कार्य हो। प्रधानमन्त्रीले आफ्नो जन्मदाता संसद (Parliament) लाई मार्ने जस्तो विघटन गर्ने कार्य कार्यकारिणी कार्य होइन। संविधानको व्याख्या गर्दा धारा ७६ र १०० संगै राखेर हेर्नु पर्छ। विघटन गर्ने कार्य कार्यकारणी कार्य भए पनि यो अधिकार प्राप्त हुन संविधानमा स्पष्ट लेखिएको हुनु पर्छ। विघटन

उद्‌देश्यमूलक हुनु पर्छ। सार्वजनिक कारण, वास्तविक मुद्‌दा/विषय (real issue) नभै आफ्नो फाइदाको लागि प्रतिनिधि सभाको विघटन गरी दुराशयको उद्‌देश्यले कसैको अधिकार हनन गर्न नपाइने हुँदा मागबमोजिम आदेश जारी गरी पाउँ।

१२०. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्‌धान वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र कुमार महतोले गर्नु भएको बहस:</u>**

मस्यौदाकारले बोलेको लेखेको कुराहरु व्याख्या गर्दा सहायकको रुपमा लिन सकिन्छ। मस्यौंदा समितिमा बसेकाहरुलाई बोलाउन पनि सकिन्छ। उहाँहरुले बोलेको कुरा लेखिएको संविधानमा मिलेमा व्याख्या गर्दा सहायता लिन सकिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) मा प्रधानमन्त्री अधिकारको रुपमा Doctrine of pleasure प्रयोग गर्न सक्नु हुन्थ्यो। संविधानको धारा ७६(७) को व्यवस्था Natural death मा आधारित भएकोले कसले घोषणा गर्ने भन्ने मात्र व्यवस्था भएकोले प्रधानमन्त्री अधिकारको रुपमा Doctrine of pleasure प्रयोग गरी प्रतिनिधि सभाको विघटन गर्न सकिदैंन। धारा ७६ बमोजिम प्रधानमन्त्री नियुक्ति गर्दा कसैको सिफारिस चाहिदैंन तथापी नियुक्ति हुनेसंग नसोधि नियुक्ति गरिदैंन। संविधानको धारा ७७ बमोजिमको ४ वटा कारण र राजनैतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम दुई कारण :- जुन दलबाट नियुक्त भएको हो, उक्त दलको सदस्य नरहेको र संसदीय दलको नेता नभए प्रधानमन्त्रीको पद रिक्त हुन सक्छ। संसद विघटन गर्ने अधिकारको सृजना वर्तमान संविधानले प्रधानमन्त्रीलाई नगरेकोले विघटन/दाहसंस्कार (ritual) मा सामेल हुने कार्यले अधिकार सृजना गर्दैन। राष्ट्रपतिले सम्भावनाको खोजी नै नगरी गरेको विघटन बदर गरी मागबमोजिम संसद पुनस्थापना गरी पाउँ।

१२१. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्‌धान वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी.ले गर्नु भएको बहस:</u>**

वर्तमान संविधानले अंगिकार गरेको संसदीय व्यवस्था नभै मिश्रित संसदीय व्यवस्थामा आधारित छ। व्यवस्थापिका अङ्गको स्वरुप निर्धारण समितिको अवधारणा पत्रसहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ को पेज ४६ मा संसदीय प्रणाली अवलम्वन गरिएको मुलुकमा संसद कुन समयमा विघटन भन्ने कुरा प्रधानमन्त्रीको अर्थात सरकार प्रमुखको स्वविवेकीय छनौटको विषय हुन्छ भनिएकोमा सोही मस्यौदा पेज ४७ को सुझाबमा संसदीय प्रणाली अवलम्वन गरिएमा न्यायोचित पूर्वशर्त सहितको विघटनसम्बन्धी व्यवस्था राख्न उपयुक्त हुन्छ भनिएको थियो। तत्पश्चात व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समितिले निर्माण गरेको प्रतिवेदनमा वैकल्पिक सरकार गठन हुने संभावना नरहेमा मात्र निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभा विघटन हुन सक्ने प्रावधान

राखिएको[15] पाइन्छ। अन्तरनिहित अधिकार र विघटनको अधिकार संविधानमा छैन। संविधानको धारा ७६(५) को प्रधानमन्त्रीले विश्वासको मत प्राप्त नगरे मात्र विघटन हुने तर विस्वासको मत प्राप्त गरे उक्त सरकारले पनि विघटन गर्न सक्तैन। सरकार बहुमतमा भएपछि जनमतमा जानु आवश्यक छैन। विघटन हुँदा अविश्वासको प्रस्ताव आएकै छैन। आफ्नै दलबाट विस्वासको मत प्राप्त नगरी बहुमत पुर्‍याउन नसके राजिनामा गर्ने हो। राष्ट्रपति संविधानको संरक्षक र पालनकर्ता भएकोले संविधान विपरीतको सिफारिस स्वीकार गर्न नहुनेमा स्वीकार गरी गरेको विघटन बदर गरी संसद पुनस्थापना गरी पाउँ।

१२२. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता प्रा.डा. श्री युवराज संग्रौलाले गर्नु भएको बहस:</u>**

नेपालको संविधानले समाजवाद उन्मुख व्यवस्था स्वीकार गरेको तथा धारा ८४(१)(ख) ले समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरेकोले यो संसदीय व्यवस्था होइन। यसैले संसदीय व्यवस्थाको दृष्टिकोण राखेर व्याख्या गरिनु हुदैन।व्याख्या गर्दा धारा २ पनि हेरिनु पर्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा व्याख्या गर्दा संविधानको धारा ६१(४), ६६, ७४, ७५, ७६ को उपधारा (१)(२)(३)(५)(७)(१०), धारा ८२(१), ८४(१)(ख), ८५ र धारा १०० हेर्नुको अतिरिक्त समन्वय हुने गरी व्याख्या गर्नु पर्छ। मन्त्रिपरिषदको निर्णय कार्यसम्पादन नियमावली विरुद्ध छ। धारा ७६ को उपधारा (७) ले संसदबाट सरकार बन्न नसके स्वत: विघटन हुने प्रावधान राखी प्रधानमन्त्रीलाई विघटन गर्ने अधिकार नै प्रदान गरेको छैन। जुन कुरा प्रत्यक्ष रुपमा गर्न सकिदैंन त्यो कुरा अप्रत्यक्ष रुपमा पनि गर्नु हुदैंन। व्यवस्थापिका अंगको स्वरुप निर्धारण समितिमा छलफल हुँदा माननीय सदस्यहरुले प्रतिनिधि सभाको विघटन हुन नसक्ने व्यवस्था हुनु पर्छ। एक व्यक्तिले जनप्रतिनिधि सभा विघटन गर्न पाउने व्यवस्था राखिनु हुदैंन[16] भनिएकोमा सोही समितिको प्रतिवेदनमा वैकल्पिक सरकार गठन हुने सम्भावना नरहे मात्र प्रतिनिधि सभा विघटन हुने प्रावधान राखिएको[17] छ। आवधिक निर्वाचनको प्रतिवद्धता संविधानले गरेको र मध्यावधी निर्वाचनको अवधारणा संविधानमा छैन। प्रधानमन्त्रीको एकाधिकार वा विशेषाधिकारलाई यस संविधानले स्वीकार गरेको छैन। वर्तमान संविधानले प्रधानमन्त्रीलाई नभै मन्त्रिपरिषदलाई कार्यकारी घोषित गरेको छ। संविधानको धारा १००(४) ले कार्यकारी र प्रतिनिधि सभाबीच सन्तुलन निर्माण गरेकोले जुन प्रतिनिधि सभा विघटन विरुद्धको

[15] . संविधानसभा दर्पण २०६५-२०६९ व्यवस्थापिका संसद सचिवालय, पेज १०६

[16] . संविधानसभा दर्पण २०६५-२०६९ व्यवस्थापिका संसद सचिवालय पेज १३२

[17] . संविधानसभा दर्पण २०६५-२०६९ व्यवस्थापिका संसद सचिवालय पेज १०६

प्रत्याभूति हो। रामभारोथियम सम्पन्थानसमेत विरुद्ध महान्यायाधिवक्तासमेतको (Sc FR 361/2018) को संसद विघटन मुद्दामा श्रीलंकाको सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटनको निर्वाध र असिमित अधिकार प्रधानमन्त्री वा राष्ट्रपतिलाई हुदैन। अर्थात प्रधानमन्त्री संविधानको मर्म र व्यवस्थाभित्र रहेर प्रतिनिधि सभा प्रति उत्तरदायी रहनु पर्छ भनी राष्ट्रपतिलाई धारा ३२(२) ले दिएको संसद अधिवेशन आव्हान गर्ने, अन्त्य गर्ने र विघटन गर्दा धारा ७०(१) द्वारा निर्देशित हुनु पर्ने भनेको छ। सोमावाथी विरुद्ध वइरासिंगेको मुद्दामा श्रीलंकाको अदालतले …. We have to interpret the constitution on the same principle of interpretation as apply to ordinary law and that we have no right to stretch or twist the language in the interest of any political social or constitutional theory. नेपालको संविधानको धारा ७६(७) प्रतिनिधि सभा असफलताको अवस्था जनाउने हो। संसद विघटन तवमात्र हुन्छ जब संसद प्रधानमन्त्रीको नियुक्ति गर्न असफल हुन्छ। यो अवस्था सृजना भएको थियो र प्रतिनिधि सभा असफल भएको थियो भन्ने कुरा विपक्षीहरुले दस्तावेजबाट प्रमाणीत गर्नु पर्छ। नेपालको संविधानले प्रतिनिधि सभाको स्व-प्रकृयागत विघटन (Self-dissolution process) लाई मात्र ग्रहण गरेको छ। यो प्रकृया प्रतिनिधि सभाको कार्यकारिणी सरकार दिन नसक्ने असफलताबाट सिर्जना हुन्छ। संविधानको धारा ७६(७) को व्यवस्था प्रधानमन्त्रीको पूर्ण अधिकारको रुपमा नभै सरकार बन्न नसकी असफल भए आफै भंग हुने भएकोले प्रतिनिधि सभा विघटन गर्ने कार्य बदर गरी पाउँ।

१२३. **निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहालले गर्नु भएको बहस:**

प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्दाको सिफारिसमा धारा ७६(१)(७) र ८५ को आधार लिन खोजेको, लिखित जवाफमा धारा ७४, ७५ तथा पार्टीबाटै असहयोग भएकोसमेतका आधारमा Politically Justify गर्न खोजिएको छ। यसबाट प्रधानमन्त्रीले प्रतिनिधि विघटन गर्दा टेकेको धरातल स्पष्ट छैन। कार्यकारणी अधिकार मन्त्रिपरिषदमा हुन्छ, यसमा विवाद छैन तर यो अधिकारको प्रयोग प्रस्तुत विघटनको सन्दर्भमा कसरी जोडिन्छ, प्रस्ट छैन। बरु यसले भ्रम उत्पन्न गरेको र अन्तरविरोध देखिएको छ। लिखित जवाफमा वैकल्पिक सरकारको सम्भावना नै छैन भन्न सक्नु भएको छैन। प्रधानमन्त्रीले आफु ७६(१) को प्रधानमन्त्री भन्नु भएको भए पनि Fact & Evidence बाट दुई दलको एकिकरणपश्चात पनि प्रधानमन्त्री वास्तवमा ७६(१) मा परिणत हुन नसकेकोले धारा ७६(१) उल्लेख गरी विघटनमा उल्लेख गर्न मिल्दैंन। बहुमतको सरकार भन्दैमा संसदमा मौका नै नदिने र वैकल्पिक सरकारको खोजी नै नगर्ने भन्ने

होइन। संसदीय व्यवस्था भएका मुलुकमा पनि एकै प्रकारले विघटन हुदैंन। राष्ट्रपतिबाट परामर्श नगरिएको, एकै दिन विघटनको सिफारिस र अविश्वासको प्रस्ताव आएको छ। संविधानको धारा ७६(७) को पूर्वावस्था भनेको धारा ७६(५) बमोजिमको प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेको वा प्रधानमन्त्री नियुक्त हुन नसकेको अबस्था भई सो बाहेकको प्रधानमन्त्रीले विघटन गर्न नसक्ने हुँदा मागबमोजिम आदेश जारी गरी पाउँ।

१२४. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरेले गर्नु भएको बहस:</u>**

सर्वोच्च अदालतको फैसला तथा विगतको अनुभवबाट धारा ७६(७) को संरचना बनेकोले विकल्पविहिन अवस्थामा मात्रा विघटनको व्यवस्था गरेको तथा ऐतिहासिक दस्तावेज त्यही अभिप्राय भएकोले सोही बमोजिम व्याख्या गर्नु पर्छ। Prerogative is discretionary power to be exercised for the public good. It follows that its exercise can be examined by the courts just as any other discretionary power which is vested in the executive.[18] प्रधानमन्त्रीको कार्य कानूनसम्मत छ, छैन हेर्नु पर्ने। विशेषाधिकारको अस्तित्व भए यसको हद (Extent) कति हो। अधिकारको प्रयोग गर्दा कानूनको सीमाभित्र गरिएको छ छैन। विघटन औचित्यपूर्ण तवरले नगरेको र कानूनी चुनौति थपि दिएको छ। प्रधानमन्त्रीको उपयुक्त दुई विकल्प मध्ये पहिलो धारा १००(१) बमोजिम विश्वासको मत लिन सक्नेमा त्यो विकल्प प्रयोग नगरेको र अर्को विकल्प पदबाट राजिनामा दिन सकिनेमा यी दुवै विकल्प प्रयोग गरिएको छैन। प्रतिनिधि सभाबाट सरकार बन्न सक्ने अवस्था र विकल्प हुँदाहुँदै गरेको विघटन कार्य संविधान विपरीत हुँदा मागबमोजिम बदर गरी पाउँ।

१२५. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री गोविन्दप्रसाद शर्मा बन्दीले गर्नु भएको बहस:</u>**

संसदीय प्रणाली भएका मुलुकहरुमा संसदको विघटनको प्रकृया एकरुपता छैन। यो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक संस्कार र परिवेश अनुसार संविधानले निर्धारण गर्ने हो। नेपालको जस्तै स्वत: विघटनसम्बन्धी व्यवस्था फिजी, स्वीडेन, स्पेनमा रहेको र यो प्रधानमन्त्रीको अधिकारको रुपमा रहदैंन। स्थिरता र अनावश्यक खर्च रोक्न शर्त राखिने हो। सरकार बन्न नसकेमा वा सरकार असफल भै अर्को सरकारको विकल्प संसदले दिन नसकेमा मात्र विघटन हुन सक्ने हो। संविधान व्याख्या गर्दा न्यायाधीशले संशोधन हुने गरी व्याख्या गर्न नहुने, कार्यविधीगत स्वच्छता र वैधता भए नभएको हेर्नु पर्ने, content of positive law के

[18] . Lord Denning, The Discipline of Law, p. 103

हो विचार गर्नु पर्ने हुन्छ। व्याख्या गरी विघटनको अधिकार दिने हो भने धारा १००(१) निश्प्रभावी हुन पुग्ने भएकोले समन्वयात्मक व्याख्या गर्नु पर्छ। संविधानमा कुनै Fault line छैन। यो विघटन जनताको हितमा छैन। राष्ट्रप्रमुखले परामर्श गर्न सक्नेमा नगरेको तथा अकुशल कार्य गरिएको छ। यसैले विश्वासको मत प्राप्त प्रधानमन्त्रीले विघटन गर्न सक्तैन, राष्ट्रपतिले सन्तुलन कायम गर्नु पर्ने थियो। संविधानको धारा ४ ले समाजवाद उन्मुख हुने कुरा उल्लेख गरेकोले प्रधानमन्त्रीको सिफारिस र राष्ट्रपतिको निर्णयको न्यायिक परीक्षण हुन पर्ने हुँदा मागबमोजिम आदेश जारी गरी पाउँ।

१२६. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले गर्नु भएको बहस:</u>**

प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव राख्न नपाउने र अविश्वासको प्रस्ताव पेश गर्दा प्रधानमन्त्रीको लागि प्रस्तावित सदस्यको नामसमेत उल्लेख गरेको हुनु पर्ने नयाँ व्यवस्था संविधानको धारा १०० मा गरेको छ। प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभाको विघटन गर्न पाउने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) को प्रधानमन्त्रीको अधिकार कटौति गरी नयाँ व्यवस्था धारा ७६ ले गरी शक्तिपृथकीकरण र सन्तुलन सम्बन्धी नयाँ व्यवस्था आएको हो। बहुमत वा दुई तिहाईको सरकार भए संविधानको धारा १००(१) बमोजिम विश्वासको मत लिनु पर्ने वा विश्वासको मत लिन नसके धारा ७७ बमोजिम राजिनामा दिनु पर्नेमा विघटन गर्ने प्रधानमन्त्रीको सिफारिस तथा राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन गरेको विज्ञप्ती समेत बदर गरी पाउँ।

१२७. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ताहरु श्री मुक्ति प्रधान, श्री तुलसी भट्टले गर्नु भएको बहस:</u>**

लिखित जवाफमा उल्लेख गरेको वैधानिक अपेक्षाको सिद्धान्त, आवश्यकताको सिद्धान्त, राजनैतिक प्रश्नको सिद्धान्तको आधार र कारण संविधानसम्मत छैन। संविधानको धारा ७४, ७५ र ७६ ले प्रधानमन्त्रीलाई विशेषाधिकार, अवशिष्ट अधिकार प्रयोग गर्ने अवस्था छैन। प्रधानमन्त्रीले गरेको प्रतिनिधि सभाको विघटन र राष्ट्रपतिको निर्णयको संवैधानिक इजलासबाट न्यायिक पुनरावलोकन हुन सक्छ। दलीय व्यवस्थामा दलभित्रको समस्या समाधान पार्टी विधान र राजनैतिक दल सम्बन्धी संवैधानिक र कानूनी व्यवस्थाबाटै गर्नु पर्ने। संविधानको पालना नगरी प्रधानमन्त्रीले सरकार नबन्ने आधार कारण नखुलाई विघटन गरिएको छ। आफ्नो असक्षमता र कुनै बहानामा बहुमतको प्रधानमन्त्रीले विघटन गर्ने अधिकार धारा ७६ ले प्रदान नगरेबाट यसलाई सापेक्षतामा हेर्नु हुदैंन। बहुमत वा विस्वासको मत

कायम छ, छैन संसदमा परीक्षण हुनु पर्ने। आफुले सरकार चलाउन नसके वा चलाउन नदिएमा संसदीय दल र प्रतिनिधि सभालाई मार्ग प्रशस्त गर्नु पर्ने। संविधानको धारा ७६ ले कुनै आधार कारण खोलेर विघटन गर्ने अधिकार नदिएको, सरकार दिन नसके स्वत: भंग हुने हो। सुधारिएको संसदीय व्यवस्था भएको र कार्यकारणी अधिकारको प्रयोग संविधान र कानूनबमोजिम हुने हो। संविधानको उल्लंघन गरी गरिएको प्रतिनिधि सभाको विघटन गैरकानूनी बदर गरी प्रतिनिधि सभा पुनस्थापना गरी प्रधानमन्त्रीलाई संसदमै विश्वासको मत हासिल गर्न परमादेश जारी गरी पाउँ।

१२८. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेतिले गर्नु भएको बहस:</u>**

प्राकृतिक व्याक्तिले कानूनले बर्जित गरे बाहेकको सबै गर्ने अधिकार हुन्छ। तर कानूनद्वारा सिर्जित व्यक्तिलाई कानूनले दिएको जति अधिकार मात्र प्रयोग गर्ने शक्ति हुन्छ।[19] संविधान र कानूनले प्रदान गरेको अधिकारको परिधि नाघेर कुनै कार्य कानूनी व्यक्तिमा रुपमा रहेको प्रधानमन्त्रीले गरेमा त्यस्तो कार्यले संवैधानिक/कानूनी मान्यता पाउन सक्तैन। कानूनमा भएका प्रस्ट भाषा र नियमलाई छाडेर सिद्धान्त, परंपरा र अभ्यासलाई आधार लिन मिल्दैन। मन्त्रिपरिषदको निर्णय भन्दा बढी प्रधानमन्त्रीले थप गर्न नसक्ने र प्रधानमन्त्रीले गरेको सिफारिस भन्दा बढी निर्णय गर्ने अधिकार राष्ट्रपतिले गर्न सक्तैनन्। तर प्रस्तुत विघटन मन्त्रिपरिषदको निर्णयबमोजिम भएको छैन। प्रधानमन्त्री, बहुमत प्राप्त गरेको वा बहुमत सिद्ध गरेको दुवै बहुमत हुने भएकोले प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गरेपछि अल्पमत र बहुमतको प्रधानमन्त्री भन्ने हुदैन। तर प्रधानमन्त्रीले पहिला पाएको भन्दा विश्वासको मत बढि वा घटि हुन सक्छ। त्यो तर्क गरेर वा अन्तबाट परीक्षण हुने नभै संसदबाटै परीक्षण हुने हो। ताजा जनादेश भनेको निर्वाचनबाट आएको परिणाम नै ताजा जनादेश भएकोले उक्त जनादेश संविधानको धारा ८५ बमोजिम ५ वर्षसम्म ताजै कायम रहन्छ। ५ वर्ष अघि जनादेश खोज्ने व्यवस्था संविधानले गरेको छैन। यसैले धारा ७६ को व्याख्या गर्दा धारा ८५ र १०० को जीवन्तता रहने गरी समन्वयात्मक व्याख्या गर्नु पर्छ। अविश्वासको प्रस्ताव आउने देख्ने वित्तिकै अगावै विघटन गर्ने हो भने ५ वर्षे कार्यकाल कहिल्यै लागू नहुने हुँदा मागबमोजिम आदेश जारी गरी पाउँ।

१२९. **<u>निवेदक कृष्णभक्त पोखरेलको जिकिर तथा निज निवेदकसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री रामनाराण विडारीले गर्नु भएको बहस:</u>**

---

[19] . ने.का.प. २०४१ अंक ३ नि.नं. १९३६

संविधानको धारा ७६(७) ले धारा ७६(५) बाहेकको प्रधानमन्त्रीले विघटन गर्ने कल्पना गरेको छैन। पहिला धारा ७६(३) को प्रधानमन्त्रीलाई दिने कि भनेकोमा धारा ७६(३) को प्रधानमन्त्रीलाई पनि नदिने गरी सहमति भएको हो। प्रधानमन्त्री संसद प्रति उत्तरदायी नभए आस्थाको धरोहर न्यायलयले मात्र त्यसको बचावट गर्न सक्छ। प्रधानमन्त्रीलाई अन्तरनिहित अधिकार अवशिष्ट अधिकार प्रदान गरी विघटन गर्न पाउने अधिकार छैन। संवैधानिक सर्वोच्चता र लिखित संविधान भएपछि अन्तर्राष्ट्रिय अभ्यास खोज्नु आवश्यक छैन। धारा ७६ ले प्रधानमन्त्रीको अधिकार कटौति गरेर र धारा १०० ले संसदलाई नियन्त्रण गरेर नियन्त्रण र सन्तुलनको व्यवस्था संविधानले गरेकोले दुवैलाई समन्वयात्मक व्याख्या गर्नु पर्छ। प्रधानमन्त्रीले २०४७ सालको संविधान हेरेर सपना देख्न हुदैंन। संसद नै विघटन गरिदिएपछि विकल्प छैन भन्नु रुख काटेपछि फल फलेको खोइ? फूल फुलेको खोई? भने जस्तै हो। राजनीति पनि संविधानवाद अनुसार चल्छ। प्रधानमन्त्रीलाई पनि निर्वाचनमा उम्मेदवार, संसदीय दलको नेता दलले बनाएको हो। यसको यति मात्र भनेर हुदैन जुन दलबाट उम्मेदवार भै निर्वाचित भएको हो, पदको पदावधी कायम हुदै दल त्याग गर्नसमेत पाइदैंन। संविधानमा प्रतिनिधि सभाको कार्यकाल ५ वर्ष हुने भएकोले प्रधानमन्त्रीको हुकुम मान्ने होइन, संविधान अनुसार हुनुपर्छ। पार्टीबाट घेराबन्दी परेको कुनै प्रमाण छैन। संसद अधिवेशन शुरु हुन १२ दिनमात्र बाँकी छदै विघटन गर्नु दुराशय हो। संसदको सामना नगर्ने, पार्टी चलाउन नसक्नेले यसको बदलामा संसद विघटन गरी जनतालाई धोका दिइएको, बहुमत र अल्पमत अदालतले बुझ्ने होइन त्यो संसदले परीक्षण गर्नु पर्ने भएकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

१३०. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री प्रवेश के.सी.ले गर्नु भएको बहस:</u>**

विद्धान मुनरोले राजाको परमाधिकार (Prerogative) पनि न्यायिक पुनरावलोकन हुने उल्लेख गरेका छन्। संविधानको धारा ७६(७) प्रधानमन्त्रीको अधिकार नभै liability/duty हो। संविधानको धारा ७६(७) को व्यवस्थाको मनसाय र उद्देश्य सरकारको स्थायित्व लागि होइन र यो स्वत: विघटन पनि होइन। यो प्रधानमन्त्रीको अधिकार कटौति हो र Obligation हो। यो प्रधानमन्त्रीको स्वविवेकीय शक्तिको खारेजी हो।शर्त नभएको भए स्वविवेक हुन्छ। प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित दलको नेता होइन। राष्ट्रिय प्रतिबद्धता भैसकेको विषयमा काम गर्न नदिएको भनेको MCC पास नगरेको भन्ने हुँदा यसमा पनि दुराशय भएकोले माग बमोजिम आदेश जारी गरी पाउँ।

१३१. **निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री रमन श्रेष्ठले गर्नु भएको बहस:**

प्र.म. गिरीजा प्रसाद कोइराला लगायतले विघटन गर्दा राजपत्र तत्कालै प्रकाशित भएको पाइन्छ। सूर्यबहादुर थापाले संसद विघटन बिहान ११:४५ मा गरेकोमा सोहि दिन ३:३० बजे अर्थात पछि दर्ता भएको अविस्वासको प्रस्तावलाई कानूनी मान्यता दिइएको थियो। केही लिखत प्रमाणीकरण ऐनले राष्ट्रपतिले गर्ने नियुक्ति तथा निर्णयहरु राजपत्रमा प्रकाशित गर्नु पर्ने उल्लेख छ। राजपत्रमा प्रकाशित गरी जनतालाई जानकारी गराउनु पर्ने र सो नभएसम्म गरिएको कार्यले वैधानिकता पाउन सक्तैन।प्रतिनिधि सभा विघटनको सूचना राजपत्रमा प्रकाशित हुनुपूर्व नै प्रतिनिधि सभामा अविश्वासको प्रस्ताव दर्ता भएकोले अविस्वासको प्रस्ताव प्रभावशुन्य मान्न मिल्दैन। सिफारिस गर्नु पर्ने निकायले सिफारिस नगरेको वा राय नदिएको पनि बदर हुन्छ। संवैधानिक अदालतलाई जिल्ला अदालतलाई भएसरहको अधिकार भएकोले राजपत्र कहिले प्रकाशित भएको हो बुझ्न सकिन्छ। जनताले गरेका जायज अपेक्षा नै वैध अपेक्षा हो। न्यायाधीशले जनतालाई हेरि निर्णय गर्नु पर्छ। संविधानमा प्रतिनिधि सभा विघटन गर्न प्रधानमन्त्रीलाई विशेषाधिकार, अन्तरनिहित अधिकार नदिएकोले प्रत्यक्ष रुपले गर्न नसकिने कुरा परोक्ष रुपमा पनि गर्न पाइदैंन।अदालतले कानून बनाउदैंन। सरकारमा सामेल समाजवादीले फिर्ता लिएकोले विश्वासको मत लिनु पर्ने थियो। संविधान लामो समयसम्म चल्ने र बचाउने गरी व्याख्या गर्नु पर्ने। न्यायिक मनको प्रयोग नगरी आफुलाई प्राप्त अधिकार प्रधानमन्त्रीले प्रयोग नगरी मन्त्रिपरिषदको आधारमा प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गरेको र सम्मानीत राष्ट्रपतिले स्वीकृति दिएको हुँदा उक्त निर्णय सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (नि.नं. ४५८९, नि.नं. ४९७७, नि.नं. ६२०६, नि.नं. ६२४२, नि.नं. ८०८९, नि.नं. ७७८३,) समेतको विरुद्ध छ। ने.का.प. २०६८ नि.नं. ८६६६ मा दलहरु बीचको निरन्तर सहकार्य, सामान्जस्यता र सहकार्यको आधारमा मन्त्रिपरिषदको संरचना तयार पार्नु र सञ्चालन गर्नु परेको बाध्यात्मक व्यवस्थालाई विर्सिएर मन्त्रिपरिषदलाई प्रधानमन्त्रीको इच्छाधिन संरचना मानेर प्रधानमन्त्रीको निर्णय नै मन्त्रिपरिषदको निर्णय हुने Westminster Model मन्त्रिमण्डलीय प्रणालीको रुपमा चित्रण गर्नु उपयुक्त नदेखिने भनी सिद्धान्त कायम भएकोले यो शासन प्रणाली Westminster Model को होइन। प्रतिनिधि सभाको विघटन गर्ने अधिकार संविधानले नदिएको र प्रत्यर्थीले दावी गरे जस्तै विशेषाधिकार, कार्यकारी अधिकार, अन्तरनिहित अधिकारको हवला दिई प्रतिनिधि सभाको विघटन गर्न सकिदैन। किनकी प्रत्यक्ष रुपले गर्न नसकिने कुरा अप्रत्यक्ष रुपमा पनि गर्न सकिदैंन भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट

सिद्धान्त (नि.नं. २८५४, नि.नं. ७९६७ , नि.नं. ८१९०) प्रतिपादन भएको छ। प्रतिनिधि सभा विघटन गर्ने आधार र कारण बारेमा प्रधानमन्त्रीको कुनै छुट्टै राय सिफारिस नभएको, मन्त्रिपरिषदको निर्णयको आधारको रुपमा प्रस्तुत गरिएको, मन्त्रिपरिषदको निर्णय गर्दा उल्लेखित आधार र कारण गैरकानूनी र अनधिकृत साथै दुषित मनसायका साथ भएको देखिन्छ। लिखित संविधानले संविधानवादलाई अंगिकार गर्ने र संविधानवादले सिमित सरकारको कल्पना गर्दछ। वैकल्पिक सरकारको सम्भावना खोज्ने प्रधानमन्त्रीले होइन, संसदले भएको र वैकल्पिक सरकार दिन नसकेको भनी प्रतिनिधि सभाले भनेको अवस्थामा बाहेक अन्य व्यक्ति, निकायले भन्दैमा हुने होइन। तसर्थ मागबमोजिम आदेश जारी गरी पाउँ।

१३२. **<u>निवेदक देवप्रसाद गुरुङसमेतको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री गोपालदत्त पाण्डे र श्री सतिशराज मैनालीले गर्नु भएको बहस:</u>**

संविधानको धारा ७६(७) ले प्रधानमन्त्रीको विशेषाधिकार सिमित गरेको र धारा १०० ले संसदको अधिकार सिमित गरेको छ। प्रधानमन्त्रीको पद कानूनी पद भएको र अवशिष्ट अधिकारको श्रोत पनि संविधान हो। कानूनको नजरमा प्रत्यर्थी धारा ७६(१) को प्रधानमन्त्री होइन। आफ्नो पार्टीबाट सहयोग नगर्नेलाई पार्टीभित्रबाटै कारवाही गर्न सकिन्थ्यो। संविधानत: ५ वर्ष अगावै विघटन गर्न सकिदैंन, संसदले सरकार बनाउन नसके मात्र विघटन हुने हो।

१३३. **<u>निवेदक विद्वान अधिवक्ताहरु श्री कीर्तिनाथ शर्मा पौडेल, श्री अमिता गौतम पौडेलले गर्नु भएको बहस तथा निजहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री खडानन्द कडेलले गर्नु भएको बहस:</u>**

शुन्य अवस्था र अवधिमा मात्र Doctrine of necessity आकर्षित हुने हो। यो सिद्धान्तलाई अमेरिका लगायतका कतिपय देशले मान्यता दिएका छैनन्। एकातर्फ प्रत्यर्थीले Doctrine of necessity को जिकिर लिने र अर्कोतर्फ धारा ७६(७) को अधिकारको दावी गरेकोले आपसमा contradictory छ। धारा ८५ ले स्थायी संसदको परिकल्पना गरेको छ। प्रत्यर्थीको सरकार संविधानको धारा ७६(२) को हो तर विघटन केवल धारा ७६(५) ले मात्र गर्न पाउने हो। धारा ७६(१) र धारा ७६(७) को तालमेल हुन सक्तैन। यी आश्रित (related) धारा नभै विपरीत धारा हुन्। सुशासन दिए भनेकोमा पुष्टि हुदैन। पार्टीबाट असहयोग भएको भनिएकोमा पार्टीको नेतृत्व गर्न नसक्नेले राष्ट्रको नेतृत्व कसरी सम्भव छ। पार्टीमा अनुशासन कायम गर्ने कुरालाई संसद विघटन गर्न बाध्यता मान्न सकिदैंन। राष्ट्रिय सभा छ भन्दैमा प्रतिनिधि सभा विघटन गर्ने अधिकार सृजना हुदैंन। प्रतिनिधि सभा विघटन गर्ने विशेषाधिकार छैन। एउटै पार्टीको १७४ को सिट संख्या रहेपछि पार्टी भित्रैबाट

वैकल्पिक सरकार बन्ने अवस्था छ। सरकार नै बन्न नसकेको अवस्थामा मात्र Doctrine of necessity आकर्षित हुन सक्ने भएकोले रिट जारी गरी पाऊँ।

१३४. **<u>निवेदक विद्वान अधिवक्ताहरु श्री लोकेन्द्रबहादुर ओली, श्री केशरजंग के.सी.ले गर्नु भएको बहस तथा निजहरुको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री खिमानन्द अधिकारी, श्री पूर्णप्रकाश बस्नेतले गर्नु भएको बहस:</u>**

नेपालको संविधानको धारा ७६(७) बमोजिमको प्रतिनिधि सभाको विघटन संविधानको धारा ७६(५) बमोजिमको प्रधानमन्त्रीले विश्वासको मत नपाए वा प्रधानमन्त्री नियुक्त हुन नसके मात्र क्रियाशील हुने हो। प्रधानमन्त्रीले संविधानको घोर उल्लंघन गरी गरेको कार्यलाई संविधानको संरक्षक एवं पालन गर्नु पर्ने दायित्व रहेका राष्ट्रपतिले परामर्शसमेत नगरी प्रधानमन्त्रीको सिफारिसबमोजिम प्रतिनिधि सभाको विघटन गरेको पाइन्छ। अविश्वासको प्रस्ताव ल्याउन नपाउने अवधि दुई वर्षसम्म चुप लाग्ने र विधायिकाले प्रधानमन्त्रीलाई परीक्षण गर्न खोजेपछि विघटन गर्ने कार्य संविधान अनुरुप मान्न सकिदैंन। लिखित संविधानको विशेषता नै कठोरता भएकोले संविधानले तोकेको सीमा वाहिर गएर विघटन गर्न पाइदैंन। कुनै दल फुटेको कारणले समेत संसद विघटन हुन सक्तैन, त्यस्तो अवस्थामा संविधानको धारा १००(२) बमोजिम विश्वासको मत लिनु पर्ने हुन्छ। प्रस्तुत मुद्दाको विषयमा व्याख्या गर्दा स्थायित्व कायम रहने गरी व्याख्या गर्नु पर्छ। विकल्प रहेसम्म विघटन गर्न नपाइने र पार्टीभित्रको कलहको कारण आवेगमा विघटनको निर्णय गर्नु औचित्यपूर्ण र संविधानसम्मत नहुने भएकोले मागबमोजिम आदेश जारी संसद पुनस्थापना गरी पाऊँ।

१३५. **<u>निवेदक विद्धान अधिवक्ता श्री कलमबहादुर खत्रीले गर्नु भएको बहस तथा निजको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनालले गर्नु भएको बहस:</u>**

प्रतिनिधि सभाको विघटन संविधानको धारा ७६(५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत लिन नसकेमा मात्र विघटनको सिफारिस गर्न पाउने हो। निर्वाचनमा प्राप्त मत के.पि. शर्मा ओली मात्र प्रधानमन्त्री हुने गरी आएको मान्न सकिदैंन। किनकी समानुपातिकसहित प्रतिनिधि सभाका जुनसुकै सदस्य प्रधानमन्त्री बन्न सक्छन्। संविधान शासक र शासितको सम्झौता भएकोले केवल विघटन भन्ने शव्दलाई मात्र टेकेर संविधानको मर्म विपरीत जान र अधिकार दावी गर्न मिल्दैन। कानूनमा प्रयुक्त शब्द वा भाषाको जस्ताको तस्तै अर्थ लगाउनु पर्छ। कानूनमा प्रयुक्त शब्द स्पष्ट छ भने त्यहाँ व्याख्याको आवश्यकता हुदैंन। जहाँ कानूनमा प्रयुक्त शव्द अस्पष्ट, संदिग्ध वा वहुअर्थ लाग्ने छ भने मात्र व्याख्याको जरुरी पर्छ। प्रतिनिधि सभाको विघटन संविधानबमोजिम बाहेक अन्य

कारणले हुन सक्तैन। पटकपटकको विघटन लोकतन्त्र माथी नै काल पल्केको जस्तो भएको छ। यही प्रकारले विघटन भएमा प्रस्तावनामा उल्लेखित दिगो शान्ति, सुशासन, विकाश र समृद्धिको आकांक्षा कसरी पुरा हुन्छ। यो विघटन सदर भएमा प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव कहिल्यै ल्याउन नसकिने भएकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

१३६. **निवेदक विद्वान अधिवक्ता श्री मनिराम उपाध्यायले गर्नु भएको बहस:**

शासक वर्गले Malafied intention राखी कानून र संविधानको प्रयोग गरेमा कानूनको शासन नभै व्यक्तिको शासन हुने जसलाई रोक्नु अदालतको कार्य हो। संसदीय शासन प्रणालीमा प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार भए तापनि नेपालको संविधानले त्यसलाई Prerogative Right को रुपमा सम्बोधन नगरेकोले संसद विघटनको सिफारिस गर्नेसमेतको कार्य संविधानको धारा ७६ र ८५ विपरीत छ। प्रधानमन्त्रीलाई दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने अधिकार छ तर प्रतिनिधि सभा विघटन गर्ने विशेष अधिकार संविधानले दिएको छैन। यसैले संविधान र कानूनको सीमा बाहिर गएर गरिएको कार्य संविधान अनुरुप हुन सक्तैन। संवैधानिक सर्वोच्चता विरुद्धको विघटन गर्ने कार्य कायम हुन नसक्ने हुँदा बदर गरी पाउँ।

१३७. **निवेदक विद्वान अधिवक्ता श्री तुलसी सिंखडाले गर्नु भएको बहस:**

प्रतिनिधि सभा विघटन गर्ने विशेषाधिकार धारा ७६ मा नभएको र धारा ७६(५) को प्रधानमन्त्रीलाई मात्र धारा ७६(७) बमोजिमको प्रतिनिधि सभा विघटनको अधिकार हुने हो। संविधानको धारा ८५(१) मा यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ भन्ने छ। उक्त संवैधानिक प्रावधानमा "प्रधानमन्त्रीले अगावै विघटन गरेमा" नभनी "यस संविधान बमोजिम अगावै विघटन भएमा" भन्ने भाषा प्रयोग भएकोले विशेषाधिकार नभै संविधान अनुरुपको विघटन अर्थात सरकार बन्न नसकेमा गरिने स्वत: विघटन हो। Prerogative अर्थात Unrestricted right अहिले कहि पनि छैन। संविधानको धारा ७४ लाई हेरेर संसदीय व्यवस्थाको मूल्य मान्यता र परंपराको आधारमा प्रतिनिधि सभा विघटन गरी मध्यावधी निर्वाचन गर्ने व्यवस्था कहि पनि छैन। संविधानको धारा ७६(१०) मा उत्तरदायी हुने भनिएको तर आफ्नै पार्टीभित्र पनि सल्लाह सोधखोज केही नगरी एकलौटी रुपमा संसद विघटन गरिएको छ। निर्वाचन गर्न १२० दिन लाग्छ तर सो अवधि नै बाँकी नरहेकोले प्राविधिक रुपमा पनि निर्वाचन हुन कठिन भएकोले प्रत्यर्थीहरुको गैरसंवैधानिक कार्य बदर गरी प्रतिनिधि सभाको पूर्ण कार्यकाल कार्य गर्न दिनु भनी परमादेश जारी गरी पाउँ।

१३८. **<u>प्रत्यर्थी राष्ट्रपति, नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान महान्यायाधिवक्ता श्री अग्नी खरेलले गर्नु भएको बहस:</u>**

प्रतिनिधि सभा विघटन बदर गरी पाउँ भनी निवेदन परेपछि प्रतिनिधि सभा विघटन राजपत्रमा प्रकाशित भयो भएन भनी विवाद उठाउनु विरोधाभाष दावी हो। राजपत्र प्रकाशनका दुई मान्यता छन : (क) प्रकाशन भएपछि लागू हुने जस्तै ऐन, नियमहरु (ख) लागू भएपछि प्रकाशन हुने:- अरु काम कारवाही। दोश्रो प्रकारको प्रकाशन सूचीत र अभिलेखको लागि मात्र हो। यसले आधारभूत कुरामा केही फरक पार्दैन। संविधानको धारा ७६(१) बमोजिमको प्रधानमन्त्री रुपान्तरित भएको नमान्ने हो वा त्यस्तो सूचना राजपत्रमा प्रकाशित नभएको कारणले धारा ७६(२) को नै प्रधानमन्त्री मान्ने हो भने दुई वटा कुन कुन दल हो, अलग अलग अस्तित्व दावीकर्ताले नै देखाउनु पर्छ। दुई वटा दल रहेको कुरा प्रमाणित गर्ने भार पनि दावीकर्ता निवेदकको नै हुन्छ। धारा ७६(१) को सरकार भन्ने निवेदकतर्फका केही कानून व्यवसायीको बहसमा धारा ७६(२) को सरकार भनी जिकिर नै विरोधाभाषपूर्ण छ। प्रधानमन्त्री नियुक्ति हुँदा ७६(२) अनुसार बने पनि पार्टी एकिकरणसँगै स्वत: (Ipso Facto) धारा ७६(१) को प्रधानमन्त्रीमा परिणत भएको हो। एकिकृत दलको संसदीय दलको नेता चयन भएकोमा संसद सचिवालयसमेतलाई जानकारी गरिएको छ। दल एकिकृत भएको निर्वाचन आयोगको सूचना[20]बाट देखिन्छ। दलको एकिकरण राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम भएको तर प्रधानमन्त्रीले नेतृत्व गरेको दल एकिकृत भएमा कसरी धारा ७६(१) रुपान्तरण हुन्छ वा हुनुपर्छ भन्ने कुरा संविधान र कानूनमा नलेखिएको तर रुपान्तरण भएको तथ्यसंगत हो। संविधानको धारा ७४ संसदीय शासन प्रणाली, धारा ७५ कार्यकारणी अधिकार, धारा ७६ मन्त्री परिषदको गठन, धारा ८५, धारा ९१(६)(क), धारा २७३(७), धारा ५८ अवशिष्ट अधिकार, धारा ३०६(१)(ज) समेतले प्रतिनिधि सभाको विघटन हुनसक्ने परिकल्पना गरेको छ। संसदीय व्यवस्थामा प्रधानमन्त्रीको विघटनको अधिकारमा सीमा लगाउने हो भने संविधानमै प्रष्ट रुपमा निषेधात्मक व्यवस्था हुनुपर्छ। संविधानले सीमा नलगाएको हदसम्म संसदीय प्रणालीका गुण र विशेषताहरु लागू हुन्छन्। संसदीय प्रणालीका मानकहरुले प्रधानमन्त्रीलाई विघटनको अधिकार दिएको छ। "संसदीय प्रणालीमा प्रतिनिधि सभा विघटन प्रधानमन्त्रीको अन्तरनिहित अधिकार हो।"[21] प्रणाली र सिद्धान्तले आत्मसात गरेका मूल्यलाई अन्यथा भन्न मिल्दैंन। नेपालको संविधानमा श्रीलंकाको संविधानमा जस्तो विघटनमा सीमा नलगाएकोले श्रीलंकाको अदालतबाट प्रतिपादित

---

[20] . २०७५ जेष्ठ २३ को राजपत्र

[21] . जनक सुवेदी विरुद्ध नेपाल सरकार नि.नं. ८१३०

सिद्धान्त नेपालको सन्दर्भमा सान्दर्भिक छैन। संविधानलाई समुच्च रुपमा पढ्नु पर्ने र सबै धाराहरुको समन्वय हुने गरी व्याख्या गर्नु पर्छ। व्याख्या गर्दा text, context, legal reasoning हेरि व्याख्या गर्न सकिन्छ। ऐतिहासिक दस्तवेज हेर्दा शासकीय स्वरुप टुङ्गो लाग्दाको document हेर्नु पर्ने। मैले यस अघि बोलेको कुनै पनि कथनमा बहुमत प्राप्त दलको प्रधानमन्त्रीले विघटन गर्न नसक्ने भनी बोलेको छैन, रेकर्ड हेर्न सकिन्छ।संविधानको धारा ७६(२)(३)(४) को प्रधानमन्त्रीले विघटन गर्न धारा ७६(१) ले सक्तैन भन्ने अर्थ गर्ने हो भने कमजोरले सक्छ बहुमतको शक्तिशालीले सक्तैन भन्ने हुन्छ। यसले बहुमतको सरकार कमजोरको घेराबन्दिमा बस्नु पर्छ भन्ने हुन्छ। यस्तो कल्पना संसदीय प्रणाली अपनाउने संविधानले गर्न सक्तैन। विश्वासको मत प्राप्त प्रधानमन्त्रीको विश्वासको मत खण्डित नभएसम्म बहुमतको प्रधानमन्त्री नै कायम हुने हुँदा पुन: सिद्ध गर्न वाध्यता छैन। विघटन गर्ने मन्त्रिपरिषदको निर्णय छ। आधार र कारण सहितको प्रधानमन्त्रीको सिफारिस छ। सिफारिस बमोजिम विघटन भएको छ। चित्रबहादुर केसीको रिट निवेदनको फैसलामा प्रधानमन्त्रीले कुन परिवेश र अवस्थामा तोकिएको समय अगावै प्रतिनिधि सभाको विघटन गर्ने हो प्रधानमन्त्रीले रोज्ने विषय हो भनिएको छ। २०५२ सालको फैसलाले प्रतिनिधि सभाको पुनस्थापना गरे पछि पनि स्थिर सरकार नबनी पटकपटक सरकार फेरबदल हुने गरेकोले स्थिर सरकार नदिएकोमा अन्तत: कार्यकाल अगावै नै विघटन भएकोमा कसैले चुनौति नै दिइएन। यसैले विघटन सदर नगरी बदर हुँदाका चित्रहरु पनि सुखद भएका छैनन। यो सुधारिएको संसदीय व्यवस्था होइन। निर्वाचन परिणामको घोषणापश्चात धारा ७६ बमोजिमको कुनै प्रधानमन्त्री नै नियुक्त हुन नसकेमा निर्वाचन गर्ने कामचलाउ प्रधानमन्त्रीले पनि प्रतिनिधि सभा विघटन गर्न सक्छ। राजनीतिक प्रश्नमा अदालत प्रवेश गर्दैन।[22] बहुमतको सरकार रहेको र प्रधानमन्त्रीले राजिनामा नदिएको अवस्थामा अर्को सरकारको विकल्प थियो भन्ने प्रश्नै आउदैंन। संसदीय व्यवस्थामा Either the executive dies or the legislature die. Both can not die together भनिन्छ। पार्टी नफुटेको, विघटन अघि प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पनि दर्ता नभएको र धारा ७७(१) बमोजिम प्रधानमन्त्रीको पद रिक्त नभएकोले धारा ७६ का अन्य प्रकृया सम्पन्न गर्नु पर्ने अवस्था देखिन आउदैंन। संविधानको धारा ७६(७) बमोजिम अगावै विघटन भएकोमा बाहेक नलेखि संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेक लेखिएकोले धारा ८५ स्वतन्त्र धारा हो। विघटन गर्नु पूर्व प्रतिनिधि सभालाई जानकारी दिनु पर्नेसमेतको कुनै वाध्यता छैन। संरचनागत असफलता हुन नदिन विघटन गरिएको हो।बहुमत छ तर कार्यात्मक भएन भने संरचनागत

[22] . Baker vs carr, हरिप्रसाद नेपालको रिट (२०५१ सालको रिट नं. २३४०),

असफलतातर्फ जान्छ। विघटनको सिफारिस तथा लिखित जवाफ दुवैमा औचित्य खुलाएको छ। अवशिष्ट अधिकार संघमा रहने भन्नाले संघीय कार्यपालिका, व्यवस्थापिका र न्यापालिकाले आ-आफ्नो कार्यको लागि सम्बन्धित अंगले प्रयोग गर्ने भन्ने हो। प्रधानमन्त्रीले कुन परिवेश र अवस्थामा तोकिएको समय भन्दा अगावै प्रतिनिधि सभा विघटन गर्ने हो त्यो प्रधानमन्त्रीले रोज्ने विषय हो। शासन व्यवस्थामा गतिरोध भएको, आफ्नो दलको सांसदलाई अनुशासनमा राख्न, आधारभूत नीति वा कार्यक्रमका लागि नयाँ जनादेश प्राप्त गर्न समेतका विभिन्न कारणले विघटन गर्ने गरिन्छ। विघटनको सम्बन्धमा राय परामर्श आए पनि राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिस परिवर्तन वा अन्यथा गर्न सकिदैंन। हातखुट्टा बाधेर प्रधानमन्त्रीले राज्य सञ्चालन गर्न सक्तैन।त्यस्तो मनसाय संविधान निर्माताले गरेको छैन। भविष्यमा आउने प्रधानमन्त्रीहरुले काम नै गर्न नसक्ने गरी व्याख्या गरिनु हुदैंन। यसैले रिट निवेदन खारेज गरी पाउँ।

१३९. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुशील पन्तले गर्नु भएको बहस:</u>**

प्रधानमन्त्रीले जुनसुकै अवस्था र समयमा संसद विघटनको अधिकार संसदीय व्यवस्थामा हुन्छ। यो संसदीय व्यवस्थाको एक अवयव (ingredient) नै हो। अविश्वासको प्रस्ताव पारित भए पनि संसद विघटन गर्ने अधिकार संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई हुन्छ। नेपालको संविधानको धारा ७७(१)(ख) ले अविश्वासको प्रस्ताव पारित भएमा प्रधानमन्त्रीको पद रिक्त हुने भएकोले अविश्वासको प्रस्ताव पारित गरेपछि विघटन गर्न पाइदैंन। तर प्रतिनिधि सभा विघटन भएपछि आएको अविश्वासको प्रस्तावको कुनै अर्थ छैन। प्रधानमन्त्री सूर्यबहादुर थापाको पालामा प्रतिनिधि सभा जीवित हुँदा नै अविश्वासको प्रस्ताव आएकोले त्यस्तो अवस्थामा समय तत्वको महत्व हुदैंन। तर यहाँ संस्था (प्रतिनिधि सभा) विघटन भएपछि आएकोले समय तत्वको महत्व हुन्छ। संविधानको धारा ७६(७) विना पनि धारा ७४ र ८५ को संवैधानिक व्यवस्थाबाटै प्रधानमन्त्रीले संसद विघटन गर्न सक्छन्। संसदीय व्यवस्था आफैमा मुख्य खम्बा (main Piller) भएकोले त्यो Fault line होइन। संविधानमा प्रणाली स्वीकार गरिएपछि नलेखिएको कुरामा Convention हेर्ने हो। संसदीय व्यवस्थामा प्रधानमन्त्रीले मन्त्रीलाई Dismiss र संसदलाई Dissolve गर्न सक्ने भएकोले संसदीय व्यवस्थाका यी चरित्र वा अवयवहरुलाई अस्वीकार गर्ने हो भने संविधान वा संवैधानिक कानूनबाट सीमा लगाउनु पर्छ। संसदीय व्यवस्थालाई संवैधानिक प्रावधानमा स्वीकार गरिएपछि संविधानले बाहेक (Exclude) गरे जति मात्र बाहेक

हुने गरी व्याख्या गर्ने हो, संसदीय व्यवस्थाका बाँकी मूल्य मान्यता, विशेषताहरु यथावत रहन्छन्। अविश्वासको प्रस्ताव दुई वर्षसम्म ल्याउन नपाइने[23] जस्ता संवैधानिक प्रावधानले नै Exclude भएको हदसम्म सुधारिएको मान्न सकिएला तर धारा ८५ मा धारा ७६(७) को अवस्थामा बाहेक अन्य अवस्थामा विघटन गर्न नपाइने भनिएको छैन। धारा ८५(१) मा यस संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेक भनिएकोले धारा ७६(७) को अतिरिक्त धारा ७४ पनि आकर्षित हुन्छ। संसदीय व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा रहेकोमा नेपालको संविधानको धारा ७४ मा राखिएकोले उक्त Operating Clause ले प्रधानमन्त्रीलाई अधिकार दिने भएबाट थप व्याख्याको जरुरी छैन। संविधानको धारा ७६(७) बमोजिम निर्वाचन परिणामको घोषणा भएकोमा कुनै पनि प्रधानमन्त्री नियुक्त हुने अवस्था नभएमा निर्वाचन गर्ने / कामचलाउ (Care-taker) प्रधानमन्त्रीले समेत विघटन गर्न पाउछ। धारा ७६(१) को प्रधानमन्त्रीलाई विश्वासको मत नै लिनु पर्दैन। आफ्नो दलको केही जनाको संलग्नतामा अविश्वासको प्रस्ताव पारित गरे पनि बहुमत प्राप्त दलको प्रधानमन्त्री उक्त दलको संसदीय दलको नेता रहेसम्म धारा ७६ को प्रकृयाबाट अन्य व्यक्ति प्रधानमन्त्रीमा नियुक्त हुन पनि सक्तैन। प्रधानमन्त्रीले यी यी बाधा अवरोध असहयोग भएको भनी उल्लेख गरेका कुरा राजनीतिक प्रश्न हुन्। त्यसैले संसद विघटन गर्नु परेका कारणहरु राजनैतिक भएकोले त्यसमा अदालत प्रवेश गर्न मिल्दैंन। धारा ७६(७) को शव्द विघटन परे पनि त्यो स्वत: भंग अर्थात Ipso-facto हो भने धारा ८५ विघटन हो, त्यो धारा ७४ संगै अधिकारको सृजना गर्छ। दुई अधिवेशनको फरक छ महिना भन्दा बढी हुन नहुने जीवित संसदको लागि हो। प्रस्तावनामा आवधिक भनिएको छ भनी जिकिर गरे पनि धारा ७६(७) बमोजिम हुने निर्वाचन कसरी आवधिक हुन सक्छ, यो तर्क संविधानसम्मत छैन। यसैले रिट जारी हुने अवस्था नभएकोले रिट खारेज गरी पाउँ।

१४०. **<u>प्रत्यर्थी राष्ट्रपति, नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेले गर्नु भएको बहस:</u>**

संसदीय व्यवस्थामा जुनसुकै प्रधानमन्त्रीले जुनसुकै अवस्थामा पनि विघटन गर्न पाउछ। नेपालको संविधानले प्रधानमन्त्रीलाई नेपाल अधिराज्यको संविधान, २०४७ भन्दा पनि बढी अधिकार (राष्ट्र प्रमुखको अधिकारको कटौति तथा संसदको अधिकार कटौति गरी) दिएको छ। सरकारको काम पुरा गराउन, House intact राख्न र विपक्षी तथा पार्टीलाई अनुशासनमा राख्न, सरकारलाई शक्तिशाली र प्रभावकारी बनाउन, गतिरोध हटाउन, कुनै प्रस्ताव (Resolution) पास गर्न, मुख्य विषय

[23] . नेपालको संविधानको धारा १०० को उपधारा ४ को प्रतिबन्धात्मक वाक्यांश

(Major Issue) मा नागरिकको सरोकार बुझ्नको लागि संसदको विघटन प्रधानमन्त्रीको राजनैतिक हतियार हो। संसदमा बहुमत कायम गर्ने लठ्ठीको रुपमा रहेको विघटनको अधिकार नभए प्रधानमन्त्रीको लठ्ठी भाचिन्छ। यी विषयमा परीक्षण गर्ने अधिकार ultimate Sovereign लाई हुन्छ। सार्वभौमसत्ताको प्रयोग गर्ने वैधानिक व्यक्ति प्रधानमन्त्री नै हो। संसदीय शासन व्यवस्थामा विघटनको अधिकार प्रधानमन्त्रीको विशेषाधिकार[24] हो। संसदीय व्यवस्थामा प्रधानमन्त्रीले विघटन गर्न पाउने अधिकार नियम (rule) भएकोले नपाउने हो भने त्यस्तो Exception प्रस्ट रुपमा उल्लेख हुनु पर्छ। विघटनको सिफारिसलाई सार्वभौमले इन्कार गर्न सक्तैनन्।[25] सन्तुलन र नियन्त्रणको लागि, समन्वयात्मक कार्य वातावरणको लागि, अविश्वासको प्रस्ताव रोक्न, Major issue पारित गर्न, अल्पमतको सरकारलाई स्थिर गर्नको लागि विघटनको अधिकार प्रधानमन्त्रीलाई हुनुपर्छ भन्ने मान्यता रहेको छ। यो तिम्रो (संसदको) इच्छा र जनताको इच्छा एकै भए नभएको जाँच्ने माध्यम हो। सरकार स्थिर हुनुपर्छ भन्ने मान्यतामा विघटनको अधिकार प्रधानमन्त्रीलाई दिइएको हो। M.P.Jain ले प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार प्रयोग गर्न पाउदा साना दलहरुको अस्तित्व लोप भई स्थिर सरकार बन्छ भन्नु भएको छ। प्रतिनिधि सभाको विघटनलाई प्रधानमन्त्रीहरु गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवाको मुद्दाहरुमा सर्वोच्च अदालतले मान्यता दिएको छ।Lord Roskill ले संसदको विघटन सहित Relating to making treaties, the defence of the realm, the prerogative of mercy, the grant of honours लाई विशेषाधिकार (Prerogative power)[26] भित्र पर्ने उल्लेख गरेका छन्। यस्ता विषय न्यायिक पुनरावलोकनका विषय हुदैनन्। भारत लिखित संविधान भएकोमा पनि संसदीय परम्परालाई मान्यता दिएको छ।[27] प्रधानमन्त्रीमा कानूनी अधिकारको अलावा अन्तर्निहित अधिकारसमेत रहेको हुन्छ[28] भनी नेपालको सर्वोच्च अदालतबाट बोलिएको छ। नेपालको संविधानको धारा ७४ मा संसदीय प्रणाली स्वीकार गरेको छ। संविधानमा Expressly उल्लेख नगरे पनि Impliedly कतिपय कुरा स्वीकार गरिएको छ भने Concept, basic principle, circumstances को आधारमा विघटन हुन्छ। संसदीय व्यवस्था स्वीकार गरेपछि Impliedly सो प्रणालीका bunch of right प्राप्त हुन्छ। बहुमतको सरकारले विघटनको सिफारिस गरेपछि अर्को सरकार बन्न सक्ने अनुमान नै गरिदैंन। भारतमा बहुमतको समर्थन

[24] . Sir Ivor Jennings, The law and the Constitution, 5th edition
[25] . Hood Philips and Jackson, Constitutional law and Administrative law, 8th Ed. At 165-166
[26] . Council of Civil Service Union (CCSU) v. Minister for the Civil Service, (1984) 3 All ER 935: (1985) AC 375
[27] . Madan Murari v. Chaudhari Charan Singh, AIR 1980, Cal.95
[28] . जनक सुवेदी वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत नेकाप २०६६ नि.नं. ८१३०

प्राप्त प्रधानमन्त्रीले गरेको लोकसभा विघटन गर्न सक्ने बताइएको छ।[29] श्रीलंकाको संविधानमा संसदीय शासन प्रणाली उल्लेख नभै Democratic Socialist Republic, Representative Democracy भएको र श्रीलंकाको संविधानको धारा ७०(१) को प्रतिवन्धात्मक वाक्यांशमा Restricted Provision रहेको छ तर नेपालमा त्यस्तो कुनै प्रतिवन्धात्मक वाक्यांश वा Restriction छैन। संविधानको धारा ७६(७) मा उल्लेखित पूर्वशर्तमा प्रधानमन्त्रीले सिफारिस गरेको, राष्ट्रपतिले घोषणा गरेको र ६ महिनाभित्र निर्वाचनको मिति घोषणा गरेको हुनु पर्छ।संविधान सभाले गरेको मस्यौदामा उपधारा (५) बमोजिमको प्रधानमन्त्री नियुक्त हुन नसकेमा भनिएकोमा यो संविधानमा उपधारा (५) हटाइएकोले जुनसुकै प्रधानमन्त्रीले पनि विघटन गर्न सक्छ। सो धारा ७६(७) मा उल्लेखित "**नसकेमा"** भन्नाले Past, Present and Future मा प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्था जनाउने हो। निवेदकको जिकिरमा प्रधानमन्त्रीले संसद Face नगरेको, Test नगरेको भन्ने भए पनि यदी संविधान निर्माताको त्यस्तो मनसाय भए किन संविधानमा उल्लेख गरिएन ? कुन परिस्थितिमा विघटन गर्न पाउने भनी उल्लेख नगरी openly प्रधानमन्त्रीलाई विघटनको अधिकार दिइएको छ। वैकल्पिक सरकारको विकल्प Sovereign राष्ट्रपतिले हेर्ने विषय हो यो अदालतले हेर्ने विषय नभएकोले अदालतले केवल प्रधानमन्त्रीले सिफारिस गरे नगरेको, राष्ट्रपतिले घोषणा गरे नगरेको र ६ महिनाभित्र निर्वाचनको मिति तोके नतोकेको मात्र हेर्नु पर्छ। व्यवस्थापिका, न्यायपालिकाको कार्य बाहेकको बाँकी अवशिष्ट अधिकार संघिय कार्यपालिकामा रहेको, संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई संसद विघटन गर्ने विशेषाधिकार हुने हुँदा रिट निवेदन खारेज गरी पाउँ।

१४१. **प्रत्यर्थी राष्ट्रपति, नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ताहरु श्री नारायण प्रसाद पौडेल, श्री विश्वराज कोइरालाले गर्नु भएको बहस:**

कानून व्याख्या गर्दा Text clear छैन भने Legal meaning निकाल्नु पर्छ। संसदीय व्यवस्थाको Concept स्वीकार गरिसकेपछि त्यसका अवयव (ingredient) लाई अन्तरनिहित रुपमा लिइन्छ। धारा ८५ ले संविधान बमोजिम ५ वर्ष अगावै विघटन भएकोमा बाहेक भनिएकोले यो Fix term होइन।धारा ७६(७) को "वा" पछि प्रधानमन्त्री नियुक्त हुन नसकेमा भनिएकोले धारा ७६(५) बमोजिमको प्रधानमन्त्री नियुक्त हुन नसकेमा मात्र सिमित गरेको होइन। किनकी त्यसरी राख्ने भए मस्यौदामा भएको उपधारा (५) बमोजिमको प्रधानमन्त्री नियुक्त हुन नसकेमा हटाउने नै थिएन। प्रधानमन्त्रीको सिफारिस उपर राष्ट्रपतिले परामर्श गर्नु पर्ने

[29] . M.P. Jain, Indian Constitutional Law, 6th ed. P. 64

बाध्यता छैन। किटानी व्यवस्थाले Duty Impose नगरेपछि बाध्यात्मक रुपमा पालना गर्न पर्ने भन्ने हुदैन। हाम्रो संसदीय अभ्यास हेर्दा बहुमतले संसद विघटन गर्न सक्छ भन्ने छ। संसदीय व्यवस्थाको प्रणाली स्वीकार गरिसकेपछि त्यसको Basic norms & character पनि मानिएको हुन्छ। प्रधानमन्त्रीले प्रतिनिधित्व गरेको दलले सहयोग गरे नगरेको विषय Judicial manageable विषय होइन। प्रधानमन्त्रीले राजिनामा वा विघटन रोज्नु पर्नेमा विघटन रोज्नु भएको छ। बहुमतको सरकारले विघटन गरेको छ। Greatest happiness of the greatest number हेरिनु पर्छ। संविधानमा विघटन गर्न नपाउने गरी रोक लगाउन चाहेमा संविधानमा नकरात्मक व्यवस्था गरी रोक लगाउन सकिनेमा स्पष्टत: विघटन रोक नलगाएकोले निवेदन खारेज गरी पाउँ।

१४२. **<u>प्रत्यर्थी राष्ट्रपति, नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ताहरु श्री संजीवराज रेग्मी, श्री लोकराज पराजुली, श्री खेमराज ज्ञवालीले गर्नु भएको बहस:</u>**

विघटनको सिद्धान्तलाई धारा ८५ ले स्वीकार गरेको छ। अर्थात यो विघटन नहुने Absolute Fix Term होइन। पार्टीमा अनुशासन कायम गर्न, कार्यपालिकालाई शक्तिशाली बनाउन, Inter-institutional deadlock हटाउन, जनमत प्राप्त गर्न, A way of testing major issue, वैकल्पिक सरकार बनाउन नसकेमा, Parliament unworkable भएमा प्रधानमन्त्रीले विघटन गर्न सक्छ। धारा ७६(७) स्वत: विघटन हुने प्रावधान नभै कुनै प्रधानमन्त्रीले सिफारिस गर्नु पर्ने र राष्ट्रपतिले विघटन गर्नु पर्ने हुन्छ। संसदीय व्यवस्था धारा ७४ ले स्वीकार गरेकोले अन्तरनिहित अन्तरवस्तु हेर्नु पर्छ। धारा ७६(७) ले प्रधानमन्त्री नियुक्त हुन नसकेमा भनिएकोमा धारा ७६(१)(२)(३)(५) मा "प्रधानमन्त्री नियुक्त" शब्द उल्लेख भएकोले उक्त कुनै प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्था सृजना भएमा विघटन हुने हो। बहुमत प्राप्त दलको तर्फबाट प्रधानमन्त्री हुन नसक्ने वा हुन नचाहने अवस्था आउन सक्ने भएकोले बहुमतले सरकार बनाउनै पर्ने भन्ने बाध्यत्मकता हुन सक्तैन। बहुमतको सरकार रहिरहेकोले वैकल्पिक सरकारको संभावना नै छैन। परामर्श राष्ट्रपतिको स्वेच्छिक विषय भएकोले परामर्श गरियो गरिएन, गर्नु पर्दथ्यो वा पर्दैनथ्यो, निर्वाचन हुनै सक्तैन, निर्वाचन गर्ने आर्थिक अवस्था नै छैन भनी उठाएका विषय राजनैतिक भएकोले अदालत त्यस्तो विषयमा प्रवेश गर्नु हुदैंन। शक्तिपृथकीकरणको सिद्धान्तले पनि राजनैतिक प्रश्नमा प्रवेश गर्न मिल्दैंन। संकटकालमा पनि चुनाव हुन सक्ने भएकोले अहिले कोभिडको समयमा नहुने भन्ने कानूनी आधार छैन। प्रधानमन्त्री विरुद्ध १०:३० बजे नै अविश्वासको प्रस्ताव दर्ता भएको भनिएकोमा संसद सचिवालयको सूचनाबाट त्यो पुष्टि नभएकोले निवेदक

तथ्य ढाँटी आएको प्रष्ट छ। प्रतिनिधि सभामा भएका सबै दलहरुले विघटनको विरोध र भर्त्सना गरे भनि निवेदनमा लेखिएको बेहोरा पनि तथ्य ढाँटी आएको प्रस्ट छ। ०७७-WO-००७४ को मुद्दामा निवेदक अधिवक्ता दिनेश त्रिपाठीले कोभिडको असरले चुनावसम्बन्धि कार्ययोजना माग गरेकोले चुनाव सम्बन्धी निवेदकको धारणा के हो भन्ने आफैमा विरोधाभाषपूर्ण भएकोले निवेदक सफा हात नलिई अदालत प्रवेश गरेको प्रष्ट छ। धारा ७४ र ८५ को व्याख्या अन्तरसम्बन्धित छन्। संसदीय व्यवस्थाको मूल्य मान्यतामुखी व्याख्या हुन जरुरी छ। अनुसूची-४ जनमत संकलनको लागि समितिले पारित गरेको प्रश्नावली र जनताले दिएको सुझावसम्बन्धको प्रश्न १९ संघीय विधायिकाको तल्लो सदनलाई विघटन गर्न उपयुक्त हुन्छ, हुदैन? भन्नेमा (क) विघटन सम्बन्धी व्यवस्था राख्ने भन्नेमा २२१३८ जना, (ख) विघटन सम्बन्धी व्यवस्था नराख्ने भन्नेमा १०६२२ तथा अन्य ९०२ जना रहेको[30] पाइन्छ। उक्त सुझावमा ६५.७४ ले प्रधानमन्त्रीलाई विघटनको अधिकार दिनु पर्छ भन्ने छ। उक्त प्रश्नावलीको अलवा संविधान सभामा आएका विभिन्न नयाँ सुझावहरुमा जनताको प्रत्याह्वानमा सदस्यलाई फिर्ता गर्न सकिने, जनताको हितमा काम गर्न नसकेमा विघटन गर्न सकिने, राज्य र जनता विरुद्ध कार्य गर्न नसकेमा विघटन गर्न सकिने, कारण स्पष्ट गरी विघटन गर्न सकिने भन्नेसमेत छन्। Walter Bagehot ले राष्ट्र प्रमुखलाई Right to consulted, Right to incourage,  Right to warn हुन्छ भनेका छन्। नेपालको संविधान अनुसार राष्ट्र प्रमुख औपचारिक राष्ट्र प्रमुख मात्र भएकोले परामर्श त गर्न सक्छन् तर सिफारिसबमोजिम गर्नु बाहेकको विकल्प नै छैन। व्याख्याको माध्यमबाट दुविधा हटाउन, गतिरोध हटाउन, दुस्कृति हटाउन गरी व्याख्या हुनु पर्छ। संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने भएकोले संविधानसम्मत र असम्मत कानूनका श्रोतलाई व्याख्यामा सहायता लिन सकिन्छ। संविधानको व्याख्या गतिशिल र जीवन्त हुनु पर्छ। कार्यकारणी शक्ति जुन सार्वभौम सत्ताको एक अंश हो। धारा ५८ ले अवशिष्ट अधिकार राज्यको विधायिका, कार्यपालिका र न्यायपालिकालाई किटान गरी दिएका अधिकार बाहेक बाँकी रहेका अवशिष्ट अधिकार पनि कार्यकारणी नै नै प्राप्त हुन्छ। संसदीय व्यवस्थामा व्यवस्थापिका र कार्यपालिका वीच शक्तिको Fusion हुन्छ। संसदीय शासन प्रणालीमा प्रधानमन्त्री प्रतिनिधि सभाप्रति उत्तरदायी हुने र प्रतिनिधि सभा प्रधानमन्त्रीद्वारा विघटन हुन सक्ने व्यवस्थाले गर्दा यी दुई निकाय एक आपसमा निर्भर भैरहेको हुन्छ। यही नियन्त्रण

[30]. संविधानसभा व्यवस्थापकीय अङ्गको स्वरुप निर्धारण समिति अवधारणा पत्रसहितको प्रारम्भिक मस्यौंदा प्रतिवेदन, २०६६, अनुसूचि- ४ जनमत संकलनको प्रश्नावली र सुझावको संक्षेपीकरण प्रश्न १९ पेज XXVII।

र प्रतिनियन्त्रणको व्यवस्थालाई अदालतले सन्तुलन कायम हुने गरी व्याख्या गर्नु पर्ने हुन्छ। संसद विघटन सम्बन्धी विषय Political question भएको कुरा २०५१, २०५९ सालका विघटन मुद्दाहरुको नजिरमा स्पष्ट उल्लेख भएकोले निवेदन दावी खारेज गरी पाउँ।

१४३. **<u>प्रत्यर्थी राष्ट्रपति, नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, विद्वान सह न्यायाधिवक्ताहरु श्री श्याम कुमार भट्टराई, श्री उद्धव प्रसाद पुडासैनी, विद्धान उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले गर्नु भएको बहस:</u>**

अदालतबाट हुने संविधानको व्याख्याले संविधानको विकास गर्छ। यसैले अदालतको फैसला यस्तो होस कि सैद्धान्तिक रुपमा स्वीकार गर्न सकियोस्, बौद्धिक रुपमा आदरयोग्य होस्, व्यवहारिक रुपमा कार्यान्वयनयोग्य होस्। संविधान सुत्रमा हुन्छ, शास्त्र नबुझी सुत्र बुझिदैंन। संविधान सिद्धान्तहरुको संग्रह हो। संसदीय शासन प्रणालीका निश्चित मूल्य मान्यता र सिद्धान्तहरु हुन्छन्। ती सिद्धान्तहरुको मौलिक चरित्रहरुलाई संविधान निर्माताहरुले स्वीकार गरेका हुन्छन् भनी मानिन्छ। संसदीय शासन प्रणाली स्वीकार गरेपछि त्यसको अन्तरनिहित Value सँगसँगै जोडिएर आउछ। संविधानमा उल्लेखित legal rule बाट संविधानको मनसाय पत्ता नलागे Non-legal rule को सहायता लिई अदालतले व्याख्या गर्न सक्छ। यसैले व्याख्या परम्परा, व्यवहार, प्रचलनको आधारमा गर्न नसकिने भन्ने होइन। संविधानको व्याख्या तीनवटा कोणहरु जस्तै: Interpretative prospective, normative prospective, comparative prospective बाट गर्न सकिन्छ। संविधानको व्याख्या गर्दा यी ५ आधार जस्तै 1. Constitutional text, 2. constitutional context, 3. constitutional doctrine, system, theory, 4. Constitutional history and 5. Logical reasoning मा गर्न सकिन्छ। राष्ट्रपतिय प्रणालीमा राष्ट्र प्रमुख तथा सरकार प्रमुखलाई विघटनको अधिकार हुदैंन। संसदीय प्रणाली र मिश्रित प्रणाली दुवैमा संसद विघटनको अधिकार प्रधानमन्त्रीलाई हुन्छ। संविधानको धारा ५६(७) शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन कायम गर्न प्रधानमन्त्रीलाई विघटनको अधिकार हुनुपर्छ। किनकी विघटनको अस्त्र विना प्रधानमन्त्रीले नियन्त्रण र सन्तुलन गुमाउछ। संविधानको धारा ७४ भित्र अन्तर्निहित विशेषाधिकार (Prerogative power) छ। राजनीतिक बजारमा झरेको अम्लिय वर्षामा prerogative power रुपी विघटनको छाताले संविधान जोगाउछ। प्रधानमन्त्री संविधानको सीमाभित्र मात्र शक्तिशाली हो। शक्तिपृथकीकरणमा कोही शक्तिशाली र कोही कमजोर भन्ने हुदैन। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विधान २०७५ संघीय संसदीय दलको दफा ७ को देहाय (घ) मा दलको बैठक बस्न आवश्यक छ भनी

विषय र कारण खुलाई दलको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुले दलको नेतासमक्ष लिखित सूचना दिएमा सूचना प्राप्त भएको मितिले ७ दिन भित्र संसदीय दलको बैठक बोलाउनु पर्ने व्यवस्था रहेकोमा संसदीय दलमा त्यस्तो कुनै कारवाही बढाएको भन्ने छैन। संविधानले संसदीय दललाई चिन्छ। प्रधानमन्त्री संसदीय दलको नेता यथावत कायम रहिरहेको र पार्टी विभाजन नभएको अवस्थामा सोही पार्टीबाट अर्को प्रधानमन्त्री हुने कल्पना संविधानले गरेको छैन। संविधानमा प्रतिनिधि सभाको विघटन हुनै नसक्ने प्रावधान छैन। धारा ७६(७) ले स्पष्ट रुपमा विघटन गर्ने अधिकार दिएको छ।त्यो विघटन तत्काल वहाल रहेको प्रधानमन्त्री वा मन्त्रीमण्डलको अध्यक्षले समेत गर्न सक्छन्। सबै प्रकृया संविधानको धारा ७६(७) को परिधिभित्र रहेकोले संविधानको उल्लंघन भएको छैन। संविधानको धारा ७६(१) को बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री भएकोले संसदीय दलको नेतामा हेरफेर नभै वा दल विभाजन नभै वा अविश्वासको प्रस्ताव पारित नभै धारा ७६(२) मा जान सकिदैंन। जबसम्म धारा ७६(१) बमोजिम शर्तात्मक अवस्था निस्कृय भएको छैन वा यथावत कायम रहि रहेको अवस्था धारा ७६(२) वा अन्य उपधारा बमोजिमको प्रधानमन्त्री नियुक्त हुन सक्तैन। प्रधानमन्त्रीको पदरिक्त वा पदमुक्तको दुवै अवस्था नभएको, धारा ७६(१) को अवस्था समाप्त भै विकल्प खोज्ने अवस्था नै नदेखिएपछि अन्य कुनै किसिमको प्रधानमन्त्री नियुक्त हुने अवस्था हुदैन। प्रधानमन्त्री मनमोहन अधिकारी भएको मुद्दामा अविश्वासको प्रस्ताव दर्ता भएपछि संसद छल्न नपाउने सिद्धान्त कायम भएकोले उक्त सिद्धान्तलाई नजिरको रुपमा प्रयोग गर्न सकिन्छ। दुराशय हुनको लागि अभियोग लागेको हुनुपर्छ। तथ्यपरक, ठोस आधार प्रमाण नरहेकोले निस्सार दोषारोपण गर्नु मात्र पर्याप्त छैन भनी यस अघिका प्रधानमन्त्रीहरु गिरिजा प्रसाद कोइराला, शेरबहादुर देउवा विरुद्ध परेको मुद्दाहरुमा बोलिएको छ। संवैधानिक नैतिकताको प्रश्न सार्वभौम जनताले परीक्षण गर्ने हो। संविधान रुपी शरिरमा धारा ७४ र ७४ ब्रेन हो। आवधिक निर्वाचन circulatory system हो। संविधानले आवधिक निर्वाचन चिन्छ, मध्यावधी चिन्दैन भन्न मिल्दैन। बालिग मताधिकार, आवधिक निर्वाचनभित्रै मध्यावधी पनि अन्तर्निहित हुन्छ। धारा ७४, ७५ को समन्वात्मक व्याख्या गर्दा प्रधानमन्त्रीको अधिकार सुनिश्चित हुन्छ। संविधानको व्याख्या गर्दा Functional structure failure नहुने गरि गर्नु पर्छ। सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग निर्वाचन प्रकृया हुने हो। संविधान सभामा आएका विभिन्न सुझावहरुमा ६५.७४ ले प्रधानमन्त्रीलाई विघटनको अधिकार दिनु पर्छ भनेकोले उक्त Value संसदीय व्यवस्था अन्तर्गत समाहित भएको छ। संविधानले स्वीकार गरेको norms, value लाई छाडी अन्यथा व्याख्या गर्नु हुदैंन। प्रधानमन्त्रीले पदबाट राजिनामा गरी

विकल्प खोज्ने संवैधानिक व्यवस्था तथा मनसाय नभएकोले रिट निवेदन खारेज गरी पाउँ।

१४४. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमेश बडालले गर्नु भएको बहस:</u>**

संसदीय शासन प्रणालीमा प्रधानमन्त्री वास्तविक रुपमा कार्यकारी प्रमुख मानिने र राष्ट्रप्रमुख प्रतिकात्मक स्वरुप (Figure head) मात्र हुँदा जनताको प्रतिकको रुपमा रहेको हुन्छ। संसदीय शासन प्रणालीमा संसदमा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुने हुनाले संसदको समेत नेता मानिन्छ। राष्ट्रपतिय प्रणालीमा जस्तो संसदीय प्रणालीमा स्पष्ट रुपमा शक्तिको पृथकीकरण हुदैंन। यो प्रणालीमा विधायिका र कार्यपालिकीय शक्ति (Power) को फ्युजन (Fusion) भएकोले सम्बन्ध परस्पर अनयोन्याश्रीत हुन्छ। संसद विघटनले संसदका सदस्यहरुमा दलीय अनुशासन कायम राख्नको लागि सरकार प्रमुखलाई यस्तो अनुशासनको छडी प्रदान गरिएको हुन्छ। यस्तो अभ्यासको कारण सरकारको स्थायित्वको सम्भावना बढी हुन्छ।[31] संसदीय प्रणालीको सवल पक्षहरु:- संसदीय शासन प्रणालीको प्रमुख गुण भनेको सरकारले प्रभावकारी रुपमा विना अवरोध कार्य गर्न सक्नु नै हो। संसदमा बहुमत प्राप्त दलको वा गठवन्धन(Coalition) को नेता नै सरकार प्रमुख हुने हुनाले संसदका बहुमत सदस्य उसको पक्षमा हुन्छन्। यस्तो व्यवस्थामा दलको अनुशासन एकदमै कडा हुन्छ र संसदीय दलको ह्वीप सदस्यहरुको लागि बाध्यकारी हुन्छ। संसदीय शासन प्रणालीको दुर्वल पक्ष:- संसदीय व्यवस्थामा सामान्यतया आवधिक निर्वाचन हुने भन्ने व्यवस्था भए तापनि सरकार प्रमुखले आफुलाई अनुकुल लागेको अवस्थामा जहिले पनि संसद विघटन गरी मध्यावधी निर्वाचनमा जान सक्छ। संसद विघटनको यो हतियार संसदमा अनुशासन कायम राख्ने एउटा अचुक उपाय भए तापनि यसको स्वेच्छाचारी प्रयोग भएमा मुलुकले एकजना व्यक्तिको राजनैतिक हठको कारण अनावश्यक रुपमा निर्वाचनलाई स्वीकार गर्नुपर्ने हुन्छ।[32] खास गरी २०४८ देखि २०५९ को अवधिमा हामीले वेस्टमिनिस्टर मोडेल अभ्यास गरेको भन्ने माननीय सदस्य प्रदीप गिरीले दिएको फरक मत[33]मा उल्लेख गरेको पाइन्छ। संघीय व्यवस्थापिकाको तल्लो सदन विघटन भई निर्वाचनको मिति निर्धारण भएकोमा उक्त मितिमा निर्वाचन हुन नसकेमा स्वत: पुनस्थापना हुने व्यवस्था गर्ने वा नगर्ने भन्ने विषय शासकीय स्वरुपको निर्धारणसँग सम्बन्धित

---

[31] . संविधानसभा राज्यको स्वरुप निर्धारण समिति अवधारणापत्र एवं व्याख्यात्मक टिप्पणीसहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन पेज ८-९

[32]. ऐजन प्रारम्भिक मस्यौदा प्रतिवेदन पेज ९-११

[33]. ऐजन प्रारम्भिक मस्यौदा प्रतिवेदन भाग-५ पेज १०८

रहेकोले उक्त विषयमा छलफल हुँदा ध्यान दिने गरी उक्त प्रश्न सूचीबाट हटाउने[34] भनेकोमा उक्त छलफलमा पनि संसद विघटन नहुने भनिएको छैन। त्यसै गरी संसदीय प्रणालीमा मुलुकको सम्पूर्ण कार्यकारी अधिकार खास गरी सरकार प्रमुख अर्थात प्रधानमन्त्रीमा निहित रहेको हुन्छ र राष्ट्रप्रमुख नाम मात्रको अर्थात Figurehead मात्र हुन्छ।[35] संसदीय प्रणालीको केही विशेषताहरुमा विधायिका र कार्यपालिकीय शक्तिको 'फ्युजन' हुने, संसदले असहयोग गरेमा प्रधानमन्त्रीले संसदले विघटन गरी ताजा जनादेशको लागि निर्वाचनमा जान सक्ने[36], संसदीय शासन प्रणालीका केही सवल पक्षमा कडा दलीय अनुशासन र ह्वीप प्रणाली, राष्ट्र प्रमुख सम्मानीत रुपमा रहने[37] सरकार प्रमुखले आफुलाई अनुकुल लागेको अवस्थामा जहिले पनि संसद विघटन गरी मध्यावधी निर्वाचनमा जान सक्ने र यो अधिकारको दुरुपयोग हुने सम्भावना[38] लाई संसदीय शासन प्रणालीको कमी कमजोरी पक्ष मानेको पाइन्छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को संयुक्त घोषणपत्रमा निर्वाचनपछि पार्टी एक हुने भन्ने छ। प्रधानमन्त्रीसँग अहिले पनि ६४ प्रतिशत प्रतिनिधि सभाका सदस्यहरुको समर्थन रहेकोमा सो खण्डित भएको छैन। संविधानको धारा १००(१) बमोजिम विश्वासको मत लिने नलिने प्रधानमन्त्रीको स्वैच्छिक व्यवस्था हो। तर धारा १००(२) अवस्थामा विश्वासको मत लिने कुरा बाध्यात्मक हो।प्रधानमन्त्री बन्दा धारा ७६(२) बमोजिम दुई पार्टीबाटै बनेकोमा पछि समाजवादी पार्टी मन्त्रिपरिषदमा सामेलसम्म भएको हो। सरकार गठन हुन, बहुमत पुग्न, विश्वासको मत लिन उक्त दल सामेल भए वा नभएमा कुनै फरक नपर्ने अवस्था रहेकोले पछि फिर्ता लिदैमा विश्वासको मत लिन आवश्यक थिएन। संविधानको धारा १००(४) बमोजिम अविश्वासको प्रस्ताव ल्याउने व्यवस्था भनेको प्रतिपक्ष दलको लागि हो। संविधानको धारा २६९ को उपधारा (१) मा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रम भै राजनैतिक दलको गठन, दर्ता र सञ्चालन हुनु पर्ने भएकोले प्रधानमन्त्रीले प्रतिनिधित्व गरेको दलले दल नफुटि वा नफुटाई अविश्वासको प्रस्ताव राख्न सकिदैंन। त्यसो नगरेमा आफ्नो दलको हकमा प्रधानमन्त्री विरुद्ध जाने अर्को बाटो भनेको संसदीय दल नै हो। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २५(२) ले संसदीय दलको निर्वाचन र त्यससम्बन्धी अन्य कुरा दलको विधानमा उल्लेख भएबमोजिम हुने उल्लेख छ। प्रधानमन्त्री नेपाल कम्युनिष्ट पार्टी

34 . विवाद समाधान उपसमिति, संक्षिप्त विवरण, पाचौ बैठक मिति २०६७।११।२५ को सहमति

35 . विवाद समाधान उपसमिति, संक्षिप्त विवरण पेज ४४

36 . विवाद समाधान उपसमिति, संक्षिप्त विवरण पेज ४५

37 . ऐजन

38 . ऐजन

(नेकपा) को संसदीय दलको नेता रहि रहेको, उक्त दल नफुटेको र प्रधानमन्त्री विरुद्ध प्रतिनिधि सभा विघटन नहुदै अविश्वासको प्रस्ताव पनि नआएकोले यस्तो अवस्थामा बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री ओली बाहेक संसदको अन्य ब्यक्ति प्रधानमन्त्री बन्न सक्तैन। यसैले प्रधानमन्त्री सामु विघटन बाहेक अन्य विकल्प थिएन। संवैधानिक एवं कानूनी ब्यवस्थाबाट नयाँ प्रधानमन्त्री नियुक्त हुन नसक्ने अवस्थाले वैकल्पिक सरकार बन्ने सम्भावना नै नरहेकोले प्रधानमन्त्री के.पी. शर्मा ओलीले प्रतिनिधि सभा विघटन गर्नु परेको हो।तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधि सभा विघटन गरेपछि त्यस विरुद्ध नेपाली कांग्रेस (८३ सिट) को संसदीय दलको नेता शेरबहादुर देउवा, राप्रपा (२० सिट) को संसदीय दलको नेता लोकेन्द्रबहादुर चन्द र सद्भावना पार्टी (३ सिट) को संसदीय दलको नेता गजेन्द्रबहादुर सिंह रिट निवेदन लिई सर्वोच्च अदालत आएकोमा अहिले त्यो अवस्था छैन। त्यसैले त्यो तथ्यलाई नजर अन्दाज गरी वैकल्पिक सरकार बन्छ भन्न भनी मान्न मिल्ने अवस्थासमेत नभएकोले रिट निवेदन खारेज गरी पाउँ।

१४५. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल तथा विद्वान अधिवक्ताहरु श्री ईश्वरीप्रसाद भट्टराई, श्री महेशकुमार नेपाल, श्री हिमादेवी बस्नेतले गर्नु भएको बहस:</u>**

नेपाल अधिराज्यको संविधानको धारा ५३(४) को जस्तो व्यक्त (Express) अधिकार प्रधानमन्त्रीलाई नभए पनि संसदीय शासन व्यवस्थासमेतका संवैधानिक प्रावधानबाटै संसद विघटन गर्न पाउने प्रधानमन्त्रीको अधिकार Impliedly & Silently रहेको छ। राजनीतिक प्रश्नमा अदालत प्रवेश गर्न मिल्दैन भनी (निवेदक हरिप्रसाद नेपाल विरुद्ध प्र.म. गिरिजा प्रसाद कोइराला २०५१ सालको रिट नं. २३०४ र निवेदक श्यामकुमार खत्रीसमेत विरुद्ध प्र.म. शेरबहादुर देउवा २०५९ सालको रिट नं. ३५४२) सिद्धान्त कायम भैसकेको छ। संविधानको धारा ७६, ७४, ८५ को अन्तरसम्बन्ध भएकोले समन्वयात्मक व्याख्या गर्नु पर्छ। निवेदकहरुले धारा ८५ मा प्रयुक्त शब्द "यस संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेक" भन्नुको अर्थ अन्य धारामा विघटनबमोजिम विघटन हुने अवस्था नभएकोले धारा ७६(७) बमोजिम विघटन हुने अवस्था मात्र हो भनी दावी गरे पनि उक्त धारा ८५ ले धारा ७६(७) बाहेक अन्य धारालाई बाहेक गरेको संवैधानिक व्यवस्थाबाट देखिएको छैन। यसरी कुनै धारालाई इंकित नगरी फराकिलो रुपमा राख्नुको अर्थ संविधानबमोजिमको मर्म भावना, संविधानका अन्य अव्यक्त प्रावधान, सिद्धान्त, प्रचलनसमेतको आधारमा विघटन हुने सन्दर्भमा यस संविधानबमोजिम भनिएको हो। धारा ७६(१) बमोजिमको प्रधानमन्त्री बहुमत संसदीय दल नेता हुनु पर्ने तथा

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २५(१) ले संघीय संसदको संसदीय दलका सदस्यले आफु मध्येबाट एक जना संसदीय दलको नेता निर्वाचित गर्ने व्यवस्था छ। सोही दफा २५(२) मा संसदीय दलको निर्वाचन तथा त्यस सम्बन्धी अन्य कुरा सम्बन्धीत दलको विधानमा उल्लेख भएबमोजिम हुने भनिएकोमा प्रधानमन्त्री नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संघीय संसदीय दलको विधान, २०७५ को दफा ९ अनुसार निर्वाचित हुनु भएको हो। त्यसरी निर्वाचित संसदीय दलको नेता उपर सोही संसदीय दलको विधानको दफा ३२ बमोजिम दलको सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्यले दलको नेता माथी विश्वास छैन भनी लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्ने र सो प्रस्तावको निर्णय संसदीय दलको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुनु पर्नेमा त्यस्तो कुनै प्रयास संसदीय दलमा भएको छैन। शासकीय स्वरुपको रुपमा रहेको संसदीय शासन प्रणाली वर्तमान संविधानको आधारभूत संरचना रहेको छ। संसदीय शासन प्रणालीमा प्रतिनिधि सभा विघटन हुनसक्ने अवस्था यो प्रणालीको अन्तरनिहित मूल्य हो। संसदीय दलमा अविश्वासको प्रस्ताव नआएको, दल फुट्न तथा नयाँ दल दर्ता हुन पनि छुट्टै प्रकृया भएकोले त्यस्तो कुनै प्रकृया नअपनाएको र अविश्वासको प्रस्ताव पनि विघटन भएपछि दर्ता भएकोले त्यसैको कुनै कानूनी हैसियत हुन सक्तैन। लोकतन्त्रको सुन्दरता (Beauty) भनेकै निर्वाचन भएकोले चुनाव गर्न जनतासमक्ष जानु हुदैंन भन्नु लोकतन्त्र विरोधी, संविधान विपरीत भएकोले रिट खारेज गरी पाउँ।

१४६. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सि.पि. रेग्मीले गर्नु भएको बहस:</u>**

संविधानको कुनै उपधाराको व्याख्या गर्दा सम्पूर्ण धारा एवं सम्पूर्ण संविधानलाई हेर्नु पर्ने।[39] संविधान वा कानूनको व्याख्या गर्दा प्रचलित कानूनी व्यवस्था, व्यवहार र परम्परासमेतलाई मध्य नजर राखी व्याख्या गर्नु पर्ने। संविधानको व्याख्या गर्दा अक्षरस व्याख्या भन्दा समन्वयात्मक, उद्देश्यात्मक व्याख्याको सिद्धान्त बढी उपयुक्त हुन आउने।[40] Dissolution of parliament is constitutional because the dissolution of the House of Representative is Prime Minister’s prerogative power under international parliamentary practices and the preamble including article 74, 75,76(1)(7) and 85(1) of the constitution including previous precedents established in Hari Prasad Nepal and others v. the Priminister Girija Prasad Koiral and other and Chitra Bahadur K.C. and others v. Prime Minister Sher Bahadur Deauba and others. “ We are under the constitution but the constitutitution is what the judges say because the judges are the guardian of the constitution”(Lord

[39] . नेपाल कानून पत्रिका २०४८ नि.नं. ४३१८ (विष्णुभक्त उपाध्याय वि. काभ्रेपलाञ्चोक जिल्ला अदालत)

[40] . नेपाल कानून पत्रिका नि.नं.४८५२ निवेदक रामप्रसाद अधिकारी विरुद्ध न्याय परिषद

Denning, What Next in the Law 1993 Indian Reprint p. 318). अदालतले संविधानसम्मत रहेको तर सरकारको "Obamacare"[41] जस्तो Unpopular कार्य भए पनि त्यसलाई समर्थन गर्नु पर्छ। संविधानको धारा ५६(६), ६६(२), ७४, ७५, ८५ र प्रस्तावनाले प्रधानमन्त्रीलाई विघटनको अधिकार दिएको र विघटन गर्न संविधानले प्रतिवन्ध (Restriction) नलगाएको तथा राजनैतिक प्रश्नमा अदालत प्रवेश नगर्ने अदालती अभ्यास रहेकोले प्रस्तुत मुद्दा खारेज गरी पाउँ।

१४७. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री टंकप्रसाद दुलाल, विद्धान अधिवक्ताहरु श्री अनन्तराज लुइटेल, श्री विष्णुप्रसाद भट्टराई, श्री विष्णुमणी अधिकारी. श्री लोकनाथ खरेल, श्री मुकुन्द अधिकारी, श्री भोजराज आचार्य, श्री शान्तिदेवी खनालले गर्नु भएको बहस:</u>**

संसदीय व्यवस्थामा संसद विघटन गर्नु Fundamental & rational हुन्छ। संसदीय व्यवस्था धारा ७४ मा Operating Clause मा रहेको तथा Executive Domain मा संसदको विघटन पर्ने भएकोले संविधानको व्याख्या गर्दा धारा ७४, ७६ समेतका धाराहरु एकसाथ हेर्नु पर्छ। संविधानको धारा ५६(६) मा उल्लेखित शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्त Basic Structure हो। धारा ७४ मा संसदीय शासन प्रणाली उल्लेख भएकोले यो व्यवस्थाको विशेषताको रुपमा रहेको संसदको विघटन गर्ने प्रधानमन्त्रीको अधिकारले नियन्त्रण र सन्तुलन कायम गर्ने हुँदा संविधानको सम्पूर्ण संरचना हेरी Basic Structure विपरीत नहुने गरी संविधानको व्याख्या गर्नु पर्छ। संविधानको आधारभूत संरचना विपरीत गएर संविधान संशोधन गर्न सकिदैन भन्ने सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्तहरुसमेत रहेकोले सो फैसला विरुद्ध व्याख्या गर्नु हुदैन। भारतीय सर्वोच्च अदालतले समेत केशवानन्दको मुद्दामा प्रस्तावनाको विरुद्ध गै व्याख्या गर्न सकिदैंन भनिएको छ। विट्रेनमा समेत Fix Term Act ले Dynamic हुन नदिएको भनी प्रधानमन्त्रीले संसद विघटनको सिफारिस गर्न पाउने Prerogative स्थापना गर्न आवश्यक छ भनी Rule Revive गर्न खोजिएको छ। श्रीलंकाको धारा ७० र नेपालको धारा ८५ को व्यवस्था एउटै होइन। कतिपय देशहरुमा अल्पमतको सरकारले गरेको संसदको विघटनलाई पनि संविधानसम्मत मानिएको छ। संविधानले प्रधानमन्त्रीलाई बलियो बनाउन खोजेको छ। संसदीय व्यवस्थामा कमजोर प्रधानमन्त्री बनाउने हो भने संसदीय व्यवस्थाका अनुयायीहरु अचम्मित हुनेछन्। न्यायिक क्षेत्राधिकार अन्तर्गत

---

[41] . National Federation of Independent Business v. seblelius (567 U.S. 519(2012), U.S. Supreme Court led by Chief Justice John Roberts, held the 2010, Patient protection and Affordable Care Act" Commonly called, "Obamacare", which required individual to buy health insurance otherwise penalty, Constitutional. Although the mandatory Health insurance program was lebeled unpopular by it opponents "Obamacare" was the government policy under Obama Administration which was supported by the Supreme Court under Congress's Taxing power.

कोभिडको सम्बन्धी मुद्दामा १९ जनाको इजलासले न्यायिक अन्तरनिहित अधिकार प्रयोग गरेको थियो भने संसद विघटन कार्यकारीको अन्तरनिहित अधिकार भएको तथा विशुद्ध राजनैतिक कारणले आएकोले रिट खारेज गरी पाउँ। बहुमतको विश्वास गर्छौ भने धारा ७६(१) बाट धारा ७६(२)(३)(५) झर्नु पर्ने आवश्यकता नै छैन। संसदले MCC पास गर्नु पर्थ्यो पर्दैनथ्यो त्यो संसदको अधिकार भए पनि निर्णय त संसदले गरेन नि। निर्वाचन गर्दैमा संविधान र गणतन्त्र खत्तम भयो भन्न मिल्दैन। "*संविधानसँग बाझिएको भन्नुमात्र पर्याप्त हुँदैन। बाझिएको छ भन्ने हो भने तर्क र प्रमाणले खण्डन गर्ने अभिभारा रिट निवेदकउपर नै हुन्छ। नियमावलीका व्यवस्थाहरू संवैधानिक परीक्षण गरी यस अदालतबाट बदर घोषित गरिने हो । चुनौति दिएको कानून वा त्यसको कुनै प्रावधान संविधानको कुनै निश्चित प्रावधानसँग बाझिएको छ भनी स्पष्टरूपमा प्रमाणित गराउन नसकेसम्म यस अदालतले त्यस्तो कानून वा कानूनको कुनै प्रावधानलाई बदर घोषित नगर्ने ।*"[42] भनी सर्वोच्च अदालतबाट सिद्धान्त कायम भएको छ। समृद्ध नेपाल सुखी नेपाली भन्ने शव्दको सम्बन्ध प्रस्तावनाको दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षासंग छ। संविधान एवं कानूनी व्यवस्थाबाट संसदीय दलको नेताले सरकार सञ्चालन गर्ने आवश्यक निर्णय एवं चयन गर्ने विषयमा पार्टीलाई सोधियो सोधिएन भन्नु सान्दर्भिक छैन। संसदमा विधेयक पारित नगर्ने, संवैधानिक अंगहरु खाली हुँदा पनि पदपूर्ति गर्न बसेको बैठकमा सभामुख नजाने, सरकारले गर्न खोजेका एकपछि अर्को बाधा अड्चन खडा गर्नेसमेतका असहयोग गरि Constitutional deadlock सृजना गरेको अवस्थामा पार्टीभित्रबाट र संसदबाट सहयोग भएको भन्न मिल्दैन। काम गर्न नसक्ने जनप्रतिनिधिहरुलाई जनताले फिर्ता गर्न सक्छन्। नेपालको संविधान र सामजीक संझौताको सिद्धान्तले जनतामा जान सकिन्छ। प्रतिनिधि सभाको विघटनको गर्ने पाउने प्रधानमन्त्रीको Absolute right हो। बहुमतको सरकारले विघटन गरेपछि सरकार बन्ने अवस्था छैन। Falsification principle of Karl Popper, is a way of demarcating science from non science. It suggests that for a theory to be considered scientific it must be able to be tested and conceivably proven false. सार्वभौम जनताको सर्वोपरी हितलाई ध्यानमा राखेर संसद विघटनलाई Creative thinking को आधारमा व्याख्या गर्नु पर्छ। John Rawls को Veil of ignorance सिद्बान्त अनुसार अहिलेको समस्या संविधान बन्ने समयको अज्ञानताको कारणले सृजना भएको भए त्यो पर्दा हटाउनु पर्छ। विघटनको आधार, कारण राजनीतिक भएकोले रिट खारेज गरी पाउँ।

---

42 . नेपाल कानून पत्रिका २०७२ नि.नं. ९४५९ निवेदक अमृत कुमार शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

१४८. **प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री बालकृष्ण नेउपानेले गर्नु भएको बहस:**

वर्तमान संविधानमा २०४७ सालको संविधानमा जस्तो धारा ५३(४) को संसद विघटनको अधिकार प्रधानमन्त्रीलाई नदिएको भए पनि यो संविधानले त्यो अधिकार मन्त्रिपरिषदमा निहित रहेको र मन्त्रिपरिषदको सामुहिक निर्णयबाट विघटन हुने हो। संविधानबमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने गरी अवशिष्ट अधिकार संविधानको धारा ५८ ले संघलाई प्रदान गरेको छ। धारा ५७(१) ले संघको अधिकार अनुसूची-५ मा उल्लेखित विषयमा निहित रहने भनिएकोमा उक्त अनुसूचीको क्र.सं. १७ संघिय संसद, संघीय कार्यपालिका संघको सूचीमा परेको छ भने सोही अनुसूचीको क्र.सं. ३५ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा सो संविधान र संघीय कानूनमा नतोकिएको विषय संघको अधिकारको सूचीमा समाविष्ट हुन्छ। संसद विघटनको अधिकार कार्यकारिणीलाई नदिने हो भने ब्रेकफेल भएको गाडी कहाँ पुग्छ थाहा हुदैंन। यसैले राज्यको अंगहरुको सन्तुलन र नियन्त्रण कायम गर्न यस्तो छडी प्रधानमन्त्रीलाई आवश्यक पर्छ। संसदीय व्यवस्थामा मन्त्रिपरिषदलाई संसद विघटन गर्न नदिने हो भने संसद निरंकुश हुन जान्छ। ककानूनले रोके बाहेकका सम्पूर्ण अधिकार कार्यकारणीलाई हुन्छ।यसैले कानूनी व्यक्तिले कानूनले तोकेबाहेक गर्न नपाउने नजिर राज्यको अंगहरु अर्थात संघसमेतको हकमा लाग्न सक्तैन। कार्यकारिणीले कुनै कार्य गर्न नपाउने हो भने राज्यको कुनै अंगले गर्ने कार्य हुनु पर्ने वा कानूनबाट नै निषेध गरेको हुनु पर्ने हुन्छ।त्यस्तो नियन्त्रण संविधानमा नगरिएकोले प्रतिनिधि सभाको विघटनको अधिकार कार्यकारीमा हुन्छ। विघटन गर्न नपाउने प्रष्ट प्रावधान नभएकोले कानूनले नरोकेको कार्य गर्न प्राकृतिक न्यायको सिद्धान्त आकर्षित हुँदैन। विघटनको अधिकार संवैधानिक/कानूनी प्रावधान, सिद्धान्त, यस पूर्वको अभ्याससमेतले गर्न नपाइने भन्ने छैन। धारा ७५ ले कार्यकारणी अधिकार एक जनालाई मात्र दिएको होइन। यो समग्र मन्त्रिपरिषदलाई दिइएको, विघटन गर्दा मन्त्रिपरिषदको कसैले विमति गरेको भन्ने छैन। बरु निर्णयपश्चात केहीले छोडेर गएको कारणले कार्यकारीले गरेको कार्य बदर हुनसमेत सक्तैन। विघटनको प्रधानमन्त्रीले गर्न सक्छ भने झन ठूलोले नसक्ने भन्न मिल्दैंन। नियमित चुनाव ५ वर्षमा हुने व्यवस्था भएकोमा डेढ वर्ष मात्र अगाडी हुने हो। चुनाव भनेको फिल्टर हो। पोखरीमा पानी जमेरै रहने हो भने फोहोर हो बरु बगेर जादा सफा हुने भएकोले विद्यमान विवादको जनता नै अन्तीम

मुल्याङ्कनकर्ता भएकोले चुनाव गर्नु औचित्यपूर्ण हो। पुनस्थापना गर्दा समस्या बढ्छ भने विघटनको विषयमा निर्णय गर्ने अधिकार जनतालाई दिन उचित हुन्छ। संसद विघटन व्यवस्थापन सम्बन्धी छुट्टै ऐन आवश्यक भएकोले त्यो बनाउन निर्देशन जारी गरी गरी पाउँ।

१४९. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्‌वान अधिवक्ता श्री माधव कुमार बस्नेतले गर्नु भएको बहस:</u>**

अघिल्लो संविधानमा शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्‌धान्त Operating Clause मा थिएन। वर्तमान संविधानको धारा ५६(६) मा शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन Operating Clause मा राखेको छ। यसैले संविधानको सम्पूर्ण प्रावधानको आधारमा समन्वय हुने र राज्यका अंगहरुबीच पृथकीकरण र नियन्त्रण तथा सन्तुलन कायम हुने व्याख्या गर्नु पर्छ। अहिले संविधानमा धारा ५३(४) को प्रावधान नभए पनि संविधान असन्तुलित छैन। तर संसदीय व्यवस्थामा प्रतिनिधि सभा विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई नदिने गरी व्याख्या गरिने हो भने संवैधानिक व्यवस्थाहरु असन्तुलित भै शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन नै रहदैन। Montesquieu…….laid down the theoretical basis of dissolution as the means of checking the powers of parliament.[43] यसैले शक्तिपृथकीकरण कायम गर्न प्रधानमन्त्रीलाई विघटनको अधिकार दिइएको हो। प्रधानमन्त्रीलाई यो विघटन गर्ने शक्तिबाट हटाउने हो भने संविधानका धारा ५६(६), ७४, धारा १११(१०) को प्रतिवन्धात्मक वाक्यांश Defunct हुन्छ। धारा ७६(१) को प्रधानमन्त्रीले धारा ७६(४) को प्रकृया पुरा गरी विश्वासको मत लिनु पर्दैन। अहिलेको अवस्थामा धारा ७६(८) कार्यान्वयन हुने अवस्था छैन। Monarch, the President or the Cabinet that decides on dissolution, the basic fact still remains that the executive is interfering with the work of the Legislative, by determining its life span.[44] संसद विघटनलाई आइभर जेनिङ्गले प्रधानमन्त्रीले संसद विघटन गर्ने अधिकार सरकार सञ्चालन गर्नको लागि प्रभावकारी हतियार मानेका छन्। जर्मनमा भएको Parliamentary Dissolution Case (1984) अहिले विघटनको अवस्थासंग मिल्दो छ। सो हेरिएमा The Fundamental legal issues were whether the chancellor may call for a vote of no-confidence when he commands the support of a parliamentary majority, and, if he loses in a contrived vote, whether pursuant to his request the president may dissolve the Bundestag. Under the Basic law the president's power of dissolution is closely constrained by Article 63 and 68. When considered in tendem with Article 38, which provides for parliamentary terms of four years, these provisions appear to limit dissolution to two situations: (1) when the Bundestag fails to elect a chancellor after a federal

---

43 . Ibid, page 24

44 . B.S Markesinis, The Theory and Practice of Dissolution of Parliament,A comparative study with special reference to the united Kingdom and Greek experience, Cambridge at the university press 1972, Page 7

election, and (2) when the chanceller's genuinely loses a vote of confidence (and then only pursuant to the chancellor's request). The clear intent of these constitutional provisions is to prevent governments from being brought down unnecessarily, and thus to stablilize the political system. An order to dissolve the federal parliament or the refusal to do so Article 68 of Basic Law is a political decision within the lawful discretion of the federal president. The president exercise his discretionary authority under Article 68(1) only when the constitutional prerequisites are fulfilled at the time of his decision. Under Article 68, the Chancellor may try to dissolve the Bundestag only when he finds that it is no longer politically possible to govern with the prevailing configuration of parliamentary votes. This configuration must so severely cripple or impair the capacity to govern that the chancellor can no longer expect to advance his political program in a meaningful way and (at the same time) secure the the continuing support of the parliamentary majority. This principle is part of the unwritten (text) of Article 68(1). The three highest constitutional organs ( i.e., president, chancellor, and Bundestag) enjoy (Considerable) latitude in judging, evaluating, and making political decisions (under Article 68(1). Thus, in interpreting Article 68, the standard of judicial review is narrower than would be the case in assessing the validity of ordinary legislation and its implementation. Here the basic law relies mainly on the internal system of checks and balances between the highest constitutional organs mentioned in Article 68. The Federal Constitutional Court may find a constitutional violation here only when standards expressly laid down in the basic law have been ignored[45] भन्ने हुँदा प्रस्तुत मुद्दामा समेत विघटन बदर हुने अवस्था नभएकोले रिट निवेदन खारेज गरी पाउँ।

१५०. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री विजयप्रसाद मिश्र, माधव बास्कोटा, विद्धान अधिवक्ताहरु श्री अञ्जन नेउपाने, श्री सुधा धितालले गर्नु भएको बहस:</u>**

लकको अनुसार समाजको हितको लागि कार्यकारीलाई विभिन्न स्वविवेकिय अधिकार राखिएका हुन्छन्। A dissolution is in its essence an appeal from the legal to the political sovereign. A dissolution is allowable, or necessary, whenever the wishes of the legislature are, or may fairly be presumed to be different from the wishes of nations.[46] Inherent power is at times identified with the prerogative power. They have different meanings. Under inherent power, the president claims authority to act independently without any interference from the other branches. Prerogative accepts that the executive may take the initiative, but only with the understanding that the legislative branch must act later: approving or modifying the executive's decision or even punishing and removing the executive for illegal and unconstitutional conduct. In exercising the prerogative, the President recognizes that he is not acting under the law.[47] लिखित संविधान भएको देशमा

---

[45] . Donald P. Kommers, ***"The Constitutional Jurisprudence of the Federal Republic of Germany***", Second Edition page 118-120

[46] . A.V. Dicey, **"Introduction to the study of the law of the constitution",** liberty classic Indiaapolis page 288

[47] . Louis Fisher, ***"The law of Executive Branch: presidential powe***r", published to oxford scholarship online, april 2014 page 73

पनि Prerogative अधिकारको प्रयोग कार्यकारीले गर्न पाउछ। अवशिष्ट अधिकार संविधानमा नलेखिए पनि कार्यपालिकाले प्रयोग गर्न पाउछ। जनताको Will संसदमा प्रतिविम्वित हुनुपर्छ। जनता र सदनको Link तोडिएमा कायम रहन सक्तैनन्। संसदीय व्यवस्थामा व्यवस्थापिका र कार्यपालिकाको शक्तिको Fusion हुने भएकोले संसदको सार्थकतामा प्रधानमन्त्रीले शंका गर्दछ र प्रधानमन्त्रीको योजना अनुसार कार्य गर्न नसक्ने भएपछि सोको परीक्षण जनताले गर्न पाउछ। जनताको प्रतिनिधि संसदमा जनताको विश्वास रहेसम्म रहने हो। जनताको प्रतिनिधिले जनताको Favour मा काम नगरी दलालतन्त्रबमोजिम काम गर्न सक्छ। चुनाव गर्न अर्थतन्त्रले धान्छ धान्दैन त्यो कार्यकारणी कार्य भएकोले अदालतले हेर्ने विषय होइन। राजनीतिक प्रश्नमासमेत अदालत प्रवेश गर्दैन। हाम्रो कानूनी प्रणालीको श्रोत ब्रिटेन नै हो। नेपालको संवैधानिक इजलाशबाट समेत व्यवहार परंपरा हेर्नुपर्ने फैसला (संवैधानिक इजलास नि.नं. ०००७) भएको छ। निवेदकहरु देवप्रसाद गुरुङको निवेदनमा मिति २०७४।९।५ गते १०:३० बजे दर्ता गरेको भनेकोमा संसद सचिवालयकै विज्ञप्तिले पुष्टि गर्दैन। यसले निवेदकहरुले प्रतिनिधि सभाको विघटन पूर्व नै अविश्वास दर्ता गरेको पुष्टि हुदैंन। संविधानको धारा ७६(७) समेतमा प्रतिनिधि सभाको विघटनको परिकल्पना संविधानले नै गरेकोमा केही सिमित (Restriction) सम्म रहे पनि बहुमतको सरकारले विघटन गर्ने व्यवस्था हिजो पनि थियो आज पनि यथावत छ। संविधानको संरचना बचाउन र विकास गर्नको लागि प्रतिनिधि सभाको विघटनको अधिकार प्रधानमन्त्रीलाई आवश्यक हुन्छ भनी यस्तो अधिकार प्रदान गरिने हो। दल एउटै छ, संसदीय दलको नेता उही कायम भएपछि बहुमतको प्रधानमन्त्रीले विघटनको सिफारिस गर्न चाहेमा वैकल्पिक सरकारको सम्भावना नै हुदैंन। अदालतले हेर्ने प्रधानमन्त्रीको कार्य संविधानसम्मत र कानूनसम्मत छ छैन हेर्ने हो, अरु Context हेर्न आवश्यक छैन। दुराशय पुष्टि नभएको, प्रतिनिधि सभा विघटन गर्न मन्त्रिपरिषदमा कुनै विमति नरहेको, संविधानको कुनै धाराले संसद विघटन गर्न बहुमतको प्रधानमन्त्रीलाई रोक नलगाएकोले अल्पमतको प्रधानमन्त्रीले विघटन गर्न सक्छ तर बहुमतले सक्दैन भन्न नमिल्ने हुँदा रिट खारेज गरी पाउँ।

१५१. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र भण्डारीले गर्नु भएको बहस:</u>**

विधायिकी र न्यायिक बाहेकका सम्पूर्ण अधिकार कार्यपालिकालाई हुन्छ। कार्यकारिणी कार्य पनि Express & Implied हुन्छ। संविधानको व्याख्या गर्दा संविधानमा प्रयुक्त शब्दको दर्शन र सिद्धान्त के हो भनेर लाक्षणिक अर्थ खोजिन्छ। अन्यथा संविधान जीवन्त हुदैन। अमेरिकी संविधानमा Judicial review

& Separation of power उल्लेख नभए पनि Impliedly छ भनी व्याख्या भएको पाइन्छ। धारा ७६(१) को प्रधानमन्त्रीलाई विश्वासको मत लिन पर्ने आवश्यकता छैन। निजलाई प्रतिनिधि सभा विघटन गर्न प्रतिवन्ध लगाएको पनि छैन। धारा ७५ मा कार्यकारिणी अधिकारको सिमा तोकिएको छैन। कुनै काम गर्न नपाउने गरी प्रतिवन्ध लगाएको छ भने मात्रै गर्न नपाउने हो। विघटन गर्न नपाउने गरी Restriction नभएपछि विघटन गर्न पाउछ भन्ने Line of thought हुन्छ। यसैले प्रधानमन्त्रीले धारा ७६(७) प्रयोग गरी प्रतिनिधि सभाको विघटनको सिफारिस गर्न सक्छन्। संविधानको धारा ७६(७) मा प्रयुक्त "प्रधानमन्त्री" का तीन वटा शब्द मध्ये तेश्रो शब्दले धारा ७६(१) को प्रधानमन्त्रीलाई जनाउछ। संविधानको धारा ५८ र अनुसूची-५ को क्र.सं. ३५ को अबशिष्ट अधिकारले कार्यकारिणीको अधिकारको क्षेत्रलाई विस्तार गरेको छ। अदालतको व्याख्याबाट पनि संवैधानिक व्यवस्था थपिदै जाने हो। नेपालको सर्वोच्च अदालतले विगतका विघटन सम्बन्धी मुद्दामा प्रतिपादित नजिर र संवैधानिक परंपराले पनि धारा ७६(१) को प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न पाउने नै देखिन्छ। कार्यपालिकाले आफ्नो Business आफै बनाउछ। संसदलाई कार्यपालिकाले Business दिने भएकोले संसद कार्यपालिकाको नियन्त्रणमा हुन्छ। संविधानको धारा २, ५६(२)(६), ५७(१), ५८, ६६, ७४, ७६(१)(७), ८१, ८२, ८५, ८६(१), ९३(३), १०० र २७३(८) को समग्र व्यवस्थाको समन्वय हुने गरी व्याख्या गर्नु पर्ने हुन्छ। Crown भनेको Executive power हो। बहुमतको प्रधानमन्त्रीलाई अविश्वासको प्रस्ताव लाग्न सक्तैन। आफ्नो पक्षले अविश्वासको प्रस्ताव राख्ने कार्य Floor Crossing हो। यस्तो अविश्वासको प्रस्ताव ल्याउनु गैरसंवैधानिक छ। Floor Crossing गर्नेलाई अनुशासनमा राख्न विघटनको अधिकार प्रधानमन्त्रीलाई हुन्छ। संविधान र कानून विपरीत हुदैन भने कार्यकारिणी अधिकार प्रयोग गर्न पाउछ। संविधान, कानून, नजिर र परंपराको आधारमा कार्य गर्नु नै Limited Government हो। निवेदक देवप्रसाद गुरुङ समेतले ५ वर्ष कार्यकालसम्मको आफ्नो अधिकार भन्न पाइदैन किनकी यो Agency अधिकार मात्र हो। यसैले रिट निवेदन खारेज गरी घोषित निर्वाचनलाई प्रभावित नहुने गरी उच्चस्तरीय समिति बनाइ विघटन व्यवस्थापन ऐन बनाउन Prospective overruling हुनु पर्ने अवस्था छ।

१५२. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमेशप्रसाद गुरागाई, विद्वान अधिवक्ताहरु श्री श्रीधराकुमारी पुडासैनी, श्री देवी रेग्मी, श्री हरिप्रसाद मैनाली, श्री कृष्णकुमार आङदाम्बे, श्री शोभा कार्की, श्री कमलप्रसाद आचार्य, श्री टिकाबहादुर कुँवर, श्री भुपाल बस्नेतले गर्नु भएको बहस:</u>**

संविधानको धारा ७४ ले शासकीय स्वरुप संसदीय शासन प्रणाली स्वीकार गरेको छ। संसदीय व्यवस्थाको विशेषता नै संसद विघटन भएपछि बहुमतको प्रधानमन्त्रीले संसदबाट असहयोग, राजनैतिक गतिरोध भयो भनी चुनाव गर्न चाहेमा त्यस्तो लोकतान्त्रिक विधिलाई इन्कार गरी चुनाव नगर भन्नु अलोकतान्त्रिक दावी हो। जुन प्रधानमन्त्रीलाई जनताले विश्वास गरी बहुमत दिएको छ उसले काम गर्न नपाएपछि विघटन गर्नु पर्ने कारण right or wrong छुट्टाउने जनताले हो। यस अघिका चुनावहरु पनि कुनै २ महिना त कुनै साढे दुई महिनामा पनि सम्पन्न भएका छन्। यो भन्दा खराव वातावरण हुँदा पनि चुनाव भएकोले चुनाव हुन सक्तैन भन्न मिल्दैन। प्रधानमन्त्रीको विघटन उपर जनताले नै Reward or punishment दिने हो। कतिपय संवैधानिक एवं कानूनी व्यवस्थाहरु व्यक्त रुपमा स्पष्ट हुदैनन्। यसैले मानव निर्मित कानूनको dead word लाई अदालतले व्याख्याको माध्यमद्वारा प्राण भरी जीवन्त बनाउने हो। संविधानको व्याख्या गर्दा आधारभूत संरचना (Basic Structure), शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन हेर्नु पर्छ। संविधानको प्रावधान स्पष्ट नभए प्रणाली, सिद्धान्त, त्यसको नियमित अभ्यास, मूल्य मान्यता हेर्नु पर्छ। प्रणाली स्वीकार गर्ने तर विशेषता अस्वीकार गर्ने हो भने Proviso राखी Restriction लगाउनु पर्छ। अन्यथा प्रणालीका सबै विशेषता स्वत: अंगिकार गरेको मानिन्छ। संविधानको प्रावधानबाटै संकटकालमा संसदको कार्यकाल बढ्न सक्ने र संसद विघटन हुँदा घट्न सक्ने हुन्छ। कार्यकाल घटि बढी हुने विशेष अवस्थालाई संविधानले इन्कार गरेको छैन। संविधानको कुनै एक धाराको मात्र व्याख्या गर्ने हो कि संविधान बमोजिमको व्याख्या हुनु पर्ने? संविधानको एका अर्को धारालाई इंकित (refer) गरी रहेको छ भने सो हेर्नु पर्ने। संसदीय व्यवस्थामामा प्रधानमन्त्रीलाई विघटनको अधिकार H2O बराबर पानी भने जस्तै स्वत: सिद्ध हुन्छ। यसैले सबै धाराको समन्वय हुने गरी व्याख्या गर्नु पर्ने हुँदा संसदीय व्यवस्था, शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन, कार्यकारी अधिकारसमेतको आधारमा प्रधानमन्त्रीले गरेको संसदको प्रतिनिधि सभाको विघटन सदर कायम गरी पाउँ।

१५३. **<u>प्रत्यर्थी प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री पंकज कर्ण, श्री बाबुराम दहाल, श्री धर्मराज रेग्मी, श्री बोलाराम पाण्डे, श्री डिल्लीराम मैनाली, श्री रामचन्द्र गौतम, श्री विष्णुमाया भुसाल, श्री पुरुषोत्तम ढुंगाना, श्री ऋषिकेष पन्थी, श्री तीर्थराज खतिवडा, श्री कुमारी खरेल, श्री टिकाराम रिजाल, श्री बोलाराम पाण्डे, श्री श्रीकान्त बराल, श्री भुवनप्रसाद निरौला, श्री ताराकुमार श्रेष्ठ, श्री शशिनाथ मरासिनी, श्री शिवराम श्रेष्ठ, श्री राजाराम घिमिरे, श्री भगवती पाण्डेले गर्नु भएको बहस:</u>**

पार्टी आन्तरिक विवादमा रहेको तर पार्टी नफुटेको अवस्थामा स्थिर सरकार बन्न सक्ने अवस्था हुदैन। अर्कोतर्फ बहुमतको दल सरकारमा भएपछि विपक्षी दलहरुको सरकार बन्ने अवस्था छैन। धारा ८५ ले अगावै विघटन भएन भने कार्यकाल ५ वर्ष हुने भन्ने हो। धारा ८५ धारा ७६ संग Corelated नभै स्वतन्त्र धारा रहेको छ। संसदीय व्यवस्था प्रधानमन्त्रीय पद्धति भएकोले चाइनामा जस्तो पार्टीको चाहनाले चल्ने व्यवस्था होइन। यो संविधानमा पार्टीको चाहना अनुसार सरकार चल्ने व्यवस्था र मर्म छैन। नेपाल कम्युनिष्ट पार्टी संघीय संसदीय दलको विधान, २०७५ को दफा संसदीय दलको नेता उपर संसदीय दलमा अविश्वासको प्रस्ताव नै नआएपछि दलभित्रबाट अर्को प्रधानमन्त्री हुने सम्भावना पनि छैन। संसदीय व्यवस्थामा Strong Priminister चाहिन्छ। साथै त्यस्तो प्रधानमन्त्रीलाई काम गर्न सक्ने अवस्थाको विद्यमानता हुनु पर्छ। संसदबाट पारित हुनु पर्ने विधेयक पारित भएको छैन, रेलवे सम्बन्धी विधेयक पारित नभएको कारणले रेल चल्न सकेको छैन। MCC को लगायतको विषयमा निर्णय हुन सकेको छैन। वर्तमान प्रधानमन्त्रीलाई काम गर्न नदिने र अर्को प्रधानमन्त्री ल्याउन पनि नसक्ने अवस्थामा प्रधानमन्त्रीलाई संसद विघटन गर्नु नै उत्तम विकल्प थियो। कम्प्युटरमा सफ्टवेयरले काम गरे जस्तै संविधानमा धाराले काम गर्छ। कम्प्युटर ह्याङ्ग भयो भने कम्प्युटर चल्दैन। संविधानको धारा ८५ मा Condition रहेकोले यसको सम्बन्ध धारा ७६(७) सहितको अन्य धाराहरुसँग समेत भएकोले प्रस्तुत मुद्दामा व्याख्या गर्दा Cyber jurisprudence अपनाई व्याख्या गर्नु पर्छ। Schumpeter को Creative distruction theory तथा Social learning theory समेतलाई व्याख्यामा सहायता लिन सकिन्छ। धारा ८५ मा संविधान बमोजिम बमोजिम अगावै विघटन भएकोमा बाहेक भनिएको छ। बहुमतको प्रधानमन्त्रीले विघटन गर्न सक्छ बरु अल्पमतको प्रधानमन्त्रीको हकमा भने वैकल्पिक सरकारको सम्भावना हुन सक्छ। धारा ७५ मा कार्यकारी अधिकार मन्त्रिपरिषदमा छ। तत्कालिन माओवादीलाई संसदमा प्रतिनिधित्व गर्ने र संसद पुनस्थापना पनि कार्यकारीबाटै भएकोले कार्यकारीले संसद विघटन गर्न सक्दैन भन्न मिल्दैन। लिथोनियमा निर्वाचन सम्पन्न भएको छ महिनाभित्र विघटन गर्न पाइदैन, यस्तो व्यवस्था समेत नेपालको संविधानमा छैन। उहि कारणले पटकपटक विघटन गर्न प्रतिवन्ध लगाइन्छ, युद्धको समय वा संकटकालमा पनि विघटन गर्न नपाइने गरी प्रतिवन्ध लगाइन्छ। शक्तिको नियन्त्रण र सन्तुलन जोगाउन पनि विघटनमा प्रतिवन्ध लगाइने विभिन्न देशहरुले अपनाएका छन्। नेपालमा प्रधानमन्त्रीले राखेको विश्वासको मत पारित नभए वा अविश्वासको प्रस्ताव पारित भए धारा ७७ बमोजिम पदमुक्त हुने भएकोले विघटन गर्न पाइदैन। यो संविधानले प्रधानमन्त्रीलाई व्यक्त रुपमा संसद विघटन गर्ने

पाउने विशेषाधिकार प्रदान नगरे तापनि विघटन गर्न नपाउने गरी संविधान एवं कानूनले Restriction गरेको छैन। यसरी प्रधानमन्त्रीलाई संसद विघटन गर्ने विशेषाधिकारको विषयमा संविधान मौन (Silence) रहे पनि संवैधानिक प्रावधानले नै संसदीय व्यवस्था स्वीकार गरेकोले सोको विशेषताको रुपमा रहेको विघटनलाई अव्यक्त प्रावधानका स्वीकार गरेकोले सो आधारमा संसद विघटन गर्न पाइन्छ। संविधान आफैमा Living document हो। संविधान र कानूनको अन्तिम व्याख्याता सर्वोच्च अदालतलाई भएकोले संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तसमेतको आधारमा व्याख्या गर्न सक्छ। सरकारले बनाउनु पर्ने कानूनको ३६ वटा विधेयकमा संसदले कुनै कारवाही नै नगरि प्रधानमन्त्रीलाई असहयोग गरेकोले जनताको हितको लागि  विघटन गरिएकोले विघटन सदर गरी पाउँ।

१५४. **<u>प्रत्यर्थी सभामुख, श्री अग्नी प्रसाद सापकोटको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री श्रीकृष्ण सुवेदीले गर्नु भएको बहस:</u>**

मनमोहन अधिकारी विपक्षी भएको विघटनको मुद्दामा वैकल्पिक सरकार बन्ने अवस्था रहेको छ भनी लिखित जवाफमा उल्लेख गरेकोमा संसद पुनस्थापना भएको परंपरा छ। संसदको छैठौ अधिवेशन आव्हान र अन्त्य सभामुखसँग परामर्श नै नगरी गरिएको छ। यसो गर्नु विगतको संसदीय अभ्यास विपरीत हो। संसदको अधिवेशन आव्हान, अन्त्य तथा संसदको विघटन गर्दा भारतमा पनि सभामुखलाई परामर्शमा गर्ने गरेको अभ्यास[48] रहेको छ। प्रधानमन्त्रीको लिखित जवाफसमेतमा संसदले असहयोग गरेको भन्ने छ। तर संसदले प्रधानमन्त्रीलाई नटेरेको, प्रधानमन्त्रीलाई कहाँ के कसरी असहयोग गरेको हो भन्न सकेको छैन। संसदले समावेशी सिद्धान्तअनुसार गर्न दिइएको निर्देशन प्रधानमन्त्रीसमेतबाट पालना नभएको, प्रधानमन्त्री उपस्थित भै संसदमै जवाफ दिनु पर्ने कतिपय विषयमा उपस्थित नै नहुने गरेको, यसो गर्नु संसदप्रतिको उत्तरदायित्वबाट पन्छिन खोजेको अवस्था हो। संसदको अधिवेशन अन्त्य गरी ६ महिनादेखि संसदमा बोल्न र कार्य गर्न नपाएको संसदलाई दोष दिइएको छ। यस संसदीय कार्यकालमा संसदमा रोष्टम घेराउसमेतका कुनै पनि अवरोध नभएको, प्रधानमन्त्रीले विश्वासको मत लिदा (२०७४ फाल्गुण २७ मा) र  नक्सा पास गर्दा संसदसँग मत मागेकोमा अभूतपूर्व मत प्राप्त भएकोले संसदले सहयोग नगरेको भन्ने सत्य होइन भन्ने पुष्टि भैरहेको छ। प्रधानमन्त्रीले लिखित जवाफमा वैकल्पिक सरकार निर्माणको संभावना नरहेको भनेकोमा आफुमा संसद विघटनको विशेषाधिकार रहेको भनी भन्न सकेको पाइदैन। संविधानको धारा ७४ अनुसार वहुलवादमा आधारित संसदीय

[48] . Durga Das Basu, Commentary on the Constiution of India, 9th edition, page 8107, 8111

व्यवस्था भएको तथा संसदले चुनेको प्रधानमन्त्री भएकोले संसदप्रति उत्तरदायी हुनु पर्छ। लिखित संविधान भएका मुलुकहरुमा शासनको सिद्धान्त एवं व्यवस्था, क्रियाकलाप, राज्यका विभिन्न अंगहरुमा राजकीयसत्ताको बाँडफाँड संविधानले नै तय गरेको हुन्छ। "*संविधानले गरेको व्यवस्था र निर्धारण गरेका विषयवस्तुको उल्लंघन गर्नु संविधान विपरीत हुन्छ र यस्तो उल्लंघनको अवस्थाले संवैधानिक समस्या सिर्जना हुने हुँदा यस्तो स्थिति आउन नदिनु वा टार्नु राज्यको हितमा हुने*" भनी निवेदक राजिव पराजुली भएको मुद्दामा सिद्धान्त (नि.नं. ७६१८) कायम भएको, त्यस्तै "*राज्य सञ्चालनका क्रममा कुनै निर्णय वा कामकारवाही गर्दा संविधान र कानूनले निश्चित् गरिदिएको सीमारेखालाई अतिक्रमण गर्न नमिल्ने। लिखित संविधान भएको मुलुकमा संविधान मूल कानून मानिन्छ। कुनै पनि मान्य सिद्घान्तलाई मूल कानूनका रूपमा रहेको संविधानभन्दा माथिल्लो स्थान दिएर त्यसको औचित्य स्थापित गर्न नसकिने। जटिल, असहज एवं असाधारण अवस्था र संविधानको सामान्य व्यवस्था क्रियाशील हुन नसकेको अवस्थामा मात्र आवश्यकताको सिद्धान्तअन्तर्गत कदम चाल्न सकिने। त्यसरी कदम चालिएको अवस्थामा पनि अदालतले त्यसको वैधानिकता परीक्षण गर्दछ, त्यस्तो कार्यलाई न्यायिक पुनरावलोकनको परिधिभन्दा बाहिर राखिन नहुने*" भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन (नि.नं. ८९२६) भएकोले मागबमोजिम रिट जारी गरी पाउँ।

१५५. **<u>प्रत्यर्थी सभामुख, श्री अग्नीप्रसाद सापकोटको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री श्यामप्रसाद खरेल, श्री लवप्रसाद मैनालीले गर्नु भएको बहस:</u>**

प्रधानमन्त्री धारा ७६(२) बमोजिम नियुक्त भएको र धारा ७६(१) को प्रधानमन्त्रीमा परिणत भएको Document ले पुष्टि नगरेकोले धारा ७६(२) को प्रधानमन्त्री मान्नु पर्छ। हाम्रो मुलुकमा पनि राष्ट्रप्रमुख (राजा) ले विघटन गर्नु पूर्व परामर्श लिने गरेकोले परामर्श नै नगरी गरेको संसदको विघटन संवैधानिक प्रचलन विपरीत छ। संविधानले संसद छलेर निर्णय गर्न नमिल्ने, संविधानको धारा ७५ मा कार्यकारिणी अधिकार यो संविधान र कानूनबमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ भन्ने व्यवस्था भएकोले संविधान र कानूनले जति अधिकार कार्यकारीलाई तोकेको वा दिइएको छ, त्यती नै अधिकार प्राप्त गर्ने हो। यसैले राष्ट्रपति, प्रधानमन्त्रीले संविधानले तोके भन्दा फरक ढंगले अधिकारको दावी गर्न मिल्दैंन। हाम्रो संविधान लिखित संविधान भएकोले अन्तरनिहित अधिकार वेलायतको जस्तो हुदैंन। अघिल्लो संविधानको व्यवस्थाबाट पटकपटक हुने संसदको विघटन भएकोले सो खराबी हटाउन धारा ७६(७) आएकोले Mischief Rule अनुसार संविधानको व्याख्या गर्दा Purposive & constructive हुनुपर्छ। विघटनको अधिकार संविधानमा भए

प्रयोग गर्न पाइने हो, नभए पाइदैंन। सार्वभौमसत्ता जनतामा निहित हुने भए पनि जनताले आफ्नो अधिकार मध्ये केही अधिकार आफ्नो प्रतिनिधिलाई दिएकोले जनताबाट प्राप्त त्यस्तो शासनको शक्ति चुनावबाट विधायिकालाई प्राप्त छ। यसरी जनताले अधिकार प्रदान गरेको कारण जनता पनि कानूनी नियममा बाँधिएका हुने हुनाले अहिले नै सार्वभौम जनतासमक्ष जानु पर्छ भन्न मिल्ने होइन। अत: मागबमोजिम संसद पुनस्थापना गर्ने प्रतिनिधि सभाको विघटन बदर गरी मिति तोकेर संसद अधिवेशन आव्हान गर्नु भनी परमादेश जारी गरी पाउँ।

१५६. **<u>नेपाल वार एशोसिएनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curie) विद्‌धान वरिष्ठ अधिवक्ता श्री बद्रिबहादुर कार्कीले गर्नु भएको बहस:</u>**

भारतीय संविधानको धारा १४५(३) संविधानको सारभूत कानूनी प्रश्नको व्याख्या गर्न कम्तिमा पनि ५ जना न्यायाधीशहरु रहने उल्लेख गरेको छ। नेपालको संविधानको धारा १३७(१) मा संवैधानिक इजलासमा प्रधान न्यायाधीश र न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने छन् भन्ने व्यवस्था छ। संवैधानिक इजलासमा रहने प्रधान न्यायाधीशसहित न्यायाधीशको संख्या ५ हुन अनिवार्य भए पनि यस भन्दा बढि रहन नसक्ने गरी संवैधानिक व्यवस्था गरेको होइन। कतिपय अवस्थामा यो भन्दा बढिरहनु पर्ने पनि हुन्छ। यसैले प्रस्तुत मुद्‌दाबाट संवैधानिक इजलास ५ जना भन्दा बढी न्यायाधीश रहेको गठन हुन सक्ने गरी बोल्नु उचित हुन्छ। संविधानले परिवर्तन र निरन्तरता स्वीकार गर्दछ। यसैले कानूनको व्याख्या गर्दा विदेशी पुस्तक, दर्शन (philoshophy) को सहायता लिन सकिन्छ। दोश्रो संविधान सभामा १६ बुदे नगरेसम्म संविधान लेखिएन। १६ बुदेमा नै संसदीय व्यवस्था रहेको र संविधानमा समेत संसदीय शासन प्रणाली स्वीकार गरेकोले यो संसदीय शासन प्रणाली हो भन्ने स्पष्ट (Clear) छ। राष्ट्रपतिय प्रणालीमा स्थायित्व हुन्छ तर हामीले By Choice संसदीय व्यवस्था छान्यौ। संसदीय व्यवस्थासँगै उत्तरदायी सरकार स्वीकार गरेका छौ। संसदीय अर्थात Stability less system स्वीकार गरी उत्तरदायी सरकार (Accountable Government) बनाउने स्वीकार गरेकोले संसदको विश्वास लिनुपर्ने हुन्छ। अविश्वासको प्रस्तावबाट हटाउने व्यवस्था नै उत्तरदायी सरकार (Accountable government) हो। संसदीय व्यवस्था छानी सकेपछि त्यसको essence के हो छुट्याउनु पर्छ। संविधान बनाउदा Political legitimacy & legal legitimacy दुवै बराबरी रुपमा महत्वपूर्ण छन्। नेपालमा संविधानसभाले औपचारिक रुपमा राजनैतिक वैधानिकता संविधानसभा छ। सो भए पनि भारतमा अम्वेडकर, २०४७ सालको संविधानको विश्वनाथ जस्तै legal legitimacy यो संविधानको सन्दर्भमा सर्वथा Unknown छ। जुन Draft को कारणले समस्या आएको छ, त्यो Puzzling

छ। यो Limitation को बीचमा अदालतले व्याख्या गर्नु परेको छ। राष्ट्रपति, प्रधानमन्त्रीलाई Ruling Party ले नमानेपछि Opposition ले पनि मान्दैनन्। त्यस्तो अवस्थामा जनताले पनि मानेका हुदैनन्। विदेशीले त झन मान्ने कुरै भएन। यसको प्रभाव भविश्यसम्म के कति पर्ला विचार गर्नु पर्छ। संविधान निर्माताको जे मनसाय छ त्यो संविधानमा लेखिएको छ। संविधानमा Gap के छ भनी संविधान निर्माताले भन्ने होइन। त्यो अदालतले भन्नु पर्छ। धारा ७६ बुझ्न दुईवटा सिद्धान्त बुझ्नु पर्छ। (a) Failure of Government (b) Failure of Parliament निर्वाचनपछि सरकार बनाउन नसकेमा Failure of Parliament हो। सरकार बनी सकेपछि Failure of Government हुन्छ। धारा ७६ को व्यवस्था आफैमा Complete छैन। संविधानको Unwritten Part लाई Convention ले काम गर्छ। संविधानको प्रावधानसँग नबाझिने गरी Convention को प्रयोग गरिन्छ। संसदीय व्यवस्थामा संसदको विघटन Core Value हो। धारा ७६ (७) ले Mandatory dissolution बाहेक अरु मान्दैन। धारा ८५ ले अगावै विघटन मानेको छ। साथै संविधानबमोजिमको विघटन पनि मानेको छ। धारा ८५ लाई धारा ७६(७) ले Control गरेको छैन। धारा ८५ ले धारा ७६(७) मात्र हो भनि भनेको छैन। यसैले धारा ७६(७) ले मात्र धारा ८५ Complete हुदैन। यद्धपि धारा ७६ (७) मा पनि दुईवटा अवस्था छ। यसैले धारा ८५ को यो व्यवस्थाबाट धारा ७६(७) मात्र हो भन्न मिल्दैन। जताबाट व्याख्या गरे पनि संसदीय व्यवस्थामा संसदको विघटन रहने र विघटन Executive ले गर्न सक्छ। संसदीय व्यवस्थाका अतिरिक्त लोकतान्त्रिक व्यवस्थासमेतको अर्को महत्वपूर्ण व्यवस्था Check & Balance छ। यो खाली बेलायतको मात्र चलन होइन। धारा ७६ र ८५ दुवैले संसद विघटन गर्न अधिकार दिन्छन्। धारा ७७ मा अविश्वासको प्रस्ताव पारित भएमा पदमुक्त हुने व्यवस्था भएकोले त्यस्तो अवस्थामा प्रधानमन्त्रीले संसद विघटन गर्न पाउदैंन। यो Convention भन्दा फरक हो। यो Letter of constitutional spirit हो। Letter of constitutional spirit विपरीत र दुराशय छ भने Convention लागू हुदैंन। अन्यथा संसदीय व्यवस्थामा विघटन गर्न पाइन्छ। संविधानमा उल्लेख भएकोमा संविधानका नियम, त्यसबाट स्पष्ट नभए तिनिहरुलाई समर्थन (Support) गर्ने सिद्धान्त (Principle) हेर्नु पर्छ। त्यस्तो सिद्धान्तहरुबाट पनि स्पष्ट नभए मात्र Historical document हेर्ने हो तर historical document लाई धेरै होशियारसाथ प्रयोग गर्नु पर्छ। संविधानको व्याख्या गर्दा प्रथमत: Textual interpretation गर्नु पर्छ। यसलाई Plain meaning rule, language of constitution पनि भनिन्छ। यसमा Text नै Intention हो। जे लेखेको छ त्यो नै सोचेको हो। संविधानमा उद्देश्यमूलक तवरले Gap छोडिएको हुन्छ। किनकी भविष्यको कुरा त्यो पुस्ताले आंकलन गर्न सक्तैन। अदालतले invisible, silence

लाई व्याख्या गर्ने हो। जुन गर्नु हुदैन भनिएको छ त्यो Restriction हो। जुन Silence छ त्यो जुन Institution संग छ Functional व्याख्या गर्नु पर्छ। Silence रहेको कुरा व्यक्त प्रावधानबाट देखिन्छ भने Contradiction हुने गरी व्याख्या गर्नु हुदैंन। संविधानको धारा ७६ ले प्रतिनिधि सभाको विघटन निषेध गऱ्यो भन्न मिल्दैन। संविधानमा संसद विघटन गर्न पाउने Prerogrative व्यक्त रुपमा राखिएको छैन। संविधानको प्रावधानहरुमा Implied कानूनी व्यवस्था छ, छैन त्यही धारा भित्रैबाट खोज्नु पर्छ। धारा ८५ को प्रावधान धारा ७६ को प्रावधान भन्दा व्यापक (wider) छ। धारा ७६(७) को व्यवस्था Automatic dissolution हो। यो Failure of parliament मा मात्र आकर्षित हुन्छ। जबकी Government failure भयो भने आकर्षित हुने संवैधानिक व्यवस्था भनेको धारा ७६(७) र धारा ८५(१) दुवै हो। धारा ८५ मा expressly राखेन भन्नुको अर्थ Deny गरेको भनेको होइन। विघटनलाई धारा ८५ ले Power restriction गरेको होइन, Silence राखिएको मात्र हो। Silence लाई Fill in gap गर्नु पर्छ। अझ यो Silence भन्दा पनि Implied power भन्नु उपयुक्त हुन्छ। हामी धेरै परंपरावादी छौ किनकी हामी लेखिएको व्यवस्थालाई मात्र संविधान मान्छौ। संविधानको व्याख्या गर्दा संविधानको मात्र व्याख्या गरिदैन, संवैधानिक कानूनको पनि व्याख्या गरिन्छ। Implied power को व्याख्या गर्दा धारा ७६(१) र धारा ८५ दुवैको संगै गर्नुपर्छ। बहुमतको प्रधानमन्त्रीले विघटन गर्दा संविधानको धारा ७६(१) र ८५(१) अनुसार विघटन गर्न पाउछ। यस्तो अवस्थामा अविश्वासको प्रस्ताव आएको र संसदीय दलको नेता परिवर्तन भएको भए छुट्टै अवस्था हुने थियो। प्रधानमन्त्री Institution हो। प्रधानमन्त्रीले सरकार चल्दैन भन्छ भने त्यो कुरा अरुले चल्ने अवस्था छ भनेर हुदैन, अरुले भन्ने कुरा पनि भएन। किनकी bonafied government त्यही नै हो। प्रधानमन्त्रीले राजिनामा नदिई प्रधानमन्त्रीको नियुक्ति प्रकृया नै शुरु हुदैंन। प्रधानमन्त्रीलाई संसदीय दलले हटाउन सक्थ्यो। संसदीय दल चुप लागेर बस्छ भने अदालतले हटाउने कुरा भएन। अविश्वासको प्रस्तावबाट पनि हटाउन सकिन्थ्यो त्यो पनि आएन, यस्तो कुराहरुमा परमादेश जारी हुन सक्तैन। प्रधानमन्त्रीलाई Dissolution power हुन्छ, के कस्तो अवस्थामा हुन्छ त्यो Political question हो। तर त्यस्तो विघटन Unconstitutionally & Malafiedly गर्नु भएन। संविधानले संसद र संसदीय दल चिन्छ तर झगडा त्यहाँ होइन। प्रधानमन्त्री को प्रति उत्तरदायी हुने हो, उसलाई हटाउने प्रकृया के हो, त्यो clear गर्नु पर्छ। Party supreme कि प्रधानमन्त्री supreme भन्ने बारे उत्तरदायित्वमा बोल्नु पर्छ। Unaccountable ठाउँमा उत्तरदायी हुन सक्तैन। आफ्नै पार्टीको सदस्यले अविश्वासको प्रस्ताव राख्नु दलबदल गरे सरह हुन्छ। राष्ट्रपतिले परामर्श गर्नु implied power हो तर संविधानमा लेख्न भने

कन्जुस्याई गरेको छ। संसदीय व्यवस्थामा Dissolution power हुन्छ र त्यो Executive domain भित्र हुन्छ।

१५७. **<u>नेपाल बार एशोसिएनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curie) विद्धान वरिष्ठ अधिवक्ता श्री सतिसकृष्ण खरेलले गर्नु भएको बहस:</u>**

संवैधानिक इजलासमा न्यायाधीशको संख्या कम भयो भने Speaking order बाट बोल्न सकिन्छ तर अहिलेको संवैधानिक व्यवस्थाबाटै ५ जना भन्दा बढी संख्या हुने वा बढाउने गरी बोल्नु हुदैन। प्रधानमन्त्रीले विघटन गर्न पाउने नपाउने हो, होइन भन्ने प्रश्न संवैधानिक प्रश्न हो। संवैधानिक प्रावधानको आधारमा निराकरण गर्नु पर्ने प्रश्न संवैधानिक प्रश्न भएकोले यस्तो प्रश्नमा अदालतले प्रवेश गरी व्याख्या गर्न सक्छ। संवैधानिक प्रावधानको निराकरण गर्न राजनीतिक प्रश्नमा समेत अदालत प्रवेश गर्न मिल्छ। स्वविवेकमा प्रश्न उठेमा उक्त राजनीतिक प्रश्न हो। दुई तिहाई ल्याउन सक्ने नसक्ने विषय राजनीतिक प्रश्न हो। संविधानले निषेध गरेको अवस्था बाहेक न्यायपालिकाको अधिकारक्षेत्र घट्न नसक्ने (नि.नं.३४५४) भनी बोलिएको छ। The political controversy did not deter the courts from holding, in the Case of proclamations (1611) 12 Co Rep 74, that an attempt to alter the law of the land by the use of the Crown's prerogative powers was unlawful. The court concluded at p. 76 that "the King hath no prerogative, but that which the law of land allows him", indicating that the limits of prerogative powers were set by law and were determined by the courts.[49] संविधानको धारा ७६ ले कसैलाई संसद विघटन गर्ने विशेषाधिकार दिएको छैन। अर्थात वर्तमान संविधानले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) मा रहेको जस्तो विशेषाधिकार हटाएकोमा विवाद छैन। पहिला भएको व्यवस्था हटाइसकेपछि silently गुप्तलुप्त दिने गरी कुनै व्यवस्था गरेको मान्न मिल्ने हुदैंन। कुनै व्यवस्थाले कुनै कुरा झिकिएको छ भने झिकिन्छ, थपेको छ भने थपिन्छ। यो संविधानमा संविधानबमोजिम भनिएकोले सो बमोजिमको प्राबधान स्पष्ट देखिनु पर्छ। विघटन सम्बन्धी स्पष्ट प्रावधान भनेको धारा ७६(७) मात्र हो। धारा ७६(७) र धारा ८५ परिपूरक धारा हो। हाम्रो संविधानले अंगिकार गरेको संवैधानिक सर्वोच्चता हो भएकोले ब्रिटेनको जस्तो संसदीय सर्वोच्चता होइन। संसदीय प्रणालीमा (क) मन्त्रिपरिषद संसदप्रति उत्तरदायी हुन्छ। (ख) प्रधानमन्त्रीको नियुक्ति संसदबाट हुन्छ यी दुई Value बाहेक विश्वमा कहि पनि अन्य Uniform rule छैन। European Commission for Democracy Through Law (Venice Commission) को रिपोर्टले

[49]. Miller vs. Priminister para 32

संसदीय व्यवस्थामा संसद विघटनलाई Essence नभनी विभिन्न देशको देशको फरकफरक विघटन प्रकृया उल्लेख गरेको छ। राजनीति आफैमा तरलता हो, यसले आफ्नो Level आफै मिलाउछ। त्यसैले राजनीतिक सम्भावना रहन्छ। प्रधानमन्त्रीबाट भएको विघटन असंवैधानिक घोषित हुनु पर्ने अवस्था रहेकोले मागबमोजिम आदेश जारी गरी पाउँ।

१५८. **<u>नेपाल वार एशोसिएनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curie) विद्धान वरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनालीले गर्नु भएको बहस:</u>**

विघटन सम्बन्धी केही प्रश्नमा संविधानका प्रावधानहरु Silent भन्नु भन्दा पनि Lacuna & Contradictory छन्। संविधानको धारा ७४, ७६, ८५, १०० को व्यवस्था संगसंगै समन्वयात्मक व्याख्या गर्नु पर्छ। संविधानमा Abstract धेरै छन्, त्यसैले नै Letter of intent दिन्छ। जुन प्रणाली अपनाइन्छ, त्योसँगै विशेषता अवलम्वन गरिएको हुन्छ। संसदीय प्रणाली अपनाईसकेपछि त्यसको विशेषता सबै अंगमा Reflect हुन्छ। त्यो Reflection प्रणालीसँगै आउछ। सुधारिएको संसदीय व्यवस्थामा पनि संसदीय व्यवस्थाका आधारभूत विशेषता स्वीकार गरिन्छ। सार्वभौमसत्ताको Absolute power जनतामा छ। संविधान अनुसार संसदले अधिकार प्रयोग गर्दा पनि सार्वभौमसत्ता जनतामा नै छ भनेर प्रयोग गरिने र संसदले जनताबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने हो। विधायकहरुले सहि तरिकाले काम गरेनन् भने dissolution power राखिएको हुन्छ। प्रधानमन्त्रीलाई संसदको विघटनको अधिकार सरकारको नियन्त्रणको छडी हो। सन्तुलन तोडियो भने सबै बिग्रिन्छ। राजनैतिक शक्तिको रुपमा रहेको विघटनको अधिकारको प्रयोग कार्यपालिकाले प्रयोग गर्ने हो। धारा ७५ मा संविधान र कानून भनेको यसको शक्ति जनता हो। जनताद्वारा प्रत्यायोजित शक्तिको प्रयोग कार्यपालिकाले प्रयोग गर्ने हो। Dissolution is an act of the Executive which dismisses the legislative body, and refers a disputed case to the electorate, the supreme arbitrator of the State; it is lawful, in the sense that it is exercised according to the constitution, the laws and the conventions of the country, and is not a product of power (e.g. revolution, etc.); and it prematurely ends the life of parliament.[50] पार्टीभित्रको बिवादलाई अदालतले हस्तक्षेप गर्दैन। पार्टीले असहयोग गरेको भन्नुको अर्थ Intra-party conflict रहेको मानिन्छ। Intra-party conflict सृजना भयो भने Dissolution हुन्छ भन्ने सिद्धान्तहरु छन्। पार्टीभित्रको विवाद देखिएको छ तर पार्टीको विवादको त्यो आधिकारिकता पुष्टि भएको छैन। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र प्रधानमन्त्री शेरबहादुर देउवाले गरेका दुवै विघटन Intraparty Conflict थिए। संसदीय प्रणाली स्वीकार गरेमा

---

[50] . B.S. Markesinis, The Theory and Practice of Dissolution of Parliament, A comparative study with special reference to the United Kindom and Greek experience, Cambridge at the university press, 1972 page 7

संसद विघटन हुने संविधान सभाको दस्तावेजबाट देखिन्छ। प्रधानमन्त्रीले कि विश्वासको मत लिनु पर्ने कि Dissolution रोज्नु पर्ने स्थापित दुई विकल्पलाई सबै विद्वानहरुले स्वीकार गरेका छन्। Dissolution गरी Super power मा जादा यसले राजनीतिमा लागेको वादल फाट्ने काम गर्छ। Dissolution राजनीतिक कारणले हुन सक्छ। यो आफैमा नराम्रो मानिदैन। युरोपमा खास गरी १० वटा शिर्षकमा विघटन हुन सक्ने उल्लेख गरिएको पाइन्छ। (a) Automatic dissolution (b) Conflict between the two houses (c) End of life of Parliament approaching (d) Conflict between government and parliament (e) Conflict between the Head of State and his Government, supported by parliament (f) Parliament doesnot represent the electorate (g) Party politics (h) Major political issue at stake (i) Dissolution by force or threat of force (j) other reasons प्रधानमन्त्री बन्दा धारा ७६(२) को बनेकोमा पार्टी एकिकरण पश्चात संसदीय दलको नेता भै धारा ७६(१) को प्रधानमन्त्रीमा परिणत भएको तथा धारा ७६(७) मा प्रधानमन्त्रीलाई विघटनको अधिकार (right) र Procedure दुवै भएकोमा धारा ८५ थप Substative धारा हो। धारा ७६ पहिलाको संविधानको धारा ३६,४२ र ५३(४) को समिश्रित धारा हो। धारा ७६(८) बमोजिमको व्याख्या गर्नु पर्ने हुन्छ। उक्त व्यवस्थाबाट प्रधानमन्त्रीको पद रिक्त नहुदै पुन: (Reverse) कसरी प्रधानमन्त्री नियुक्ति हुन सक्छ। धारा ७६(७) ले सबै प्रधानमन्त्रीलाई विघटनको अधिकार दिएको छ। प्रधानमन्त्री उपर संसदीय दलमा विश्वास छैन भनी कुनै प्रस्ताव थालनी भएको छैन।संसदीय दलमा जस्तो विश्वासको मत संसदीय दलमा लिनु पर्ने पनि होइन। अर्थात प्रश्न नउठेसम्म विश्वास रहेको पुष्टि गर्नु पर्दैन। Mischief rule मा विधायिकाको मनसाय खोजिन्छ। यदी स्थिरता दिने र अस्थिरता हटाउन चाहेको भए विघटनसम्बन्धी कुनै Restriction छैन। यसबाट संसदीय व्यवस्थामा बहुमतको सरकारले विघटन गर्न नसक्ने संवैधानिक व्यवस्था गरेको मान्न मिल्दैन। सरकार बन्ने प्रकृया घुमिरहे जस्तै विघटन हुने प्रकृया पनि घुमिरहने हुँदा सबै किसिमको प्रधानमन्त्रीले विघटन गर्न सक्छ। Parliament never breathe unnecessarily भन्ने हुँदा सरकार बन्ने र कायम रहने सम्भावना नै नभएपछि विघटन गर्नु उचित हुने र यो विघटन संविधानसम्मत भएकोले रिट निवेदन खारेज गरी पाउँ।

१५९. **<u>सर्वोच्च अदालत वार एशोसिएनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curie) विद्धान वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्यले गर्नु भएको बहस:</u>**

ब्रिटेनमा Fix Term Act, 2011 आएपछि संसद विघटन गर्ने Prerogative छैन। ब्रिटेनमा Fix Term Act, 2011 आउनुअघि नै नेपालको सर्वोच्च अदालतले विघटनको मुद्दामा संवैधानिकता जाँच गरेको छ। नेपालले ब्रिटेनबाट कुनै प्रणाली Inherited

गरेको होइन। कतिपय ब्यवस्था आवश्यकता अनुसार कतिपय व्यवस्था लिएको मात्र हो। लिखित संविधान भएको मुलुकमा प्रधानमन्त्रीलाई असिमित अधिकार हुदैंन। भारतमा पनि Alternative government बन्ने अवस्था रहेसम्म विघटनमा जानु हुदैंन भन्ने मूल्य मान्यता विकास भएको छ। कानूनको व्यवस्था (Text) नै स्पष्ट छ भने सिद्धान्त, परंपरा र प्रचलन हेर्न आवश्यक छैन। तर Text स्पष्ट नभए परम्परा मूल्य मान्यता हेर्न सकिन्छ। राजनीतिक प्रश्नको सिद्धान्त न्यायिक पुनरावलोकनको अपवाद हो।तथापि संवैधानिक मिश्रित राजनीतिक विषयमा न्यायिक पुनरावलोकन हुने भएकोले अहिले न्यायिक पुनरावलोकनको क्षेत्राधिकार बढ्दै गएको छ। विघटन गर्ने अधिकार संविधानको धारा ७६(१) को प्रधानमन्त्रीलाई तजविजमा छोडिएको हो, होइन? भन्ने प्रश्नको लागि प्रथमत: संविधानको व्याख्या गर्नु पर्ने र त्यसरी तजविजमा छोडिएको छैन भने राजनीतिक प्रश्न भनी पन्छिन मिल्दैन। कुनै शर्त, प्रकृया तोकेको छ भने सो प्रकृया तोकेको छ भने सो पुरा गर्‍यो गरेन त्यो पनि कानूनी प्रश्न (Legal Question) भएकोले त्यस्तो प्रश्नमा पन्छिन मिल्दैन। यसैले प्रस्तुत मुद्दाको विषयवस्तु न्यायिक पुनरावलोकनको क्षेत्राधिकार आकर्षित हुन्छ। लिखित संविधान भएको देशमा सिमित सरकार हुने र अहिलेको संविधानले कसैलाई अन्तर्निहित अधिकार (Inherent power) नदिएकोले अन्तर्निहित अधिकार छ भन्नु संविधानले अपनाएको आधारभूत सिद्धान्त विपरीत हुन्छ।संविधानले कसैलाई Power दिएको छ भने संविधानबाटै खोज्नु पर्छ। संविधानले जे जति अधिकारको व्यवस्था गरेको छ, त्यति मात्रै अधिकारको प्रयोग गर्न पाइन्छ। संविधानको सारभूत प्रावधानले अधिकार नदिए Implied power आकर्षित हुन सक्तैन। अर्थात Substantive power देखाएमा मात्र Implied power प्राप्त हुने हो। अमेरिकामा अवशिष्ट अधिकार संघ र राज्यको सूचीमा उल्लेखित अधिकार बाहेकका बाँकी अधिकार राज्यमा रहे जस्तै नेपालमा संघ, प्रदेश र स्थानीय निकायको सूचीमा परेका बाहेक बाँकी अधिकार संघमा रहने हो। कार्यकारिणी अधिकारमा अवशिष्ट अधिकार पनि Co-existing हुन्छ। तर अवशिष्ट अधिकारको आधार बनाएर Backdoor बाट अधिकार सृजना गर्न पाइदैन। यसैले संवैधानिक प्रावधानबाट प्रधानमन्त्रीलाई Implied, Inherent and Residual power कुनै आधारमा पनि संसद विघटन गर्ने अधिकार प्रदान गर्दैन। संविधानको धारा ८५, ७६, १०० को अन्तरसम्बन्ध छ। धारा ८५ ले विघटन गर्न पाउदैंन। धारा ८५ मा उल्लेखित “यो संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक” भनेको धारा ७६(७) नै हो। यो संवैधानिक व्यवस्थाबाट प्रतिनिधि सभाको विघटन निशर्त होइन। प्रधानमन्त्रीको नियुक्ति Trust of power हो, जसको उल्लंघन गर्न पाइदैन। अरुको संविधान तथा अभ्यास Reference मात्र हो। प्रधानमन्त्रीको

सिफारिसमा उल्लेख नभएका वा नखुलेका कुराहरु लिखित जवाफमा आधार कारण खुलेकोमा मान्यता दिनु पर्छ। प्रधानमन्त्रीले आफ्नो पार्टीको विवाद, आफ्नो संसदीय दलमा रहेको विवाद, संसद र सरकारको विवाद आफ्नो क्षेत्र र तोकिएको प्रकृयाबाटै समाधान गर्नु पर्छ। पार्टीले असहयोग गरेको विवादमा संविधानको सहायता लिन पाइदैन। पार्टीभित्रको विवाद देखाएर संसद भंग गर्न पाइदैन। पार्टीभित्रको विवाद पार्टीको विधान र नियम अनुसार गर्नु पर्ने। संसदमा Major Issue मा समस्या वा विवाद छैन। प्रधानमन्त्रीले हिम्मत भए संसदीय दलको नेतामा निर्वाचित भएर देखाउ र छाड्छु नत्र दुख नदेउ भन्न नसकी संसद विघटन गरिएको छ। प्रधानमन्त्रीले पार्टीभित्रको विवादलाई लिएर विघटन गरेको भन्ने लिखित जवाफ रहेकोमा उल्लेखित कारणबाट वास्तविक कुरा नलुकाएकोले प्रधानमन्त्रीको बदनियत छैन। तर असम्बन्धित कुरा देखाएर संसद विघटन गरेको कार्य असंवैधानिक हुँदा न्यायिक पुनरावलोकन गर्न मिल्छ। प्रधानमन्त्री विरुद्ध आफ्नै पार्टीबाट संसदीय दलको विधानबमोजिम अविश्वासको प्रस्ताव ल्याउन सकिन्छ। त्यसरी पार्टीको संसदीय दलको विधानबमोजिम अविश्वासको प्रस्ताव नल्याई आफ्नै पार्टीबाट संसदमा अविश्वासको प्रस्ताव ल्याउन सकिन्छ। स्थायित्व महत्वपूर्ण हो त्यो भन्दा पनि उत्तरदायित्व झन महत्वपूर्ण हो। निशर्त विघटनको Prerogative right छैन। यस्तो विशेषाधिकार झिकिएकोले धारा ७६(१) को प्रधानमन्त्रीले समेत विघटन गर्न पाउदैन। Check and balance पनि दुरुपयोग गरेकोले यो संविधानमा पृथक व्यवस्था गरेको हो। प्रस्तुत मुद्दामा संविधानको व्यवस्थाबमोजिम विघटन भयो भएन भनी हेर्नु पर्ने भएकोले राजनीतिक प्रश्नमा बोल्न आवश्यक छैन। प्रधानमन्त्रीले बाटो प्रसस्त नगरी तथा संविधानबमोजिम हुनु पर्ने विघटनको २ वटा पूर्वशर्त पुरा नगरी धारा ७६(१) को प्रधानमन्त्रीले विघटन गरेकोले असंवैधानिक हुँदा मागबमोजिम आदेश जारी गरी पाउँ।

१६०. **<u>सर्वोच्च अदालत वार एशोसिएनको तर्फबाट उपस्थित अदालतको सहयोगी (Amicus Curie) विद्धान वरिष्ठ अधिवक्ता श्री गीता पाठक संग्रौलाले गर्नु भएको बहस:</u>**

शक्तिपृथकीकरणको सिद्धान्तमा विश्वास गर्ने राष्ट्रका अंगहरुले जसले जति अधिकार छ, त्यति नै प्रयोग गर्नु पर्ने र कसैले पनि संविधानमा आँच आउने गरी कार्य गर्नु हुदैन। संविधानमा उल्लेखित अवशिष्ट अधिकार संघ, प्रदेश र स्थानीय निकायको सूचीमा नपरेको विषयहरु बुझ्नु पर्ने। अवशिष्ट अधिकार संघमा रहेकोले तीनबटै अंगले प्रयोग गर्न सक्छन्। यो अधिकारको प्रयोग Positively प्रयोग गर्न दिइएकोले Negatively प्रयोग गर्नु हुदैन। संविधानमा विघटन शब्द परेर मात्र हुदैंन। त्यसले कसरी विघटन गर्ने भन्ने पूर्वशर्त तोकेको छ। विश्वासको मत प्राप्त

गर्न नसकेको वा प्रधानमन्त्री नियुक्त हुन नसकी कामचलाउ भएको प्रधानमन्त्रीले मात्र संविधानबमोजिम विघटन गर्न पाउने हो। बहुमतको प्रधानमन्त्री विश्वासको मत प्राप्त गर्नु नपर्ने व्यवस्था भएकोले झन् जिम्मेवार हुनु पर्ने भएकोले मन लागेको बेला विघटन गर्न पाउदैनन्। यो शासन प्रणाली संसदीय व्यवस्था हो। तथापी लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध राष्ट्र निर्माण गर्ने चाहेकोले सो कुरालाई समेत ध्यान दिनु पर्छ। विगतलाई बिर्सन सकिदैंन तर सधै पछ्याउन पनि हुदैंन। यसैले २०४७ सालको संविधानको धारा ५३(४) मा विघटनको विशेषाधिकार रहेकोमा सोबाट अस्थिरता र दु:ख पाएकोले त्यस्तो ब्यवस्था हटाइएकोमा पछि फर्किने गरी व्याख्या गर्नु हुदैंन। धारा ७६(७) को व्यवस्था Mandatory व्यवस्था हो। यहाँ Deadlock को व्यवस्था छैन। प्रधानमन्त्री नियुक्त हुन नसकेमा पद रिक्त हुन्छ। धारा ७६(१०) को उत्तरदायित्व, जवाफदेहिता र कर्तव्य सबैभन्दा महत्वपूर्ण हो। यसैबाट कार्यपालिका कार्यान्वयन गर्ने निकायमा विधायिकी अनुगमन सधै रहन्छ। यो सरकार धारा ७६(१) को सरकार हो। सो सम्बन्धमा प्रश्न उठाउने बेलामा विवाद नउठाएपछि अहिले असंवैधानिक भन्न पाइदैन। संसदीय दलको नेताको सम्बन्धमा पार्टीको संसदीय दलभित्र पनि विश्वासको मत वा अविश्वास प्रस्ताव राख्न सकिन्थ्यो। साथै आफ्नै पार्टीबाट अविश्वासको प्रस्ताव संसदमा ल्याउन मिल्ने नमिल्ने सम्बन्धमा संविधानको धारा १००(४) मा कुनै कुरा उल्लेख भएको छैन। Implied power लागु हुने भए यसमा पनि आकर्षित हुन्छ। Baker vs. Carr को मुद्दामा उल्लेखित ६ वटा मापदण्ड उल्लेखित छन्। तर Justiciable cause of action छ भने न्यायिक पुनरावलोकन गर्न मिल्छ। संविधानले प्रधानमन्त्रीलाई विघटनको अधिकार नदिएको र प्रधानमन्त्री नियुक्ति गर्न धारा ७६ को चक्र चलाएर हेर्नु पर्ने भएकोले निवेदन मागबमोजिम आदेश जारी गरी पाउँ।

१६१. समष्टिगत रुपमा निवेदकहरूको निवेदन ब्यहोरा हेर्दा सम्माननीय प्रधानमन्त्री नेपालको संविधान (यस उप्रान्त "संविधान" भनी सम्बोधन गरिएको) को धारा ७६ को उपधारा (१) अन्तर्गतको प्रधानमन्त्री भएको, उक्त धारा अनुसार नियुक्त भएका प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (७) को अधिकार प्रयोग गर्न नसक्ने, धारा ८५ को व्यवस्थाले विघटन गर्ने अधिकार श्रृजना नगर्ने, प्रधानमन्त्रीको सुविधा वा असुविधाको आधारमा प्रतिनिधि सभा विघटन गर्न पाउने स्वविवेकिय अधिकार यो संविधान बमोजिम प्राप्त गर्न नसक्ने, हाम्रो विशिष्ट प्रकृतिको संसदीय व्यवस्था भएको मुलुकका लागि परम्परागत संसदीय व्यवस्था भएको मुलुकको दृष्टान्त अनुकरणीय हुन नसक्ने भएकोले संविधानमा नै नभएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गैरसंवैधानिक भएको

हुँदा सम्माननीय प्रधानमन्त्रीले मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन गर्नुभएको सिफारिस र सो सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ गते प्रतिनिधि सभा विघटन गर्ने गरी भएका सम्पूर्ण कार्यहरू नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधि सभाले गर्नु पर्ने कामहरू सम्पादन गर्न आवश्यक र उपयुक्त आदेश गरी पाउँ भन्ने निवेदकको मागदावी रहेको देखिन्छ।

१६२. प्रत्यर्थीहरु मध्येका सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नु भएको लिखित जवाफ हेर्दा मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको, संविधानको धारा ७४ मा संसदीय शासन प्रणाली अवलम्बन गरी सो प्रणालीका विशेषतालाई स्वीकार गरिएको, प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको अन्तर्निहित मूल्य र आधारभूत मान्यता भित्र पर्ने, धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल समाप्त हुनु अगावै विघटन हुनसक्ने अवस्था स्वीकार गरेको, प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनका लागि सिफारिस गर्न नपाउने भनी संविधानले कतै व्यक्त वा अव्यक्त रुपमा रोकेको अवस्था नभएको, धारा ७५ ले प्रदान गरेको कार्यकारिणी अधिकारमा यस विषयमा कुनै सीमा निर्धारण नगरिएको, धारा ७६ को उपधारा (१) बमोजिम मेरो नेतृत्वमा सरकार सञ्चालन भई रहेकोमा धारा ७६ को उपधारा (७) ले वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने परिकल्पना गरेको र प्रस्तुत विषयवस्तु राजनीतिक भएकोले अदालत प्रवेश गर्न नमिल्ने हुँदा उक्त संवैधानिक व्यवस्था संसदीय शासन प्रणालीको आधारभूत मान्यता र संसदीय प्रणाली अवलम्वन गर्ने मुलुकहरूका अभ्यास समेतका आधारमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान सम्मत भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोरा उल्लेख भएको पाइन्छ।

१६३. अब यस इजलासमा बिचाराधीन रहेको प्रस्तुत विवादमा निवेदन ब्यहोरा, लिखित जवाफ, निवेदकहरु तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित भई बहस गर्नु हुने एवं अदालतको सहयोगीको रुपमा उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको बहस जिकीर, बहसनोट तथा मिसिल संलग्न सम्पूर्ण कागजातहरु अध्ययन गरी निर्णयतर्फ विचार गर्दा देहायका प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन आयो।

(१) प्रतिनिधि सभा विघटनको लागि सम्माननीय प्रधानमन्त्रीले पेश गर्नु भएको सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भएको प्रश्नमा राजनीतिक

विषयवस्तु समावेश भएको भन्ने कारणले प्रस्तुत विवाद यस अदालतले न्यायनिरोपण गर्न मिल्ने प्रकृतिको हो वा होइन?

(२) संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम प्रतिनिधि सभा विघटन गर्नु नेपालको संविधानसम्मत हुन्छ वा हुदैन?

(३) नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्नु संविधानसम्मत हुने हो वा होइन?

(४) सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन?

(५) रिट निवेदनको दावी अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो?

१६४. उपर्युक्त निवेदनहरुको मागदावी र लिखित जवाफहरुको जिकिरहरु लगायत नेपालको संवैधानिक व्यवस्था, प्रतिपादित नजीर तथा विदेशी संवैधानिक अभ्यासहरुसमेतका आधारमा विचार गर्दा निम्नानुसारका अवस्थाहरु देखिएको सन्दर्भमा प्रतिनिधि सभा विघटनको लागि सम्माननीय प्रधानमन्त्रीले पेश गर्नु भएको सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भएको प्रश्नमा राजनीतिक विषयवस्तु समावेश भएको भन्ने कारणले प्रस्तुत विवाद यस अदालतले न्यायनिरोपण गर्न मिल्ने प्रकृतिको हो वा होइन? भन्ने **"पहिलो प्रश्न"** तर्फ विचार गर्दा राजनीतिक प्रकृतिको निर्णयको वैधता राजनीतिक माध्यमबाट जाँचिने र समाधान हुने मान्यता राखिएको कारण न्यायिक मापदण्ड र न्यायिक प्रकृयाबाट सम्भव नहुने तथा न्यायिक जाँचबुझ गर्न नसकिने राजनीतिक प्रश्नहरुमा आत्मसंयमको नियम अपनाई विशुद्ध राजनैतिक उल्झनबाट अदालत तटस्थ रहनु पर्ने भन्ने सामान्य अवधारणा रहेको देखिन्छ।

१६५. न्यायपालिका राज्यको बेग्लै तेस्रो अंग भएको र शक्ति पृथकीकरणको सिद्धान्तले राज्यका तीनै अङ्गहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका एक अर्काबाट पृथक हुने भई यी तीन अङ्ग बीच संवैधानिक व्यवस्था अनुसार अपनाइने नियन्त्रण र सन्तुलनको सिद्धान्तको आधारमा न्यायपालिका आफु पनि आफ्नै अधिकार क्षेत्रको सिमामा रहने, अन्य अंगलाई पनि न्यायिक पुनरावलोकनको माध्यमबाट आ-आफ्नो अधिकार क्षेत्रको सिमामा राख्ने र उनीहरुको स्वेच्छाचारी कार्यलाई पनि नियन्त्रण गर्ने हुन्छ। यसो गर्दा न्यायपालिकाले आत्मनियन्त्रण र संयमताको सिद्धान्तलाई समेत अपनाउने गर्दछ। न्यायपालिकाले न्यायिक पुनरावलोकनको क्षेत्रमा न्यायिक संयमता अपनाउँदा कार्यपालिका र व्यवस्थापिकाका विशुद्ध राजनीतिक प्रश्नहरु मात्र समावेश भएका विषयमा प्रवेश

गर्न हुदैँन, यथासम्भव टाढा नै रहनु पर्दछ भन्ने सम्बन्धमा विवाद गर्नुपर्ने कुनै कारण देखिदैन।

१६६. अर्कोतर्फ संविधान राजनैतिक लिखतको साथै कानूनी लिखत पनि भएको हुँदा कतिपय प्रश्नहरुमा राजनैतिक प्रश्नहरुसंग संवैधानिक एवं कानूनी प्रश्नहरु पनि साथसाथै आवद्ध भई आएको हुन सक्दछ। विवादको प्रश्नमा अन्तर्य हेरी राजनैतिक र संवैधानिक प्रश्न छुट्याई संविधान र कानूनको रोहमा वैधता जाँच्नु पर्ने अवधारणा अदालतबाट व्याख्या गरी विकास हुदै आएको छ। तसर्थ विवादको निरुपणको लागि ती संवैधानिक वा कानूनी प्रश्नहरुको निरुपण हुनु आवश्यक देखिन्छ भने राजनैतिक प्रश्न सम्बन्धी अवधारणालाई अघि सारेर यस अदालतले संवैधानिक र कानूनी प्रश्नहरुको निरुपण गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन पनि मिल्दैन। यस स्थितिमा संविधानद्वारानै प्रदत्त अधिकार क्षेत्रलाई सीमित वा कुण्ठित गर्ने अवधारणाको रुपमा राजनैतिक प्रश्न सम्बन्धी अवधारणाको उपयोग गर्नु संविधानसम्मत हुँदैन। यस सम्बन्धमा विधिशास्त्रीय मान्यताको बारेमा केहि चर्चा गरिनु पनि आवश्यक देखिन्छ। राज्य सञ्चालनका आधारभूत तीन शक्तिहरु विधायिकी, कार्यकारिणी र न्यायिक शक्तिहरुका तीन अंगहरु क्रमश: व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबाट प्रयोग गरिदा यी अंगहरु बीचमा शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलनको आधारभूत सिद्धान्तको आधारबाट संविधानले जीवन्तता प्राप्त गर्ने भएकोले यहि शक्तिपृथकीकरणको सिद्धान्तको आधारमा राजनीतिक प्रश्नको सैद्धान्तिक अवधारणा प्रादुर्भाव भएको पाइन्छ।

१६७. राजनैतिक प्रश्न बहुआयामिक प्रकृतिको हुन्छ। राजनैतिक प्रश्नभित्र विभिन्न विषयहरु संकलित हुन्छन्। यससँग कानूनको वैधता, संविधान र कानूनको व्याख्या र त्यससँग नागरिकका मौलिक हक अधिकारसमेत प्रत्यक्ष रुपमा जोडिएर सम्बन्धित हुने गर्दछ। सर्वोच्च अदालत देशको अभिलेख अदालत हो, यसले राज्यका अन्य अंग, निकाय, एवं नागरिकहरुको सर्वोत्तम हितलाई ध्यानमा राखेर बृहत दायराको आफ्नै क्षेत्राधिकार प्रयोग गर्ने गर्दछ। यसैले राजनीतिक प्रश्न समावेश भएका विवादहरुमा पनि यदि कुनै कानूनको वैधताको प्रश्न उठेमा कानून र संविधानको व्याख्याको आवश्यकता पर्दछ र त्यसमा आम नागरिकको सर्वोत्तम हितलाई ध्यानमा राखी मौलिक हक अधिकारको संरक्षण गर्नु पर्ने अवस्था पर्दछ भने राजनीतिक आवरण र जलप लगाइएका संविधानको व्याख्याको प्रश्न समावेश भएका विवादहरुमा अदालतले न्यायिक पुनरावलोकनको आधारमा विशुद्ध राजनीतिक प्रश्न अतिरिक्त संवैधानिक व्याख्या गर्नु विचारणीय हुन्छ। संवैधानिक र कानूनको व्याख्याको प्रश्नसमेत संलग्न भएको कार्यपालिकाको कार्यमा

राजनीतिक प्रश्न समावेश भएको भन्ने नाताले कानून र संविधानको व्याख्या गर्ने र त्यस आधारमा कानूनको वैधता परीक्षण गर्ने, नागरिकहरुको मौलिक हक अधिकारको रक्षा गर्ने संविधानले प्रदान गरेको आफ्नो मौलिक एवं गुरुत्तर दायित्वबाट अदालत पन्छिन र टाढा रहन मिल्दैन।

१६८. राजनीतिक प्रश्नको सिद्धान्त न्यायिक अभ्यासको क्रममा अदालतबाट विकास हुदै आएको पाइन्छ। राजनीतिक प्रश्नको सिद्धान्तको प्रादुर्भाव संयुक्त राज्य अमेरिकामा Marbury Vs. Madison[51] को मुद्दामा भएको भन्ने मान्यता रहेको छ। उक्त मुद्दामा कुनै राजनीतिक अंगको प्रमुख वा कार्यकारिणीको प्रतिनिधिले गरेको कार्य राजनीतिक उद्देश्यको परिपूर्तिसँग सम्बन्धित रहेको वा सो विषयमा संवैधानिक वा कानूनी स्वविवेक निहित भएमा सो कार्यको पुनरावलोकन राजनीतिक प्रकृयाबाट मात्र हुन सक्छ तर यदि सो दायित्व कानूनद्वारा प्रदान गरिएको छ र सो दायित्व सम्पादनमा व्यक्तिको हक अधिकार निर्भर छ भने कुनै व्यक्तिलाई आफ्नो हक हनन् भएको लागेमा कानूनबमोजिम उपचार खोज्ने हक रहन्छ भन्ने अर्थ लाग्ने गरी व्याख्या भएको देखिन्छ।

१६९. Baker Vs. Carr[52] को मुद्दामा राजनीतिक प्रश्नको सिद्धान्त सम्बन्धी मापदण्ड नै तय गरिएको पाइन्छ । संयुक्त राज्य अमेरिकाको State of Tennessee मा आवधिक रुपमा विधायिकी निर्वाचन क्षेत्र पुनः निर्धारण गरिने व्यवस्था रहेकोमा लामो समयसम्म सो कार्य नभएपछि निवेदक रहेको निर्वाचन क्षेत्रमा जनसंख्या वृद्धि भए तापनि निर्वाचन क्षेत्र पुनः निर्धारण नहुँदा प्रतिनिधि संख्या वृद्धि हुन नसकेको कारण ग्रामिण क्षेत्रको प्रतिनिधित्व शहरी क्षेत्र भन्दा अत्याधिक हुन गई कानूनको समान संरक्षण हुन नसकेको भन्ने निवेदन जिकिरलाई विपक्षीहरुले निर्वाचन क्षेत्र निर्धारण राजनीतिक विषय भएकोले सो न्यायिक निरुपण हुन नसक्ने भनी गरेको तर्कमा फैसला गर्दै सर्वोच्च अदालतले निर्वाचन क्षेत्र पुनः सिमांकीत (Redistricting) हुन नसकेको विषयलाई कानूनको समान संरक्षणको विषयको रुपमा स्विकार गरी उक्त विषय विशुद्ध राजनीतिक विषयमात्र नभई न्यायिक निरुपणको विषय हो भनी निर्णय भएको देखिन्छ। यस मुद्दामा प्रतिपादित सिद्धान्त संयुक्त राज्य अमेरिकामा Nixon v. United States[53] लगायत विभिन्न मुद्दामा प्रयोग भएको पाइन्छ । उपरोक्त Baker v. Carr को मुद्दामा कुनै विषय कानूनले नै शाब्दिक रूपमा प्रष्टसँग राजनैतिक बृत्तको संवैधानिक प्रतिवद्धताको विषय रहेको देखिएमा, त्यस्तो विषय समाधान गर्न न्यायिक

[51] Marbury v. Madison, 5 U.S. at 163-170.

[52] Baker v. Carr, 369 U.S. 186 (1962).

[53] Nixon v. United States, 506 U.S. 224 (1993).

व्यवस्थापनको मापदण्डको अभाव रहेमा वा त्यस्तो मापदण्ड तय गर्न नसकिने अवस्था रहेमा, नीतिगत निर्णय नभई न्यायिक निर्णय दिन असम्भव रहेको वा न्यायिक नभई स्वविवेकको विषय देखिएमा, सरकारका अंगहरू बीचमा सम्मानजनक समन्वय अभिव्यक्त नभएको कारण अदालतले स्वतन्त्र रुपमा समाधान गर्न असम्भव भएका विषय देखिएमा, उक्त विषयमा विगतमा भएका राजनैतिक निर्णयका कारण निर्विवाद रूपमा अवलम्वन गर्नु पर्ने असामान्य आवश्यकता देखिएमा र एउटै प्रश्नमा विभिन्न निकायहरूबाट विविध निर्णय आउन सक्ने विडम्वनापूर्ण अवस्था सिर्जना हुने देखिएमा सो प्रश्नलाई अदालतबाट राजनीतिक प्रश्नको रूपमा हेरिने भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

१७०. भारतमा राजनीतिक प्रश्नको सिद्धान्तको विभिन्न मुद्दामा विवेचना गरिएको छ, सो मध्ये S.R.Bommai V. Union of India[54]को मुद्दा सान्दर्भिक देखिन्छ। उक्त मुद्दामा कुनै मुद्दामा राजनीतिक प्रश्न छ, छैन भनी निर्क्यौल गर्न सो को विषयगत सन्तुष्टि वा अन्तिमता(परिणाम) समकक्षी राजनीतिक निकायमा नीहित छ/छैन सो विचार गरी अदालतले सर्वप्रथम त्यस्ता विवाद निरुपण गर्न न्यायिक रुपमा व्यवस्थापन गर्न मिल्ने मापदण्ड (Judicially discoverable and manageable standard) छ/छैन भनी हेर्नु पर्ने भनी व्याख्या भएको पाइन्छ। न्यायिक निरुपणको विषय हो वा होइन भन्ने विषयको निश्चित सूची सहितको कानूनी अवधारणा नभएको, यसको कुनै वैज्ञानिक परीक्षण हुन नसक्ने, न्यायिक निरुपणको विषयलाई सामान्य सीमाका दृष्टिकोणबाट हेर्न सकिने हुँदा शुद्ध राजनीतिक प्रकृतिका विषयमा न्यायिक पुनरावलोकन गर्नबाट अदालत पछि हट्नु पर्ने भएपनि राजनीतिक विषयमा समावेश रहेको कानूनी प्रश्नको निरुपण अदालतबाट हुन सक्छ र कुनै खास विवादको निरुपण गर्न अदालतसँग न्यायिक स्तरमा व्यवस्थापन गर्न मिल्ने मापदण्ड रहनुपर्दछ भन्ने व्याख्या भएको देखिन्छ।

१७१. संयुक्त अधिराज्यमा Miller V. The Prime Minister[55]मा राजनीतिक प्रश्न उपस्थित भएको हो, होइन भन्ने विषयमा विस्तृत रुपमा विवेचना गरिएको थियो। प्रधानमन्त्रीले महारानीलाई दिनुभएको सल्लाह कानून संगत छ, छैन? भन्ने विषय अदालतमा परीक्षण हुन सक्ने हो होइन भन्ने प्रश्नमा विपक्षीबाट प्रस्तुत विषय राजनीतिक प्रश्न भएकोले सो विषयमा प्रवेश गरी निर्णय दिन नमिल्ने तर्क गरे तापनि प्रधानमन्त्रीको जवाफदेहिता संसदप्रति रहेको भन्नुको अर्थ सो विषयमा अदालतको कुनै भूमिका नरहने तथा प्रधानमन्त्री राजनीतिक विषयमा संसदप्रति उत्तरदायी रहने भन्नुको अर्थ निजलाई अदालत प्रतिको कानूनी जवाफदेहिताबाट

---

[54]S. R. Bommai v. Union of India (AIR 1994 SC 1918)

[55]R (on the application of Miller) (Appellant) v The Prime Minister (Respondent) (2019) UKSC 41

उन्मुक्ति दिएको भन्ने अर्थमा हेर्न नमिल्ने र यसबाट शक्तिपृथकीकरणको सम्मानको रक्षा हुने हुँदा संसद स्थगित गर्ने विशेषाधिकारको सीमा जाच्ने विषय कानूनी प्रश्न भएकाले शक्तिपृथकीकरणको सिद्धान्तबमोजिम सो को निरुपण गर्ने क्षेत्राधिकार अदालतको हो भनी निर्णय भएको पाइन्छ।

१७२. श्रीलंकामा समेत SCFR Application no. 35/2018 मा संसद विघटन राजनीतिक प्रश्न हो होइन भनी निर्णयार्थ प्रश्न रहेकोमा अदालतले संसद विघटन संवैधानिक प्रश्न हो भनी बोलेको पाइन्छ। नागरिक वा मौलिक हकको संरक्षण गर्नु अदालतको कर्तव्य भएको हुँदा राष्ट्रपतिले पदीय हैसियतमा गरेको कुनै कामबाट कसैको त्यस्तो मौलिक हक उल्लंघन हुन गएमा अदालतमा चुनौति दिन मिल्ने तथा राष्ट्रपतिको निर्णय राजनीतिक हुन सक्ने भए पनि संविधानको प्रावधानबमोजिम संसद विघटन गरिएकोमा सो विषय न्यायिक निरुपण हुन नसक्ने राजनैतिक प्रश्न रहेको नदेखिएको भन्ने उक्त मुद्दामा फैसला भएको देखिन्छ।

१७३. उक्त उल्लेखित अवधारणाहरुलाई दृष्टिगत गर्दा अदालतबाट न्याय निरुपण हुन नसक्ने राजनीतिक प्रश्नको विवाद पहिचान गर्ने तत्वहरुको विद्यमानता देखिनु पर्दछ भनी Baker v.Carr को मुद्दामा प्रतिपादन भएको सिद्धान्त अनुकरणीय रहेको देखिन्छ। तथापी यसको अर्थ झल्किने सूची (Semantic Catalogue) तयार गर्न वा बोधगम्य नियम (Comprehensive Rule) पहिचान गर्न कठिन रहेको हुन्छ। मुद्दाको तथ्यको आधारमा राजनीतिक प्रश्न हो वा होइन? भन्ने कुरा निक्यौंल गर्नुपर्ने हुन्छ। सरकारका काम कारवाही सम्बन्धी मुद्दामा कुनै न कुनै प्रकारको राजनीतिक विषय आवद्ध रहन्छ, तथापी कुनै राजनीतिक विवादको विषयमा संविधान वा कानूनको कुनै प्रावधान उल्लंघन भएको विषय देखिएमा यसलाई राजनीतिक प्रश्न मात्र भन्न मिल्ने हुदैन।

१७४. संविधानमा रहेका राजनैतिक र कानूनी प्रश्नहरुलाई संविधान र कानूनकै कसीमा हेरी शक्ति सन्तुलनमा न्यायपालिकाको संवैधानिक दायित्वको भूमिकाको आधारमा राजनैतिक विषय हो वा संवैधानिक कानूनी विषय हो भनी निर्धारण गरी हेरिनु पर्ने हुन्छ। संविधान देशको राजनीतिक संस्था, संरचना, गतिविधि र राज्य सञ्चालन विधि निर्धारण गर्ने दस्तावेज हुँदा कतिपय क्रियाकलापसँग राजनीतिक सम्बन्ध देखिनु स्वाभाविक नै हुन्छ। यसरी कुनै विषयमा राजनीतिक सम्बन्ध देखिएको छ भन्ने आधारमा मात्र त्यसलाई राजनीतिक विवादको आवरण दिएर संविधानको अन्तिम व्याख्या गर्ने परम कर्तव्यबाट यस अदालत विमुख हुनु संविधानसम्मत हुँदैन। संविधानले नै प्रष्ट शब्द अतिरिक्त विषयमा बाहेक संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्या सम्बन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यसप्रकारका प्रश्नहरुका निरुपण गर्नु यस अदालतको कर्तव्य हुन

जान्छ। राजनैतिक महत्त्व वा राजनैतिक क्रियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारित सीमा वा परिधि नाघेको भनी उठाएका प्रश्नहरुको निरुपण गर्न पन्छिने हो भने यस अदालतले संवैधानिक जिम्मेवारी पुरा गर्न नसकेको अवस्था सृजना हुन्छ।

१७५. यसै अदालतबाट समेत राजनैतिक प्रश्नको सन्दर्भ रहेकोले न्याय निरुपण योग्य नहुने भनी उठेको प्रश्नमा रविराज भण्डारी विरुद्ध सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीसमेत भएको २०५२ सालको रिट नं.3105 को मुद्दामा यस अदालतको विशेष इजलासबाट[56] भएको सैद्धान्तिक व्याख्या हेर्दा "संविधान एउटा राजनैतिक लिखतको साथै कानूनी लिखत पनि भएकोले संविधान अन्तर्गतका विवादहरुमा राजनैतिक प्रश्नहरु साथै संवैधानिक वा कानूनी वैधताका प्रश्नहरु पनि विवादको विषय कार्यपालिका वा व्यवस्थापिकाको संविधानप्रदत्त अधिकारसँग सम्बन्धित भएको कारणले मात्र तत्सम्बन्धी सबै प्रश्नहरु राजनैतिक प्रश्न हुँदैन। विवादमा उपस्थित संवैधानिक वा कानूनी प्रश्नसँग राजनैतिक प्रश्न पनि गाँसिएको अथवा संवैधानिक विवादलाई राजनैतिक रंगमा रंगाइएको कारणले पनि संवैधानिक वा कानूनी वैधताको प्रश्न राजनैतिक प्रश्नमा रुपान्तरित हुने पनि होइन। त्यसैले कुनै पनि संवैधानिक विवादमा राजनैतिक प्रश्नहरुका अतिरिक्त संवैधानिक वा कानूनी प्रश्नहरु पनि मुछिएका छन् र विवादको निरुपणको लागि यी संवैधानिक वा कानूनी प्रश्नहरुको निरुपण हुन आवश्यक देखिन्छ भने राजनैतिक प्रश्नसम्बन्धी अवधारणालाई अघि सारेर यस अदालतले संवैधानिक र कानूनी प्रश्नको निर्णय गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन पनि मिल्दैन" भन्ने व्याख्या भएको देखिएको छ। त्यसैगरी हरिप्रसाद नेपालसमेत वि. सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालासमेत (२०५१ सालको रिट नं. २३०४) र अधिवक्ता श्यामकुमार खत्रीसमेत वि. सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासमेत (२०५९ सालको रिट नं. ३५४२) भएका निवेदनहरुमा पनि विघटन सम्बन्धी विवाद अदालतबाट न्याय निरुपण गरिएको छ। वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेको रिट निवेदनमा[57] समेत **"संविधान राजनीतिक र कानूनी विषयहरु सम्मिश्रण भएको एउटा दस्तावेज हुँदा यसमा अन्तरनिहित संवैधानिक वा कानूनी पक्षमा प्रश्न उठाई अदालत समक्ष ल्याइएको विवादमा राजनीतिक प्रश्नहरु पनि सन्निहित रहेको र संवैधानिक वा कानूनी वैधताका प्रश्नको निरुपणको प्रभाव राजनीतिक संविधानबादमा (Political constitutionalism) पर्न**

---

[56] ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क 2052 को पृ.181

[57] अधिवक्ता बालकृष्ण न्यौपाने विरुद्द राष्ट्रपतिको कार्यालय समेत, उत्प्रेषणयुक्त परमादेश, नेकाप २०६८ अंक, ४ नि.नं.८५८८

**सक्छ भन्ने कुराको आडमा संविधानको अन्तिम व्याख्या गर्ने अधिकार भएको यस अदालत संविधान प्रदत्त संवैधानिक दायित्वबाट पछि हट्न नसक्ने र नमिल्ने"** भन्ने व्याख्या भएको छ। यसरी राजनैतिक प्रश्नको सम्बन्धमा यस अदालतबाट भएको सो व्याख्या प्रस्तुत विवादको सन्दर्भमा पनि सैद्धान्तिक दृष्टिकोणबाट हेरिदा उल्लिखित प्रश्नको हदसम्म अहिले फरक धारणा राख्नु पर्ने कारण देखिंदैन।

१७६. यसरी संविधानमा न्यायिक निरुपणको विषय नहुने भनी प्रष्ट शब्दमा अन्यथा व्यवस्था गरेको विषयमा बाहेक संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्यासम्बन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यस प्रकारका प्रश्नहरूको निरुपण गर्नु यस अदालतको संवैधानिक दायित्व नै रहन्छ। केवल राजनीतिक महत्त्व वा राजनीतिक क्रियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारित सीमा वा परिधि नाघेको भनी उठाएको प्रश्नहरूबाट पन्छिने हो भने अदालतले संविधान प्रदत्त जिम्मेवारी पुरा नगरेको हुन जान्छ। संविधानको धारा ७६ को उपधारा (१) र (७) र धारा ८५ प्रयोग गरी गरिएको प्रतिनिधि सभा विघटनको निर्णय संविधान सम्मत छ वा छैन भन्ने जस्ता विशुद्ध संवैधानिक प्रश्नहरू प्रस्तुत विवादमा देखिएको र गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएका ती विषयहरूको निरुपण यस अदालतबाट हुने संवैधानिक अभिभारा रहेका कारण प्रस्तुत विवादका प्रश्नहरू न्यायिक निरुपण योग्य एवं यस इजलासको अधिकार क्षेत्रभित्रको रहेको देखिँदा राजनीतिक विषयवस्तु वा प्रश्न मात्र सन्निहित रहेको भन्ने तर्क स्वीकार गर्न सकिएन।

१७७. संसदीय प्रणालीका आधारभूत मर्म एवं मूल्य मान्यता र सो प्रणाली अवलम्वन गर्ने विभिन्न मुलुकको अभ्यासबमोजिम प्रतिनिधि सभा विघटन गर्नु नेपालको संविधान सम्मत हुने हो वा होइन? भन्ने **"दोश्रो"** प्रश्नतर्फ विचार गर्दा, प्रतिनिधि सभा विघटन सम्बन्धी विगतका संवैधानिक प्रावधान र गरिएका अभ्यास सम्बन्धमा केही प्रसंग उल्लेख गर्नु आवश्यक छ। नेपाल अधिराज्यको संविधान, 2015 को धारा 26 मा संसद विघटन सम्बन्धी व्यवस्था रहेको र यसरी संसद विघटन गर्न सिफारिस गर्ने अधिकार मन्त्रिमण्डललाई दिइएको भए पनि राजाको विचारमा **"विघटन गर्न पाउने अधिकारको दुरुपयोग गरेको लागेमा"** राजाको **"स्वविवेकमा त्यस्तो सिफारिस अस्विकार गर्न"** सकिने प्रावधान रहेको देखिन्छ। विघटन गर्न हुने र नहुने सम्बन्धी कुनै थप शर्त बन्देज उक्त संविधानमा उल्लेख नभएको भए पनि **"विघटन गर्न पाउने अधिकारको दुरुपयोग गरेको लागेमा"** राजाले मन्त्रिमण्डलको सिफारिस अस्विकार गर्न सक्ने प्रावधान रहेको कारण

प्रतिनिधि सभा विघटन गर्दा **"अधिकारको दुरुपयोग गर्न नहुने"** शर्त बन्देज भने पहिले पनि रहेकै देखिन्छ।

१७८. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) मा **"श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभाको विघटन गर्न सकिबक्सनेछ। त्यसरी प्रतिनिधि सभा विघटन गरी बक्सदा ६ महिनाभित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मितिसमेत तोकिबक्सनेछ"** भनी उल्लेख भएको पाइन्छ। उक्त संविधानमा विघटन गर्नु पर्ने कारण वा सो सम्बन्धी कुनै शर्त वा बन्देज सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिंदैन। जबकी, नेपालको संविधानको धारा ७६ ले प्रधानमन्त्री नियुक्ति र मन्त्रिपरिषदको गठन सम्बन्धी व्यवस्था गर्दा उपधारा (1), (२), (३) र (५) को चरणहरु क्रमबद्ध रुपमा पार हुँदासम्म पदासीन प्रधानमन्त्रीले सरकार वनाउन आवश्यक विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नै नियुक्त हुन नसकेमा मात्र उपधारा (७) मा प्रतिनिधि सभा विघटन हुन सक्ने सिमित दायराको व्यवस्था गरेको देखिन्छ।

१७९. अब हाम्रै बिगतका अभ्यास भन्ने कुरालाई पनि विवादित विघटनको एउटा आधारको रुपमा उल्लेख गरिएको हुँदा विगतका संवैधानिक प्रावधान र गरिएका अभ्यासतर्फ विचार गर्नु पर्ने हुन्छ। नेपाल अधिराज्यको संविधान, 2047 को धारा 53 को शिर्षक नै **"अधिवेशनको आव्हान र अन्त्य तथा प्रतिनिधि सभाको विघटन"** भन्ने रहेको र सो धाराको उपधारा (4) मा प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने भन्ने रहेको थियो। सो व्यवस्था परम्परागत संसदीय प्रणालीकै उपज रहेको देखिन्छ, जसमा संसद विघटन कार्यकारीको पूर्णतः स्वविवेकीय अधिकार रहेको भनी मान्यता राख्दछ। तत्कालीन समयमा नेपाली कांग्रेस पार्टीको बहुमतको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 2051 सालमा मध्यावधि निर्वाचन गर्ने प्रतिनिधि सभा विघटनका लागि गर्नु भएको सिफारिसबमोजिम प्रतिनिधि सभा विघटन भएको विवादमा उक्त धाराको प्रयोग र परिणामबारे व्याख्या गर्दा प्रधानमन्त्रीलाई बहुमत संसदको समर्थन रहेको र बहुमत कायम रहेको भन्ने आधारमा प्रतिनिधि सभा विघटनलाई उपरोक्त संविधानको धारा 53 को उपधारा (4) को प्रावधानका आधारमा संविधान सम्मत ठहर गरेको थियो।[58] तथापि उक्त 2047 सालको संविधानमा रहेका समग्र प्रावधानको समन्वयकारी एवं सुसंगत व्याख्या (Harmonious interpretation) गर्दै यस अदालतबाट जुनसुकै अवस्थामा पनि प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्ने अधिकार रहँदैन, त्यसमा केही सीमा बन्देज छन् भन्ने सिद्धान्त

[58] हरिप्रसाद नेपाल समेत विरुद्ध सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत भएको सम्वत 2051 सालको रिट नं 2304 ने.का.प 2052, स्वर्ण शुभजन्मोत्सव विशेषांकमा प्रकाशित, पृष्ठ 88

कायम भएको देखिन्छ।[59] उल्लिखित व्याख्या नेपाल अधिराज्यको संविधान, २०४७ मा रहेको प्रावधानहरूमा आधारित रहेको पाइन्छ। उक्त संविधानमा रहेको प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गर्ने प्रधानमन्त्रीको स्वविवेकीय अधिकारको परिणामहरु नेपालको इतिहासमा कसैबाट लुकेको छैन। विभिन्न समयका राजनैतिक अस्थिरताहरुको यावत कारक तत्वहरु समेतलाई संविधानसभाले विचार गरी त्यस्तो असिमित अधिकार हटाई नेपालको संविधानले प्रतिनिधि सभा विघटनको लागि आवश्यक निश्चित पूर्वावस्था र सीमा बन्देज निर्धारण गरेको अवस्थामा अब यसलाई प्रधानमन्त्रीको स्वविवेकीय, असिमित एवं निशर्त अधिकारको रुपमा रहेको भनी हाम्रो विगतको अभ्यासलाई आधार बनाउन मिल्ने देखिदैन।

१८०. संसदीय प्रणालीको आधारभूत मूल्य मान्यता र प्रधानमन्त्रीको अन्तरनिहित अधिकारको सम्बन्धमा विचार गर्दा, सम्माननीय प्रधानमन्त्रीको लिखित जवाफमा संसदीय प्रणालीमा कार्यकारिणी अधिकार प्रधानमन्त्रीमा रहने कुरा यस संविधानले व्यवस्था गरेको छ। प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको आधारभूत विशेषता रहेको र संसदीय व्यवस्था प्रधानमन्त्रीमा अन्तरनिहित अधिकार प्रयोग गरिएको र प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनका लागि सिफारिस गर्न नपाउने भनी संविधानले कतै व्यक्त वा अव्यक्त रुपमा रोकेको छैन त्यसैले प्रतिनिधि सभा विघटन संविधान सम्मत रहेको छ भन्ने आधार उल्लेख गरेको पाइन्छ। उहाँको तर्फबाट बहस गर्नु हुने विद्‌वान कानून व्यवसायीहरूले पनि यहि आधारलाई नै महत्त्वका साथ उठाउनु भएको छ। त्यस्तै राष्ट्रपतिको कार्यालयबाट प्रकाशित विज्ञप्तिमा पनि प्रतिनिधि सभा विघटन गर्ने आधारको रुपमा "संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता" तथा "हाम्रै आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास" भन्ने कुरालाई समेत ग्रहण गरिएको पाइयो। लोकतन्त्रको मूल्य मान्यताको जगेर्नाका लागि अन्यत्र मुलुकका सफल र असल प्रयोगको अनुशरण गर्नु उपयुक्त नै हुन्छ। तर कुनै ठाउँमा गरिएको कुनै प्रचलनको अनुशरण गर्दा संविधानमा रहेका प्रावधानहरुको मर्म र भावनाकै आधारमा हेरिनु वाञ्छनीय हुन्छ। कसैको कुनै अभ्यास भन्दा संविधानमा रहेका प्रावधानकै बढी महत्व र उपयोगिता रहन्छ। नेपालको संविधान लिखित संविधान रहेको र संवैधानिक सर्वोच्चताको सिद्‌धान्तलाई अंगिकार गरिएको पाइन्छ। लिखित संविधानको लक्ष्य सीमित सरकार हुने र हरेक अंगको अधिकारको सीमा रेखा संविधानले कोरेको हुन्छ।

---

[59] रविराज भण्डारी बिरुद्‌ध सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेत भएको मुद्‌दा, 2052 सालको रिट नं 3105 समेत, ने.का.प २०५२ स्वर्ण शुभजन्मोत्सव विशेषांकमा प्रकाशित, पृष्ठ 1

संविधानवाद सम्बन्धी अवधारणाले सरकारको शक्तिमा सिमितता, शक्तिको बिभिन्न अंगमा पृथकीकरण र जनताप्रति उत्तरदायी सरकार सञ्चालन सम्बन्धी मान्यतालाई आत्मसात गरेको देखिन्छ। सरकारको शक्तिमा नियन्त्रण लगाई शक्ति सन्तुलनको पालनलाई प्रभावकारी बनाउनु नै लिखित संविधानको गुण हो। राज्यको सबै अंगप्रत्यङ्गको अधिकारको सिमारेखा संविधानबाट नै निर्धारित हुन्छ। नेपालको संविधानको धारा ७५ को उपधारा (१) र (२) ले कार्यकारिणी अधिकारको प्रयोग गर्दा **"संविधान र कानूनको अधीनमा"** रहेर गर्नु पर्ने भनी गरिएको व्यवस्थाले सरकारलाई स्वच्छन्द रुपमा अधिकार प्रदान गरेको देखिदैन। संविधान र कानूनले निर्धारण गरेको सीमा रेखाभित्र रहेर गरेको कार्यले वैधानिकता पाउने भन्ने उक्त धाराको व्यवस्थाबाट देखिन्छ।

१८१. संविधानले यसद्वारा सिर्जित संस्था वा निकायलाई मात्र नियन्त्रण नगरी यसको सर्वोच्च स्रोत अर्थात सार्वभौम जनताको शक्तिलाई पनि परिसिमन र नियमन गरेको हुन्छ। सार्वभौमसत्ता सम्पन्न जनताले पनि सो शक्तिको प्रयोग "संविधानमा व्यवस्था भए बमोजिम" नै गर्नुपर्दछ। अर्थात संविधानले सर्जक र सिर्जित दुवैलाई आफूभित्र समाहित गरेको हुन्छ। नेपालको संविधानको धारा २ मा उल्लेखित जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ता यस संविधानमा व्यवस्था भएबमोजिम हुने भनी गरिएको प्रावधानले सर्वोच्च शक्ति जनतालाई पनि यहि संविधानले नै अधिकार प्रयोगमा परिसिमन गरेको छ।सर्जकको अधिकार परिसिमन र नियमन गर्ने सर्वोच्च कानूनले आफूले श्रृजना गरेका संस्था सरकारको शक्तिलाई असीमित अनियन्त्रित रुपमा अवश्य छोडेको हुदैन।संविधानवादको सिद्धान्तले सिमित र उत्तरदायी शासन व्यवस्थाको परिकल्पना गर्ने भएबाट सरकारको शक्ति र सत्ताको प्रयोग अनियन्त्रित रहन सक्तैन। संविधानवाद र विधिको शासनलाई व्यवहारमा बदल्नु पर्ने प्रमुख दायित्व भएकै कारण सरकारले नै सबै भन्दा बढि संविधान जान्नु र मान्नु पर्दछ भनिन्छ। यस कुरालाई लोकतन्त्रको यात्रामा सबै भन्दा बढि खतरा कार्यकारणी शक्तिको अनियन्त्रित प्रयोगबाट नै उत्पन्न हुने र शक्तिको दुरूपयोग नियन्त्रण गर्न स्वविवेक, अन्तरनिर्हित विशेषाधिकार, अवशिष्ट अधिकारको प्रयोगमा सिमाबन्देज गर्ने जस्ता उपायहरू संविधान निर्माताहरूले संविधानमा हरसम्भव प्रबन्ध गर्ने प्रयास गर्ने गर्दछन्। नेपालको संवैधानिक इतिहासमा अवशिष्ट अधिकार क्रमबद्ध रुपमा सीमित गर्ने अध्यायको रुपमा रहेको छ। वर्तमान संविधानको धारा ५८ मा संघीय सम्बन्धको परिधि निर्धारणका सन्दर्भमा अवशिष्ट अधिकार राखिएको र त्यस बाहेक अवशिष्ट अधिकारको अवधारणालाई स्वतन्त्र वा असिमित अधिकारको रुपमा स्वीकार गरेको देखिदैंन। वस्तुत: संसदीय शासन प्रणालीमा कार्यकारणीको अधिकारलाई अनियन्त्रित रुपमा

प्रयोग गर्न नपाउने गरी संविधानमा सीमाबन्देज गरिएको हुँदा स्वविवेक अधिकारको प्रयोग पनि अनियन्त्रित हुन सक्ने अवस्था रहदैन।

१८२. संसदीय प्रणालीको जननी मानिएको बेलायतको "Westminster model" कुनै लिखित संविधानद्बारा निर्देशित होइन। बेलायतमा गरिएको लामो संसदीय प्रणालीको अभ्यासको उपज हो। हाल आएर प्रतिनिधि सभा विघटनका सीमा बन्देजहरु निर्धारण गर्न आवश्यक महसुस गरी सन् २०११ मा जारी भएको Fixed Term Parliament Act 2011 ले संसद विघटन गर्ने परम्परागत धारणा परिवर्तन भई संसदीय प्रणालीमा रहेको प्रधानमन्त्रीको विशेषाधिकारलाई संसदद्वारा पारित कानूनद्वारा सीमा निर्धारण गरेको देखिन्छ। उक्त ऐनको प्रावधानले संसद विघटन गर्ने सम्बन्धमा केही सीमा वन्देज निर्धारण गरी संसदलाई आवधिक स्थायित्व दिने गरी संसद विघटनको सन्दर्भमा केही फरक धारणाको विकास भइरहेको देखिएको छ।[60] सन् २०१९ मा बेलायत European Union बाट छुट्टिने विषय (Brexit) मा सन् २०१९ मै बेलायतका प्रधानमन्त्रीले संसदबाट सहमती प्राप्त गर्न नसकेको कारण ५ हप्ताका लागि संसद निलम्बन (Prorogation) गर्ने गरी महारानी समक्ष गरेको सिफारिस महारानीले स्वीकार गरी संसद निलम्बन गरेको विषयले मुद्दाको रुपमा सर्वोच्च अदालतमा प्रवेश पाएको र सर्वोच्च अदालतले कानूनले अधिकार दिएको विषय मात्रै महारानीको विशेषाधिकार हुने भनी शाही विशेषाधिकारको पनि सीमा बन्देज कानूनले निर्धारण हुने भई संसद स्थगनको प्रस्तावले स्थगन अवधिमा संसदको अधिकार हनन् हुन जाने र उक्त कार्यले सरकारका अंगहरु बीचको शक्ति पृथकीकरण एवं सन्तुलनको विषयलाई तथा सरकार संसद प्रति जवाफदेही एवं उत्तरदायी हुनु पर्ने संसदीय शासन प्रणालीको आधारभूत मान्यतामा असर गरेर संसदलाई छल्न खोजेको भनी सरकारको कदमलाई असंवैधानिक मानेको देखिन्छ।[61] उक्त उदाहरणहरुबाट संसदीय प्रणालीमा संसद विघटन गर्ने प्रधानमन्त्रीको अधिकार खुकुलो, उदार र अनियन्त्रित नरहेको र संसदको स्थायित्व रहनु पर्ने भन्ने मान्यतालाई आत्मसात गरी सो को अभ्यास विकास हुँदै गएको पाइन्छ।

[60] "The dissolution might be refused if (a) the existing Parliament was still vital, viable and capable of doing its job, (b) a general election would be detrimental to the national economy, and (c) the rejection could be relied on finding another Prime Minister who could carry on his government for a reasonable period with the working majority" (Constitution and Administrative Law, E.C.S Wade and G. Phillips, 9th ed. p. 227) ; "The Queen might refuse the dissolution if the Prime Minister is acting clearly unconstitutionally. It is likely that the Queen could refuse where there is viable alternative government and general election would be harmful to the nation interest" Constitution and Administrative Law (John Alder, 2nd ED P. 200)

[61] Miller V. The Prime Minister (2019) UK SC 41)

१८३. अब कार्यपलिकाको अधिकारको सीमा संविधानमा अभिव्यक्त नभएका विषयहरूमा पनि अव्यक्त रुपमा प्रयोग गर्नु अपरिहार्य हुन्छ, त्यसैले कार्यकारणीको शक्ति असिमित रहने अवशिष्ट अधिकारको प्रयोग गर्न पाउने र स्थिरताको लागि प्रधानमन्त्रीले त्यस्तो अधिकार प्रयोग गर्नु संविधानको सीमा भित्र रहन्छ भन्ने प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री तर्फका विद्‌वानहरूले बहस गर्नु भएको सन्दर्भमा केही चर्चा गर्नु आवश्यक हुन्छ। यसै सन्दर्भमा के संविधानवादले कार्यकारणी शक्तिको सीमालाई नकारात्मक रुपमा मात्र हेरेको छ? के कार्यकारणीको सकारात्मक दायित्व हुदैन? के यसको कुनै अवशिष्ट अधिकार वा विशेषाधिकार हुदैन? भन्ने आदि प्रश्नहरु पनि उठ्छन, यी प्रश्नहरु यहाँ पनि प्रकारान्तरले उठेका छन्। लोकतन्त्रको लडाई नै यथार्थमा शक्तिको असीमित प्रयोग विरुद्‌दको लडाई हो भन्ने तथ्य यहाँ बिर्सन मिल्दैन। कार्यकारिणीलाई संविधानभित्र आवद्‌द गरिदा पहिलो ध्यान नै यसको शक्तिको अत्यधिक प्रयोग (Oppressive power of the executive) वा दुरुपयोग हुनबाट कसरी नियन्त्रण गर्ने भन्नेमा गएको र यहि क्रममा सविधानवाद एउटा उपयुक्त सिद्‌धान्तको विकास भएको देखिन्छ। त्यसैले संविधानवादको चर्चा गर्दा लामो समयसम्म यसले के कुरा गर्न पाउदैन भनी यसको नकारात्मक दायित्व र सीमाको नै बढि चर्चा भएको पाइन्छ। तर पछिल्लो समयमा मानव अधिकार कानूनको विकाससँगै र विशेषतः आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई प्रचलनीय अधिकारको रुपमा घोषणा गरिदा राज्यले अधिकारको प्रेरक, निर्देशक, सहयोगात्मक, सल्लाहकारको भूमिका खेल्नु पर्ने, त्यसैगरी अधिकारको उपयोगमा जनतामा चेतनाको सञ्चार, जागरुकता एवं सक्षमताको विकास गराउनु पर्ने, स्रोत साधन जुटाउनु पर्ने, हक उपयोग हुन सक्ने गरी पुर्वाधारको विकास गर्नु पर्ने र आधारभूत रुपमा पनि अधिकारको संरक्षण, सम्मान र प्रयोग गर्न सकिने सकारात्मक वातावरण बनाउनमा राज्यले भूमिका खेल्नु पर्ने अवस्था र आवश्यकता टडकारै देखिएबाट सकारात्मक र नकारात्मक दुवै प्रकारको संविधानवादलाई महत्व दिई उचित सन्तुलनभित्र राख्न थालिएको अनुभव हुन्छ। यसरी सकारात्मक दायित्व निर्वाह गर्ने नाममा कार्यपालिकीय शक्तिले संविधान प्रति हरदम समर्पण रहनु पर्ने मान्यतालाई बिर्सन, कानूनले तय गरेको सीमा उल्लंघन गर्न वा सो गर्ने नाउँमा राज्यका अन्य निकायको क्षेत्राधिकारमा हस्तक्षेप गर्न वा उनीहरुलाई निश्प्रयोजित बनाउन, उनीहरुको अस्तित्व नै खतरामा वा समाप्त नै पार्न वा नियन्त्रण र सन्तुलनको संवैधानिक व्यवस्थाको उल्लंघन गर्न वा उनीहरुले आफ्नो काम प्रभावकारी तवरबाट गर्न नपाउने गरी विधिको शासनले तय गरेको दायरा नाघ्न वा राज्य सञ्चालनको सन्दर्भमा पवित्र दस्तावेज मानिने संविधानले गरेका सीमा बन्देजको अतिक्रमण र

क्षयीकरण गर्न तथा संविधानको आधारभूत संरचनाको विरुद्ध जान भने पाउदैन। यसै अवधारणामा आधारित भई संविधानको धारा ७५ को उपधारा (१) र (२) मा ब्यवस्था भए बमोजिम "संविधान र कानूनको अधिनमा रहेर" नै सरकार सञ्चालन गर्ने अधिकार कार्यकारणी शक्तिलाई सुम्पिएको हो।

१८४. सामान्यतः कार्यकारणी निकायको अधिकार यस्तो हुन्छ वा यति हुन्छ भनी वर्णन गर्न सकिदैन। सामान्य रुपमा भन्दा जुन कार्य खासगरी विधायिका र न्यायपालिकाको क्षेत्राधिकार भित्र पर्दैन वा जुन कार्यले राज्यका निकायहरु बीचको संविधान निर्मित नियन्त्रण र सन्तुलनको बन्देजलाई तोडदैन वा राज्यका अन्य निकायहरुलाई निष्प्रयोजित वा निस्तेज बनाउदैन र जुन कार्य जनताका अधिकारहरुको विरुद्ध हुदैन त्यस्तो कार्य कार्यपालिकाको क्षेत्राधिकार भित्र पर्दछ भन्ने गरिन्छ। कार्यपालिकी कार्यको क्षेत्र र प्रकृतिबारे परम्परागत रुपमा Halsbury Laws of England को देहायको उद्दरण अक्सर सम्झिने गरिन्छः

> "Executive functions are incapable of comprehensive definition, for they are merely the residue of the functions of Government after legislative and judicial functions have been taken away. They include, in addition to the execution of the laws, maintenance of public order, the management of Crown property and nationalized industries and services, the direction of foreign policy, the conduct of military operations and the provisions or supervision of such services as education, public health, transport, and state assistance and insurance. In the performance of these functions, public authorities are bound to issue orders which are not far removed from legislation, and make decisions affecting the personal and proprietary rights of individuals which, while not strictly judicial, are quasi-judicial in character. Discretionary action of both these types must be now considered normal on the part of the executive.[62]"

१८५. तर जुन समय र परिस्थितिमा सो कुरा वेलायतको संवैधानिक र कानूनी संरचना तथा सरकारको स्वरुपलाई हेरी भनियो त्यस पछिको कालखण्डमा त्यसमा हालसम्म धैरै परिवर्तन आएको छ। सन् १९९८ मा जारी भएको मानव अधिकार ऐन, सन् २००५ मा जारी संविधान सुधार ऐन तथा सन् २०११ मा जारी भएको Fixed Term Parliaments Act ले कार्यपालिकीय अधिकारको प्रकृति, सीमा र स्वरुपमा व्यापक परिवर्तन भएको छ। कार्यपालिकीय अधिकारलाई अनियन्त्रित शर्त रहित खुकुलो रुपमा नराखी संविधान र कानूनद्वारा सीमाबद्ध गर्ने उद्देश्यतर्फ नै उन्मुख हुदै गएको पाइन्छ। विभिन्न घटनाक्रमको पृष्ठभूमि हेर्दा संसद विघटनको सम्बन्धमा कार्यकारिणी अधिकारको सीमा साघुरो पार्दै लगिएको देखिन्छ। कार्यपालिकाको स्वइच्छा र सन्तुष्टिमा संसद विघटन गर्ने परम्परागत संसदीय प्रणालीको धारणा नियन्त्रण उन्मुख हुँदै गएको पाइन्छ।

[62] Halsbury's Laws of England Vol 7 London, Butterworth, 1932 at p 192 Cited in HM Seervai, Constitutional Law of India Vol 2 4th ed. 2002 at p 2029

१८६. छिमेकी मुलुक भारतमै पनि जहाँ कार्यपालिकीय अधिकारको प्रकृतिबारे चर्चा गर्दा माथिको उद्धरणलाई सम्झने गरिन्छ त्यहाँ पनि प्रान्तीय संसदको विघटनको मामलामा यो अधिकारको प्रयोगको सीमामा व्यापक संकुचन आएको छ। यद्यपि भारतको संविधानको धारा ८५(२)(बी) मा राष्ट्रपतिलाई लोकसभा विघटनको अधिकार र धारा ३५६ मा प्रान्तीय सरकार र संसद भङ्ग गर्ने अधिकार प्रदान गरिएको छ तर भारतमा अव संघीय सरकारले सो प्रान्तको संसदभित्र वैकल्पिक सरकारको सम्भावना रहेसम्म सजिलै हस्तक्षेप गर्न पाउँदैन।[63] दक्षीण एशियाकै अर्को मुलुक पाकिस्तानमा पनि संविधानमा नेसनल एसेम्वली विघटन गर्ने अधिकार राष्ट्रपतिमा रहेकोमा *नवाज सरिफको मुद्दामा*[64] त्यो एउटा अपवादजन्य व्यवस्था हुँदा सो अधिकारको प्रयोग गर्न अपवादजन्य परिस्थिति हुनुपर्छ, अदालतले पनि सो अधिकारको अत्यन्त संकुचित व्याख्या गर्नु पर्छ भनी भनेको देखिन्छ। सो मुद्दामा बहुमतले यदि प्रधानमन्त्रीलाई राष्ट्रिय सभा (National Assembly) को विश्वास छ वा छैन भन्ने कुरामा शंका छ भने त्यसको निवारणको लागि राष्ट्रिय सभाको सत्र आव्हान गर्ने र प्रधानमन्त्रीलाई विश्वासको मत प्राप्त गर्न लगाउने विकल्प मात्र राष्ट्रपतिमा रहन्छ भन्ने व्याख्या गर्दै प्रधानमन्त्रीलाई हटाउने र राष्ट्रिय सभा विघटन गर्ने राष्ट्रपतिको आदेश बदर गर्दै राष्ट्रिय सभा पुनस्थापित गर्ने आदेश जारी गरेको देखिएको पाइन्छ। तत्पश्चात सन २०१० मा पाकिस्तानको संविधानमा संशोधन गर्दै अब धारा ५८ अन्तरगत राष्ट्रिय सभाको विघटन प्रधानमन्त्रीको सिफारिसमा मात्र हुन सक्ने र त्यस्तो प्रधानमन्त्रीलाई विघटनको सिफारिस पूर्व अविश्वासको प्रस्ताव पेश गर्ने सुचना दिइएको अवस्था हुन नहुने व्यवस्था गरिएको छ।[65] त्यसैले समग्रमा हेर्दा हालको अवस्थामा संसदीय

---

[63] S.R. Bomai v Union of India (1990) 3 SCC 1; AIR 1994 SC 1918; Rameswar Prasad and others v Union of India and Others (2006) 2 SCC 1. वोमाई को मुद्दामा भारतीय उच्चतम न्यायायलयले प्रान्तीय संसद विघटन गर्ने राष्ट्रपतिको अधिकारमा न्यायिक पुनरावलोकन हुन सक्छ भन्ने सिद्दान्त कायम गरेको छ भने पछिल्लो मुद्दामा विहारको प्रान्तीय संसद भंग गर्ने अधिकारलाई गैरसंवैधानिक घोषणा भएको देखिन्छ।

[64] Minya Mohammad Nawaz Sharif v The President, PLD 1993 SC 473

[65] Art. 58.**Dissolution of National Assembly:** (1) The President shall dissolve the National Assembly if so advised by the Prime Minister; and the National Assembly shall, unless sooner dissolved, stand dissolved at the expiration of forty-eight hours after the Prime Minister has so advised.

Explanation.– Reference in this Article to "Prime Minister" shall not be construed to include reference to a Prime Minister against whom a notice of a resolution for a vote of no-confidence has been given in the National Assembly but has not been voted upon or against whom such a resolution has been passed or who is continuing in office after his resignation or after the dissolution of the National Assembly.

(2) Notwithstanding anything contained in clause (2) of Article 48, the President may also dissolve the National Assembly in his discretion where, a vote of no-confidence having been passed against the Prime Minister, no other member of the National Assembly command the confidence of the majority of the members of the National Assembly in accordance with the provisions of the Constitution, as ascertained in a session of the National Assembly summoned for the purpose.]

शासन प्रणाली अंगालेका मुलुकहरुमा जहाँ विघटनको अधिकार राखिएको छ त्यहाँ पनि सो अधिकारलाई अनियन्त्रित रुपमा छाडिएको छैन। यसरी कार्यपालिकीय निकायको अधिकारलाई अवशिष्ट अधिकारको रुपमा होइन कि संविधानका व्यवस्थाद्वारा बाँधिएको, जनताका मौलिक अधिकारको निर्वाध उपभोगलाई नरोक्ने तथा नियन्त्रण र सन्तुलनको सेतुलाई सम्मान गर्ने दृष्टिकोणको विकास हुदै गएको पाइयो।

१८७. नेपालकै अनुभवमा पनि २०१५ सालको संविधान, २०४७ सालको संविधान र हालको संविधान अन्तर्गतको संसदीय व्यवस्था रुप र सार दुवैमा फरक देखिन्छ। नेपालको संविधानले परम्परागत स्वरूपमा संसदीय प्रणालीलाई नै अंगीकार गरेको भनी मानिनु यथार्थपरक दृष्टिकोण हुदैंन। हामीले अहिले परम्पराको स्वरूपको भन्दा केही भिन्न वा मौलिक विशेषता सहितको संसदीय प्रणाली अपनाएको देखिन्छ। संविधानको धारा ८४ मा प्रतिनिधि सभा र धारा ८६ मा राष्ट्रिय सभाको गठन एवं पदावधिका सन्दर्भमा गरिएको निर्वाचन र मनोनयन प्रणाली, मतदान, उम्मेदवारी र सहभागीता समेतको दृष्टिबाट विशिष्ट किसिमको छ। त्यसैगरी संविधानको धारा ७६ (९) मा मन्त्रिपरिषदमा रहने मन्त्रीको संख्या वा कायम गरिनु पर्ने समावेशीताको सिद्धान्त, प्रतिनिधि सभाले दलीय व्यवस्थाका आधारमा प्रधानमन्त्री दिन नसकेको अवस्थामा दलहरुबाट पृथक रहि धारा ७६ को उपधारा (५) मा प्रतिनिधि सभाको कुनै सदस्य पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था, धारा १०० को उपधारा (४) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित अविश्वासको प्रस्ताव पेश गर्न नपाउने अवधि तथा धारा २९२ को संसदीय सुनुवाईको व्यवस्थाहरूलाई समग्रतामा हेर्दा हाम्रो शासकीय स्वरूप संसदीय प्रणाली हुँदाहुँदै पनि आफ्नै अनुभवले खारिएको र आवश्यकताद्वारा अनुप्राणित विशिष्ट किसिमको छ। संसदीय प्रणालीका अन्तरभूत विशेषताहरू भन्दा फरक ढंगको आफ्नै मौलिकताबाट श्रृजना गरिएका संवैधानिक व्यवस्थाहरूको संरचनाबाट अनुप्राणित रहेको हुँदा परम्परागत संसदीय शासन प्रणालीलाई हुबहु यो संविधानले स्वीकार गरेको पाइदैन। परम्परागत संसदीय शासन प्रणालीका सबै गुणहरू यसमा समाहित छैनन्। वस्तुत संसदीय शासन प्रणालीको सबै विशेषताहरू यस अन्तर्गत स्वत: समाहित हुन नसक्ने यो संविधानको समग्र स्वरुपबाट देखिन्छ।

१८८. यो संविधानको दर्शनले सहमति समझदारीमा आधारित राजनीतिक सहकार्यको मौलिक अवधारणा अगाडी सारेको छ। यिनै कुराहरूको सन्दर्भ र सापेक्षतामा यो संविधानले अङ्गिकार गरेको दर्शनलाई मनन गर्दै संसदीय व्यवस्थामा परम्परागत मूल्य मान्यता तथा अभ्यासको कुरालाई हेरिनु वाञ्छनीय हुन्छ। त्यसैले नेपालको संविधानले अङ्गिकार गरेको "संसदीय शासन प्रणाली" अन्तर्गतको सरकारको अर्थ

गर्दा सर्वप्रथम संसदको जगमा उभिएको, संसद प्रति उत्तरदायी र संसदको विश्वास रहेसम्म कायम रहन सक्ने सरकार भन्ने अर्थ गर्नु पर्ने हुन्छ।

१८९. यसरी परम्परागत संसदीय प्रणाली अपनाइएको अवस्थामा निश्चय नै प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गर्न सक्ने विशेषाधिकार रहेका कुरा प्रचलनमा रहेको पाइए तापनि सो विशेषाधिकार निरपेक्ष वा शर्त बन्देज रहित थिए वा छन् भनी विश्वास गर्न उल्लेखित आधारहरुबाट उपयुक्त हुँदैन। परम्परागत संसदीय प्रणाली अपनाइएको बेलायतमा पनि संसद विघटनलाई स्वतन्त्र र निशर्त रुपमा नछाडी त्यस्तो कार्यलाई निरुत्साहित गर्नेतर्फ उन्मुख हुँदै गएको भन्ने नै देखिन्छ।

१९०. अब प्रस्तुत विवादका सम्बन्धमा हेर्दा, नेपालको संविधानको धारा ७४ ले नेपालको शासकीय स्वरुप संसदीय शासन प्रणालीमा आधारित भएकोबाटै प्रधानमन्त्रीलाई विघटनको अन्तर्निहित अधिकार रहेको भन्ने सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको लिखित जवाफ रहेकोमा उक्त धारा ७४ ले नेपालको शासकीय स्वरुप संसदीय शासन प्रणालीमा मात्र सिमित नराखी "बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली" हुने भन्ने उल्लेख गरेबाट ती शब्दावलीहरुलाई सम्पूर्णतामा हेर्नु पर्ने हुन्छ। फेरी यो धारा आफैमा कार्यात्मक धारा भन्ने देखिदैन। संविधानको प्रस्तावनाको प्रारम्भमै "हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता" भन्ने वाक्यांशबाट शुरु भई धारा २ मा "नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको र यसको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ" भन्ने उल्लेखन, धारा ८४ मा प्रतिनिधि सभा र धारा ८६ मा राष्ट्रिय सभाको गठनका सन्दर्भमा गरिएका निर्वाचन र मनोनयन प्रणाली, मतदान, उम्मेदवारी र सहभागीता समेतलाई समष्टिमा हेर्दा यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिबिम्ब नभई संविधान सभाहरुको लामो प्रयत्न पश्चात आएको दस्तावेज हो। यिनै कुराहरूको सन्दर्भ र सापेक्षतामा यो संविधानले अङ्गिकार गरेको दर्शनलाई मनन् गर्दै संसदीय शासन प्रणालीका परम्परागत मूल्य मान्यता तथा अभ्यासको कुरालाई हेरिनु वाञ्छनीय हुन्छ। परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकहरूमा पनि संसद विघटन गर्ने कार्यलाई निरुत्साहित गर्नेतर्फ तथा उत्तरदायी सीमित सरकारको अवधारणातर्फ उन्मुख हुदै गएको र साविकको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) को प्रावधान अनुसार विगतमा भएका प्रतिनिधि सभा विघटन गर्नेसम्बन्धी अभ्यासहरुबाट सिकिएका पाठहरुसमेत मनन् गर्दै वर्तमान संविधानका निर्माताहरूले प्रतिनिधि सभा विघटनसम्बन्धी व्यवस्थालाई संविधानमा निशर्त रुपमा खुला छोडेको नपाइएको

अवस्थामा संविधानमा रहेका सीमा बन्देज अनुसारको कारण आइपरेको अवस्थामा बाहेक संसदीय प्रणालीको आधारभूत मूल्य, मान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य विकल्प हुँदाहुँदै राजनैतिक अभिष्ट, इच्छा वा आत्मनिष्ठ रुपमा देखेको आवश्यक्ताका आधारमा आवधिक चुनाव बाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधि सभा विघटन गरिनु संवैधानिक विकासको पृष्ठभूमिमा समेत संविधानको मर्म र उद्‌देश्य सम्मत हुदैन।

१९१. तसर्थ संसदीय प्रणाली अवलम्बन गर्ने विगतका हाम्रै अभ्यासलाई हृदयंगम गरी संविधान निर्माताहरूले प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धमा संविधानमा नै सीमा बन्देज गरिएको र संविधानमा रहेको प्रावधान प्रतिकूलका मान्यता, प्रचलनलाई अनुशरण गर्न नमिल्ने हुँदा संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता र विगतको अभ्यास भन्ने कुराको आडमा प्रतिनिधि सभा विघटनको उपर्युक्त सिफारिस बमोजिम प्रतिनिधि सभा विघटन गरिनु वर्तमान संविधानको भावना र मर्म अनुकुल देखिन आएन।

१९२. नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ बमोजिम प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकुल छ वा छैन? भन्ने **"तेश्रो प्रश्न"**का सम्बन्धमा विचार गर्दा संविधानमा रहेका प्रावधानहरुको व्याख्या कसरी हुन्छ भन्ने संवैधानिक व्यवस्थातर्फ विचार गर्नु आवश्यक छ। संविधानको व्याख्याको सम्बन्धमा फरक फरक प्रकृतिका अवधारणा, सिद्‌धान्त तथा विज्ञहरुको राय रहेको अवस्थामा सर्वप्रथम आफ्नै संवैधानिक र कानूनी व्यवस्थाको बिवेचना गर्नु आवश्यक हुन्छ। संविधानले व्याख्याको आवश्यकता पर्न सक्ने परिकल्पना गरेकै कारण धारा ३०६ को उपधारा (२) मा ***"विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधीनमा रही कानूनको व्याख्या सम्बन्धी कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ"*** भन्ने प्रावधान उल्लेखन गरेबाट कानून व्याख्या सम्बन्धी प्रचलित कानून, संविधानको व्याख्या गर्दा अपनाइने अन्य सिद्‌धान्तहरु तथा यस अदालतबाट बिभिन्न समयमा कानूनको व्याख्या सम्बन्धमा कायम भएका नजीरहरु समेतलाई महत्व दिएर संवैधानिक व्यवस्थाको व्याख्या हुनुपर्ने विषयमा दुईमत हुन सक्दैन।

१९३. संविधानको व्याख्या सामान्य कानूनको व्याख्या भन्दा केही फरक क्षेत्र हो। कानूनको व्याख्या मुख्यतः र विशेष गरी कानूनी प्रावधान स्पष्ट भएसम्म त्यसैमा सिमित रहने र स्पष्ट हुन नसकेमा व्याख्याका विभिन्न नियमहरु र विधायिकाको मनसायतर्फ प्रवेश गरेर पनि व्याख्या गरिन्छ भने संविधानको व्याख्या त्यतीमा मात्र सिमित हुदैन। संविधान देशको शासन पद्‌धतीलाई डोऱ्याउने र दिशा निर्देश

गर्ने राजनीतिक दस्तावेजसमेत भएकोले यसको व्याख्या गर्दा संविधानको शाव्दिक व्यवस्थाबाट कुनै कुरा स्पष्ट हुन नसकेमा क्रमश: संविधानको सम्पूर्ण व्यवस्थाको संरचना, संवैधानिक व्यवस्थाका सिद्धान्त, संविधानको उद्देश्य, लक्ष्य, मर्म र भावनाको चौघेरा भित्र रहेर नै व्याख्या गर्नु पर्दछ। संविधानको व्याख्याका सामान्य सिद्धान्तहरुकै आधारमा संवैधानिक विवादका विषयमा विभिन्न देशका सर्वोच्च अदालतबाट फरक फरक सिद्धान्तहरु पनि प्रतिपादन भएका छन्।

१९४. भारतमा A.K.Gopalan V. State of Madras (AIR 1950 SC 27), Keshavand Bharati V. State of Kerala (AIR 1973 SC 1461), Maneka Gandhi V. Union of India (AIR 1978 SC 597) समेतका मुद्दाहरुमा प्रतिपादित सिद्धान्तहरु र विभिन्न श्रोत सामाग्रीहरुको समष्टिगत विश्लेषण गर्दा संविधान व्याख्याका निम्न पाँच श्रोतले संविधान व्याख्यालाई समेटेको अनुभूती हुन्छ।

(क) संविधानमा उल्लेख भएको शब्द (Text) र संरचना वा बनावट (Structure);

(ख) मस्यौदाकारको मनसाय, पेश भएका प्रस्तावहरु र मस्यौदा पारित गर्दा निराकरण गरिएका प्रश्नहरु;

(ग) साबिकमा प्रतिपादित नजीरहरु;

(घ) वैकल्पिक व्याख्या गर्दा आउन सक्ने सामाजिक, आर्थिक र राजनीतिक परिणामहरु र

(ङ) प्राकृतिक कानूनहरु।

१९५. संविधानको व्याख्या सम्बन्धी माथिका पाँच श्रोतका सिद्धान्त मध्ये मुख्यत पहिलो तीन सिद्धान्त संविधानको मुलपाठ र त्यसको बनावट, संविधान मस्यौदाकार एवं स्वीकृत गर्नेहरुको मनसाय र विशेष गरी पूर्व नजिरहरुलाई बढी उपयोगी मान्ने गरिन्छ। मुलपाठ अन्तर्गत व्याख्याका दृष्टिकोणहरुमा मौलिक मनसाय र मौलिक अर्थ रहेको छ। मौलिक मनसायमा संविधानको व्यवस्थाको खास मनसाय अनुसार व्याख्या गर्नु पर्दछ भन्ने हो। यसै गरी मौलिक अर्थलाई वस्तुगत रुपको आशयमा संविधान मस्यौदाकारको मनसायलाई हेर्ने हो, यसमा संविधान बन्नुको ऐतिहासिक पृष्ठभूमि, स्वीकृती र कार्यान्वयन भएको अवस्थालाई पनि बुझ्नु पर्छ भन्ने हो। यस्तो अवस्थालाई यान्त्रिक व्याख्याको सिद्धान्त (Mechanical Interpretations) समेत भनी नामाकरण गरिएको छ, जस अन्तर्गत संविधान बनाउने निकाय वा संविधान सभाको मनसाय र सोचको अध्ययन गर्नु पर्ने हुन्छ। अमेरिकी न्यायाधीश Richard Posner ले अनुभवशील र यथार्थवाद (Pragmatist)[66] को व्याख्याको प्रयोगको सिद्धान्तलाई प्रवर्द्धन गरेको पाइन्छ। यसले संविधानको मूल पाठ (Textual or originality) अनुसारको व्याख्याको विपरीत

[66] Theories of Constitutional Interpretation, website: www.cstl-cla.semo-edu.com

यथार्थवादको व्याख्याको सिद्धान्त अपनाई संविधानको मूल प्रावधानको विकल्पको फराकिलो व्याख्याको परिणामबाट आउने न्यायिक सिद्धान्त (Judicial precedent of consequences of alternative interpretations) लाई बढी महत्व दिएको देखिन्छ। व्याख्याको यो सिद्धान्तबाट पनि महत्वपूर्ण न्यायिक नजिर र सिद्धान्तहरु प्रतिपादन हुने गर्छन। संविधानको व्यवस्थामा देखिएको शुन्यतालाई व्याख्याको यो सिद्धान्तले पूर्ति गर्दछ भन्ने पनि मान्यता रहेको छ।

१९६. संविधानको व्याख्या माथि उल्लेखित विभिन्न सिद्धान्त मध्ये कुनै एक सिद्धान्तमा मात्र सिमित रहेको हुदैन। संविधान एउटा जीवन्त र विकासशील आलेख भएको हुँदा यसलाई समय, परिस्थिति र अनुभव बमोजिम व्याख्या गर्दै गतिशील बनाउनु पर्ने हुन्छ। संविधानको व्याख्याको सामान्य नियमानुसार यदि संविधानका शब्द र व्यवस्थाहरु स्पष्ट छन र बहुअर्थी लाग्ने छैनन् भने त्यसैलाई जस्ताको त्यस्तै व्याख्या गर्नु अपरिहार्य हुन्छ। साथै संविधानको सम्पूर्ण व्यवस्थाहरु नै पढेर तिनीहरु बीच सुसंगत सामञ्जस्यता (Harmonious) हुने गरी शाब्दिक अर्थलाई फराकिलो ढंगमा व्याख्या गर्नु उपयुक्त हुन्छ। संविधानको व्याख्याको सन्दर्भमा विद्वान N.N. Bindra को मत देहायको रहेको छ;

> "A constitutional provision will not be interpreted in the attitude of a lexicographer, which are eye on the provision and the other on the lexicon. It is the duty of the court to determine in what particular meaning or particular shade of meaning the words and expression was used by the constitution maker, and is discharging the duty, the court will take into account the context in which it occurs the object for which it was used"[67]

यसरी संविधानको व्याख्याको प्रश्नमा अदालतले संविधानलाई शासन व्यवस्थाको मूल ग्रन्थ र आधारको रुपमा ग्रहण गरी लोकतन्त्र एवं कानूनको शासन कायम गर्नुको विकल्प देखिदैंन।

१९७. संविधानको व्याख्या गर्दा संविधानको धाराको व्यवस्था देखि संविधानको लक्ष्य र संविधान निर्माताको मनसायसमेतलाई हेर्नु पर्दछ। यसरी नै संसद विघटन सम्वन्धमा संसदीय संविधानको धारा ७६ को उपधारा (७) लाई व्याख्या गर्दा सोही धाराले दिएको अधिकारमा मात्र सीमित नरही त्यस धाराको प्रयोगमा पुग्न आवश्यक क्रमवद्ध पूर्वावस्थाहरु र संसदीय प्रणालीसँग सम्बन्धित अन्य धाराहरुको पनि सँगसँगै सामञ्जयस्यपूर्ण व्याख्या गर्नु पर्दछ। सामान्यतः संविधानको व्यवस्था (Text/provision) स्पष्ट छ र त्यसको शाब्दिक व्याख्याले नै विवादलाई समेट्दछ भने सोहि अनुरुप नै व्याख्या गर्नु पर्ने हुन आउछ। त्यसबाट स्पष्ट हुन सकिएन र त्यससँग संविधानका अन्य धाराहरु पनि सम्बन्धित भए ती धाराहरुलाई पनि संविधानको प्रस्तावना, संविधान बनाउनुको ऐतिहासिक

[67] Interpretation of statute, N.S. Bindra, 10th, edn, p. 1274

पृष्ठभूमि, संविधानवादका सिद्धान्तहरुलाई हेरेर सामञ्जस्यपूर्ण तरिकाले व्याख्या गर्नु पर्दछ। संविधान संविधानबादका सिद्धान्तलाई अंगालेको कानून र संविधानको राजनीतिक दस्तावेज भएको हुँदा संविधानको उद्देश्य र लक्ष्य अनुकूल संविधानको व्याख्या गर्न संविधानको कुनै एउटा व्यवस्थामा मात्र सिमित हुनु उपयुक्त हुदैन।

१९८. प्रस्तावना (Preamble) लाई संविधानको साँचो (Key) भन्ने गरिन्छ। संविधानको कुनै धारा अस्पष्ट भए वा धाराहरु बीच सामञ्जस्यता हुन नसके संविधानको व्यवस्था र संविधानका व्यवस्थाहरुको उद्देश्य र लक्ष्यसँग सामञ्जस्यता हुने गरी व्याख्या गर्नको लागि प्रस्तावनाको पनि सहयोग लिनु पर्ने हुन्छ। भारतको सर्वोच्च अदालतले केशवानन्दको मुद्दामा व्याख्या गर्दै कानून र संविधानको व्याख्या गर्दा मुख्य रुपमा विधायिकाको मनसायलाई पत्ता लगाउनु नै अदालतको पहिलो कर्तव्य हो भन्ने विषयमा माथि विवेचना भइसकेको छ।

१९९. यहाँ नेपालको संविधानको विकासक्रमका ऐतिहासिक पहलुहरूको बारेमा चर्चा गर्न पनि उपयुक्त हुन्छ। नेपालको संवैधानिक इतिहासहरुमा २००४, 2007, २०१५, २०१९, २०४७, २०६३ सालमा र वर्तमान नेपालको संविधान २०७२ सालमा जारी भएको अनुभव रहेको छ। ऐतिहासिक पक्षबाट सिंहावलोकन गर्दा नेपालको संविधान पहिलो पटक नेपाली जनताले चुनेका जनप्रतिनिधिमूलक संविधान सभाबाट जारी गरिएको वर्तमान संविधान निर्माणको क्रममा विविध कोणबाट व्यापक छलफल, चर्चा परिचर्चा अवधारणाहरु प्रस्तुत भएको भन्ने सो सम्बन्धी दस्तावेजहरुले देखाएको पाइन्छ। नेपालको संविधानको प्रस्तावनाको शुभारम्भमा नै **"हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको"** उद्घोष र अन्त्यमा **"संविधानसभाबाट पारीत गरी संविधान जारी गरेका छौं"** भन्ने उल्लेख छ। प्रस्तावना संविधानको महत्वपूर्ण अङ्ग भएकोले यो संविधानको भावना बुझ्ने माध्यमको रुपमा स्वीकार गर्नु पर्दछ। प्रस्तावनको दोश्रो प्रकरणमा उल्लेखित जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनअन्दोलन, सशस्त्र संघर्ष त्याग र बलिदानको इतिहासलाई स्मरण गरिएको कुराले अन्तरपुस्ता समझदारीको अभिव्यक्ति रुपमा लिइनु पर्ने हुन्छ। जनताद्वारा निर्वाचित संविधानसभाबाट संविधान पारित गरी लागु गर्ने २००७ साल देखिको चाहनाको लागि नेपालीले भोगेका आरोह अवरोह घटनाहरूको स्मरण गरिनुको पछाडी पुस्ता पुस्ताले गरेको योगदान कै अभिव्यक्त रुपमा बुझ्नु पर्दछ। संविधान कुनै एक समय, एक पुस्ताको लागि मात्र बन्ने दस्तावेज होइन। वस्तुत: यो पुस्ता पुस्ता बीच गरिएको समझदारीको दस्तावेज हो। त्यसैले संविधानको व्याख्यामा विगतको स्मरण गरिएका भावनाको साथै विस्तारित भविष्यको पनि विचार गरी नमनशिल व्याख्या गरिनु पर्छ भन्ने न्यायमुर्ति कोर्डोजोको विचार “A

Constitution states or ought to state not rules for passing hour, but principle for and expanding future"[68] यहाँ सान्दर्भिक देखिन्छ। यो संविधानले "**जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने, "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो, शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न**" भन्ने घोषणा नै गरेको छ। सार्वभौम, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै जारी भएको यो संविधानले जनआन्दोलन समेतलाई स्मरण गर्दै एवं जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली प्रतिको आस्था देखाउदै समतामुलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। यी घोषणा गर्दा यस प्रस्तावनामा "आवधिक निर्वाचन"लाई महत्वका साथ उल्लेख गरिएको छ। प्रस्तावनामा प्रयुक्त उपरोक्त शब्दहरु केवल आलंकारिक मात्र नभै ती प्रत्येक शब्दहरुलाई विगतका अनुभवसँग आवद्ध गरिएको छ। लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गरेका जनआन्दोलन, संघर्ष एवं बलिदानहरु तथा पीडित परिवारहरुलाई यो संविधानले सम्मान् गर्दै केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थालाई विभेद र उत्पीडनको कारक तत्व मानी त्यसको अन्त्य गर्ने उद्देश्य यो संविधानको रहेको छ। संविधानको धारा २ मा उल्लेख भएको **"नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको छ। यसको प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ"** भन्ने शब्दावलीको समिश्रणको प्रयोगले संविधानको हरेक धारा जनताको हित विपरीत कार्यान्वयन नहुने प्रतिबद्धता जाहेर गर्दछ। यसै प्रतिबद्धताका साथ धारा ५ को उपधारा (२) ले राष्ट्र हित प्रतिकूलको आचरण र कार्य संघीय कानूनबमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

२००. उपर्युक्त उद्देश्य प्राप्तिको लागि बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली अँगाल्ने शासकीय स्वरुपको परिकल्पना संविधानको धारा ७४ ले गरेबाट कार्यकारिणी अधिकारको प्रयोग गर्न मन्त्रिपरिषद्को व्यवस्था गरिएको, उक्त मन्त्रिपरिषदको गठन धारा ८४ बमोजिम गठित प्रत्यक्ष निर्वाचित तथा मनोनित सदस्य रहेको राष्ट्रियसभा समेतको संयुक्त स्वरुप संघीय संसदका सदस्यहरु मध्येबाट गरिने भन्ने व्यवस्था रहेको छ। प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधि सभाका सदस्यहरुको चुनाव गर्ने

[68] Banjamin Cordozo: The Nature of the Judicial Process, (Yale University Press)

सम्बन्धमा उक्त प्रस्तावनाले नै आवधिक निर्वाचन गर्ने व्यवस्था प्रति प्रतिबद्धता देखाएबाट धारा ८५ मा उल्लिखित कार्यकाल पूरा गर्नु पर्ने भन्ने संविधानको मनसाय रहेको छ। यस प्रकृतिको निर्वाचन तथा पूर्व निर्धारित कार्यकालभित्र नै प्रस्तावनामा गरिएको स्वीकारोक्ति, घोषणा एवं प्रतिबद्धतालाई सार्थकतामा परिवर्तन गरी जनतालाई आफ्नो मतको सदुपयोग भएको अनुभूति गराउनु संविधानको मर्म र मनसाय रहेको सम्बन्धमा दुईमत हुन सक्दैन। प्रत्येक मतदाता आफूले चुनी पठाएका जनप्रतिनिधिको माध्यमबाट आफूले प्रत्यक्ष अप्रत्यक्ष रुपमा तिरेको कर राजश्वको सदुपयोग भएको देख्न चाहन्छन्। संविधानको प्रत्येक शब्दहरुको वास्तविक मनशाय अनुरुप संविधानको पालना भई लोकतन्त्र संस्थागत होस् भन्ने अपेक्षा जनताको हुन्छ। संविधानका शब्दहरु बीचका छिद्रबाट जनताले लिएको उपरोक्त वैधानिक इच्छा आकांक्षा एवं विश्वास स्खलन भएको देख्न उनीहरु चाहँदैनन् भन्ने तथ्यलाई संविधानबमोजिम चुनिएका प्रत्येक जनप्रतिनिधिले हृदयंगम गर्नु आवश्यक हुन्छ। यस्ता जनप्रतिनिधिलाई देशका जनताले सामाजिक, आर्थिक एवं वौद्धिक रुपमा नैतिकवान देख्ने इच्छा राख्दछन् र निजहरुकै नेतृत्वमा सामाजिक आर्थिक रुपान्तरण गरी आफ्नो अर्को पुस्तालाई शान्तिपूर्ण समृद्ध राष्ट्र हस्तान्तरण गर्न चाहन्छन्। प्रस्तावनामा उल्लेख भएको राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएको जनआन्दोलन सशस्त्र संघर्ष, त्याग, बलिदानको इतिहासको पुनरावृत्ति गर्ने सोचसम्म पनि अब उप्रान्त नआओस् भन्ने मनसाय रहेको छ। यी शब्दावलीहरु तथा संविधानमा उल्लिखित प्रत्येक शब्द संविधानलाई सतही रुपमा सुन्दर देखाउन प्रयोग भएका होइनन् भन्ने हेक्का सबैले राख्नु पर्ने हुन्छ।

२०१. संविधानको धारा ५० को उपधारा (१) मा "**लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुने**" भन्ने पनि उल्लेख छ। धारा ५१ को खण्ड (ख)(१) मा "**राजनीतिक उपलब्धीको रक्षा गर्ने शासन व्यवस्था सम्बन्धी नीति रहने**" र धारा ५६ को उपधारा (१) मा "**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने**" व्यवस्था गरेको छ। त्यस्तै सोही धारा ५६ को उपधारा (६) मा "**संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने**" भनी उल्लेख भएको संवैधानिक

व्यवस्थाहरुले "लोकतन्त्र" लाई शासन व्यवस्थाको मूल मर्मकै रुपमा अंगिकार गरेको छ।

२०२. लोकतन्त्रमा शक्तिको मूल श्रोत जनतामा नै हो भन्ने सम्बन्धमा संविधानको धारा २ मा उल्लेखित **"नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको र यसको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ"** ब्यवस्थाबाटै प्रष्ट छ। सो सन्दर्भमा माथी उल्लेख भइसकेको छ। सार्वभौमसत्ता संविधानको अजेय शक्ति भएको र केवल सार्वभौमसत्ताले मात्र संविधानको निर्माण वा संसोधन गर्ने आम खुला र सर्त रहितको शक्ति राख्न सक्ने बारे कुनै शंका गर्नु पर्ने अवस्था छैन। सार्वभौम शक्तिको प्रयोग संविधानवादसँग पनि जोडिएको विषय हो। संविधानवाद कै जगमा रहेर संविधानद्वारा सिर्जित संस्थाहरूले संविधानको मूल उद्देश्य, भाव र मर्मलाई आत्मसात गरेको छन् वा छैनन् सार्वभौमसत्ता सम्पन्न जनताले निर्धारण गरेका सीमालाई उल्लंघन गरेका छन् वा छैनन् भनी हेरिन्छ। त्यसैले शासन गर्ने अधिकारको वैधता जनमतबाट प्राप्त हुन्छ। उक्त धारा २ मा नेपाली जनतालाई प्रदान गरिएको सार्वभौमसत्ता र राजकीयसत्ता यसै संविधानबमोजिम निर्वाचन हुँदा गोप्य मतदान गर्ने अधिकारद्वारा प्रयोग हुने भएबाट प्रतिनिधि सभा जनताले चुनेर पठाएका जनप्रतिनिधिहरुबाट गठन हुने व्यवस्थापिका संस्था हो। धारा ७४ मा नेपालको शासकीय स्वरुप बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने भन्ने व्यवस्था गरेको छ। संसदीय शासन प्रणालीमा 'संसद' जनप्रतिनिधिहरुको थलो भएकोले लोकतन्त्रको मान्यतालाई मुखरित गर्ने प्रमुख अंग हो।

२०३. जनतामा भएको सार्वभौमसत्ता, राजकीय सत्ताको अधिकार, सामाजिक सम्झौताको सिद्धान्त मार्फत आफुलाई शासन गर्नको लागि शासकलाई सशर्त प्रदान गरी सरकारको शक्तिलाई नियन्त्रित गरिएको हुन्छ भन्ने समेतको Thomas Hobbes, John Lock तथा Jean Jacque Rousseau को सामाजिक सम्झौताको अवधारणाबाट समेत लोकतन्त्र शासन पद्धतिको मूल विधिशास्त्रीय मान्यता नै हो। यो सिद्धान्त अनुसार जवाफदेही सरकार (Accountable Government) को प्रश्न सँगसँगै आएको हुन्छ। कुनै पनि प्रजातान्त्रिक मुलुकमा जनता नै शक्तिको श्रोत हुने र सरकार आफैले वा आफ्नो संयन्त्रले गरेको कुनै पनि क्रियाकलापको जिम्मेवारी वा उत्तरदायित्व लिई जनताको इच्छा र चाहना अनुसार शासन सञ्चालन गर्नु पर्ने जवाहदेही सरकारको चरित्र नै हुन्छ। जनताको राजकीय सत्ता निर्वाचनको माध्यमबाट जनताद्वारा जनप्रतिनिधिलाई सुम्पिएको एकिकृत राजकीय सत्ताको पुञ्ज स्वरुप प्रतिनिधि सभा जस्तो गरिमामय संस्था यही संविधानको

धारा ८३ र ८४ ले श्रृजना गरेको हो। सरकार जनताप्रति उत्तरदायी हुनु पर्ने सैद्धान्तिक आधारको कार्यान्वयन हुने संवैधानिक प्रबन्ध धारा ७६ को उपधारा (१०) ले गर्दै सरकारले गर्ने जनताप्रतिको त्यस्तो उत्तरदायित्वको बहन संविधानबमोजिम संसदमार्फत नै हुने गर्दछ। प्रतिनिधि सभाबाट प्रधानमन्त्री नियुक्ति हुने र मन्त्रिपरिषदको गठन भएपछि यो संविधान र कानूनबमोजिम कार्यकारिणी अधिकार प्राप्त भई शासन सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुने व्यवस्था धारा ७५ ले गरी संविधान र कानून भन्दा माथि कुनै निकाय, पदाधिकारी नहुने गरी संवैधानिक सर्वोच्चतालाई यो संविधानले आत्मसात गरेको छ।

२०४. अब प्रस्तुत विवादको सम्बन्धमा हेर्दा प्रतिनिधि सभाको निर्वाचनको परिणाम आएपछि नेपाल राजपत्र खण्ड ६७, २०७४ फाल्गुण ३ (अतिरिक्ताङ्क ४१(घ) निम्नानुसारको व्यहोराको सूचना प्रकाशित भएको पाइन्छः-

***सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री के.पी. शर्मा ओलीलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।***

२०५. उक्त प्रतिनिधिसभा विघटन गर्दा, राष्ट्रपतिको कार्यालयबाट 2077 साल पुष ५ गते प्रकाशित विज्ञप्तिमा निम्न बेहोरा उल्लेख भएको देखिन्छः-

***"आज मिति २०७७ साल पुष ५ गते आइतबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रै आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनतासमक्ष जान मिति २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरण र मिति २०७८ साल वैशाख २७ गते सोमबार दोश्रो चरणमा अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटन गरी मिति २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र मिति २०७८ वैशाख २७ गते सोमबार दोश्रो चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्नुभएको छ"।***

२०६. यस प्रसङ्गमा वर्तमान नेपालको संविधानमा संघीय संसदको प्रतिनिधि सभा विघटन हुन सक्ने संवैधानिक प्रावधानतर्फ दृष्टिगत गर्नु पर्ने हुँदा सो सम्बन्धमा संवैधानिक व्यवस्थालाई उद्धृत गर्न आवश्यक हुन्छ। संविधानको धारा ७६ मा मन्त्रिपरिषदको गठन सम्बन्धी व्यवस्था रहेको र यसको उपधारा (१) मा राष्ट्रपतिले प्रतिनिधि

सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने व्यवस्था छ भने उपधारा (२) मा उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ भन्ने व्यवस्था रहेको छ। उपधारा (३) मा प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ भन्ने उल्लेख भएको छ। उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तीस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ भनी बाध्यात्मक कार्यविधि उल्लेख गरिएको छ। उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछ भन्ने व्यवस्था उपधारा (५) मा गरिएको छ। यस उपधारामा "दल" शब्दको प्रयोग नगरी प्रतिनिधि सभाको कुनै पनि सदस्यले नेतृत्व लिन सक्ने गरी निर्देशित गरेबाट उपधारा (५) बमोजिमको विशेष प्रकृतिबाट प्रधानमन्त्रीको नियुक्तिलाई कुनै अमूक दल भन्दा पृथक गरी हेरिएको र निजले पनि उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्ने बाध्यात्मक व्यवस्था उपधारा (६) मा राखिएबाट चरणवद्ध रुपमा प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषदको गठनको विकल्प र निकास दलीय हिसाव वा दलबाट प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्थामा दल भन्दा माथी उठेर भए पनि प्रतिनिधि सभाबाटै खोज्ने मनशाय राखेको देखिन्छ। उपधारा (७) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी ६(छ) महीनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ भन्ने व्यवस्था गरेको छ। उपरोक्त प्रावधान अनुसार प्रधानमन्त्री नियुक्त हुन नसकेमा वा विश्वासको मत प्राप्त गर्न नसकेमा तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी ६(छ) महिना भित्र अर्को प्रतिनिधि सभाको निर्वाचन हुने गरी निर्वाचनको मिति तोक्न सक्ने व्यवस्था रहेको देखिन्छ। उल्लिखित

अवस्था बाहेक हालको संविधानमा प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने अरु कुनै प्रावधान रहेको देखिँदैन। प्रधानमन्त्री नियुक्त गर्ने सम्बन्धमा एकपछि अर्को चरण प्रवेश गर्दै प्रधानमन्त्री नियुक्ति सम्बन्धी प्रक्रियागत चरण र विकल्पहरु अनिवार्य रुपमा कार्यान्वयन हुँदै प्रतिनिधि सभाबाट प्रधानमन्त्री नियुक्त हुनै नसक्ने अवस्था श्रृजना भै प्रतिनिधि सभा अनिवार्य वा बाध्यात्मक रुपमा विघटन हुने स्थिति पैदा भएको सन्दर्भमा ती उपधारा बमोजिम नियुक्त भई तत्काल बहालमा रहेका प्रधानमन्त्रीको सिफारिसबाट राष्ट्रपतिले प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको पाइन्छ।

२०७. संसद विघटन गर्न पाउने अधिकार जनहितमा नभएको र त्यस्ले राजनैतिक स्थिरता दिन नसकेको विगतको अनुभवसमेत दृष्टिगत गरी प्रधानमन्त्रीलाई संसद भङ्ग गर्न सक्ने गरी पूर्ववर्ती संविधानले दिएको अधिकार वर्तमान संविधानमा समावेश नगरिएको भन्ने कुरा संविधान निर्माण प्रक्रिया सन्दर्भका अभिलेखहरुबाट पनि प्रष्ट हुन्छ। विगतको नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) को जस्तो प्रधानमन्त्रीले संसद विघटन गर्नेसम्बन्धी प्रावधान हटाई वर्तमान नेपालको संविधानले प्रतिनिधि सभा विघटनको सीमा बन्देज निर्धारण गरेको पाइन्छ। संविधानको व्याख्या गर्दा Latin भाषामा "Expressio Unius est exclusio Alterius" को सिद्धान्त अर्थात संविधानमा कुनै कुरा प्रष्ट शब्दमा समावेश गरिएको छ भने सो बाहेकका अन्य कुराहरुलाई समावेश नगरिएको अर्थमा लिइनु पर्दछ भन्ने अर्थमा पनि लिनु स्वभाविक हुन्छ। त्यसैले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) मा रहेको प्रतिनिधि सभा विघटनको प्रावधानलाई यो संविधानमा पुनरावृति नगरिएको हुँदा उक्त प्रावधानलाई यो संविधानबाट हटाएको भन्ने नै देखिन्छ। संसद विघटनसम्बन्धी विगतमा भएका कटु अनुभवहरु समेतलाई संविधान निर्माणको क्रममा निर्माताहरुले बोध गरी सो सम्बन्धी अवधारणाहरु व्यवस्थापकीय अंगको स्वरुप निर्धारण समिति, राज्यको शासकीय स्वरुप निर्धारण समिति र संवैधानिक समिति लगायत अन्य विभिन्न समितिमा व्यक्त भएका मिश्रित शासकीय प्रणालीको अवधारणा सहितको प्रतिवेदनहरु तथा विवाद समाधान उपसमितिको प्रतिवेदनहरु समेत व्यवस्थापिका संसद सचिवालयमा सुरक्षित रहेका लिखतहरुको दस्तावेजबाट देखिएकै छ। विगतको संविधानमा भएको कमजोरी र खराबीलाई हटाउने इच्छा संविधान निर्माताहरुले विभिन्न कोणबाट यो संविधान निर्माणको क्रममा प्रस्तुत भएको पाइन्छ।

२०८. यो संविधान निर्माणको क्रममा संविधान सभाका विभिन्न समितिका प्रतिवेदनहरु वा सुझावहरु प्रस्तुत विवादको प्रश्नको व्याख्याको लागि स्विकारयोग्य श्रोत हुने

हुँदा सो श्रोतहरुबाट प्रधानमन्त्रीले संसद विघटन गर्न सक्ने पूर्ववर्ति २०४७ सालको संविधानको जस्तो व्यवस्थालाई अंगिकार नगर्ने निर्माताहरुको मनसाय र अर्थ रहेको ती दस्तावेजले नै स्पष्ट पारेको देखिन्छ। संविधानको व्याख्या्कै सन्दर्भमा यसका् प्रावधानका विषयवस्तुहरु, कुन परिस्थितिमा चयन गरिएको हो, चयनकर्ताको मनसाय के हो भन्ने समग्र कुराहरू उपर विचार गरेर संविधानको व्याख्या गरिनुपर्छ भन्ने न्यायामूर्ति जोन मार्सलको भनाई[69] पनि यहाँ सान्दर्भिक रहन्छ। संविधानमा उल्लेखित धारा ७६ को उपधारा (७) अनुसारको प्रतिनिधि सभा विघटनको सिफारिस गर्न सो धारा ७६ का चरणहरु पार गर्दै प्रधानमन्त्री नियुक्त नै हुन नसक्ने वा विश्वासको मत प्राप्त गर्न नसक्ने वस्तुपरक ढंगबाट अभ्यास हुँदै जानु पर्ने हुन्छ। प्रधानमन्त्री नियुक्ति गर्ने प्रमुख कार्य प्रतिनिधि सभालाई नेपालको संविधानले जिम्मेवारी दिएको छ। प्रधानमन्त्री नियुक्ति नै हुन नसक्ने अवस्थाको श्रृजना हुन गएको भन्ने प्रतिनिधि सभामा नै एकपछि अर्का विकल्पका चरणहरुको अभ्यासको परिणामबाट देखिने हो। किनकि प्रधानमन्त्री नियुक्त गर्न प्रतिनिधि सभाले हरेक विकल्पहरुको खोजी गर्ने धारा ७६ को बनोटबाट नै प्रष्ट रहेको छ।

२०९. संविधानमा रहेको प्रधानमन्त्री नियुक्तिको विकल्पको भावनालाई धारा ७६ र धारा १०० मा भएको संवैधानिक प्रावधानलाई पनि सुसंगत रुपमा व्याख्या गरिनु पर्ने हुन्छ। धारा १०० को उपधारा (२) मा **"प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा"** भनी भएको व्यवस्थाबाट बहुमत प्राप्त प्रधानमन्त्रीको विकल्प नहुने भन्ने परिकल्पना गरेको देखि्ँदैन। उपरोक्त व्यवस्था लगायत अन्य अवस्थामा समेत बहुमत भए नभएको भनी अभ्यास हुने कार्य प्रतिनिधि सभामा नै हुने र प्रतिनिधि सभाका सदस्यले स्वतन्त्र रुपमा प्रयोग गर्न सक्ने धारा १०० को व्यवस्थालाई प्रभावहीन तुल्याउने गरी व्याख्या गर्नु अपेक्षित हुँदैन। प्रधानमन्त्री र मन्त्रीहरु संसदप्रति उत्तरदायी हुनेछन् भनी धारा ७६ को उपधारा (१०) मा भएको व्यवस्थाको सन्दर्भलाई पनि हेरिनु पर्दछ। धारा १०० को प्रतिनिधि सभामा रहेको विश्वास, अविश्वासको मत दिन पाउने संवैधानिक व्यवस्थाले प्रधानमन्त्री प्रतिनिधि सभा प्रति उत्तरदायित्व रहने गरी शक्ति सन्तुलनको सिद्धान्तलाई प्रभावकारी बनाएको छ। जनताबाट बहुमत प्राप्त दललाई शासन सञ्चालन गर्ने अभिभारा संविधानले सुम्पेको छ। तर कतिपय अवस्थामा आफ्नै दल विभाजन हुने वा दल एकिकरण भई नयाँ राजनैतिक दलको श्रृजना हुने परिकल्पना संविधान तथा राजनैतिक दल सम्बन्धी ऐन, २०७३ ले गरेको पाइन्छ।

[69] McCulloch V. Maryland 17 US 316 (1819)

सो संवैधानिक प्रावधानबाट बहुमत प्राप्त दलको प्रधानमन्त्रीको पनि अवस्था परिस्थितिवस श्रृजना हुने घटनाले लागू हुने विकल्प स्वरुपका प्रावधानसमेत संविधानले परिकल्पना गरेको हुँदा बहुमत प्राप्त दलको प्रधानमन्त्री हुँदाहुँदै सो दल संविधानको धारा १०० को उपधारा (२) र राजनैतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम बिभाजन भए पुन: संविधानको धारा ७६ को उपधारा (२) देखिको संवैधानिक प्रावधान क्रियाशिल भै सो बमोजिम नै सरकार गठनको प्रक्रिया अपनाउनु पर्ने हुन्छ।

२१०. संविधानका सबै धाराहरुको छुट्टाछुट्टै आ-आफ्नो स्वतन्त्र महत्व र प्रभाव हुन्छ। संविधानको व्याख्या गरिदा संविधानको सबै प्रावधानहरुलाई ध्यानमा राखी ती सबै व्यवस्थाहरुलाई जीवन्तता दिने उद्देश्यले सामञ्जस्यता कायम गरी गर्नु पर्ने हुँदा धारा ७६ को कुनै पनि उपधाराको प्रावधानबाट नियुक्त प्रधानमन्त्रीले संघीय संसदप्रति उत्तरदायी हुने धारा ७६ को उपधारा (१०) को व्यवस्थालाई, प्रतिनिधि सभाको कार्यकालको व्यवस्था रहेको धारा ८५ को उपधारा (१) लाई एवं विश्वासको मत वा अविश्वासको प्रस्तावसम्बन्धी धारा १०० मा उल्लिखित संवैधानिक प्रावधानहरुलाई अवमूल्यन गर्नसमेत मिल्ने हुँदैन। स्पष्ट रुपमा रहेका उपरोक्त व्यवस्थाहरुको अक्षरस: पालना नगरिएमा ती संवैधानिक प्रावधानहरु देखावटी मात्र रहन जाने हुँदा त्यस्ता कार्य संविधानसम्मत हुन सक्तैनन्।

२११. संविधानलाई जीवन्तता दिने प्रक्रिया एक लामो र अभ्यासगत रुपमा विकास हुने प्रकृया हो। संविधानले परिकल्पना गरेका संरचनाहरू, ती संरचनाहरुमा सुशासनको परिकल्पना, कार्य सञ्चालन प्रक्रिया, संवैधानिक मूल्य मान्यता र संवैधानिक संस्कृति एवं संवैधानिक नैतिकता अपनाई सबै अंग, निकाय तथा पदाधिकारीहरुले जगेर्ना गरेमा नै यो संविधानले जीवन्तता पाउने हुन्छ। लोकतान्त्रिक मुलुकमा जनता नै सार्वभौम हुने भएकोले संविधान एवं कानूनले निषेध गरे बाहेकका कार्यहरु गर्न जनता सक्षम छन् भन्ने मानिन्छ भने राज्यका निकाय एवं अंगहरुलाई संविधान तथा ऐन, कानूनले जति काम गर्नको लागि अधिकार दिएको हुन्छ सोही सीमा भित्र बसेर आफ्नो कार्य गर्नु पर्ने संवैधानिक मान्यता रहेको हुन्छ। संविधानले निर्धारण गरेको परिधि नाघेर गरिने कार्यले संविधानको दिगो स्थायित्व हुने नभई अस्वाभाविक गतिरोध उत्पन्न हुन जाने हुँदा त्यसको नकारात्मक परिणाम सामान्य जनताले भोग्नु पर्ने हुन जान्छ। त्यसैले संविधानमा कुनै कुरा प्रष्ट रुपमा नलेखिएको कारण द्विविधा उत्पन्न भएको अवस्थामा त्यस्तो संविधान एवं संवैधानिक प्रावधानलाई जीवन्तता दिने अर्थपूर्ण व्याख्या गर्नु आवश्यक हुन्छ।

२१२. सरकार तथा संसद गठन र विघटनका बिगतका कटु अनुभवलाई हेरेर सरकार तथा संसद दुवैको स्थायित्वको लागि नौलो एवं फरक मान्यताबाट संविधान निर्माण भएको छ। प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्ने समयावधि तोकिएकोले पनि संविधानले शासन सञ्चालनमा स्थायित्व रहोस् भन्ने नै मान्यता राखेको प्रष्ट हुन्छ। त्यस्तै प्रधानमन्त्रीको स्वेच्छामा संसद विघटन गर्ने अधिकार संविधानको प्रावधानमा नै नराखिएकोले जनप्रतिनिधिमूलक संस्था प्रतिनिधि सभाको पाँच वर्ष कार्यकाललाई स्थायित्व दिने संवैधानिक भावना रहेको पाइन्छ। प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पेस गर्ने प्रतिनिधि सभाका सदस्यहरूको अधिकारलाई निर्धारण गरेको समयको अवधीले नियन्त्रण गर्ने, अर्कोतर्फ सो समय सीमा पार गरिसकेपछि संविधानमा स्पष्ट रुपमा किटान नगरिएको अधिकार ग्रहण गरी प्रतिनिधि सभा विघटन गर्ने गरिएमा शक्तिपृथकीकरण र नियन्त्रण र सन्तुलनको सिद्धान्तको अवधारणा र प्रयोग नै खलबलिन पुग्दछ जुन संविधानको धारा ५६ को उपधारा (६) मा उल्लेखित कानूनी राज्यको अवधारणा सम्बन्धी संवैधानिक प्रावधानसमेतको अनुकुल हुदैन, त्यस्तो कार्य जवाफदेही सरकारको द्योतक पनि हुन सक्तैन। त्यसैले संविधानमा नियन्त्रण र सन्तुलनको धागोद्वारा राज्यका निकायहरू विचको सम्बन्ध के कसरी बाँधिएको छ र त्यसमा विचलन आउदा त्यसको समाधान संविधान भित्रबाट के कसरी गर्न खोजिएको छ भन्ने कुरालाई संविधानको व्याख्या गर्दा विशेष ध्यान पुर्‍याइनु पर्दछ। कार्यकारिणी अधिकारको प्रयोग गर्दा संविधान र कानूनद्वारा निर्धारित सीमा वा प्राप्त अख्तियारीको दायरामा रहेर गरिनु पर्दछ। नेपालको संविधानको धारा ७५ को उपधारा (१) र (२) ले कार्यकारिणी अधिकारको प्रयोग यो "संविधान र कानूनको अधीनमा" रहेर गर्नु पर्ने सीमा बन्देज गरेको कारण पनि संविधानले अनुमति नदिएको कुरामा अन्तरनिहित वा अवशिष्ट कार्यकारिणी अधिकार हो भनी दावी लिएको आडमा काम कारवाही गर्नु संविधानसम्मत हुदैन। संसदीय प्रजातन्त्र तथा शक्ति पृथकीकरणको सिद्धान्तलाई प्रयोग गर्ने शैली, तरिका वा मोडल पनि हरेक देशको आ-आफ्नै संवैधानिक कानूनको परिवेशमा अपनाइने गरेको पाइन्छ। वर्तमान नेपालको संविधानको बनोट हेर्दा आफ्नै मौलिक विशेषताहरू समेत समावेश गरेको देखिन्छ। नेपालको संविधानले विगतको तुलनामा संसदलाई अपेक्षाकृत बढी सशक्त बनाएको तथा स्थायित्व कायम राख्ने र सरकार प्रमुखको स्वेच्छामा विघटन नहुने कुरा संविधानले गरेको एउटा महत्वपूर्ण परिवर्तित व्यवस्था हो। यो वस्तुगत तथ्यलाई हृदयंगम नगरी निरपेक्ष रुपमा कार्यकारिणी अधिकारभित्र विघटनको अधिकार समाहित भएको ठान्नु उपयुक्त हुदैन।

२१३. कार्यपालिकाको अधिकारको सीमा संविधानले निर्धारण गरेको हुँदा उसको कार्य संवैधानिक सिमा भित्र छ छैन भनी विधिको कसिमा हेरिन्छ र हेरिनुपर्छ। आफ्नो कार्यमा वैधानिकता प्रदान गराउनु उसको पहिलो कर्तव्य हो। अर्थात उसको हरेक काम विधिसम्मत हुनु पर्दछ। विधिसम्मत छैन भने सो कार्य संविधान र कानूनको कसिमा खरो उत्रन सक्दैन। साथै जुन प्रयोजन र उद्देश्य हासिल गर्न सो कार्य गरिएको हो, चालिएका कदमबाट सो हासिल हुन्छ भन्ने तर्क संगत आधारहरू पनि रहेको हुनुपर्दछ। साथै विद्यमान परिस्थितिलाई इमान्दारीपूर्वक मुल्याङ्कन गरी सो निर्णय गर्न आवश्यक रहेको देखिनु पर्ने र निर्णय गर्दा लिइएका आधार र कारणहरू संविधानको आधारभूत मूल्य र मान्यतालाई जगेर्ना गर्ने प्रकृतिको हुनु पर्दछ।

२१४. प्रतिनिधि सभा विघटनको कारणमा सरकारमा रहेको राजनीतिक दलको आन्तरिक समस्या बारे लिखित जवाफमा उल्लेख छ। राजनीतिक दलभित्रका आन्तरिक समस्याहरु प्रतिनिधि सभा विघटनको आधार हुने संवैधानिक व्यवस्था देखिदैंन भने संसदीय दलबाट सृजना भएका राजनीतिक दलभित्रका गम्भीर प्रकृतिका आन्तरिक समस्याहरु प्रतिनिधि सभाका विघटनका आधार हुने विधिसम्मत आधार पनि पेश भएको पाइदैंन। ताजा जनादेशको सन्दर्भ पनि प्रत्यर्थीहरूबाट उठाइएको पाइयो। निश्चय नै सरकार वा शासन व्यवस्था सञ्चालन गर्नका लागि जनादेश लिनु पर्दछ र आवधिक निर्वाचन पनि हुनु पर्दछ। ताजा जनादेशको नाउँमा जहिलेसुकै र जुनसुकै कारणबाट निर्वाचन गर्न गराउन संविधानले स्वीकृति दिदैन। जनादेश प्राप्त गर्ने निश्चित समयावधि हुन्छ। संविधानको धारा ८५ ले त्यो समयावधि धारा ७६ को उपधारा (७) को अवस्थामा बाहेक प्रत्येक पाँच वर्ष भनी निर्धारण गरेको छ। प्रतिनिधि सभाका सदस्यहरू पनि पाँच वर्षको एक कार्यावधिका लागि ताजा जनादेश प्राप्त जनप्रतिनिधिहरू नै हुन। जनताले पनि यो पाँच वर्षमा देश र जनताको हितमा स्थायी प्रकृतिका सकारात्मक कामहरु हुन्छन् भन्ने अपेक्षा राखेको हुन्छ। जनमतको कदर गर्नु जिम्मेवार राजनीतिककर्मी र जनप्रतिनिधिको कर्तव्य नै हो। आफ्नो मतको सम्मान हुने गरी जनप्रतिनिधिबाट संविधानसम्मत काम हुनेछ भन्नेमा जनताले विश्वास राखेको अवस्थामा संविधानमा रहेको प्रावधान प्रतिकूल ताजा जनादेश भनी असामयिक रुपमा प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकूल हुँदैन।

२१५. नेपालको संविधानको भाग २९ मा राजनीतिक दल सम्बन्धी व्यवस्था रहेको र धारा २७२ मा राजनीतिक दलको गठन, दर्ता, सञ्चालन र सुविधा तथा तत्सम्बन्धी अन्य विषय संघीय कानूनबमोजिम हुनेछ भन्ने उल्लेख भएको देखिन्छ। सो प्रयोजनको लागि विधायिकाले बनाई लागू गरेको राजनीतिक दलसम्बन्धी ऐन,

२०७३ को दफा ८ मा दलको कार्य सम्पादन र आन्तरिक काम कारवाहीको व्यवस्थापन दलको विधान बमोजिम हुने भनिएबाट संसदीय दलको नेताको चुनाव गर्ने वा परिवर्तन गर्ने वा नेताले विश्वास लिने वा दलले नेता प्रति अविश्वास गर्ने यावत विषय सम्बन्धी दलभित्रका विवादको निकास दलको विधानबाटै निकाल्नु पर्ने जिम्मेवारी दललाई नै दिएकोले त्यस्ता दलभित्रको आन्तरिक विवाद समाधानको लागि वैकल्पिक एवं प्रभावकारी उपचारको व्यवस्था रहेको अवस्थामा दलका सबै सदस्यहरुले सोही मार्ग नै प्रारम्भिक रुपमा अनिवार्य रुपमा अवलम्बन गर्नु पर्ने हुन्छ। मुख्यत: दलभित्रको आन्तरिक विवादमा प्रतिनिधि सभा वा जनतालाई प्रत्यक्ष रुपमा प्रभावित गर्ने संविधानमा परिकल्पना समेत गरिएको छैन।

२१६. प्रतिनिधि सभा विघटन हुने राष्ट्रपतिको कार्यालयको विज्ञप्तिमा उल्लेखित धारा 76 को उपधारा (1) र (7) तथा 85 को संवैधानिक प्रावधान मध्ये धारा 76 को उपधारा (7) बाहेक अरु धाराहरु प्रतिनिधि सभा विघटन गर्ने विषयसँग सम्बन्धित प्रावधान होइनन्। यी धाराहरु स्वतन्त्र रुपमा अलग-अलग प्रयोजनार्थ राखिएको हुँदा यी धाराहरुका स्पष्ट प्रावधान जुन प्रयोजनको लागि राखिएको हो सो बाहेक अन्यथा व्याख्या गर्न शाव्दिक व्याख्या सम्बन्धी सिद्धान्तले मिल्दैन। संविधानमा प्रयुक्त यी धाराहरूको प्रयोग, प्रयोजन र साथै सो धाराहरुमा उल्लेखित व्यवस्था के का लागि राखिएको हो भनी त्यहाँ प्रयोग भएका भाषाबाट नै सरल र बोधगम्य अर्थ गर्नुपर्दछ। संविधानमा कुनै कुरा प्रष्ट शब्दमा समावेश गरिएको छ भने सो बाहेकका अन्य तेस्रो कुराहरु पनि छन् भनेर भन्न मिल्ने हुँदैन। संविधानमा परेका शब्दहरूको बनोटले सरल र स्वभाविक रुपमा जे अर्थ निस्किन्छ र सर्वसाधारणले जे बुझ्दछन्, सोही अर्थबाट हेरिनु पर्दछ। संविधान निर्माण गर्दा सर्वसाधारणले उक्त संविधानका प्रावधानलाई जे जस्तो अर्थमा बुझेका छन् सोही अर्थ आउने गरी संविधान कार्यान्वयनलाई मद्दत पुग्ने गरी व्याख्या गर्नु पर्दछ।

२१७. पूर्व उधृत राष्ट्रपति कार्यालयबाट मिति 2077।९।५ मा प्रकाशित विज्ञप्तिमा उल्लेखित कुराहरुका सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा 76 को उपधारा (2) देखि (७) सम्म उल्लेख भएका कुनै पनि पूर्वावस्था विद्यमान छन् वा ती प्रकृया पुरा गरी प्रधानमन्त्रीले सो सिफारिस गरेका हुन भन्ने कुरा खुल्न आएको देखिँदैन।सो विज्ञप्तिमा धारा 76 को उपधारा (1) को उल्लेखनले सम्माननीय प्रधानमन्त्रीको नियुक्ति सम्मलाई जनाउने अर्थ दिन्छ। यसको अर्थ बहुमत प्राप्त संसदीय दलको नेता रहेको भन्ने बोध गर्नको लागि सम्म सो धारा प्रयोग भएको अर्थ दिने मनसाय रहेको देखिन्छ। धारा 76 को उपधारा (1) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (7) को व्यवस्था प्रयोग गर्न सक्ने कुनै संवैधानिक

आधारहरु उक्त प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छैन। धारा 76 को उपधारा (2) देखि (5) सम्मका चरणहरु कार्यान्वयन भई उपधारा (7) को स्थिति सृजना नभई संविधानअनुसार बहुमत प्राप्त प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिस गर्न मिल्ने देखिँदैन। अर्थात धारा 76 को उपधारा (1) अनुसार नियुक्त प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिस गर्नको लागि उपधारा (7) मा प्रयुक्त **"विश्वासको मत प्राप्त गर्न नसकेको वा प्रधानमन्त्री नियुक्त हुन नसकेको"** भन्ने पूर्व अवस्थाको सृजना हुने स्थिति नै रहदैन।प्रतिनिधि सभाको विघटन सम्बन्धमा शर्त बन्देजहरू रही बाध्यात्मक परिस्थिति श्रृजना भएको अवस्थामा सम्म विघटन हुने परिकल्पना संविधानले गरेको छ।जुन कुरा प्रत्यक्ष रुपमा गर्न हुँदैन सो अप्रत्यक्ष रुपबाट गर्न मिल्ने भनी व्याख्या गर्न पनि मिल्दैन।अत: धारा ७६ को उपधारा (7) मा प्रयुक्त वाक्यांशबाट धारा 76 को उपधारा (1) अनुसार नियुक्त प्रधानमन्त्रीको सन्तुष्टि र स्वविवेकले धारा ७६ को उपधारा (७) को प्रयोग गर्न मिल्ने संवैधानिक बनोट नै नरहेबाट संविधानमा स्पष्ट शब्दहरुमा व्यवस्था गरिए विपरीत छुट्टै अर्थमा व्याख्या गर्नु संविधानसम्मत हुँदैन।

२१८. संविधानको धारा ७४, धारा ७६ र धारा १०० को व्यवस्थालाई संयुक्त रुपमा अध्ययन गर्दा एक पटक सरकार गठन भएपछि संसद प्रति उत्तरदायी हुनु पर्ने हुँदा संसदलाई अवमूल्यन गर्न वा छल्न सकिन्छ भन्ने अर्थ लाग्दैन। प्रधानमन्त्री संसदको विश्वास रहेसम्म मात्र पदमा रहने, सरकार बन्ने सम्भावना रहेसम्म सरकार बनाउनको लागि सार्वभौम जनताको प्रतिनिधिलाई आफ्नो सो जिम्मेवारी एवं कर्तव्य पुरा गर्न दिनु नै संसदबाट नियुक्त प्रधानमन्त्रीको कर्तव्य एवं जिम्मेवारीको साथै राजनीतिक नैतिकताको विषय पनि हो ।

२१९. धारा ८५ को उपधारा (१) मा “यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने छ” भनी उल्लेख भएबाट संविधानमा धारा ७६ बाहेक पनि प्रतिनिधि सभा विघटन गर्न पाउने व्यवस्था छ भन्नेसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफमा समेत जिकिर लिइएको छ। धारा ८५ को उपधारा (१) मा “संविधान बमोजिम अगावै विघटन भएमा बाहेक” भन्ने व्यवस्थाको अर्थ धारा ७६ अन्तर्गतका प्रधानमन्त्री नियुक्ति हुने सबै विकल्पहरू समाप्त भै सरकार गठन हुन नसकेपछि वा विश्वासको मत प्राप्त गर्न नसकेपछि भन्ने धारा ७६ को उपधारा (७) को संवैधानिक व्यवस्थालाई नै इंगित गर्दछ। धारा ८५ को उपधारा (१) मा “यस संविधान बमोजिम” भन्ने वाक्यांश उल्लेख भएको हुँदा प्रतिनिधि सभा विघटन सम्बन्धी व्यवस्था संविधानको कुनै पनि धारा वा उपधाराका प्रावधानमा स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्ने आवश्यक हुन्छ। धारा ८५ को उपधारा (१) को

प्रावधान प्रतिनिधि सभा विघटन गर्ने अधिकार प्रदान गर्नको लागि स्वतन्त्र प्रकृतिबाट राखिएको व्यवस्था देखिदैन। यो प्रावधानले केवल प्रतिनिधि सभाको कार्यकाल (अवधी) निर्धारण गर्दछ। यस्तै, सम्माननीय प्रधानमन्त्रीको लिखित जवाफमा उद्धृत गरिएका नेपालको संविधानको धारा ९१ को उपधारा (६) को खण्ड (क), धारा २१५ को उपधारा (६), धारा २१६ को उपधारा (६) र धारा २२५ को व्यवस्थाले पनि प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार प्रदान गरेको देखिदैन, ती धाराहरूले प्रतिनिधि सभा विघटन भएमा हुने परिणामलाई र गाउँपालिका र नगरपालिकाका पदाधिकारीहरूको कार्यकाललाई सम्म उल्लेख गरेको पाइन्छ।

२२०. त्यस्तै संघ प्रदेश तथा स्थानीय तहको अधिकारको वाँडफाँड सम्बन्धी सूचीमा उल्लेख नभएको वा संविधानमा कुनै तहले प्रयोग गर्ने भनी नतोकिएको विषयमा सम्म धारा ५८ ले अवशिष्ट अधिकारको प्रावधान राखिएको पाइन्छ। संविधानमा राज्यको कुनै तहले कुनै अधिकार प्रयोग गर्न पाउने गरी नतोकिएको त्यस्तो कुनै विषयमा संघको अधिकार हुने व्यवस्था हो। प्रतिनिधि सभा विघटन धारा ५८ को अवशिष्ट अधिकारको सन्दर्भमा प्रयोग हुने व्यवस्था नै होइन। धारा ३०६ को उपधारा (१) को खण्ड (ज) को “राज्य शक्ति” को परिभाषामा सोही धारा ५८ लाई सम्म जनाउने भन्ने उल्लेख छ। उक्त धाराहरु प्रतिनिधि सभा विघटन गर्न प्रधानमन्त्रीको अधिकार श्रृजना गर्ने प्रावधान होइनन्। उक्त धाराहरुको आवरणमा प्रतिनिधि सभा विघटनको सिफारिसलाई संवैधानिक रहेको भनी पुष्टि गर्ने अभिप्राय संविधान सम्मत हुन सक्तैंन।

२२१. सदनको अघिल्लो सत्र अन्त्य भएको छ महिना पुग्न केही दिन मात्र बाँकी रहेको र धारा ९३ को उपधारा (१) बमोजिम सदनको अधिवेशन आव्हान गर्न पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको स्थितिमा राज्यका महत्वपूर्ण अंगहरूको बीचमा शक्तिपृथकीकरण एवं सन्तुलनको विषयलाई तथा सरकार संसद प्रति जवाफदेही एवं उत्तरदायी हुनु पर्ने धारा ७६ को उपधारा (१०) को प्रावधानलाई निष्कृय गर्ने र संसदको अधिकार हनन हुन जाने गरी संसदको सत्र नै नबसेको समयमा प्रतिनिधि सभा विघटनको सिफारिस गर्ने कार्य भएको छ। प्रतिनिधि सभा विघटन सम्वन्धी संविधानको उक्त धारा ७६ को उपधारा (७) को प्रावधानले प्रतिनिधि सभालाई स्थिरता प्रदान गर्ने दृष्टिकोण लिएको देखिन आएकोले प्रतिनिधि सभा विघटन सम्वन्धमा धारा 76 को उपधारा (7) मा उल्लेखित प्रावधानलाई अन्यथा हुने गरी व्याख्या गरिने हो भने नेपालको संविधानले निर्धारण गरेको संवैधानिक संरचना र शक्ति सन्तुलनको परिकल्पना अनुरुप नभै संविधानको संशोधन हुन जाने स्थिति हुन्छ। कानून निर्माण र संशोधन गर्ने कार्य

विधायिकी विवेक (Legislative Wisdom) को विशिष्ट परिधि भित्र पर्ने गर्दछ। त्यसैले यसतर्फ पनि अदालत सचेत हुनु पर्दछ। यस परिप्रेक्षबाट संविधानको धारा ७६ को उपधारा (१), (२), (३) र (५) लाई दृष्टिगत गर्दा प्रतिनिधि सभा निर्वाचनको परिणाम घोषणापछि प्रधानमन्त्री नियुक्ति सम्बन्धमा पहिलो चरणमा बहुमत प्राप्त संसदीय दलको नेता स्वत: नै सम्माननीय राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त हुने सम्बन्धमा दुविधा देखिदैन।सार्वभौम सम्पन्न जनता समक्ष आफू जनताको प्रतिनिधित्व गर्दै सरकार बनाउने प्रतिबद्धता व्यक्त गर्दै चुनावमा भाग लिई जनप्रतिनिधिको रुपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरुको दलले संसदमा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमत प्राप्त संसदीय दलको नेतासंग सरकार बनाउने र राज्य सञ्चालन गर्ने बाहेक अन्य कुनै संवैधानिक विकल्प नै रहदैन।चुनावमा जनताबाट बहुमत प्राप्त गरेपछि त्यस्तो संसदीय दल र दलका प्रत्येक निर्वाचित जनप्रतिनिधिले संसदीय दलको नेता चयन गरी प्रधानमन्त्री दिनु पर्ने र संसदीय दलको नेताको हैसियतले नियुक्त भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद संसदप्रति उत्तरदायी भई राज्य सञ्चालन गर्नु संवैधानिक कर्तव्य र संवैधानिक नैतिकताको विषय पनि रहेको माथी उल्लेख भइसकेको छ। त्यस प्रकारको अवस्था नभए वा प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा अर्थात दोस्रो चरणमा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई सम्मानिय राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु पर्ने, यसरी पनि प्रधानमन्त्री नियुक्त हुने अवस्था नभएमा वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा तेस्रो चरणमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएका दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नु पर्ने, यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा चौथो चरणमा प्रतिनिधि सभाका कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नु पर्ने गरी क्रमबद्ध रुपमा धारा ७६ को उपधारा (२),(३) र (५) का विकल्पहरु हेर्दै जाँदा दुई वा सो भन्दा बढी दलहरु बीच एकिकरण भई धारा ७६ को उपधारा (१) को प्रयोजनार्थ संसदभित्र बहुमत प्राप्त भएको देखिने दल सिर्जना भएमा वा अन्तिम चरणमा दुई वा सो भन्दा बढी दलहरुबाट सरकार गठन हुन सक्ने नयाँ समीकरण सिर्जना भएमा पनि त्यस्तो सरकार बनाउने विकल्प प्रतिनिधि सभा भित्रै खोज्नु पर्ने उक्त धारा ७६ को समष्टिगत उद्देश्य र मनशाय रहेको माथी उल्लिखित व्याख्याको निचोड रहेको छ।

२२२. यसरी, उक्त धारा ७६ को उपधारा (१), (२), (३) र (५) को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्तिमा एकपछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधि सभा भित्र कार्यान्वयन हुँदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो बाध्यात्मक अवस्थामा मात्र धारा ७६ को उपधारा (७) बमोजिम तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेको बाहेक प्रतिनिधि सभामा कुनै दलको बहुमत रहेको र धारा ७६ को उपधारा (१) बमोजिमको सरकार बन्न सक्ने टडकारो अवस्थामा धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुन सक्छ वा सक्दैन अर्थात बहुमतको सरकारले कुनै पनि अवस्थामा ताजा जनादेशको लागि आम निर्वाचन गर्न प्रतिनिधि सभा विघटन गर्न किन सक्तैन ? भन्ने प्रश्न पनि सृजना गरिएको छ। जनताको विश्वास प्राप्त गरी प्रतिनिधि सभामा बहुमत प्राप्त दलले आफ्नो संसदीय दलको नेताको चुनाव गर्छ र स्वत: नै निजलाई राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त गरिन्छ, बहुमत कायम रहुञ्जेल निजले सरकार सञ्चालन गरिरहन्छ र कुनै कारणबश अल्पमतमा गएमा संविधानमा उल्लिखित विकल्प खोजी सो प्रक्रिया बमोजिम नै अर्को प्रधानमन्त्रीको चयन गरिन्छ भन्ने विश्वास गर्नु सामान्य समझको कुरा हो।

२२३. प्रस्तुत विवादमा प्रकट भएका वस्तुगत तथ्यका सन्दर्भमा हेर्दा चुनावपश्चात शुरुमा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिको कार्यालयको मिति २०७४।११।३ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम नेपालको संविधानको धारा ७६ को उपधारा (२) अनुसारको सरकार गठन गर्न प्रधानमन्त्री नियुक्त गरिएको देखिए तापनि मिति २०७५।२।३ मा दुई पार्टी एकिकरण भई मिति २०७५।२।५ मा सम्माननीय प्रधानमन्त्री संयुक्त संसदीय दलको नेता चुनिनु भएपछि उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको बहुमत प्राप्त प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको तथ्यगत् रुपमा देखिएको छ। निवेदकहरुले उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको बारे नेपाल राजपत्रमा सूचना प्रकाशित नभएको भन्ने प्रश्न उठाए पनि प्रस्तुत विवादमा सम्माननीय प्रधानमन्त्रीलाई आफ्नै सत्तारुढ दलका केही सदस्यहरुले असहयोग गरेको कारण प्रतिनिधि सभा विघटन गर्नु परेको भन्ने उहाँको लिखित जवाफमा रहेको र विघटनको सिफारिस गर्दा प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताको हैसियत कायमै रहेको अवस्था हुँदा त्यसतर्फ प्रवेश गर्नु भन्दा धारा ७६ को उपधारा (१) बमोजिम हैसियत राख्ने प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने अधिकार रहे नरहेको तर्फ नै केन्द्रित हुनु

आवश्यक देखियो। जनताले चुनाव मार्फत संसद दिन्छ, संसदले नै सरकार दिन्छ भन्ने मान्यतामा संसदीय व्यवस्था चलेको हुन्छ। संविधान निर्माताले आफ्नै देशका विगतका संवैधानिक अभ्यासहरु समेतलाई मध्यनजर राखी संसदले सरकार दिन सक्ने अवस्था र विकल्प कायम रहेसम्म प्रतिनिधि सभामा बहुमत कायम रहेको संसदीय दलको नेतालाई पनि नेपालको संविधानले धारा ७६ को उपधारा (७) मा उल्लिखित प्रावधानहरूको अभ्यास गर्नु पर्ने अवस्थाको परिकल्पना गरेको देखिदैन। बहुमतको सरकार सञ्चालन हुन नसकेमा पनि विकल्पको सरकार बनाउनु पर्ने संवैधानिक र कानूनी अवस्था सृजना हुन सक्ने देखिन आउँछ।

२२४. अर्कोतर्फ, प्रतिनिधि सभाको कार्यकाल सम्बन्धमा संविधानको धारा ८५ को उपधारा (१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने छ" भन्ने व्यवस्था रहेको र उक्त धारा ८५ को उपधारा (१) को सन्दर्भ धारा ७६ को उपधारा (७) मा मात्र सिमित नगरी "यस संविधान बमोजिम" भन्ने शब्दावली परेको कारण धारा ७४ मा उल्लिखित संसदीय शासन प्रणालीको आधारभूत मूल्य र मान्यता बमोजिम सम्माननीय प्रधानमन्त्रीलाई संसद विघटनको असिमित अधिकार रहेकोले प्रतिनिधि सभा विघटनको लागि धारा ८५ र ७४ आफैमा क्रियाशील हुने धारा भएको भन्ने जिकीरहरु तर्फसमेत विवेचना गर्नु पर्ने देखिन्छ। माथी उल्लेख भएबमोजिम यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिबिम्ब नभई विगतका अनुभवहरुलाई समेत मध्यनजर गर्दै संविधान सभाहरुको लामो प्रयत्न पश्चात सहमतिय आधारबाट अन्तिमता प्रदान भएको दस्तावेज रहेको र संवैधानिक सर्वोच्चतालाई अंगिकार गरेको सम्बन्धमा विवाद नहुँदा प्रतिनिधि सभा विघटनका सम्बन्धमा संविधानमा शाब्दिक रुपमा ब्यक्त अवस्था परिस्थिति र अधिकार बाहेक अब्यक्त अधिकार पनि रहेको भन्ने जिकिर स्वीकार योग्य देखिँदैन। संसदले प्रधानमन्त्री दिने र संसदले दिएको प्रधानमन्त्री सोही संसदप्रति उत्तरदायी हुने व्यवस्था धारा ७६ मा रहेबाट सिमित सरकारको अवधारणा अंगिकार गरेको यस संविधानले प्रतिनिधि सभा विघटनको केही पूर्वावस्थालाई लिखित रुपमा राखेको र अन्य अवधारणागत अधिकारलाई मौन वा सुषुप्त रुपमा क्रियाशील राखेको अनुमान गर्न सकिदैन। त्यसैले धारा ८५(१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक" भन्ने वाक्यांशले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१), (२), (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रतिनिधि सभाका अरु कुनै सदस्य प्रधानमन्त्री नियुक्त हुने विकल्प समाप्त भएपश्चात धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै

बुझाउछ। प्रतिनिधि सभाको कार्यकाल निर्धारण गर्ने प्रयोजनार्थ रहेको धारा ८५ को उपधारा (१) को प्रावधानलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार सृजना गर्ने स्वतन्त्र धाराको रुपमा रहेको भन्ने तर्क स्वीकार गर्न सकिदैन। संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानूनबमोजिम मन्त्रिपरिषदमा निहित रहने र उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुने व्यवस्था रहेको छ। धारा ७५ को उपधारा (२) मा प्रयुक्त "यो संविधान र कानून को अधीनमा रही" भन्ने वाक्यांशको उल्लेखनले कार्यकारिणी अधिकारको प्रयोग यहि संविधान र कानूनको अधीनमा रहेर गर्नु पर्ने सम्बन्धमा विवाद हुन सक्दैन। प्रतिनिधि सभा विघटन सम्बन्धमा पनि संविधानले प्रदान गरेको अधिकार र निर्धारण गरेका सीमा बन्देजलाई अनिवार्य रूपमा पालना गरिनु पर्दछ। लिखित संविधानको लक्ष्य सीमित सरकार हुन्छ र हरेक अङ्गको अधिकारको सीमा रेखा संविधानले कोरेको हुन्छ। संविधानवाद सम्बन्धी अवधारणाले सरकारको शक्तिमा सीमितता, राज्यशक्तिको बिभिन्न अंगमा शक्ति र अधिकारसमेतको पृथकीकरण र जनताप्रति उत्तरदायी सरकार सञ्चालन सम्बन्धी मान्यतालाई आत्मसात गरेको हुन्छ। राज्यको सबै अंगको अधिकारको सीमारेखा संविधानबाट नै निर्धारण गरी शक्ति सन्तुलनको सिद्धान्तलाई पालन गरी त्यसलाई प्रभावकारी बनाउनु नै लिखित संविधानको प्रमुख विशेषता नै हो। माथी विवेचना गरिएको कारण र आधारहरुबाट प्रतिनिधि सभा विघटन गर्दा धारा ७६ को उपधारा (१) बमोजिम बहुमत प्राप्त दलको नेताको रुपमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) को पूर्वशर्तहरु आकर्षित हुने अवस्था नै नरहने हुँदा निजले उक्त धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिस गर्न पाउने संवैधानिक अधिकार रहेको पाइएन।

२२५. अब प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन? भन्ने **"चौथो प्रश्न"**का सम्बन्धमा विचार गर्दा, संविधान देशको शासन प्रणाली सञ्चालन गर्ने र त्यसलाई विभिन्न क्षेत्रबाट अघि बढाउने एउटा राजनीतिक दस्तावेज भएको हुँदा राज्य सञ्चालनको क्रममा कार्यपालिकीय र व्यवस्थापिकीय अंगबाट आ-आफ्नो अधिकारक्षेत्र भित्र रहेर कार्य गर्दा र न्यायपालिकाबाट न्याय सम्पादनको क्रममा संविधानको व्याख्या गर्दा स्वतन्त्र, निष्पक्ष, विना पूर्वाग्रह र शुद्ध तरिकाले गर्नु पर्दछ भन्ने सम्बन्धमा विवाद हुन सक्दैन। संविधान कार्यान्वयनको सन्दर्भमा कुनै पनि पदाधिकारीले आफ्नो कर्तव्य र उत्तरदायित्व निर्वाह गर्दा कुनै पनि किसिमको बदनियत वा दुराशय राखेर वा जालसाजी पूर्ण तरिकाले कुनै कार्य गर्दछ भने सो कार्य संविधान प्रति नै जालसाजी वा विश्वासघात गरेको मानिन जान्छ।

निवेदकहरुले र निजहरुको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुबाट संविधानको धारा ७६ को उपधारा (१), ८५ र ७६ को उपधारा (७) ले बहुमतको प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार नदिए पनि प्रधानमन्त्रीले बदनियत राखेर प्रतिनिधि सभालाई विघटन गर्ने सिफारिस गर्नु भएको भन्ने बहस जिकिर प्रस्तुत हुन आएको छ। सम्माननीय प्रधानमन्त्री संविधानको धारा ७६ को उपधारा (१) बमोजिमको बहुमतको प्रधानमन्त्री भएको भन्ने लिखित जवाफमा दावी भए पनि मिति २०७४।११।३ को नेपाल राजपत्र हेर्दा यो उक्त मितिमा यो सरकार धारा ७६ को उपधारा (२) बमोजिमको सरकार भन्ने उल्लेख भएको देखिन्छ। यसरी सरकार गठन भए पश्चात दलहरुको एकिकरण भै प्रतिनिधि सभामा बहुमत प्राप्त दलको नेताको रुपमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१), धारा ८५ र ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभालाई विघटन गर्न सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्नु भएको छ। त्यसको कारणमा संसद र सरकारमा आफ्नै दल नेपाल कम्युनिष्ट पार्टीका सदस्यहरुले राजनीतिक गतिरोध खडा गरी सरकारको कार्य सञ्चालनमा बाधा अवरोध पुर्‍याएकोले प्रतिनिधि सभा विघटन गर्नु परेको भन्ने सम्माननीय प्रधानमन्त्रीको लिखित जवाफ छ। कुनै पनि पदाधिकारीले आफ्नो अधिकारक्षेत्र र जिम्मेवारीमा रहेको कार्य सम्पादन गर्दा बदनियत छ छैन? भनी हेर्न प्रथमतः उक्त कार्य गर्ने अधिकार कानून र संविधानले उक्त पदाधिकारीलाई प्रदान गरेको छ छैन? भनेर हेर्नु पर्ने र गरिएको सो कार्य दुराशययुक्त मनसायबाट भएको पुष्टिसमेत हुनु पर्दछ। त्यसरी हेर्दा, संविधानको धारा ७६ को उपधारा (७) ले प्रधानमन्त्रीलाई संविधानमा उल्लिखित पूर्वावस्था विद्यमान भएमा प्रतिनिधि सभा विघटन गर्ने अधिकार प्रदान गरेको देखिन्छ। उक्त अधिकार धारा ७६ को विभिन्न उपधाराहरु बमोजिम फरक फरक हैसियत राख्ने प्रधानमन्त्रीले कुनै खास परिस्थितिमा प्रयोग गर्न पाउने गरी व्यवस्था गरेको हो। धारा ७६ अन्तर्गत प्रतिनिधि सभाको विघटन प्रधानमन्त्री कै सिफारिसमा हुने हो। प्रतिनिधि सभा विघटन गर्ने अधिकार संविधानले प्रधानमन्त्रीलाई दिएको र संसदीय प्रणालीमा पनि यस्तो अधिकार प्रधानमन्त्रीमा निहित रहेको हुन्छ भन्ने आधारमा प्रतिनिधि सभा विघटन गरेको भन्ने नै सम्माननीय प्रधानमन्त्रीको लिखित जवाफमा जिकिर लिएको देखिन्छ। जनताले चुनाव मार्फत प्रतिनिधि सभाको लागि दलहरु मार्फत वा स्वतन्त्र सांसदसमेत दिइसकेको अवस्था रहेकोमा संसदले प्रधानमन्त्रीसमेत दिई मन्त्रिपरिषदको गठन भएपश्चात माथि उल्लेख भएबमोजिम दलको आन्तरिक विवादको कारण सरकार सञ्चालन असहज भएको एवं अपेक्षा अनुसार काम गर्न नसकेको भनी लिखित जवाफ प्रस्तुत भएका छन्। राजनीतिक दलको आन्तरिक

विवाद प्रचलित ऐन र दलको विधान बमोजिम समाधान गर्नु सम्बन्धित दलका प्रत्येक सदस्यको कर्तव्यको विषय भई संसदीय दलको नेता माथी विश्वासको मत यथावत रहेको वा अविश्वास रहेको कारण संसदीय दलको नेता परिवर्तन हुने भन्ने सम्बन्धमा दलको विधानबमोजिम प्राप्त उपचारको मार्ग अबलम्वन गरी तथा प्रतिनिधि सभाबाटै आफ्नो संसदीय अधिकारको प्रयोग गरी यस प्रकारले सृजित हुने विवादमा निकास प्रदान हुने नै हुँदा र संविधानले किटान गरेको पूर्वावस्थाको अभावमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान प्रतिकूल भएको माथि विवेचना भइसकेकोले यस पृष्ठभूमिमा प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त हो वा होइन भन्नेतर्फ तत्काल प्रवेश गर्नु उपयुक्त देखिएन।

२२६. अबरिट निवेदनको दावी अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो भन्ने "पाँचौ प्रश्न"का सम्बन्धमा विचार गर्दा उपरोक्त विवेचित आधार, कारणबाट संघीय संसदको प्रतिनिधि सभाको विघटनको लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाहरुको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७), धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म, मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यासबमोजिम भनी संघीय संसदको वर्तमान प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपति समक्ष गर्नु भएको मिति २०७७।९।५ को सिफारिस तथा सो बमोजिम सम्माननीय राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधि सभा विघटनको निर्णय, राष्ट्रपति कार्यालयबाट प्रकाशित विज्ञप्ती समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाहीहरु असंवैधानिक भएकोले प्रारम्म देखि नै कानूनी प्रभाव शुन्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। उपर्युक्त बमोजिम जारी गरिएको आदेशको परिणाम स्वरुप संघीय संसदको प्रतिनिधि सभा उक्त असंवैधानिक विघटन भन्दा पहिलेकै स्थितिमा पुनर्स्थापित भई यथास्थितिमै काम गर्न सक्षम र समर्थ रहेको छ। प्रतिनिधि सभाको छैठौं अधिवेशन मिति २०७७।३।१८ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्य रुपमा ६(छ) महिनाभित्र अर्को अधिवेशन आव्हान हुनु पर्नेमा उपर्युक्त बमोजिम प्रतिनिधि सभा असंवैधानिक रुपमा विघटन भएको कारणबाट समयावधि व्यतित भए तापनि त्यस्तो विघटनको परिणाम स्वरुप बैठक बस्ने मिति समेत स्वत: परिवर्तन भएको मानी यो आदेश जारी भएको मितिले १३(तेह्र) दिनभित्र प्रतिनिधि सभाको अधिवेशन बोलाई बैठकको लागि आवस्यक ब्यवस्था गर्नु गराउनु भनि प्रत्यर्थीहरु मध्येका श्री राष्ट्रपतिको कार्यालय, शीतलनिवास, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, सम्माननीय प्रधानमन्त्री के.पी. ओली, सम्माननीय सभामुख

अग्नीप्रसाद सापकोटा, प्रतिनिधि सभाका नाममा परमादेशसमेत जारी हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल</u>**

१. यो आदेशको पालना तत्काल कार्यान्वयन गरिनु पर्ने प्रकृतिको रही संक्षिप्त आदेश जारी भइसकेकोले थप केही गरिरहनु परेन।

२. निवेदन मागबमोजिम आदेश जारी हुने ठहरेकोले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५(३) बमोजिम निवेदकहरुले राखेको धरौटी रकम फिर्ता पाउने हुँदा सबै निवेदकहरुको जम्मा रु.६५,०००।- सम्बन्धित निवेदकहरुलाई फिर्ता दिनु भनी यस अदालतको लेखा शाखामा जानकारी दिनू।

३. प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश प्रधान न्यायाधीश

इजलास अधिकृत (उपसचिव): हर्कबहादुर क्षेत्री
कम्प्युटर अपरेटर: शंकर गुरुङ

इति सम्वत् २०७७ फाल्गुण ११ गते रोज ३ शुभम् --------------------------।